# मुसलमान महिलाहरूको सामाजिक अवस्था

(पोखरा -१३, मियापाटनका महिलाहरूको समाजशास्त्रीय अध्ययन)

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत**

**पृथ्वीनारायण बहुमुखी क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग**

**स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको**

**प्रयोजनका लागि**

**प्रस्तुत**

## शोध-पत्र


**शोधार्थी**

**वासुदेव अधिकारी**

**रोल नं. ०९२/०६४**

**परीक्षा रोल नं.: ४८०३९७**

**रजिष्ट्रेशन नं. ५-१-४८-७-९७**


**२०६९**

**मुसलमान महिलाहरूको सामाजिक अवस्था-वासुदेव अधिकारी २०६९**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्र श्री वासुदेव अधिकारीद्वारा '**मुसलमान महिलाहरूको सामाजिक अवस्था, पोखरा-१३, मियापाटनका महिलाहरूको समाजशास्त्रीय अध्ययन**' विषयमा यो शोधपत्र तयार पार्नु भएको छ । यो शोधपत्रप्रति म सन्तुष्ट छु र प्रस्तुत शोधलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

**मिति - २०६९, भाद्र**

__________________

(शान्ताकुमारी खत्री)

**उप-प्राध्यापक**

शोध निर्देशक

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री वासुदेव अधिकारीले समाजशास्त्रतर्फको आठौं पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नुभएको "मुसलमान महिलाहरूको सामाजिक अवस्था" पोखरा -१३, मियापाटनका महिलाहरूको **समाजशास्त्रीय अध्ययन**विषयक शोधपत्र मूल्याङ्कन समितिबाट समाजशास्त्रको स्नातकोत्तर उपाधिका लागि उचित ठह-याइएकाले स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

(शान्ताकुमारी खत्री)
**उप-प्राध्यापक**
शोध निर्देशक

डा. महेशकुमार आचार्य
**उप-प्राध्यापक**
बाह्य परीक्षक

(शान्ति भुसाल)
**उप-प्राध्यापक**
विभागीय प्रमुख

मिति :- २०६९, भाद्र

# **भाषा सम्पादकको मन्तव्य**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय पृथ्वीनारायण क्याम्पसअन्तर्गत स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्र विभाग, दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि समूह २०६४ रोल नं. ०९२ का विद्यार्थी श्री वासुदेव अधिकारीले परिश्रमपूर्वक तयार पार्नुभएको "मुसलमान महिलाहरूको सामाजिक अवस्थाः **पोखरा-१३ मियापाटनका महिलाहरूको समाजशास्त्रीय अध्ययन**" विषयक प्रस्तुत शोधपत्र भाषिक दृष्टिकोणले राम्रो रहेको कुरा प्रमाणित गर्दछु ।

**मितिः** २०६९, **भाद्र**

(चूडामणि खनाल)
**सह-प्राध्यापक**
भाषा सम्पादक, नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र मानवशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्ष दशौं पत्रको प्रयोजनका लागि पृथ्वीनारायण क्याम्पस पोखराको समाजशास्त्र मानवशास्त्र विभागमा 'मुसलमान महिलाहरूको सामाजिक अवस्था' शीर्षकको शोधपत्र तयार गरिएको छ ।

कास्की जिल्लाको सदरमुकाम पोखरा वडा नं.- १३ को मुसलमान समुदायमा यो अध्ययन केन्द्रित गरिएको छ । मुसलमान कास्की जिल्लाको अल्पसङ्ख्यक र न्यून सुविधायुक्त समुदायअन्तर्गत पर्दछ । यस समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था मौलिक प्रकारको छ । उनीहरूको जीवनपद्धति, आवश्यकता तथा समस्याहरू अन्य जातिको भन्दा पृथक् छन् । आर्थिक सामाजिक रूपमा उनीहरू पछाडि छन् । मुसलमान समुदायभित्र महिलाहरूको अवस्था अझ बढी कमजोर र संवेदनशील छ । तसर्थ मुसलमान महिलाहरूको सामाजिक सांस्कृतिक अवस्था बुझ्ने हेतुले यो अध्ययन लैङ्गिक दृष्टिकोणबाट गरिएको छ । इस्लाम समुदायमा प्रचलित कुरआन प्रदत्त धार्मिक मूल्य मान्यताले सृजित लैङ्गिक विभेदको अवस्थालाई अध्ययन गर्ने जमर्को गरिएको छ ।

यस शोध-पत्र तयार गर्ने क्रममा आफ्नो कार्य व्यस्तताको बावजुद अमूल्य समय खर्च गरेर हरपल उत्प्रेरणा र दिशानिर्देश गर्नुहुने मेरा आदरणीय शोध निर्देशक, उप-प्राध्यापक शान्ताकुमारी खत्रीज्यूप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । पृथ्वीनारायण क्याम्पस समाजशास्त्र/मानवशाास्त्र विभागीय प्रमुख उप-प्राध्यापक शान्ति भुसाल, अन्य प्राध्यापकहरूले मप्रति गर्नुभएको सहयोग र सदाशयाताको भावनालाई सम्मान गर्दै कृतज्ञता ज्ञापन गर्दछु । अनुसन्धानको क्रममा कार्यक्षेत्रमा मेरो साथ दिनुहुने मेरा हितैषी मित्र लक्ष्मी अधिकारी र कम्प्युटर टङ्कन कार्यमा सहयोग गर्नुहुने 'क्वीक कम्प्युटर सर्भिस एण्ड फोटोकपि हाउस' बगरप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यस्तै शोधकार्य सम्पन्न गर्नको लागि आवश्यक सुझाव र मुसलमान समुदायका विविध पक्षको बारेमा जानकारी दिई सहयोग गर्नुहुने मियापाटन निवासी सामाजिक व्यक्तित्व हानिफ मिया, रहिमुल्लामिया, सराफत अलि, अब्दुल अलिम अत्तारी, सैयदा खातुन, सविना बेगम, सेर अलिमिया लगायत सम्पूर्ण स्थानीय महानुभावहरूप्रति हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछु ।

पुस्तक, पत्रपत्रिका, सन्दर्भग्रन्थ आदि उपलब्ध गराउन सहयोग गर्नुहुने पश्चिमाञ्चल पुस्तकालय परिवार, सार्वजनिक पुस्तकालय महेन्द्रपुल पोखरा परिवार, सम्पूर्ण उत्तरदाता, सूचनादाता, समूह छलफलमा सहभागी महानुभावहरू, कालिका उ.मा.वि. रामबजारमा अध्यापन गर्नुहुने सम्पूर्ण मेरा आत्मीय मित्रजनहरू, शुभचिन्तक र मेरा परिवारजन मेरा प्रेरणाका स्रोत हुन् सबैलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

२०६९, भाद्र वासुदेव अधिकारी

# शोध सार

## शोध परिचय

नेपाली समाजमा लिङ्ग, वर्ण, जातजाति, भूगोल, सामाजिक आर्थिक स्थिति, धर्म, उमेर आदि विभिन्न कारणले व्यक्ति र समूह बीच असमानता रहेको छ । लैङ्गिक अध्ययन उच्च जाति, वर्ग, शहरी, शिक्षित समुदाय गरिनुले आम नेपाली महिलाहरूको सामाजिक अवस्थाको प्रतिनिधित्व हुन सकेको छैन । दलित, जनजाति, पिछडिएको वर्ग, धार्मिक आस्थाका कारण पछाडि परेका महिलाहरूको वस्ती र क्षेत्रमा गई उनीहरूको वास्तविक अवस्था, समस्या र निराकरणका उपायहरू पत्ता लगाउन गहन अध्ययन गरिएका कृतिहरू कमै मात्रामा छन् ।

अन्य धार्मिक सम्प्रदायका महिलाहरूको तुलनामा मुसलमान महिलाहरूको अवस्था दयनीय छ । मुसलमान समाजमा इस्लामिक धार्मिक ग्रन्थ कुरआन प्रदत्त न्याय, नियम, कानून ब्यवहारिक जीवनमा प्रयोग भैरहेको देखिन्छ । इस्लाम समुदायमा धर्मलाई चोखो र अपरिवर्तनीय रूपमा अपनाउने अभ्यास गर्दा धर्ममा रहेको पुरूष पक्षीय नियम कानून र न्यायले महिलाको लैङ्गिक अवस्था कमजोर हुन पुगेको छ ।

यसै सन्दर्भमा मुसलमान महिलाहरूको सामाजिक, सांस्कृतिक अवस्था, इस्लाम धर्मसम्बन्धी उनीहरूको दृष्टिकोण, लैङ्गिक विभेद र त्यसका कारक तत्त्वहरू, राज्यसँग उनीहरूको अपेक्षा आदि प्रश्नहरूको उत्तर खोजी गरी निराकरणका उपायहरू पत्ता लगाउनु यस अध्ययनलाई अगाडि बढाइएको छ ।

## १. समस्याको कथन

मुसलमान एक अलग्गै धार्मिक, सांस्कृतिक पहिचान बोकेको समुदाय हो । उनीहरू आफ्नो धर्मप्रति अत्यन्तै संवेदनशील र आशक्त हुने गर्छन् । यस धार्मिक सम्प्रदायमा पितृसत्ताको वर्चस्व रहेको छ । सामाजिक जीवनमा पुरूषको भूमिका श्रेष्ठ र महिलाको भूमिका आश्रित किसिमको छ । उनीहरूको शिक्षाको स्तर अत्यन्तै कमजोर छ भने सरकारी सेवा सुविधामा संलग्नता, राजनीति, सामाजिक कार्य, कर्मचारीतन्त्र आदिमा उपस्थिति शून्य प्रायः छ ।

**यस शोधपत्र मुसलमान महिलाहरूका निम्न समस्याहरूको उत्तर खोजी गर्न केन्द्रित रहेको छ ।**

१. मुसलमान महिलाहरूको शिक्षा, पेशा, विवाहको उमेर, बहुविवाह, सम्बन्धविच्छेदको स्थिति कस्तो छ ?

२. मुसलमान महिलाहरूको धर्मप्रतिको दृष्टिकोण, धार्मिक विश्वास तथा संस्कारमा के-कस्तो परिवर्तन आएको छ ?

३. सामाजिक, सांस्कृतिक कारणले मुसलमान महिलाहरूमा विद्यमान लैङ्गिक विभेदको स्थितिका कस्तो छ ?

## २. अध्ययनको उद्देश्य

मुसलमान महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाको अध्ययन गरी उनीहरूका समस्या र समाधानका उपायहरू पहिचान गरी आवश्यक सुझाव पेश गर्नु यस अध्ययनको सामान्य उद्देश्य रहेको छ । यस उद्देश्य प्राप्तिका लागि शोध कार्यले निम्न विशिष्ट उद्देश्य पूरा गरेको छ ।

१ मुसलमान महिलाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको अध्ययन गरी उनीहरूको वास्तविक अवस्था पत्ता लगाउनु ।

२ मुसलमान महिलाहरूमा धर्मको प्रभाव कस्तो रहेको छ ?

३ मुसलमान महिलाहरूको सामाजिक, सांस्कृतिक अवस्थाको कारणबाट सृजित लैङ्गिक असमानता पत्ता लगाउनु ।

## ३. अध्ययनको औचित्य तथा महत्त्व

राज्यको दृष्टिमा नपरेको र विकासका संभावनाबाट ओझेलमा रहेको मुसलमान महिलाको विषयमा संवेदनशिल भएर अध्ययन गरिएका कृतिहरू ज्यादै न्यून छन् । यस शोधपत्रमा मुसलमान महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा धार्मिक अवस्थालाई सामाजिक लिङ्गको सम्बन्धसँग जोडेर अध्ययन गरिएको छ । देशका विभिन्न ठाउँमा छरिएर रहेका मुसलमान महिलाहरूको अवस्थाबारे जानकारी लिन सजिलो हुने भएकोले यो अध्ययन समसामयिक, संवेदनशील र औचित्यपूर्ण छ ।

## ४. अध्ययनको सीमा

१ उत्तरदाताका रूपमा विवाहित मुसलमान महिलाहरूको छनौट गरिएकाले अविवाहित छोरी तथा किशोरीका आवश्यकता र समस्यालाई यसले समेट्न सकेको छैन ।

२ मुसलमान महिलाहरू इस्लाम धर्म, कुरआन र अल्लाह प्रति अति संवेदनशील हुने भएकाले धर्मप्रतिको दृष्टिकोणसँग सम्बन्धित तथ्याङ्क कम यथार्थपरक हुन सक्छन् ।

अनुसन्धान विधि

### १ अनुसन्धान ढाँचा

यस अध्ययनमा मुसलमान महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको विस्तृत विवरण लिन वर्णनात्मक अनुसन्धान ढाँचा र इस्लाम संस्कार तथा धर्मको लैङ्गिक प्रभाव अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

### २ समग्र र नमुना छनोट

अध्ययन क्षेत्र पोखरा १३ मियापाटनमा मुसलमानहरूका जम्मा ६२ वटा घरधुरी रहेका छन् । ६२ घरधुरीलाई समग्र मानी प्रत्येक घरधुरीबाट एक जना महिलाको अनुपात पर्ने गरी विवाहित महिलालाई मात्र प्रतिनिधिका् रूपमा छनौट गरिएको छ ।

### ३ तथ्याङ्कका प्रकृति र स्रोतहरू

प्रस्तुत अनुसन्धानमा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ ।

### प्राथमिक स्रोतहरू

प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि स्रोतकर्ता आफै अध्ययन क्षेत्रमा गएर अन्तरवार्ता, अवलोकन, छलफल विधि अपनाइएको छ । मियापाटनमा स्थायी बसोबास गरिरहेका मुसलमानहरू तथ्याङ्कका मुख्य सूचनादाता रहेका छन् । प्राथमिक स्रोतबाट तथ्याङ्कको सङ्कलन गर्दा गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्क संकलन गरिएको भए पनि गुणात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिइएको छ ।

**द्वितीय स्रोतहरू**

विभिन्न लेख, रचना, पुस्तक, प्रकाशन तथा अन्य साहित्य समीक्षा, नगरपालिका तथा वडाको प्रतिवेदन, स्थानीय मियाँ टोलविकास संस्था, विद्यालय, सामाजिक तथा प्रशासनिक कार्यालय आदिबाट द्वितीय प्रकृतिका सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ ।

**४ तथ्याङ्क सङ्कलनका विधिहरू**

अध्ययनको विषय, समस्या र उद्देश्यलाई मूल्याङ्कन गर्दै तथ्याङ्क सङ्कलनका लागि निम्न विधिहरू प्रयोग गरिएको छ ।

क अन्तर्वार्ता सूची

ख लक्षित समूह छलफल

ग मुख्य सूचनादाता अन्तर्वार्ता

घ अवलोकन

**५ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण**

स्थलगत कार्यबाट सङ्कलन गरिएका तथ्याङ्कलाई प्रशोधन गरी संगठित र वर्गीकृत गरिएको छ । तथ्याङ्कले दिन खोजेको निष्कर्षलाई छिटो-छरितो बुझ्न सकियोस् भनी तालिका, स्तम्भचित्र, वृत्तचित्र आदिमा प्रस्तुत गरिएको छ र तथ्याङ्कलाई समाजशास्त्रीय दृष्टिकोणबाट व्याख्या, विश्लेषण र समीक्षा गर्दै निचोड निकालिएको छ ।

**प्राप्ति तथा निष्कर्ष**

१ कूल ६२ जना उत्तरदातामध्ये ३०.६४ प्रतिशत निरक्षर छन् भने ४१.६५ प्रतिशत महिलाहरूले एस्.एल्.सी भन्दा कम अध्ययन गरेका छन् । तसर्थ, कमजोर शैक्षिक स्तरको कारण मुसलमान महिलाको लैङ्गिक विकासका आयामहरू अवरोध हुन पुगेका छन् ।

२ उत्तरदाताको वैवाहिक स्थितिलाई अध्ययन गर्दा ८.०६ प्रतिशतको सम्बन्धविच्छेद भएको र ९.६७ प्रतिशत विधवा रहेको पाइयो । तसर्थ, इस्लाम समुदायमा धारणागत रूपमा विधवा विवाहलाई स्वीकार गरिएको भए पनि व्याबहारिक रूपमा सहज नभएको देखिन्छ ।

३ सम्बन्ध विच्छेद भएका उत्तरदातामध्ये ८० प्रतिशत ले श्रीमान्बाट पारपाचुके पाएका छन् । तसर्थ इस्लाम समाजमा सम्बन्धविच्छेदको प्रक्रिया सजिलो भए पनि यस अधिकारमा महिलाको पहुँच न्यून रहेको छ ।

४ उत्तरदाताहरूको विवाहको समयमा शैक्षिक स्तरलाई हेर्दा ३५.४८ प्रतिशत निरक्षर र ४१.६५ प्रतिशत एस्.एल्.सी भन्दा कम अध्ययन गरेका छन् । यस तथ्यलाई बुँदा नं. १ सँग तुलना गरी हेर्दा मुसलमान महिलाहरूले विवाहपश्चात् शिक्षा निरन्तरताको कुनै अवसर नपाउने गरेको देखिन्छ ।

५ उत्तरदाताहरूको वैवाहिक उमेरको अवस्थालाई हेर्दा ४०.३२ प्रतिशत महिलाहरूको विवाह १५ वर्ष भन्दा कम उमेरमा भएको पाइयो । तसर्थ, यस समुदायमा बाल विवाहको प्रचलन रहेको छ । कम उमेरमा विवाह मुसलमान महिलाहरूको लैङ्गिक विकासको चुनौतीका रूपमा रहेको छ ।

६ उत्तरदातामध्ये ३२.२५ प्रतिशतले प्रेम विवाह गरेको पाइयो । यस तथ्याङ्कबाट मुसलमान समुदायमा प्रेम विवाहको प्रचलन बढ्दै गएको सङ्केत मिल्छ तथापि अधिकांशको विवाह पूर्वकिशोर अवस्था पार नगर्दै हुने गरेकाले उनीहरूको परिपक्क र सचेततापूर्वक प्रेम विवाह भएको पाइँदैन ।

७ १९.६४ प्रतिशत उत्तरदाताका श्रीमान्ले बहुपत्नी विवाह गरेको पाइयो । पुरुषले ४ ओटा विवाह गर्न पाउने कुरआन प्रदत्त कानूनले पुरुषलाई वहुपत्नि विवाह गर्न प्रोत्साहन गरेको छ भने महिलालाई लोग्नेले अरू पत्नी ल्याउने हो कि ? भन्ने कुराले वैवाहिक जीवनमा सधैँ तनाव हुने गरेको अवस्था पाइयो ।

८ ४०.३२ प्रतिशत उत्तरदाताहरू ब्यापार व्यवसायमा संलग्न छन् । ब्यापारिक कार्यमा उनीहरूको संलग्नता राम्रो देखिए पनि सरकारी तथा गैह्रसरकारी सेवासम्बन्धी पेशामा उनीहरूको संलग्नता शून्यप्राय छ ।

९ मुसलमान समुदायमा प्रचलित संस्कृति, धार्मिक संस्कारहरू पुरूष पक्षीय छन् ।

१० महिलाहरूले लगाउने विशेष प्रकारको पोषाक बुर्का विशेष अवसरहरूमा मात्र लगाउने उत्तरदाताहरू ७७.४१ प्रतिशत छन् भने १७.७४ प्रतिशत ले कहिल्यै बुर्का लगाउँदैनन् । तसर्थ, मुसलमान समुदायमा बुर्का लगाउनु पर्ने अनिवार्यता हट्दै गएको भए पनि बुर्का परम्परा पूर्ण रूपमा हट्न सकेको छैन ।

११ अभिनय, सुन्दरता सम्बन्धिका प्रतियोगिता, फेसन, मोडलिङ्ग पत्रकारिताजस्ता क्षेत्रहरूमा मुसलमान महिलाहरूको सहभागिता शून्यप्रायः छ ।

१२ मुसलमान समुदायको गैह्र मुसलमान समुदायसँग मेलमिलाप सरसहयोग र धार्मिक सहिष्णुताको अवस्था राम्रो छ । उनीहरूको जीवनशैलीमा आंशिक रूपमा हिन्दूकरणको प्रभाव परेको देखिन्छ ।

१३ ४०.३२ प्रतिशत उत्तरदाताहरूले ४ भन्दा बढी पटक गर्भधारण गरेका छन् । उच्च गर्भाधारणका कारणले मुसलमान महिलाहरू मातृशिशु स्वास्थ्यका जटिलताबाट पीडित छन् ।

१४ ३५.४८ प्रतिशत उत्तरदाताहरूले ४ ओटा भन्दा बढी सन्तान जन्माएका छन् । पुरानो पुस्तामा प्रजनन दर उच्च देखिए पनि नयाँ पुस्तामा दुईमात्र सन्तान जन्माई सानो र सुखी परिवार बनाउने चाहना बढ्दै गएको पाइयो ।

१५ आफ्नो मञ्जुरीविना विविध कारणले करकापमा परी सन्तान जन्माउन बाध्य हुने उत्तरदाता १७.५४ प्रतिशत छन् । तीमध्ये ७० प्रतिशत महिलाहरूले धार्मिक विश्वासका कारणले इच्छा विपरीत धेरै सन्तान जन्माएको बताएका छन् ।

१६ ६९.६५ प्रतिशत उत्तरदाताहरूले विगत वा वर्तमान कुनै पनि समयमा गर्भनिरोधका साधनहरू प्रयोग गरेका छैनन् । अधिकांश मुसलमान महिलाहरूमा गर्भनिरोध सम्बन्धी ज्ञान, सीप र महत्त्वबारे राम्रो जानकारी छैन । पुरानो पुस्तामा धार्मिक कारणले परिवार नियोजनप्रतिको धारणा नकारात्मक रहेको भए पनि नयाँ पुस्तामा यसप्रतिको धारणा सकारात्मक हुँदै गएको छ ।

१७ परिवार नियोजनका साधन प्रयोग नगरेका मध्ये ५३.४८ प्रतिशत उत्तरदाताले कुरआनको आज्ञाअनुसार आफूले गर्भनिरोधको उपाय नअपनाएको बताएका छन् तसर्थ, यस समुदायमा परिवार नियोजनको अवरोधक तत्त्व अन्धविश्वासमा आधारित कुरआन प्रदत्त कानून रहेको छ ।

१८ ४५.१६ प्रतिशत महिलाहरू कुनै पनि सामाजिक कार्यमा संलग्न हुदैनन् । उनीहरू सामाजिक तवरले निष्कृय हुँदा नेतृत्व, स्वावलम्बन, आत्मविश्वास, मित्रताजस्ता सामाजिक गुणहरूको राम्रो विकास हुन सकेको छैन ।

१९ मुसलमान समाज र परिवारभित्र पुरूषको सक्रियता र प्रभुत्वले महिलाहरूको निर्णय प्रक्रियाको संलग्नतामा निष्कृयताको सृजना भएको छ ।

२० ७७.४१ प्रतिशत उत्तरदातालाई लैङ्गिक समानताबारे कुनै जानकारी छैन । शिक्षा, सीप र चेतनामूलक सामाजिक जागरणका कार्यक्रमको अभावमा उनीहरू आफ्नो अधिकारप्रति सचेत छैनन् ।

२१ ३.२२ प्रतिशत महिलाले मात्र प्रजननमा स्वनिर्णय गर्न पाउने गरेको पाइयो । प्रजनन र यौनिकताजस्ता महिलाको जीवन र स्वास्थ्यसँग जोडिएको संवेदनशील विषयमा उनीहरू आफैले स्वतन्त्रपूर्वक निर्णय गर्न स्वाधिन छैनन् ।

२२ ५१.६१ प्रतिशत उत्तरदाताहरूले आफूहरूलाई शिक्षा, सीप र रोजगारी सम्बन्धका तालिम दिएको खण्डमा आफ्नो अवस्थामा सुधार आउन सक्ने धारणा राखेका छन् । शिक्षा, चेतना वा ज्ञान नै समस्या समाधानको प्रमुख र अन्तिम विकल्प हो । तसर्थ अति कमजोर शैक्षिक स्तर रहेको मुसलमान समुदायका अधिकांश महिलाहरूले चेतनामूलक शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने विचार राख्नु अत्यन्त सान्दर्भिक देखिन्छ ।

**सुझावहरू**

१ मुसलमान महिलाहरूको परिलक्षित समूह बनाई अलग्गै विशेष चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

२ मुसलमान महिला र पुरूषहरूबीचको सामाजिक, सांस्कृतिक तथा धार्मिक सम्बन्ध प्रति संवेदनशील भई महिला र पुरूष दुवैको सहभागितामा लैङ्गिक सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

३ मुसलमान महिलाहरूलाई सीपमूलक तालिम दिई रोजगार तथा स्वरोजगारका व्यवसाय उपलब्ध गराउनुपर्ने ।

# विषयसूची


**सिफारिस पत्र** i

**स्वीकृति पत्र** ii

**भाषा सम्पादकको मन्तव्य** iii

**कृतज्ञताज्ञापन** iv

**शोध सार** v

**विषयसूची** xiii

**तालिका सूची** xv

**चित्र सूची** xvi

अध्याय - एक : परिचय १-१४

१.१ परिचय १

१.२ समस्याको कथन ७

१.३ अध्ययनको उद्देश्य ८

१.४ अध्ययनको महत्त्व ९

१.५ अध्ययनको सीमा १०

१.६ अवधारणागत खाका १२

१.७ सङ्गठनात्मक ढाँचा १४

अध्याय - दुई : साहित्यिक पुनरवलोकन १५-४७

२.१ सैद्धान्तिक समीक्षा १५

२.१.१ सामाजिक लिङ्ग र महिलावाद १६

२.१.२ लैङ्गिक विकासका रणनीतिहरू २१

२.१.३ महिला आन्दोलनको अन्तराष्ट्रिय ऐतिहासिक पृष्ठभूमि २३

२.१.४ नेपालको सन्दर्भमा महिला आन्दोलनको ऐतिहासिक पृष्ठभूमि २४

२.२ पूर्व साहित्यको समीक्षा ३०

२.२.१ मुसलमान जातिको परिचय ३०

२.२.२ नेपाली मुसलमानहरूको इतिहास ३१

२.२.३ मियापाटनका मुसलमानहरूको इतिहास ३३

२.२.४ मुसलमान र कुरआन ३७

२.२.५ कुरआन र महिला ३९
२.२.६ मुसलमान र सामाजिक सङ्गठन ४२
२.२.७ मुसलमान र चाडपर्व ४३
२.२.८ मुसलमान र संस्कार ४५

अध्याय - तीन : अनुसन्धान विधि ४९-५३
३.१ अध्ययन क्षेत्र छनोट ४९
३.२ अनुसन्धान ढाँचा ५०
३.३ समग्र र नमुना छनोट ५०
३.४ तथ्याङ्को प्रकृति र स्रोतहरू ५०
३.५ तथ्याङ्का सङ्कलनका विधिहरू ५१
३.५.१ अन्तर्वार्ता ५१
३.५२ लक्षित समूह छलफल ५१
३.५.३ मुख्य सूचनादाता अन्तर्वार्ता ५२
३.५.४ अवलोकन ५२
३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण ५३
३.७. पूर्व परीक्षण ५३

अध्याय- चार : अध्ययन क्षेत्रको सामाजिक, आर्थिक अवस्था ५४-७६
४.१ अध्ययन केन्द्रित क्षेत्रको भौगोलिक अवस्थिति ५४
४.२ अध्ययन केन्द्रित मियापाटनको सामाजिक संरचना ५५
४.३ महिलाहरूको उमेरगत आधारमा शैक्षिक अवस्था ५६
४.४ महिलाहरूको वैवाहिक स्थिति ५९
४.५ मुसलमान महिलाको विवाहको समयमा शिक्षाको स्तर ६१
४.६ वैवाहिक उमेरको अवस्था ६३
४.७ विवाहको प्रकार ६५
४.८ मुसलमान महिलाहरूको इच्छित विवाहको अवस्था ६६
४.८.१ अनिच्छित विवाह गर्न पुगेका महिलाहरूको धारणा ६७
४.९ विवाहअगाडि श्रीमान्सँगको परिचयको अवस्था ६९
४.१० मुसलमान समुदायमा बहुपत्नी विवाहको अवस्था ७१
४.१०.१ बहुपत्नी विवाहमा पत्नीको सङ्ख्या ७२
४.११ पेशागत अवस्था ७३
४.१२ पेवा सम्पत्तिको अवस्था ७६

अध्याय - पाँच : मुसलमान महिलाहरूको साँस्कृतिक धार्मिक तथा प्रजनन
**अवस्थाको विश्लेषण** **७८–१००**

५.१ मुसलमान महिलाहरूले लगाउने विशेष पोशाक (बुर्का) प्रयोगको स्थिति ७८
५.२ नमाज पढ्ने महिलाहरू ८०
५.३ धार्मिक सहिष्णुताको अवस्था ८१
५.३.१ अन्य धर्म सम्प्रदायका चाडपर्वमा सहभागिताको अवस्था ८३
५.३.२ गैह्र इस्लामिक चाड 'तीजमा' महिलाहरूको सहभागिता ८४
५.४ महिलाहरूको गर्भधारणको अवस्था ८५
५.५ महिलाहरूको प्रजनन अवस्था ८७
५.६ प्रजननमा उत्तरदाताको मञ्जुरीको अवस्था ८९
५.६.१ अनिच्छित जन्म दिनुपरेका कारणहरू ९१
५.७ परिवार नियोजनसम्बन्धी ज्ञानात्मक धारणा ९३
५.८ परिवार नियोजनका साधन प्रयोगको अवस्था ९४
५.८.१ गर्भनिरोधका साधनहरू प्रयोग नगर्नुका कारणहरू ९६
५.९ मुसलमान महिलाहरूको प्रजननमा स्वनिर्णयको अवस्था ९८

अध्याय - छ : महिलाहरूको लैं▪क अवस्थाको विश्लेषण १०१-११०
६.१ महिलाहरूको सामाजिक कार्यमा संलग्नता १०१
६.१.१ सामुदायिक कार्यमा सहभागी नहुने उत्तरदाताहरूको धारणा १०३
६.२ घर व्यवहारका कार्यमा मुसलमान महिलाहरूको सहभागिता १०५
६.३ मुसलमान महिलाहरूलाई लैङ्गिक समानतावारे जानकारी १०६
६.४ लैङ्गिक अवस्था सुधारसम्बन्धी धारणा १०७

अध्याय - सात : सारांश, निष्कर्ष र सुझाव १११-१२१
७.१ अध्ययनको सारांश १११
७.२ अध्ययनको निष्कर्ष ११५
७.३ सुझावहरू १२०

सन्दर्भग्रन्थसूची १२२
**परिशिष्ट -१ :अन्तर्वार्तासूची** **१२४**
**परिशिष्ट - २ : विशिष्ट शब्दावली** **१३०**
**परिशिष्ट - ३ : मुख्य सूचनादाताको नामावली** **१३१**
**परिशिष्ट - ४ : शोध कार्यको सन्दर्भमा लिइएका तस्विरहरू** **१३२**

# तालिका सूची


| तालिका नं. | | पेज नं. |
|---|---|---|
| ४.१ | उत्तरदाता महिलाहरूको उमेरगत आधारमा शैक्षिक अवस्था | ५७ |
| ४.२ | महिलाहरूको वैवाहिक स्थिति | ५९ |
| ४.३ | मुसलमान महिलाहरूको विवाहको समयमा शिक्षाको स्तर | ६१ |
| ४.४ | वैवाहिक उमेरको अवस्था | ६३ |
| ४.५ | विवाहको प्रकार | ६५ |
| ४.६ | मुसलमान महिलाहरूको इच्छित अनिच्छित विवाहको अवस्था | ६६ |
| ४.७ | अनिच्छित विवाह गर्न पुगेका महिलाहरूको धारणा | ६७ |
| ४.८ | विवाहअगाडि श्रीमान्सँग चिनजान बोलचाल र परिचय गर्न पाएको अवस्था | ६९ |
| ४.९ | मुसलमान समुदायमा बहुपत्नी विवाहको अवस्था | ७१ |
| ४.१० | पतिका पत्नी सङ्ख्याको आधारमा उत्तरदाता | ७२ |
| ४.११ | पेशागत अवस्था | ७४ |
| ४.१२ | पेवा सम्पत्तिको अवस्था | ७६ |
| ४.१३ | पेवा सम्पत्तिको प्रकार | ७७ |
| ५.१ | बुर्का प्रयोगको अवस्था | ७८ |
| ५.२ | नमाज पढाइको स्थिति | ८१ |
| ५.३ | गैह्र इस्लामिक चाडपर्वमा सहभागिताको अवस्था | ८३ |
| ५.४ | तीजमा सहभागिता | ८५ |
| ५.५ | महिलाहरूको गर्भधारणको अवस्था | ८६ |
| ५.६ | महिलाहरूको प्रजनन अवस्था | ८७ |
| ५.७ | प्रजननमा उत्तरदाताको मञ्जुरीको अवस्था | ८९ |
| ५.८ | अनिच्छित जन्म दिनु परेका कारणहरू | ९१ |
| ५.९ | उत्तरदाताहरूको परिवार नियोजनसम्बन्धी ज्ञान | ९३ |
| ५.१० | परिवार नियोजनका साधनको प्रयोगको अवस्था | ९५ |
| ५.११ | गर्भनिरोधक साधन प्रयोग नगर्नुका कारणहरू | ९६ |
| ५.१२ | मुसलमान महिलाहरूको प्रजननमा स्वनिर्णयको अवस्था | ९९ |
| ६.१ | महिलाहरूको सामाजिक कार्यमा संलग्नता | १०२ |
| ६.२ : | सामुदायिक कार्यमा सहभागी नहुने उत्तरदाताहरूको धारणा | १०४ |
| ६.३ | घर व्यवहारका कार्यमा मुसलमान महिलाहरूको सहभागिता | १०५ |
| ६.४ | लैङ्गिक अवस्थाको सुधार सम्बन्धीको धारणा | १०८ |

# चित्र सूची


| **चित्र** | **पृष्ठ** |
|---|---|
| ४.१ महिलाहरूको उमेरगत शैक्षिक अवस्था | ५८ |
| ४.२ मुसलमान महिलाहरूको वैवाहिक स्थिति | ६० |
| ४.३ विवाहको समयमा शिक्षाको स्तर | ६२ |
| ४.४ मुसलमान महिलाहरूको वैवाहिक उमेरको अवस्था | ६४ |
| ४.५ अनिच्छित विवाह गर्न पुगेका महिलाहरूको धारणा | ६८ |
| ४.६ विवाहअगाडि श्रीमान्सँग परिचय र बोलचाल गर्न पाएको अवस्था | ७० |
| ४.७ मुसलमान महिलाहरूको पेशागत अवस्था | ७५ |
| ५.१ बुर्का प्रयोगको अवस्था | ७९ |
| ५.२ महिलाहरूको गर्भधारणाको अवस्था | ८६ |
| ५.३ मुसलमान महिलाहरूको प्रजनन अवस्था | ८८ |
| ५.४ उत्तरदाताले अनिच्छित जन्म दिनु परेका कारणहरू | ९२ |
| ५.५ परिवार नियोजनका साधन प्रयोगको अवस्था | ९५ |
| ५.६ गर्भनिरोधकका साधनहरू प्रयोग नगर्नुका कारणहरू | ९७ |
| ५.७ मुसलमान महिलाहरूको प्रजननमा स्वनिर्णयको अवस्था | ९९ |
| ६.१ महिलाहरूको सामाजिक कार्यमा संलग्नता | १०२ |
| ६.२ उत्तरदाताको लैङ्गिक अवस्थाको सुधारसम्बन्धी धारणा | १०९ |

# अध्याय - एक

# शोध परिचय

## १.१ परिचय

विश्व मानचित्रमा दक्षिण एसियाली राष्ट्रमा पर्ने नेपालले विश्वको कुल क्षेत्रफलको ०.०३% भूभागमात्र ओगटेको छ । क्षेत्रफलको हिसाबले नेपाल १४७१८१ वर्ग कि.मि.मा फैलिएको छ । भौगोलिक रूपमा २६° २२" देखि ३०° २६" उत्तरी अक्षांश र ८०° ४" देखि ८८° १२" पूर्वी देशान्तरसम्म फैलिएको सानो देश नेपाल दुई ठूला राष्ट्रहरूमध्ये उत्तरमा चीनको तिब्बती क्षेत्रसँग र पूर्व, पश्चिम तथा दक्षिणमा भारतसँग जोडिएको छ । भौगोलिक क्षेत्रका हिसाबले नेपाललाई हिमाल, पहाड र तराई गरी ३ प्रदेशमा विभाजन गरिएको छ । तराईको समथर भूमिदेखि पहाड तथा बाह्रैमासे हिँउ जम्ने हिमाली क्षेत्र पनि यसै सानो राष्ट्रभित्र पर्छन् । नेपाल भौगोलिक विविधतायुक्त देश हो, त्यसैले नेपाल जैविक विविधताका दृष्टिकोणबाट पनि धनि छ ।

भौगोलिक तथा पर्यावरणीय विविधताले सामाजिक विविधतासँग सापेक्ष सम्बन्ध राख्छ । त्यसैले नेपाललाई बहुजातीय, बहुभाषिक, बाहुधार्मिक, बहुसांस्कृतिक राष्ट्रका रूपमा चिन्न सकिन्छ । नेपाली समाज उत्पत्तिको उषाकालमा यो मंगोल र आर्यहरूको संगमस्थलको रूपमा थियो । यिनै जातिहरूको संमिश्रण, सहकार्य र समाजिकीकरणको निरन्तरताबाट नेपाली समाज र संस्कृतिको विकास भएको पाइन्छ ।

प्राचीनकालदेखि क्रमशः गोपाल, महिषपाल, किराँत, लिच्छिवि, मल्ल र शाह वंशहरूले राज्य स्थापना गरी शासन सञ्चालन गरेको नेपालमा वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि विजय गरेपछि मात्र आधुनिक नेपालको शुरुवात भएको हो भन्ने इतिहासकारहरूको मान्यता छ । स-साना टुक्रे राज्यहरूमा विभाजित भएको नेपाललाई एकिकरण गरी सिङ्गो अखण्ड राष्ट्र निर्माणमा योगदान पुऱ्याएका पृथ्वीनारायण शाहले नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी हो भनी अभिव्यक्ति दिएका छन् ।

आधुनिक नेपालको शुरुवातपश्चात् यहाँ विभिन्न सामाजिक तथा राजनैतिक परिवर्तन भए । वि.सं. १९०३ देखि २००७ सालसम्म जहानिया राणाशासन चल्यो जसले नेपाललाई १०४ वर्षसम्म अन्धकारमा राख्यो र नेपाली समाजको सामाजिक विकासको गतिलाई पूरै एक शताब्दी अवरुद्ध गऱ्यो । राणाशासनकाल नेपाली समाज विकासको अन्धकार युगको रूपमा रह्यो । वि.सं. २००७ सालको निरङ्कुश राणाशासनको पतनपछि प्रजातन्त्रको स्थापना भयो तर राजनैतिक दलहरू बीच

राजनैतिक सुझबुझको अभाव, आपसी दाउपेच, खिचातानी, स्वार्थ तथा जनतामा राजनैतिक सचेतनाको अभावका कारण प्रजातान्त्रिक व्यवस्था विकसित र संस्थागत हुन सकेन । त्यसपछि २०१७ सालदेखि २०४६ सालसम्म एकदलीय पञ्चायती व्यवस्थाबाट राजनैतिक सत्ता चल्यो । वि.सं. २०४६ साल देखि २०६२ सालसम्म करिव १६ वर्ष बहुदलीय संवैधानिक राजतन्त्रात्मक शासनपद्धति चलेको पाइन्छ । वि.सं. २०५२ सालदेखि भूमिगत जनयुद्ध सञ्चालन गरिरहेको ने.क.पा.माओवादी र अन्य संसदवादी दलहरू बीच २०६२ साल मंसिर महिनामा १२ बुँदे संझौता भई २०६२/०६३ सालको १९ दिने जनआन्दोलन सञ्चालन भयो र त्यसले नेपालमा गणतन्त्रको स्थापना र संविधान सभाको जग बसाल्यो । वि.सं. २०६४ चैत्र २४ गते नेपालमा संविधान सभाको चुनाव भयो भने २०६५ ज्येष्ठ २५ गते संविधान सभाको पहिलो बैठकले नेपालमा करिव २५० वर्ष अघिदेखि शासनसत्तामा रहिआएको शाहवंशीय राजतन्त्रलाई अन्त्य गरी विधिवत् रूपमा लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भयो । संविधान निर्माणको लागि तोकिएको २ वर्षको समयावधि समाप्त भएपश्चात् पटक-पटक गरी पुनः २ वर्षको समय थपियो तथापि थपिएको अवधिमा पनि नेपालमा दिगो शान्ति स्थापना गर्ने र जनमुखी, समतामूलक संविधान निर्माण गर्ने कार्यमा ठोस उपलब्धि हासिल हुने सकेन तसर्थ, २०६९ ज्येठ १४ गते आफ्नो कार्यभार पूरा नगरीकन संविधान सभा विघठन हुनपुग्यो । यसबाट दलित, जनजाति, पिछडावर्ग, धार्मिक आस्थाका कारण पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाति सबैको अधिकार संरक्षण हुने गरी नयाँ जनमुखी संविधान निर्माण गर्ने जनताको चाहना पूरा हुन सकेन । स्वच्छ प्रजातान्त्रिक राजनैतिक संस्कारले असल सामाजिक संस्कारको विकास गर्न सक्छ । राष्ट्रिय राजनीतिको प्रभाव समाजका प्रत्येक सामाजिक एकाइहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिरहेको हुन्छ । विश्वका अन्य विकसित समाजहरूको सापेक्षतामा नेपाली समाजको पछौटेपनको अपजस मुख्य गरी नेपालको शासनसत्तामा रहने वर्गहरूलाई नै जान्छ । उनीहरूको सामाजिक विकाससम्बन्धी अस्पष्ट दृष्टिकोण, राजनैतिक सुझबुझको अभाव, दाउपेच, स्वार्थ आदिले हाम्रो समाजलाई समयभन्दा धेरै पछाडि धकेल्न ठूलो भूमिका खेल्यो । अहिले राजनीतिक दलहरूसँग भावी योजना, नीतिको स्पष्ट खाका भएको देखिंदैन । राजनीतिक असहमति र अन्यौलको स्थितिलाई सहमतिद्वारा राजनीतिक स्थिरता कायम गरी जनमुखी संविधान निर्माण गर्ने र नेपाललाई, विकास, प्रगति, संवृद्धिको बाटोमा लैजान जरुरी छ । तसर्थ नेपाली जनताले राजनीतिक पार्टीहरूलाई निरन्तर खबरदारी गरिरहनुपर्ने देखिन्छ ।

नेपालमा १०० भन्दा बढी जातजाति, ६० भन्दा बढी जनजाति, ७० भन्दा बढी भाषाभाषी, ९ भन्दा बढी धार्मिक सम्प्रदायहरू, अनेकथरि चाडपर्व, मूल्य, मान्यता, संस्कार, रीतिरिवाज प्रचलन आदिको समिश्रण नेपाली समाजमा देख्न सकिन्छ । यस अर्थमा यहाँ अनेकतामा एकता छ ।

वि.सं. २०५८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्या २,३१,५१,४२३ थियो । २०६८ को जनगणनाले नेपालको जनसङ्ख्या १.४० प्रतिशतको वृद्धिदर सहित २,६६,२८०९ रहेको छ ( केन्द्रीय तथ्याङ्क विभाग २०५८, ०६८) । नेपालमा हिन्दू धर्म मान्ने मानिसहरूको सङ्ख्या उच्च छ । दोस्रो ठूलो धर्म बौद्ध हो भने त्यसपछि मुसलमान र किराँत पर्दछन् ।

२०५८ सालको जनगणनाअनुसार ८०.६१ प्रतिशत मानिसले हिन्दू धर्म मान्छन् भने १०.७४ प्रतिशतले बौद्ध धर्म र ४.१९ प्रतिशत मानिसले इस्लाम धर्म मान्दछन् (केन्द्रीय तथ्याङ्क विभाग २०५८) । यस तथ्याङ्कले नेपालमा तेस्रो ठूलो सङ्ख्यामा मुसलमान धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् भन्ने देखिन्छ । विगतका तथ्याङ्कको अध्ययनबाट पनि नेपालमा इस्लामिक जनसङ्ख्या क्रमशः बढीरहेको देख्न सकिन्छ । वि.सं. २०३८ मा नेपालको कूल जनसङ्ख्यामध्ये २.६६ प्रतिशत इस्लाम धर्म मान्ने मानिसहरू बसोबास गर्दथे भने २०४८ मा ३.५३ प्रतिशत र २०५८ मा ४.१९ प्रतिशत इस्लामिक जनसङ्ख्या रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग २०३८, ०४८, ०५८) ।

इस्लाम धर्मको पवित्र ग्रन्थ कुरआन हो । कुरआन धार्मिक ग्रन्थमात्र नभएर कतिपय मुसलमान राष्ट्रहरूको कानून र संविधान पनि हो । कुरआन मुसलमान समुदायको जीवन पद्धति, संस्कार, संस्कृतिसँग जोडिएको मार्गदर्शक सिद्धान्त र जीवनदर्शन हो । कुरआन मुसलमान समाज र संस्कृतिको सार हो । यो मुसलमान समाजको प्राण हो । कुरआनको मार्गदर्शक सिद्धान्तलाई हु-बहु व्यवहारमा लागू गर्नु नै मानव जातिको सार्थकता मान्छन् । तसर्थ, मुसलमान समाज र संस्कृतिको केन्द्रीयता भनेको अल्लाहद्वारा पैगम्बर मुहम्मदमा अवतरित ईश्वरीय वाणीको सङ्ग्रह कुरआन हो । कुरआनबाट अलग गरेर मुसलमान समुदायलाई अध्ययन गर्न खोजियो भने यथार्थताको सानो अंश पनि प्राप्त गर्न कठिन हुन्छ । इस्लामिक धार्मिक ग्रन्थ कुरआनमा ३० खण्ड र ११४ अध्याय छन् । जसमध्ये ९३ अध्यायलाई मक्की र २१ अध्यायलाई मदनी भनिन्छ ।

कुरआन पैगम्बर मुहम्मदको जीवनकालमा प्रतिपादित धार्मिक पुस्तक हो । त्यतिबेलाको समाज, संस्कृति, मानिसको चेतनाको स्तरअनुकूल धार्मिक तथा सामाजिक नियमहरू कुरआनमा विद्यमान छन् । ती नियमहरू अहिले पनि अपरिवर्तनीय र सुरक्षित छन् । कुरआनका शब्द र अर्थ आफैंमा परिपूर्ण छन् । ठूला विद्वान् र धर्मगुरुहरूले पनि कुरआनका एक अक्षर वा शब्दको संशोधन गर्ने अधिकार छैन भन्ने इस्लामिक अनुयायीहरूको मान्यता छ ।

अहिले विश्व एक्काइसौं शताब्दीको संघारमा उभिएको छ । मानिसको चेतनास्तर झन्झन् उच्च बन्दै गइरहेको छ । विज्ञान र प्रविधिको विकासले मानिसको जीवनपद्धतिमा आमूल परिवर्तन ल्याएको छ । मानवीय सभ्यताले एकै फड्कामा एक युगदेखि अर्को युगमा प्रवेश गर्न खोजिरहेको छ । परम्परागत धार्मिक, मूल्य, मान्यता, कट्टरता तथा एक पुस्तादेखि अर्को पुस्तासम्म स्थानान्तरण हुँदै आएका धार्मिक विश्वासहरू विज्ञान र प्रविधिको छायामा धुमिल बन्दै गइरहेको छ र धार्मिक कट्टरतामा विचलन आइरहेको छ । पुराना अव्यावहारिक रूढिवादी मान्यताको ठाउँमा नयाँ, प्रायोगिक, समयसापेक्ष व्यावहारिक धार्मिक मूल्य मान्यताको विकास हुने क्रम जारी छ । परिवर्तन समाज विकासको शास्वत नियम हो । परिवर्तनलाई छेकेर छेक्न सकिंदैन, रोकेर रोक्न सकिंदैन तर समाजका विभिन्न तत्त्वहरू तथा सामाजिक एकाइहरूले सामाजिक परिवर्तनको दरलाई प्रभावित गर्न सक्छन् । तर अन्य धार्मिक सम्प्रदायको सापेक्षतामा मुसलमान सम्प्रदायको धार्मिक दृष्टिकोणमा अपेक्षाकृति परिवर्तन आएको देख्न सकिदैन, वर्तमान विश्वमा ठूलो सङ्ख्यामा रहेको मुसलमान समुदायले विशुद्ध रूपमा धर्मलाई व्यावहारिक जीवनमा आत्मसात् गरीरहनुको पछाडि के कारण छ ? कुरआनको आदर्शअनुरूप आफ्नो जीवनपथलाई अगाडि बढाउनु, नबिराई दैनिक ५ पटक नमाज पढ्नु, धर्मरक्षाको लागि भन्दै बलिदान गर्नु, धर्मको सवालमा अपरिवर्तनीय र अत्यन्त संवेदनशील हुनुले इस्लाम धर्म यसका अनुयायीको मन, मस्तिष्क, जीवन र संस्कारमा कति गहिरोसँग जोडिएको छ भन्ने कुराको अनुमान गर्न सकिन्छ । यसका कारणहरू के होलान् ? खोज अनुसन्धानको विषय बन्न सक्छ ।

अल्पविकसित देशहरूको तुलनामा विकसित पश्चिमा देशहरूमा लैङ्गिक विभेदको मात्रा कम देखिन्छ । लैङ्गिक विभेदको अन्त्यसँगै समाजमा हुने सबै प्रकारका विभेदहरू अन्त्य हुन पुग्छन् । पूर्ण लैङ्गिक समानताले नै समानतामूलक, सभ्य, सुसंस्कृत र पूर्ण मानव समाजको निर्माण गर्न सक्छ । “पूर्ण लैङ्गिक समानतायुक्त समाज विश्व समाज” समाजशास्त्रीहरूको यस कल्पना साकार हुन विश्वले ठूलो सामाजिक परिवर्तनको छलाङ्ग मार्नुपर्नेछ ।

विभिन्न सामाजिक एकाइहरू जस्तैः सामाजिक परम्परा, रीतिरिवाज, भाषा, धर्म, चालचलन, मूल्य, मान्यताको आधारबाट समाज सञ्चालन भैरहेको हुन्छ । यी एकाइहरूको असन्तुलन, विभेदीकरणले सामाजिक विकासमा बाधा पुग्छ । मानव सभ्यताको उषाकालमा महिला र पुरुष बीचको विभेद र असमानताका दूरीहरू ज्यादै थोरै थिए तर त्यसपछि दास युगको शुरुवातसँगै पितृसत्तात्मक सामाजिक व्यवस्थाले लैङ्गिक विभेदको विकास गऱ्यो र यो विभेद पूरै सामन्तवादी युगभरि र पूँजीवादी युगको शुरुवात सम्म अझ फस्टाउँदै झ्याङ्गिदै गयो । महिलाहरू अवसरबाट

वञ्चित हुँदै र थिचोमिचोमा पर्दै गए । सभ्यताका नाममा, धर्म, संस्कृति र आदर्शका नाममा महिलाहरू सधै अन्यायमा पर्दै गए । पितृसत्ताले समाजका हरेक क्रियाकलापमा महिलाको भूमिकालाई बेवास्ता गऱ्यो । महिलामाथि भएको यस प्रकारको विभेद, शोषण र अन्यायको विरोध गर्दै, लैङ्गिक समानताको लागि आवाज उठाउन थालियो । यसरी महिलाहरूलाई गरिने विभिन्न किसिमका शोषण विरुद्ध आन्दोलन गरियो । आवाज उठाइयो, लेख रचना प्रकाशित गरियो त्यससँगै महिलावाद अवधारणाको शुरुवात
भयो । महिलावाद अवधारणाको शुरुवात अठारौं शताब्दीमा भएको पाइन्छ । त्यसपछि महिलावादको पहिलो, दोस्रो, तेस्रो धार हुँदै अघि बढीरहेको छ । सन् १९८० देखिको नारीवादलाई आधुनिकवादी अवधारणाको रूपमा हेरिएको पाइन्छ । नारीवाद भन्नाले महिलाहरूको शोषण, विभेद, पिडाबारे घर-परिवार समाज राष्ट्र र विश्वभरि नै सचेत गराई परिवर्तनका लागि कार्यरत हुनु हो । नारीवादी-महिलाहरूले पुरुषसरह समान अधिकार अवसर र शक्ति प्राप्त गर्न गरिएको प्रयास तथा आन्दोलन हो । नारीवादले महिलाका दृष्टिकोणबाट समाजका हरेक पक्षको व्याख्या तथा विश्लेषण गर्छ ।

लैङ्गिक अध्ययनले लैङ्गिक असमानताको खोजी गरेर मात्र हुँदैन । असमानताको जड पत्ता लगाई त्यसको निराकरणका उपायहरू खोजी गरिएमा मात्र त्यो अध्ययन लैङ्गिक समानताका लागि व्यावहारिक र कामयोगी हुन सक्छ ।

लैङ्गिक अध्ययन उच्च ब्राह्मण, क्षत्री जातीय परिधिमा रहेर गरिनुले वास्तविक नेपाली आम महिलाहरूको सामाजिक अवस्थाको प्रतिनिधित्व हुन सकेको छैन । तसर्थ, दलित, जनजाति, पिछडावर्ग, सीमान्तकृत, गरीब महिला वर्गको बस्ती, क्षेत्र र समुदायमा गई उनीहरूको वास्तविक अवस्था, उनीहरूका समस्या र तिनको निराकरणका उपायहरू पत्ता लगाउनु जरुरी हुन्छ ।

यो अध्ययन नेपाली मुसलमान महिलाहरूको सामाजिक अवस्थामा केन्द्रित भई गरिएको छ । जनगणना २०५८ अनुसार नेपालमा ४.१९ प्रतिशत मानिसहरू मुसलमान धर्म
मान्दछन् । कुल मुसलमानहरूमध्ये ८९ प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गर्छन् । सबैभन्दा बढी मुसलमानहरू ५.६० प्रतिशत मध्यपश्चिमाअञ्चल विकास क्षेत्रमा बसोबास गर्छन् भने पूर्वाञ्चलमा ४.१० प्रतिशत, पश्चिमाञ्चलमा ४.०६ प्रतिशत, मध्यपश्चिमाञ्चलमा ३.३७ प्रतिशत र सुदूरपश्चिमाञ्चलमा ०.०२ प्रतिशत मुसलमानहरू बसोबास गर्छन् (केन्द्रीय तथ्याङ्क विभाग-२०५८) ।

पोखराको मियापाटनमा बसोबास गर्ने मियाहरूको इतिहासको कुनै प्रामाणिक लिखित अभिलेख पाउन सकिंदैन तर त्यहाँका बूढापाका तथा जानिफकार व्यक्तिहरू आफ्ना पुर्खाहरू करिव

४००। वर्षअघि चौबिसी राज्यको पालमा काश्मिीरबाट नेपाल आई बसोबास गर्न थालेको दावी गर्छन् ।

इस्लामिक धार्मिक ग्रन्थ कुरानलाई लैङ्गिक दृष्टिकोणबाट हेर्दा यो पितृसत्ताको पक्षपोषण गर्ने ग्रन्थ हो । यसले पुरुषलाई विशेषाधिकार दिएको छ भने महिलाहरूको भूमिकालाई न्यूनीकरण गरेको छ ।

मुसलमान समुदायका महिलाहरू पितृसत्ताको दवावमा र धार्मिक कट्टरताको कारणले आफ्ना समस्याहरू बाहिर ल्याउन सक्दैनन् । मुसलमान महिलाहरूको शैक्षिक स्तर अत्यन्त कमजोर छ, सामाजिक कार्यमा संलग्नता, राजनैतिक संलग्नता र सरकारी सेवामा उनीहरूको पहुँच नगन्य छ । सरकारी तथा गैह्र सरकारी स्तरबाट पनि उनीहरूको समस्याको खोजिनीति गर्ने, चेतना अभिवृद्धि गर्ने साथै मुसलमान महिलाहरूको सशक्तीकरण गर्ने कार्यमा खास पहल भएको पाँईदैन । यसै सन्दर्भमा मुसलमान महिलाहरूको समग्र सामाजिक अवस्था कस्तो छ ? उनीहरूको शैक्षिक स्तर कस्तो छ ? उनीहरूको वैवाहिक स्थिति, प्रजनन स्थिति, धर्मसम्बन्धी उनीहरूको दृष्टिकोणका साथै अन्य धर्मसँगको सहिष्णुता, लैङ्गिक समानताका बारेमा उनीहरूको दृष्टिकोण, राज्यसँगको उनीहरूको अपेक्षा आदि थुप्रै प्रश्नहरूको उत्तर खोज्न, समस्याहरू पत्ता लगाउन र निराकरणका उपायहरू खोज्न यो शोध केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

सामाजिक यथार्थता बुझ्नको लागि समाजमा महिला र पुरुषको सम्बन्ध कस्तो छ भनी बुझ्न अनिवार्य हुन्छ । सामाजिक लिङ्ग एक परिवर्तनशील सामाजिक सांस्कृतिक अवधारणा हो । महिला र पुरुष बीचको सामाजिक सांस्कृतिक व्यवहार ढाँचा, भूमिका, श्रम विभाजन, हैसियत आदिलाई सामाजिक लिङ्ग भनिन्छ । समाज भनेको महिला र पुरुषको प्रकार्यात्मक सम्बन्धबाट गठन भएको एक संगठन (संस्था) हो । सामाजिक जीवन महिला र पुरुष दुवैको सहसम्बन्ध तथा संयुक्त क्रियाकलापबाट अगाडि बढ्न सक्छ । तथापि समाजमा महिलाहरूलाई सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक रूपले पुरुषभन्दा पछि पारेको पाइन्छ । हाम्रो समाजमा महिलालाई हेर्ने दृष्टिकोण र उनीहरूमाथि गरिने व्यवहार पक्षपातपूर्ण छ ।

लैङ्गिक समानता, शिक्षा, स्वतन्त्रता, प्रजातन्त्र भौतिक तथा आर्थिक प्रगति, सामाजिक न्याय आदि विकासमा सूचक हुन् । कुनै पनि संगठित समाजको उत्पत्ति, विकास, निरन्तरता, उच्चता, गतिशीलतामा पुरुष र महिला दुवैको संलग्नता, योगदान, कर्तव्य, दायित्व रहन्छ । महिला र पुरुष

समाजरूपी सिक्काका दुईपाटा हुन् । लैङ्गिक विकासविना सामाजिक विकास र सामाजिक न्यायको अपेक्षा गर्न सकिँदैन ।

पोखराको मियापाटनस्थित मियाबस्तीमा बसोबास गर्ने मुसलमान महिलाहरूको सामाजिक अवस्थामा केन्द्रित भई गरिने यस अध्ययनको ध्येय मुसलमान महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक अवस्था पत्ता लगाउनु र ती अवस्थाद्वारा सृजित लैङ्गिक विभेदको असमानताको खोजीनिती गरी समाधानका उपायहरू निकाल्नु हो । कुनै पनि समुदायको धार्मिक मान्यताले त्यहाँको सामाजिक व्यवहारलाई निर्देशित गरेको हुन्छ । धर्म मानिसको जीवनपद्धतिसँग जोडिएको हुन्छ । धर्मको आदर्श मानिसको व्यवहारमा कुनै न कुनै रूपमा आरोपित भएको हुन्छ । मुसलमान धर्ममा पितृसत्ताको वर्चस्व छ । नेपालको पिछडिएको समुदायको पङतिमा मुसलमान पनि पर्छ । यस समुदायको सामाजिक, आर्थिक लैङ्गिक उन्नतिको बाधकका रूपमा अति धार्मिक प्रवृत्तिलाई पनि लिन सकिन्छ । इस्लाम धर्मले गर्भनिरोधलाई गैह्र धार्मिक र पाप मान्दछ जसले प्रजननदरलाई प्रोत्साहन गरेको छ । धेरै छोराछोरी जन्माउँदा परिवारको आकार ठूलो भई परिवारका आवश्यकताहरू: शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास, लत्ताकपडा, मनोरञ्जन आदिको कमी हुन पुगी जीवनको गुणस्तर न्यून बन्न गएको देखिन्छ । उच्च जन्मदरले महिलाहरूको स्वास्थ्य स्थिति कमजोर बन्छ साथै महिलाहरूको आफ्नो उमेरको अधिकांश हिस्सा बच्चा जन्माउन र हुर्काउनमै बित्दछ । उनीहरूले आफ्नो जीवनमा आनन्द र न्यानोपनको अनुभूति गर्न पाउँदैनन् । सीप, शिक्षा, तालिम, लिई क्षमता अभिवृद्धि गर्ने मौका पाउँदैनन् र जीवनभर परनिर्भर भई बाँच्न बाध्य हुन्छन् ।

कुरआनले एकजना पुरुषले ४ ओटासम्म पत्नी विवाह गर्न पाउने वैधता प्रदान गरेको छ भने सम्बन्ध विच्छेदमा पुरुषहरूलाई अग्राधिकार दिएको छ । महिलालाई घरभित्र बस्नुपर्ने र बाहिर निस्कनुपर्ने भएमा शिरदेखि पइतालासम्म ढाक्ने गरी कपडा लगाउनुपर्ने बाध्यता पाइन्छ । घरायसी कार्यहरू चुलो, चौको, बालबच्चाको स्याहार सुसारमा नै उनीहरूको श्रम खर्च भएको पाइन्छ । शिक्षा, रोजगारी, राजनीति, सामाजिक, कार्य, कर्मचारीतन्त्रमा महिलाहरूको संलग्नता शुन्यप्राय छ । सन्तानको सङ्ख्या निर्धारण गर्ने, परिवार नियोजनका साधन प्रयोग गर्ने, गर्भपतन गर्नेजस्ता प्रजनन अधिकारबाट मुसलमान महिलाहरू वञ्चित छन् । यसरी युगौंदेखि धर्म, संस्कृति, आदर्शको नाममा विभेद, दमन, अन्याय, शोषणको जाँतामा पिल्सिँदै आएका मुसलमान महिलाहरूमा रहेको लैङ्गिक असमानता, तिनका कारणहरू र निराकरण तथा मुक्तिका उपायहरू पत्ता लगाउनाका लागि प्रतिनिधिमूलक रूपमा मियापाटनमा बसोबास गर्ने मुसलमान महिलाहरू यस शोध पत्रको लागि

छनोट गरिएको छ । यो शोध मुसलमान महिलाहरूको निम्न समस्याहरूको उत्तर खोजी गर्न केन्द्रित छ ।

१. मुसलमान महिलाहरूको शिक्षा, पेशा, विवाहको उमेर, बहुविवाह, सम्बन्ध विच्छेदको स्थिति कस्तो छ ?

२. मुसलमान महिलाहरूको धमप्रतिको दृष्टिकोण, धार्मिक विश्वास तथा संस्कारमा के-कस्तो परिवर्तन आएको छ ?

३. सामाजिक, सांस्कृतिक कारणले मुसलमान महिलाहरूमा विद्यमान लैङ्गिक विभेदको स्थिति के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

मुसलमान महिलाहरूको सामाजिक आर्थिक अवस्थाको अध्ययन गरी त्यस समुदायभित्रको लैङ्गिक असमानताको वास्तविकता, कारण र समाधानका उपायहरू पहिचान गर्नु यस अध्ययनको सामान्य उद्देश्य रहेको छ । यस उद्देश्य प्राप्तिको लागि निम्न विशिष्ट उद्देश्यलाई समावेश गरिएको छ ।

१. मुसलमान महिलाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको अध्ययन गरी उनीहरूको वास्तविक अवस्था पत्ता लगाउनु ।
(यसअन्तर्गत संस्कार, शिक्षा, पेशा, विवाहको उमेर, बहुविवाहको स्थिति, प्रजननदर, धर्मप्रतिको दृष्टिकोण, निर्णय प्रक्रियामा संलग्नता आदि छन् ) ।

२. मुसलमान महिलामा धर्मको प्रभाव पत्ता लगाउनु ।

३. सामाजिक तथा धार्मिक अवस्थाको कारणबाट सिर्जित लैङ्गिक असमानता पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्त्व

कास्की जिल्लाको सदरमुकाम पोखराभित्र पोखरेली समाज विकासको उषाकालदेखि बसोबास गर्दै आएको मुसलमान समुदायको सामाजिक अवस्था यहाँ धेरै पछि आएर बसोबास गरेका अन्य गैह्र मुसलमान जातीय समुदायको अवस्था भन्दा न्यून हुनाका कारणहरू के-के हुन सक्छन्? शिक्षा, रोजगारी, आय आर्जनका कार्यहरू, राजनीति, सामाजिक कार्य कर्मचारीतन्त्र, प्रहरी, सैनिक सेवा, सरकारी तथा गैह्र सरकारी सेवा आदिमा मुसलमान महिलाहरूको उपस्थिति कस्तो छ ? किन मुसलमान महिलाहरू घरायसी धन्दा बालबच्चा जन्माउने हुर्काउने वृद्धहरूको हेरचाह, चुलो चौको, भान्छा जस्ता विनिमय मूल्य नभएका कार्यहरूबाट बाहिर निस्कन सकेका छैनन् ? किन उनीहरू

नाचगान मोडलिङ्ग, फेसन ग्ल्यामर, चलचित्र, छापा आदिमा देखिंदैनन् ? मुसलमान महिलाहरूले भोग्नु परेका अन्याय अत्याचार, लैङ्गिक विभेदका विषयहरू प्रहरी, अदालत, मानवअधिकारवादी संस्था, नागरीक समाज, तथा अन्य समाजका न्यायिक सङघ संस्थासम्म किन आइपुग्दैनन् ? के मुसलमान समुदायभित्र लैङ्गिक विभेद, शोषण, दमन उत्पीडन नै नभएर हो त ? आदि थुप्रै जिज्ञासाको उत्तर खोज्न गहिरिएर अध्ययन गर्न आवश्यक हुन्छ ।

विश्वका प्रायः सबै मानिसहरू कुनै न कुनै धार्मिक मान्यतामा बाँधिएकै हुन्छन् । पुस्ता पुस्तामा हस्तान्तरण हुँदै जाँदा धर्म, वंशानुगत हुँदै जान्छ । मानिसको जीन (वंशाणुगत गुण बोक्ने रसायन) मा नै धर्मप्रतिको आस्था विद्यमान हुन्छ र सन्ततिमा स्वतः धर्मप्रतिको आस्था, मोह, लगाव सर्दै जान्छ । त्यसैले धर्मलाई चटक्कै छोडी पूर्ण भौतिकवादी बन्न मानव समुदायलाई अझै कैयौं समय लाग्ने छ । तर समयअनुकूल नभएका रूढिगत धार्मिक, मूल्य, मान्यता, विधि तथा संस्कारमा भने समयसापेक्ष परिवर्तन आउनै पर्छ । विभिन्न धार्मिक सम्प्रदायका धर्मग्रन्थहरू त्यस युगको समाज, त्यस समयका मानिसहरूको चेतनाको स्तरको  आसपासमा रही बनाइएका हुन्छन् । ती धार्मिक ग्रन्थले दिएका सबै धार्मिक अभिव्यक्तिहरू र तिनका विचारहरू अहिलेको बदलिंदो मानिसको विचार चेतनास्तर, जीवनशैली, सोचाइको सापेक्षतामा हुँदैनन् । यस विज्ञान र प्रविधिको युगमा तिनीहरू हुबहु लागू हुन सक्दैनन् । या त धार्मिक अभिव्यक्तिहरूबाट जीवन अनुकूल शिक्षालाई छानेर व्यावहारिक जीवनमा उतार्नुपर्छ अथवा सबै प्रकारका धर्म ग्रन्थको उपयोगि आधारभूत मूल तत्त्वलाई नछोडीकन समयानुकूल पुनरावलोकनसहित पुनरलेखन गर्नुपर्छ । अन्यथा धर्मलाई अपरिवर्तनीय शैलीमा हु-बहु पालना गर्न खोज्दा सामाज बलजफ्ती पछाडि धकेलिने सम्भावना रहन्छ ।

यस अध्ययनले मुसलमान महिलाहरूको सामाजिक, आर्थिक, लैङ्गिक स्थितिको वास्तविकता पत्ता लगाउनका साथै सामाजिक लैङ्गिक विकासका बाधक तत्त्वहरू खोजी निराकरणका उपायहरू पत्ता लगाउन सहयोग गर्ने छ । निश्चय नै मुसलमान महिलाहरूका समस्या तथा आवश्यकता अन्य जातिका महिलाहरूका भन्दा फरक हुन्छन् । अन्य जाति विशेषको अध्ययनले निकालेको निष्कर्षलाई मुसलमान महिलाहरूमा लागू गरेर यिनीहरूका समस्याहरू समाधान हुन र आवश्यकताहरू पूरा हुन सक्दैनन् । त्यसैले मुसलमान महिलाहरूको सामाजिक लैङ्गिक अध्ययन मौलिक तरिकाले गर्नुपर्ने हुन्छ ।

यस अध्ययनको महत्त्वलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. मुसलमान महिलाहरूको वर्तमान सामाजिक, आर्थिक अवस्थाको चित्रण गरी सामाजिक विभेदको अवस्था पत्ता लगाइएको छ ।

२. मुसलमान महिलाहरूको सामाजिक व्यवहारमा धार्मिक ग्रन्थ कुरआनको प्रभाव र यसबाट सिर्जित लैङ्गिक असमानता पत्ता लगाइएको छ ।

३. मुसलमान संस्कार तथा संस्कृतिमा गैह्र मुसलमान (हिन्दू) संस्कृतिको प्रभावबाट कसरी परेको छ जानकारी लिइएको छ ।

४. पुरानो पुस्ताको तुलनामा महिलाहरूको नयाँ पुस्तामा आएको परिवर्तित मूल्य मान्यता जस्तैः प्रजनन, स्वास्थ्य, सानो र सुखी परिवारको चाहना, परिवार नियोजन, सुरक्षित मातृत्व, ढिलो विवाह आदिको अवस्था अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको सीमा

यो शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तहको शैक्षिक आवश्यकता पूरा गर्ने अभिप्रायले सम्पादन गरिएको हो । तथापि धार्मिक सांस्कृतिक रूपले छुट्टै पहिचान बोकेको मुसलमान समुदायका महिलाहरूको सामाजिक सांस्कृतिक अवस्थासँग केन्द्रित भई गरिएको यो शोधपत्र मुसलमान समुदाय, अनुसन्धान कर्ता, योजनाकार, नीति निर्माताहरूको लागि उपयोगी रहेको छ । पोखरा -१३ स्थित मियापाटनमा बसोबास गर्ने मुसलमान महिलामा केन्द्रित भई अध्ययन गरिएकाले यसको नतिजालाई नेपालभरि छरिएर रहेका मुसलमान महिलाहरूमा सामान्यीकरण गर्दा यसको प्रभाविकारिता न्यून हुन सक्छ ।

यस अध्ययनमा विवाहित मुसलमान महिलाहरूलाई उत्तरदाताको रूपमा छनोट गरिएकाले अविवाहित छोरीहरू तथा किशोरीहरूको समस्याहरू आवश्यकताहरूलाई समेट्न सकिएको छैन ।


यस अध्ययनमा रहेका सीमाहरूलाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गरिएको छ ।

१. यो अध्ययन कास्की जिल्लाको पो.उ.म.न.पा.-१३ मियापाटनमा बसोबास गर्ने मुसलमान महिलाहरूमा केन्द्रित भएर गरिएको भएकाले नेपालका विभिन्न भूभागमा छरिएर बसेका अन्य मुसलमान समुदायका महिलाहरूका आवश्यकता र समस्यासँग यस अध्ययनको निष्कर्ष मेल नखान सक्छ ।

२. मुसलमान महिलाहरू इस्लाम धर्म, कुरआन र अल्लाहप्रति अति संवेदनशील हुने भएकाले धर्मप्रतिको दृष्टिकोणसँग सम्बन्धित तथ्याङ्क कम यथार्थपरक हुन सक्छन् ?

३. महिला र पुरुष बीचको सामाजिक सम्बन्धको तुलनात्मक अध्ययन गरिएको छैन तर महिलाको दृष्टिबाट पुरुषहरूको लैङ्गिक दृष्टिकोण कस्तो छ भनी आंशिक रूपमा पत्ता लगाउन कोशिस गरिएको छ ।

## १.६ अवधारणागत खाका




माथिको अवधारणागत खाकाले महिला शसक्तीकरणका बाधक तत्त्वहरू र प्रेरणादायी तत्त्वहरू साथै तिनीहरू बीचको अन्तर्सम्बन्ध देखाइएको छ । महिला सशक्तीकरण भन्नाले महिलाहरूसँग अन्तरनिहित सामार्थ्य, शक्ति, ज्ञान, सीप, क्षमताको प्रस्फूटन तथा उजागर गराई आफ्नो हक हित र अधिकारका लागि समाजमा विद्यमान कुरीति, भेदभाव, अन्याय विरुद्ध लड्न सक्ने क्षमता विकास हुनु हो । महिलाहरूले सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, धार्मिक, उत्पिडनबाट मुक्ति पाउनु नै महिला सशक्तीकरण हो । यस अवधारणागत खाकाअन्तर्गत महिला सशक्तीकरणका सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक तथा धार्मिक पक्षहरूमध्ये प्रेरणादायी तत्त्वहरू र बाधक तत्त्वहरूमा विभाजन गरी उनीहरूको प्रभाव र अन्तर् सम्बन्धलाई प्रस्तुत गरिएको छ ।

**सामाजिक पक्ष**

पितृसत्तात्मक सामाजिक तथा पारिवारिक संरचना, लैङ्गिक विभेद, परिवारमा महिलाको हैसियत न्यून हुनु आदि महिला सशक्तीकरणका बाधक तत्त्वको रूपमा रहेका छन् । यस प्रकारका बाधक तत्त्वहरूको न्यूनीकरणबाट लैङ्गिक समानता महिलाहरूको मान, प्रतिष्ठा, इज्जत, समाज तथा परिवारमा उनीहरूको उच्च हैसियतजस्ता सशक्तीकरणका प्रेरणादायी तत्त्वहरू सबल हुन पुग्छन् ।

**सांस्कृतिक पक्ष**

समाजमा विद्यमान अन्धविश्वास, परम्परागत रूढिवादी मूल्यमान्यता, कूरीति कुसंस्कारको कारणले हुने महिला हिंसा, कम उमेरमा विवाह जस्ता सांस्कृतिक पक्षले महिला सशक्तीकरणमा बाधा पुऱ्याइरहेका छन् तर कुरीति कुसंस्कारको अन्त्य भई आधुनिक प्रगतिशील मूल्यमान्यता, संस्कार, विचारको विकास भएमा महिला सशक्तीकरणमा सकरात्मक प्रभाव पर्दछ ।

**मनोवैज्ञानिक पक्ष**

पराधीनता, डर, त्रास, आत्मविश्वासको कमी साथै सामाजिक विभेदको कारणले महिलामा रहेको हीनता, दासता, दुर्बलता जस्ता मनोवैज्ञानिक पक्षहरू महिला सशक्तीकरणका बाधक तत्त्वहरूका रूपमा रहेका छन् । महिलाहरूलाई शिक्षा, सीप, तालिम, चेतनामूलक सामाजिक जागरणका कार्यक्रम सञ्चालन गरिएमा उनीहरूमा आत्मनिर्भरता, आत्मसम्मान सबलता, आत्मविश्वास बढ्न गई अन्तर्निहित सामर्थ्यको विकास हुन पुग्छ ।

**धार्मिक पक्ष**

समाजमा रहेका महिलाविरोधी कट्टर धार्मिक मूल्य मान्यता, धर्मप्रदत्त विभेदी कानून, न्याय नियमले महिलामाथि अन्याय शोषण र विभेद गरिरहेका छन् । यस प्रकारका कट्टर धार्मिक कानून तथा मूल्य मान्यतामा परिवर्तन गरी उदार, स्वतन्त्र, खुकुलो धार्मिक मान्यताको विकास गर्न सकिएमा महिला सशक्तीकरण सबल हुन पुग्छ ।

सशक्तीकरणका प्रेरणादायित्वहरू सबल हुँदा बाधक तत्त्वहरूको न्यूनीकरण हुन जान्छ । महिला सशक्तीकरण र प्रेरणादायी तत्त्वहरू बीच सकारात्मक सम्बन्ध (समानुपातिक सम्बन्ध) हुन्छ भने महिला सशक्तीकरण यसका बाधक तत्त्व बीच नकारात्मक सम्बन्ध (व्यूतक्रमानुपातिक सम्बन्ध) हुन्छ ।

प्रेरणादायी तत्त्वहरूको गुणन नै सशक्तीकरणका बाधाहरूको घटाऊ हो । महिला सशक्तीकरणको सबलताले महिला विभेदलाई न्यूनीकरण गर्छ ।

## १.७. सङ्गठनात्मक ढाँचा

यस शोधपत्रलाई जम्मा सात अध्यायमा विभाजन गरिएको छ । जसअन्तर्गत पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको महत्त्व, सीमाहरू, अवधारणागत खाका आदि समेटिएको छ । दोस्रो अध्यायमा यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको समीक्षा गरिएको छ । सैद्धान्तिक समीक्षा अन्तर्गत सामाजिक लिङ्ग र महिलावाद, महिला विकासका रणनीतिहरू, अन्तर्राष्ट्रिय तथा नेपाली महिला आन्दोलनको ऐतिहासिक पृष्ठभूमि आदि समेटिएको छ ।

त्यस्तै पूर्वसाहित्यको समीक्षा अन्तरगत इश्लाम धर्मको परिचय, नेपाली मुसलमान र मियापाटनका मुसलमानहरूको इतिहास, मुसलमान र कुरआन मुसलमानका चाडपर्व र संस्कारहरूलाई अध्ययन गरिएको छ । यस अध्यायमा पूर्व प्रकाशित अध्ययनसँग सम्बन्धित कृतिहरूको समीक्षा पनि गरिएको छ ।

तेस्रो अध्यायमा अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा नमूना छनोट, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क सङ्कलन विधिहरू प्रस्तुत गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गरिएको छ । जसअन्तर्गत भौगोलिक अवसथित, सामाजिक संरचना, उत्तरदाताहरूको शैक्षिक, वैवाहिक तथा पेशागत अवस्थाको व्याख्या विश्लेषण गरिएको छ ।

पाँचौ अध्यायमा मुसलमान महिलाहरूको सांस्कृतिक, धार्मिक तथा प्रजनन अवस्थाको विश्लेषण गरिएको छ । यसै अध्यायमा मुस्लिम महिलाहरूले प्रयोग गर्ने बुर्का प्रयोगको अवस्था, नमाज पढाइको अवस्था, धार्मिक सहिष्णुताको अवस्था, प्रजनन अवस्था, गर्भ निरोधका साधनप्रतिको दृष्टिकोण तथा प्रयोगको अवस्थालाई समेटिएको छ । छैटौं अध्यायमा उत्तरदाताहरूको लैङ्गिक अवस्था, सामाजिक कार्यहरूमा उनीहरूको संलग्नता, लैङ्गिक अवस्थाको सुधारप्रति उत्तरदाताहरूको धारणाको विश्लेषण गरिएको छ । सातौं अध्यायमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई
# साहित्यिक पुनरवलोकन

## २.१ सैद्धान्तिक समीक्षा

### लिङ्ग र सामाजिक लिङ्ग

नारी र पुरुष जन्मैदेखि छुट्टाछुट्टै जैविक, शारीरिक संरचना लिएर यस संसारिक जीवनमा आएका हुन्छन् । जैविक संरचनाको आधारमा महिला र पुरुष बीच विभिन्न भिन्नता रहेका हुन्छन्, तिनीहरू बीच भिन्न शारीरिक, वंशानुगत तथा जैविकीय संरचना हुन्छन् । जस्तैः महिलाहरू सन्तान उत्पादन गर्न सक्छन् पुरुषहरू सक्दैनन् तर पुरुषहरूले महिलालाई गर्भधारण गराउन सक्छन् । महिलासँग दुग्ध ग्रन्थि हुन्छ, तर पुरुषसँग हुँदैन । पुरुषले शुक्रकीट उत्पादन गर्न सक्छ भने महिलाहरूले ओभा (डिम्ब) उत्पादन गर्न सक्छन् । महिला र पुरुषको शरीरमा उत्पादन हुने हर्मोनहरू पनि फरक-फरक हुने गर्छन् । यस प्रकारको महिला र पुरुष बीच हुने जैविकीय भिन्नतालाई लिङ्ग भनिन्छ लिङ्ग अपरिवर्तनीय हुन्छ । यो प्राकृतिक र विश्वव्यापी हुन्छ ।

सामाजिक लिङ्ग (जेण्डर) एक सामाजिक सांस्कृतिक अवधारणा हो । हरेक समाजमा महिला र पुरुषले अलग अलग भूमिका निर्वाह गरिरहेका हुन्छन्, लिङ्गको आधारमा समाजले महिला र पुरुषका लागि फरक-फरक भूमिका, दायित्व, कर्तव्य, अधिकार, हैसियत, क्षमता प्रदान गरेको हुन्छ । जस्तैः महिलाहरूले खाना पकाउने, बच्चा जन्माउने हुर्काउने, परिवारका सदस्यहरूको स्याहार सम्भार, दाउरा-घाँस सङ्कलनजस्ता अनुत्पादनमूलक घरायसी काममा समय बिताउँछन् भने जागिर, व्यापार, राजनीति, सामाजिक कार्य आदि घर बाहिरका कार्यहरूमा पुरुषहरूको बाहुल्यत रहन्छ । यसरी लिङ्गको आधारमा समाजले दिएको सामाजिक, सांस्कृतिक व्यवहार, भूमिका तथा ढाँचालाई जेन्डर भनिन्छ । जेण्डर समाज, समय, परिस्थितिसँग सापेक्षिक हुन्छ यो परिवर्तनीय सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक अवधारणा हो । जेण्डरले महिला वा पुरुष एक मात्रको अस्तित्त्वबोध गर्दैन यो महिला र पुरुष दुवैका विभिन्न भूमिका, व्यवहार दृष्टि आदर्श, अवस्था, हैसियत आदिको अध्ययन गर्दछ । महिला र पुरुष दुवै समाजका अभिन्न अङ्ग हुन् । समाजलाई गतिशील बनाउनका लागि दुवैको समान भूमिका अपरिहार्य हुन्छ । समाजमा महिला वा पुरुषमध्ये कुनै एउटाको भूमिका, हैसियतलाई न्यूनीकरण गरियो, उनीहरूको योगदान र साझेदारीलाई बेवास्ता गरियो भने समाजरूपी गाडा ठीकसँग अगाडि बढ्न सक्दैन ।

नेपालमा पितृसत्तात्मक सामाजिक व्यवस्था अद्यापि विद्यमान छ । विश्वमा महिला अधिकार, महिला स्वतन्त्रताको लागि बुलन्द आवाज उठिरहेको वर्तमान सन्दर्भमा नेपालमा पनि त्यसको आंशिक प्रभाव देख्न सकिन्छ तथापि यसले ग्रामीण, दुर्गम क्षेत्रमा बसोबास गर्ने गरीब, सीमान्तकृत महिलाका समस्याहरूलाई संबोधन गर्न सकिरहेको छैन । नेपालको महिला आन्दोलन शहरमुखी छ र यो शिक्षित, धनी र संम्भ्रान्त परिवारको पहुँच र हितमा केन्द्रित छ ।

नेपालका जनजाति समुदायको तुलनामा ब्राह्मण, क्षत्री, दलित समुदायभित्र महिला विभेदको स्थिति चर्को छ । बौद्ध र क्रिश्चियन धर्मको तुलनामा मुसलमान र हिन्दू धर्म सम्प्रदायले महिलालाई हेर्ने दृष्टिकोण पक्षपातपूर्ण छ । निर्णय प्रक्रियामा महिलाको सहभागिता नेपाली समाजमा ज्यादै न्यून देखिन्छ । घरायसी कार्यहरू जसको उत्पादकत्वको गणना समाजले गर्दैन । चुलो चौको, सरसफाइ बालबच्चा तथा वृद्धवृद्धाको स्याहार सुसारमा नै उनीहरूको श्रम खर्च भएको छ । शिक्षा, आय आर्जन, रोजगारी कर्मचारीतन्त्र, राजनीति, सामाजिक कार्यमा महिला संलग्नताको अवस्था अत्यन्तै न्यून छ । भ्रूण अवस्थादेखि नै छोरीलाई हेरिने दृष्टिकोण र उनीहरूलाई गरिने सामाजिकीकरण अति विभेदपूर्ण छ ।

इस्लाम धर्ममा, इस्लामिक पवित्र ग्रन्थ कुरआनको निर्देशन तथा आदर्शलाई आफ्नो व्यावहारिक जीवनमा उतार्नु नै जीवनको सार्थकता मानिन्छ । तर कुरआनले पितृसत्तालाई पक्षपोषण गर्दछ । कुरआनले अल्लाहलाई सर्वश्रेष्ठ स्थानमा राखेको छ । पहिलो स्थानमा पुरुषलाई राखिएको छ र दोस्रो स्थान महिलालाई प्राप्त छ । यसरी इस्लाम धर्ममा लैङ्गिक विभेद संस्थागत हुँदै आएको देखिन्छ ।

### २.१.१ सामाजिक लिङ्ग र महिलावाद

मानवसमाज उत्पत्तिको उषाकाल लैङ्गिक विभेदरहित थियो । मानव सभ्यताको प्रारम्भिक कालमा पनि महिला र पुरुष बीचको सामाजिक विभेद तथा असमानताको अवस्था ज्यादै कम थियो । त्यसबेलाको समाज शिकारी र संकलित समाज थियो । पुरुषहरू शिकार गर्दथे भने महिलाहरू कन्दमूल सङ्कलन गर्दथे यसका अतिरिक्त ससानो शिकार तथा माछा मार्ने काममा पनि संलग्न हुन्थे । जुन समाजमा परिवारको गुजारा शिकार गरेको मासुबाट हुन्थ्यो ।

त्यस्तो परिवारमा पुरुषको महत्त्व बढी हुन्थ्यो भने सङ्कलित कन्दमूलबाट गुजारा हुने परिवारमा महिलाको प्रतिष्ठा उच्च हुन्थ्यो तर महिला र पुरुष दुवै मिलेर परिवारको आवश्यकता पूरा गर्ने भएकाले त्यस समयमा लैङ्गिक विभेदको अवस्था न्यून थियो । तर त्यसपछिको दासयुग सँगसगै पितृसत्तात्मक सामाजिक व्यवस्था हुर्कन बढ्न र मलजल हुन थाल्यो । यस युगमा बिस्तारै

निजी सम्पत्तिको अवधारणाको विकास हुन थाल्यो र सम्पत्तिको अधिकारबाट महिलालाई वञ्चित गर्न थालियो यो प्रक्रिया सामन्तवादी युगमा अझ विकास हुँदै गयो । पुरुषहरूले अधिकार शक्ति, सम्पत्तिमा बढी अवसर पाउँदै गए भने महिलाहरू यसबाट बञ्चित बन्दै गए । उनीहरू घरधन्दा, चुलोचौको, खेतीपाती बच्चा स्याहार सुसारजस्ता अनुत्पादनमूलक काममा सीमित हुँदै गए । यस प्रकारको लैङ्गिक विभेदलाई समाजले संस्कार, संस्कृति, प्रथा, चलनमार्फत संस्थागत गर्दै लग्यो । धर्मले धार्मिक नीतिनियममार्फत लैङ्गिक विभेदलाई अझ बलियो बनाउँदै गयो । समाजमा प्रचलित धर्म,: संस्कृति, संस्कार, मूल्य मान्यता, प्रथा, चलन आदि सबैमा लैङ्गिक असमानता र विभेदले प्रश्रय पायो । बालबालिकालाई जन्मदेखि नै लैङ्गिक विभेदको आदर्शबाट प्रशिक्षित र सामाजिकीकरण गर्दै लगियो । हाल आएर तेस्रो विश्वका विकासशील, अर्ध सामन्ती, अर्धऔपनिवेशिक राष्ट्रहरूमा मात्र नभएर विश्वका विकसित औद्योगिक पूँजीवादी राष्ट्रहरूमा पनि कुनै न कुनै रूपमा लैङ्गिक विभेदका रूपहरू देख्न सकिन्छ । त्यसैले घरदेखि घाटसम्मका मानिसका प्रत्येक क्रियाकलापहरू, घर, परिवार, समाज, राष्ट्र र विश्वसम्मका सामाजिक सङ्घ संस्थाहरू, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, मनोवैज्ञानिक, आत्मिक तथा आध्यात्मिक सबै क्षेत्रमा लैङ्गिक असमानता र पूर्वाग्रह व्यापक र भित्री तहसम्म घुसेको पाइन्छ ।

महिलावाद समाज र संस्कृतिको व्याख्या गर्ने एक वैकल्पिक दर्शन एवं सिद्धान्त हो । नारीवाद महिलाहरूको पुरुषसरह समान हक, अधिकार, शक्ति प्राप्त गर्न गरिएको प्रयासमा आन्दोलन हो । यो वर्तमान सामाजिक विज्ञानमा घुसेको पुरुष पूर्वाग्रहको आलोचना र चुनौती सहितको नयाँ वैकल्पिक अनुसन्धान पद्धति हो । नारीवादको प्रतिपादन हुनुपूर्व समाज विज्ञानको व्याख्या विश्लेषण गर्न निर्माण भएका सबै सिद्धान्त तथा ज्ञान पुरुष पूर्वाग्रहबाट प्रभावित थिए । तिनमा पुरुषको दृष्टिनिहित थियो र तिनीहरू सबै पुरुषको हित र फाइदाको लागि सृजित गरिएका थिए । तर जब नारीवादी आन्दोलनले तीव्रता पाउँदै गयो तब समाज विज्ञानको अध्ययनमा घुसेको पुरुष पूर्वाग्रहको आलोचना गर्दै महिलाको दृष्टिकोण समाजका हरेक पक्षको विश्लेषण गर्ने वैकल्पिक अनुसन्धान पद्धतिको विकास भयो, जसलाई नारीवाद भनिन्छ । जुन परम्परागत अनुसन्धान पद्धतिभन्दा अलग छ । महिलावादी सिद्धान्तको विकासक्रमलाई हेर्दा निम्न तीन धारहरूको रूपमा अगाडि बढेको देखिन्छ ।

**महिलावादको पहिलो धार**

सन् १९३० मा दासताविरुद्ध सङ्घर्ष गर्नाको लागि अमेरिकी महिलाहरू संगठित भएका थिए र अधिकार प्राप्त गर्नाका लागि आन्दोलनको शुरुवात पनि गरेका थिए जसबाट महिलावादको पहिलो

धारको प्रारम्भ हुन पुगेको थियो । यसले महिला मुक्तिको लागि एकता, सशक्तीकरण र गतिशीलतामा जोड दिएको थियो । खासगरी यसले महिलावादी शीद्धान्तको जग बसाल्ने काम गऱ्यो । यसको प्रभाव बिसौं शताब्दीको पूर्वार्धसम्म रह्यो ।

### महिलावादको दोस्रो धार

यस धारको शुरुवात सन् १९६० को दशकदेखि भएको थियो । जसअन्तर्गत धेरैजसो समसामयिक नारीवादी सिद्धान्तहरू प्रतिपादन भएका छन् । सन् १९६३ मा बेटी फ्रिडानको “द फेमिनिजम मिस्टिक्यू” नामक पुस्तक प्रकाशन भएपछि महिलावादको दोस्रो धारको विकास हुन पुगेको पाइन्छ । उक्त पुस्तकमा फ्रिडानले महिलालाई सार्वजनिक कामको क्षेत्रमा पहुँच दिएमा मात्र महिला स्वतस्फूर्त रूपमा स्वतन्त्र हुन्छन् भन्ने कुरालाई जोड दिएकी छिन् । यस धारले महिला विरुद्धको दमन शोषणको अन्त्य सार्वजनिक क्षेत्रमा उनीहरूको पहुँच, स्वतन्त्रता र महिला स्वायत्ततालाई जोड दिएको छ ।

### महिलावादको तेस्रो धार

नारीवादमा तेस्रो धार सन् १९८० को दशकपछाडि शुरू भएको मानिन्छ । यसले मूलतः महिला-महिला बीचमा हुने फरकपनको विश्लेषण गर्दछ । महिलाहरूभित्र पनि समानता छैन । उनीहरू बीच फरक विचार र रूचिहरू छन्, उनीहरूको बीचमा वर्ग, धर्म, उमेर, जातीय विविधता छन् । त्यस प्रकारको विविधतालाई ध्यान नदिई समग्रतामा महिलामाथि हुने दमनको यथार्थ चित्रण हुन सक्दैन भन्ने यस धारको मान्यता रहेको छ । विश्वका हरेक समाजमा महिलामाथि विभिन्न किसिमका पीडा, दमन, उत्पीडन, हिंसा भैरहेका हुन्छन्, ती समान र एकनाशका हुँदैनन् तिलाई माथिबाट नहेरी तल्लो तहबाट हेर्ने प्रक्रियाको विकास गरिनुपर्छ भन्ने मान्यता यस धारमा रहेको पाइन्छ ।

यसरी महिलावादी आन्दोलनलाई हेर्दा पहिलो धार सन् १९३० पछाडि तत्कालीन समयमा भोट दिने अधिकार, शिक्षा र समान अधिकार र अवसरको बारेमा केन्द्रित थियो भने दोस्रो धार सन् १९६० पछि खास गरी सन् १९६३ मा वेटी फ्रिडान (Betty Friedan) को फेमिनिजम मिस्टिक्यू (The Feminist Mystique) नामक पुस्तक प्रकाशित भएपछि शुरुवात भएको हो त्यस समयका समसामयिक नारीवादी सिद्धान्त यससँग सम्बन्धित छन् । तर नारीवादी तेस्रो धार सन् १९८० को दशकपछि शुरु भएको जसले नारी नारी बीचको फरक पनको विश्लेषण गर्दछ ।

महिलावादी आन्दोलन अगाडि बढ्ने क्रममा विभिन्न महिलावादी दृष्टिकोण, सिद्धान्त, अवधारणाहरूको विकास भएको पाइन्छ । तीमध्ये केहीलाई संक्षेपमा प्रकाश पार्न खोजिएको छ ।

**उदार महिलावाद**

उदार महिलावादको शुरुवात १६ औं शताब्दीदेखि नै भएको थियो तथापि यस अवधारणाको प्रभुत्व सन् १९६० पछि पश्चिमी राष्ट्रहरूमा भएका महिला आन्दोलनहरूमा रह्यो । यस अवधारणाले महिला र पुरुषको समानतालाई जोड दिन्छ । यो पितृसत्ताको मान्यताप्रति उदार देखिन्छ र त्यसैभित्र रहेर महिला समानता प्राप्त गर्न सकिन्छ भन्ने धारणा यसले राख्छ । उदार महिलावादीका अनुसार महिला र पुरुष बराबरी रूपमा बुद्धिमानी र क्षमतावान् हुन्छन् यदि महिलाहरूलाई पनि पुरुषसरह समान अवसर दिएमा उनीहरूले समान उपलब्धि हासिल गर्छन् । यसले लैङ्गिक विभिन्नता, नारी-नारी बीचको फरकपनलाई जोड दिदैन । बरु शिक्षा, रोजगारी, अधिकार, निर्णयप्रक्रिया आदि क्षेत्रमा समान अवसर, आक्षरण दिएको खण्डमा महिलाको हैसियत माथि उठ्न सक्छ । त्यसैले वर्तमानको पारिवारिक, सामाजिक संरचना भित्रै महिला समानता सम्भव छ भन्ने यसको धारणा रहेको छ । सन् १९६० देखि १९८० सम्म अधीनस्थक विचारको रूपमा रहेको उदार महिलावाद, त्यपछि हालसम्म सामान्य अवस्थामा रहेको छ र नेपालमा पनि यसै मान्यताको आधारमा महिला आन्दोलनहरू सञ्चालन भएका छन् ।

**मार्क्सवादी महिलावाद**

यस अवधारणाको आधार मार्क्सवादी दर्शन हो । सन् १८८४ मा प्रकाशित एङ्गेल्सको पुस्तकः "परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति" बाट मार्क्सवादी महिलावाद बढी प्रभावित देखिन्छ । यसले लैङ्गिक दमनको कुरा समाजको अर्थव्यवस्थासँग जोडिएको हुन्छ भन्ने यसको मान्यता रहेको छ । पुरुषद्वारा महिलामाथि हुने दमनको घनिष्ट सम्बन्ध पूँजीसँग छ, त्यसैले महिलामुक्तिको लागि गरीने संघर्ष पुरुष विरुद्धको संघर्ष होइन बरु यो पूँजीवाद र वर्ग विभेदबीचको संघर्ष हो । वर्गीय असमानताको अन्त्यपछि स्वतः लैङ्गिक शोषण अन्त्य हुन्छ । सामन्तवाद तथा पूँजीवादको अन्त्य गरी आउने समाजवाद तथा साम्यवादले महिला र पुरुषबीचको असमानताको दूरीलाई समाप्त पार्न सक्छ भन्ने यसको मान्यता छ ।

**आमूल महिलावाद**

आमूल महिलावाद बीसौं शताब्दीको मध्यतिर देखापरेको एक नयाँ प्रकारको अवधारणा हो । यस अवधारणाले समाजमा विद्यमान लैङ्गिक संरचनालाई पूर्ण रूपमा चिरफार गरी नयाँ प्रकारको सामाजिक संरचना निर्माण गर्नुपर्ने बताउँछ । समाजका हरेक संघसंस्थाभित्र लैङ्गिक दमन, शोषण, उत्पीडन विश्वव्यापी रूपमा रहेको छ त्यसको मूल आधारभूत कारण पितृसत्ता नै हो । पितृसत्ताको समाप्ति नै महिला मुक्तिको एकमात्र उपाय हो भन्ने मान्यता आमूल महिलावादले राख्दछ । पितृसत्ताको प्रभुत्व रहेका सामाजिक सङ्गठनले दृश्य वा अदृश्यरूपमा महिला शोषण र हिंसा गरिरहेका हुन्छन् । जस्तैः यौन दुराचार, वेश्यावृत्ति, बालयौन अपराध कुटपिट, हत्याजस्ता महिला हिंसा दृश्य वा मूर्तरूपमा समाजमा हुने गर्छन् भने कतिपय अदृश्य रूपमा जस्तैः फेसन, सुन्दरता, मातृत्व, आदर्श, विवाह, एकल यौन सम्बन्ध, घरगृहस्थी, पतिव्रता आदिका नाममा अमूर्त किसिमले महिला हिंसा, शोषण, दमन उत्पीडन हुने गर्छन् त्यसैले वर्तमान विश्वको पितृसत्तात्मक संरचनाद्वारा महिलाको यौनिक शोषण, आर्थिक शोषण र मनोवैज्ञानिक शोषण गरिरहेको छ । यस प्रकारको शोषणबाट मुक्ति पाउनका लागि सम्पूर्ण महिलाहरूले पितृसत्ता विरुद्ध सामूहिक रूपमा प्रतिकार गर्न अगाडि बढ्नुपर्छ साथै लिङ्गको भूमिकामा परिवर्तन ल्याउनु पर्छ र समलिङ्गीय विवाहलाई विकल्पको रूपमा अगाडि बढाउनु पर्छ भन्ने आमूल महिलावादीको धारणा छ ।

**समाजवादी महिलावाद**

मार्क्सवादी नारीवाद र उदारवादी नारीवादको संश्लेषण नै समाजवादी नारीवाद हो । वर्गीय दमन र लैङ्गिक दमनमात्र महिला दमनका कारकतत्त्व होइनन्, बरु समाजमा दमनका विभिन्न

स्वरूपहरू छन्: जाति, धर्म, उमेर, लिङ्ग पेशा, यौनिक रुचि आदिका आधारमा महिला दमनको अध्ययन विश्लेषण गरिनुपर्छ भन्ने मान्यता समाजवादी नारीवादीले राख्दछन् । दमन पुरुषले महिलामाथि मात्र गर्दैन, महिलाले महिलामाथि पनि गर्दछन् । एक दमित महिलाले अर्को महिलालाई कसरी दमन गर्न पुग्छन् भन्ने कुरामाथि यसले जोड दिन्छ । विश्वव्यापी रूपमा दमनको स्वरूप फरक हुन्छन्, समाजअनुसार महिलामाथि हुने दमनको प्रकृतिमा भिन्नता हुन्छ परिवेशअनुसार त्यसलाई फरक-फरक ढंगले अध्ययन र व्याख्या गरिनुपर्छ । यसले महिलाहरूलाई घरभित्र र घरबाहिर हुने सबै प्रकारको शोषणहरूको अन्त्य गर्ने, साथै महिला र पुरुषको समानता, सहकार्यता र संयोजनताले नै नयाँ समतामूलक समाजको निर्माण हुने कुरामा विश्वास गर्ने गर्दछ ।

### २.१.२ **लैङ्गिक विकासका रणनीतिहरू**

विश्वमा विकास भएका विभिन्न प्रकारका महिला आन्दोलनले महिला अधिकारका विषयमा जागरण ल्याउको भएता पनि महिला समानता र महिला सशक्तीकरणका मुद्दामा आशातीत सफलता हासिल हुन सकेन । त्यसैले सामाजिक लिङ्गलाई विकासको मुद्दाका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता बोध भयो र सन् १९६० को दशकको अन्त्यतिर लैङ्गिक विकासका रणनीतिहरू प्रतिपादन भई लागु गरिए ।

**विकासमा महिला अवाधारणा (WID)**

यस अवधारणाको विकास सन् १९७० को दशकको शुरुवातसँगै भएको हो । उदारवादी महिलावादीहरूले विभिन्न कार्यक्रम सञ्चालन गर्न बनाएका नीति रणनीतिहरू नै यस अवधारणा उत्पत्तिको आधार हो तथापि सन् १९५० देखि ७० को दशकसम्म विश्वमा लोकप्रिय रहेको आधुनिकीकरणको पृष्ठभूमिबाट यो अवधारणा प्रभावित रहेको छ । यसले बजार, श्रम र मौद्रि उत्पादनमा महिलाको सहभागितालाई जोड दिन्छ । महिलालाई घरायसी अनुत्पादनमूलक कामबाट बाहिर निकाली उत्पादनमूलक कार्यमा लगाउने, महिलाको बजारमा पहुँच पुऱ्याउने, महिला उद्यमशीलता बढाउने, सार्वजनिक तहमा उनीहरूको पहुँच पुऱ्याउने, आदि गर्न सकिएमा महिला समानता र स्वतन्त्रता सम्भव छ । विभेदरहित कानून, सीप तालिम र सशक्तीकरण, शिक्षा आदिको प्रबन्ध मिलाएको खण्डमा महिलालाई पुरुष सरह विकासमा एकीकृत गर्न सकिन्छ । तबमात्र महिलाको विकास हुन्छ भन्ने मान्यता यस अवधारणाले राख्दछ ।

**महिला र विकास अवधारणा (WAD)**

यस अवधारणाको विकास सन् १९७० को उत्तरार्ध्दमा भएको हो । यस अवधारणाको सैद्धान्तिक पृष्ठभूमि परनिर्भरताको सिद्धान्त हो । परनिर्भरताको सिद्धान्त अन्तर्गत केन्द्र (Core) र पृष्ठ क्षेत्र (Periphery) का रूपमा विश्लेषण गरेजस्तै यसले पुरुष र महिलाको बीचको सम्बन्धलाई विश्लेषण गर्छ ।

WAD ले विकासमा तलबाट माथि अवधारणा (bottom up approach) लाई प्राथमिकता दिन्छ । विकासको मूल प्रवाहबाट बाहिर रहेका गरीब, सीमान्तकृत् महिलाहरूलाई परिलक्षित समूह बनाई चेतना र क्षमता वृद्धि गरी आफ्नो विकास आफै गर्न सक्षम बनाउनु नै यस अवधारणाको लक्ष हो । महिलाहरूलाई विकास प्रक्रियाको सहायक अङ्गका रूपमा मात्र होइन कि उनीहरूलाई विकाससँगसँगै लैजानुपर्छ, विकासका हरेक क्रियाकलापमा महिलाको सहभागितालाई सुनिश्चितता गर्न सकिएमा महिला सशक्तीकरणमा वृद्धि हुन जान्छ । आर्थिक, राजनैतिक, सामाजिक क्षेत्रहरूमा महिलाहरूको पहुँच वृद्धि गर्नु पर्ने कुरालाई यस अवधारणाले जोड दिएको छ । महिलाहरूलाई सार्वजनिक जीवनमा सहभागी हुन बाधा पुऱ्याउने सामाजिक, सांस्कृतिक तत्त्वहरू जस्तैः बहुविवाह, उच्च प्रजनन दर, यौन शोषण यौन दुराचार, बेचविखन, विभिन्न प्रथाहरू, कुटपिट जन्म हिंसा आदिको अन्त्य गरी विकासमा महिला सहभागितालाई सुनिश्चितता गर्न सकिन्छ भन्ने मान्यता यस अवधारणाको रहेको छ ।

**जेण्डर र विकास अवधारणा (GAD)**

यस अवधारणाको विकास सन् १९८० को दशकपछाडि भएको हो । वर्तमानसम्म पनि यो अवधारणा लोकप्रिय नै छ । विकास प्रक्रियामा महिलालाई समेटेर वा विकासमा महिला सहभागिता सुनिश्चित गरेर मात्र महिला विकास हुन सक्दैन, बरु पुरुषलाई समेत महिला विकासमा सहभागी गराएको खण्डमा दिगो र समतामूलक विकास हुन सक्छ भन्ने मान्यता यस अवधारणाको छ । समाजवादी महिलावादको सैद्धान्तिक पृष्ठभूमिबाट प्रभावित भई विकास भएको यस अवधारणाले एक पक्षीय रूपमा महिलामात्रको विकासलाई जोड दिँदैन, बरु विकासमा महिला र पुरुष दुवैको समान संलग्नता, सक्रियता, सहभागिता, सहकार्यमा समानतामूलक विकास कार्य सञ्चालन गर्न सकिएमा साथै सामाजिक सक्रियता, आर्थिक गतिशीलता, राजनैतिक सहभागिता, सशक्तीकरण र दिगो विकासले मात्र साँचो लैङ्गिक विकास हुन सक्छ भन्ने मान्यता यस जेन्डर र विकास अवधारणा (GAD) को छ ।

### २.१.३ महिला आन्दोलनको अन्तराष्ट्रिय ऐतिहासिक पृष्ठभूमि

महिला आन्दोलनको अर्थ महिला र पुरुष बीच रहेको लैङ्गिक विभेद वा अन्तरलाई अन्त्य गर्ने लक्ष्यका साथ गरिएको प्रयास हो । महिला स्वतन्त्रता र महिला अधिकार प्राप्तिको लागि महिलावादी आन्दोलन १८ औं शताब्दी देखि शुरु भएको पाइन्छ, तर आजको २१ औ शताब्दीसम्म पनि हाम्रो समाजमा लैङ्गिक विभेदको समस्या जल्दोबल्दो समस्याकै रूपमा रहेको छ । अठारौं शताब्दीमा यूरोपमा आएको औद्योगिक क्रान्तिपछि समाजका हरेक क्षेत्रमा व्यापक परिवर्तन आयो । आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा आएको सुधारले महिलालाई आफूप्रति भएको विभेदको बारेमा बुझ्न र चिन्तन गर्न सहयोग गऱ्यो । महिलाहरू आफ्नो अधिकारप्रति सचेत, र जागरूक भई संगठित भए । अमेरिकी तथा युरोपियन राष्ट्रहरूमा १९ औं शताब्दीको शुरुतिर नै मताधिकार, राजनैतिक तथा आर्थिक अधिकारका मागहरू राखेर महिला संगठनहरूले विभिन्न आन्दोलन सञ्चालन गरेर र त्यसबाट आंशिक सफलता प्राप्त गर्दै अगाडि बढे ।

बीसौं शताब्दीमा आएर महिलाले आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक लगायतका पक्षहरूमा महिला र पुरुषमा समान सहभागिता हुनुपर्छ भनी महिला अधिकारका सम्बन्धमा प्रयासहरू गरे ।

सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भएपश्चात् महिला अधिकारका पक्षमा विश्वव्यापी प्रयासहरू भएका छन् । सन् १९४६ मा संयुक्त राष्ट्रसंघले महिलाको स्थितिसम्बन्धी आयोगको गठन गऱ्यो । यसलाई सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रले अझ सशक्त तुल्यायो । त्यस्तै सन् १९५१ मा समान ज्यालासम्बन्धी महासन्धि पारित भयो । सन् १९५२ मा महिलाहरूले मत दिन पाउने राजनैतिक अधिकारसम्बन्धी महासन्धि पारित भयो । सन् १९५७ मा नागरीकताको अधिकारसम्बन्धी महासन्धि, सन् १९६० मा महिलामाथि हुने गरेको रोजगारी र पेशागत भेदभावलाई उन्मूलन गर्ने महासन्धि पारित भयो । सन् १९६२ मा विवाह, विवाहको लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि पारित भयो, जसले महिलाको विवाह र प्रजनन अधिकारलाई संस्थागत गर्न सहयोग गऱ्यो । सन् १९६७ मा महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति कायम भयो भने सन् १९७५लाई अन्तराष्ट्रिय महिला वर्षको रूपमा मनाउने घोषणा गऱ्यो । यसरी संयुक्त राष्ट्रसंघले महिला अधिकार रक्षाको लागि प्राथमिकताका साथ प्रयास गरेको पाइन्छ ।

सन् १९४५ पछि संयुक्त राष्ट्रसंघले गरेका महिला विकासका विभिन्न प्रयासहरूले गर्दा सन् १९७५ मा पहिलोपटक अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना गर्ने जग

बसाल्यो । सन् १९७५ को जुन महिनामा मेक्सिकोमा सञ्चालन भएको उक्त महिला सम्मेलनमा विश्वभरका कुल १३० देशले मात्र भाग लिएका थिए । त्यस सम्मेलनले समानता, विकास र शान्तिलाई मूल नाराका रूपमा स्थापित गर्दै सन् १९७५ देखि सन् १९८५ को दशकलाई अन्तर्राष्ट्रिय महिला दशकका रूपमा मनाउने निर्णय गऱ्यो सन् १९७५ देखि अन्तर्राष्ट्रिय नारी दिवस मनाउने गरिएको छ । सन् १९७९ मा महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि पारित गरी सन् १९८१ देखि लागु गऱ्यो ।

सन् १९८० मा डेनमार्कको राजधानी कोपनहेगनमा दोस्रो अन्तराष्ट्रिय महिला सम्मेलनको आयोजना गरियो । जसको नाराः “महिलाको लागि शिक्षा, स्वास्थ्य, रोजगारी” भन्ने थियो । सन् १९८५ मा नैरोवीमा तेस्रो महिला सम्मेलनको आयोजना भयो । यस  सम्मेलनमा १५७ राष्ट्रहरूले भाग लिएका थिए । नैरोवी सम्मेलनले महिलाका लागि रोजगारी, शिक्षा स्वास्थ्यको प्रर्वद्धन गर्ने साथै महिला विरुद्ध हुने सबै प्रकारका कानूनी भेदभाव हटाउने निर्णय गरेको थियो । सन १९९५ मा चिनको बेइजिङमा चौथो महिला सम्मेलनको आयोजना गरियो, यस सम्मेलनमा १८१ राष्ट्रको प्रतिनिधित्व रहेको थियो । यस सम्मेलनले संयुक्त राष्ट्रसंघीय घोषणापत्र र महासन्धि तथा विगतका महिला सम्मेलनका निर्णय लाई समीक्षा र पुनरावलोकन गरी महिलाका खास समस्याहरू पत्ता लगाउन महत्त्वपूर्ण भूमिका खेल्यो । यस सम्मेलनले मुख्य गरी ४ दस्तावेज तयार पारेको थियो । महिलाहरूका १२ ओटा नाजुक क्षेत्र पत्ता लगाई त्यसभित्र रहेका समस्यालाई समाधान गर्ने कार्यनीति तथा रणनीतिहरू तयार पारिएका थिए ।

### २.१.४ **नेपालको सन्दर्भमा महिला आन्दोलनको ऐतिहासिक पृष्ठभूमि**

मानव जगतको सृष्टि निरन्तरताको लागि महिला र पुरुष दुवैको भूमिका एकआपसमा परिपूरक हुन्छ । दुवैको संयोजन, सहकार्य, अन्तर्क्रिया तथा अन्तर्निर्भरताले मानव समाज गतिमान हुन्छ । तथापि बालबच्चा जन्माउने, हुर्काउने, स्याहार सुसार गर्ने परिवारप्रति मायाममता दिने आदि जस्ता दायित्व वहन गर्नमा पुरुषभन्दा महिलाहरू अगाडि छन् । फलस्वरूप नेपाली समाजमा महिलाहरू आमा, छोरी, बुहारी, पत्नीका भूमिकामा आफूलाई समर्पित गर्दै सामाजिक उत्तरदायित्व पूरा गर्दै आएका छन् । मुख्य गरी हिन्दू आदर्शबाट प्रेरित र प्रशिक्षित हुँदै आएको नेपाली समाजमा प्राचीनकालमा महिलालाई सरस्वती, दुर्गा, काली, लक्ष्मी, भगवतीजस्ता उच्च स्थानमा राखी नारी शक्ति, सृष्टि र उत्पादकत्वको पूजा गर्ने परम्परा थियो । ऐतिहासिक समयमा महिलाको स्थिति पुरुष समान थियो भन्ने कुरा विभिन्न धार्मिक पुस्तक, वेद, तथा ऋषिहरूका साहित्यको अध्ययनबाट पनि थाहा हुन्छ । वैदिककालीन भारतवर्षमा महिलाहरू पुरुषसरह शैक्षिक गतिविधि गर्न सक्दथे, वैदिक

मन्त्र वा ऋचा पढ्न पाउथे, धनुविद्या सिक्न पाउँथे, महिलाहरू सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा पुरुषसरह छलफल गर्न, सहभागी हुन पाउँथे त्यस समयमा महिलाहरू पुरुष सरह सक्षम र सुरक्षित थिए (शर्मा, २०५७ : १२६) । समयको अन्तरालसँगै लैङ्गिक विभेदीकरणले जरा गाड्दै गयो जसले महिला स्वतन्त्रता, र उनीहरूको अधिकारलाई क्रमशः साँघुरो बनाउँदै लग्यो । मध्यकालमा महिलाहरूको स्थिति झनै कमजोर भयो । त्यस बेलाको समाजमा धन, शक्ति र इज्जत आदि कुराहरू पुरुषहरूको नियन्त्रणमा थिए भने महिलाहरू शक्तिहीन र कमजोर थिए ।

हिन्दू धार्मिक ग्रन्थ मनुस्मृतिले महिलालाई अत्यन्त विभेद, अपमान र अन्याय गरेको छ । अविवाहिता महिलाहरू बाबु वा दाजुभाइको नियन्त्रणमा रहनुपर्छ, विवाहित पतिको नियन्त्रणमा र विधवा महिलाहरू छोराको नियन्त्रणमा हुनुपर्छ, महिलालाई कहिल्यै पनि स्वतन्त्र छोड्नु हुँदैन भन्ने मनुको धारणा थियो । मध्यकालीन समाज पूर्ण धार्मिक मान्यता अनुसार चल्दथ्यो । धार्मिक मान्यताले जेलिएको त्यस समयको नेपाली समाजमा लैङ्गिक विभेदको चरम अवस्था थियो भन्न सकिन्छ । धार्मिक समाजमा लैङ्गिक विभेदको कुरा गर्दा बुद्धिष्ट र क्रिश्चियन समाजमा विभेदको स्थिति केही नरम उदार खुकुलो रहेको पाइन्छ तर हिन्दू र इस्लाम धार्मिक समाजमा लैङ्गिक विभेदको स्थिति कडा, खरो र पीडादायी रहेको पाइन्छ ।

समयको परिवर्तनसँगै महिला र पुरुषको सामाजिक भूमिकामा परिवर्तन
आयो । सामाजिक संरचना पुरुषप्रधान बन्दै गए । महिलालाई बालबच्चा जन्माउने, हुर्काउने, परिवारको हेरविचार गर्ने, माया ममता दिने, घर भित्रका कामहरू गर्ने, जस्ता भूमिका सिकाउँदै, त्यसै अनुरूप हुर्काउँदै तथा सामाजिकीकरण गर्दै लगियो । महिलालाई पुरुषको विवेक, दया, मायामा निर्भर रहने शक्तिहीन बनाइयो । पुरुष प्रधान सामाजिक मूल्य मान्यताले महिलाको हैसियत, भूमिका र अधिकारलाई कमजोर बनायो । समाजले आदर्श, धर्म, मूल्य, मान्यता संस्कृतिका नाममा
महिलालाई शोषण गर्दै शक्ति विहीन बनाउँदै
लग्यो । यसरी प्राचीन कालमा भन्दा मध्यकालमा महिलाको अवस्था झन कमजोर बन्दै
गयो । त्यस समयको शासन व्यवस्था धर्मशास्त्र र परम्परामा आधारित पद्धतिबाट सञ्चालन भएको पाइन्छ । प्राचीनकालदेखि चलेको नेपाली समाजको कलङ्कका रूपमा रहेको सती प्रथाको उन्मूलन सन् १९२४ मा चन्द्रशमशेरले गरे तथापि लोग्ने मरेपछि स्वास्नी पनि पतिसँगै जलेर मर्नुपर्ने यस प्रकारको कठोर अमानवीय प्रथाले छोडेर गएको लैङ्गिक विभेदीकरणको पीडादायी घाउ नेपाली समाजबाट मेटिएर गएको छैन । नेपालको पहिलो औपचारिक कानून वि.सं १९१० को मुलुकी ऐनलाई लिन सकिन्छ । चरम विभेद, असमानता र हिंसाबाट गुज्रिरहेको नेपाली समाजको लैङ्गिक

अवस्थालाई वि.सं. १९१० को मुलुकी ऐन तथा त्यसपछि बनेका संवैधानिक कानूनहरूले क्रमशः सुधार गर्दै लगेको पाइन्छ तथापि त्यो सुधार समयसापेक्ष हुन सकेको छैन, समयभन्दा धेरै ढिलो गरी सुस्त गतिमा अगाडि बढीरहेको छ । राणाशासन कालको अन्ततिर वि.सं. २००४ मा पहिलो संवैधानिक कानून बन्यो । जसमा व्यक्तिगत स्वतन्त्रता, वा स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, छिटो र सुलभ न्याय, उमेर पुगेकाले भोट दिन पाउने हक, आदि कुराहरू उल्लेख थिए । त्यसपछि वि.सं. २००६ मा वैयक्तिक स्वतन्त्रता ऐन बन्यो । वि.सं. २००८ मा बन्दी प्रत्यक्षीकरण ऐन बन्यो । त्यस्तै २००८ श्रावण २२ गते अन्तरिम संविधान बन्यो । सन् १९५१ अक्टोवर ३ देखि  काठमाण्डौंको डिल्लीबजारमा प्रथम कन्या क्याम्पस (पद्मकन्या क्याम्पस) को स्थापना भई रात्री कक्षाको समेत व्यवस्था मिलाइयो । यसले महिलाको शैक्षिक विकास तथा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्यो । वि.सं.२०१२ मा बनेको “नागरीक  ऐन २०१२” ले नागरीक अधिकार रक्षा गर्न महत्त्वपूर्ण भूमिका खेल्यो । नेपाल अधिराज्यको संविधान २०१५, २०१९ र नेपाल अधिराज्यको संविधान २०४७ द्वारा लिङ्गको आधारमा कुनै भेदभाव गर्न नपाईने, बालिग मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानूनी संरक्षण दिने प्रयासहरू भए । वि.सं. २०२० सालमा जारी भएको मुलुकी ऐनले छुवाछूत अन्धविश्वास, कुरीति कुप्रथा, बालविवाह, बहुविवाह, अनमेल विर्वाहजस्ता विभेदकारी सामाजिक विकृतिलाई अन्त्य गऱ्यो ।

राणाशासनको पतन भएपछि क्रमशः महिलाहरूको अवस्थामा सुधार आएको पाइन्छ । सन् १९५९ मा भएको आम निर्वाचनमा महिलाहरूले मताधिकारको उपयोग गर्न पाए र त्यसै निर्वाचनमा ‘द्वारिकादेवी ठकुरानी’ निर्वाचित भई पहिलो महिला मन्त्री भइन् । सन् १९७५ को जुन महिनामा मेक्सीकोमा भएको प्रथम महिला सम्मेलनमा नेपालले पनि भाग लियो । सन् १९८१ मा संयुक्त राष्ट्रसंघले महिलाविरुद्ध हुने  सबै प्रकारका उन्मूलन सम्बन्धी महासन्धि पारित गऱ्यो र नेपालले सन् १९९१ देखि अनुमोदन गरी लागु गर्ने प्रतिबद्धता जायर गऱ्यो । नेपालमा सन् १९७७ मा नारी सेवा समन्वय समितिको स्थापना भयो यसले महिलासँग सरोकारित संघ संस्थाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्यो सन् १९९४ मा बालबालिका तथा महिला विकास परिषद् स्थापना भयो । सन् १९९५ मा चिनको बेइजिङ्गमा चौथो महिला सम्मेलन भयो, जसले नेपालमा महिला विकासका लागि अत्यन्त महत्त्वपूर्ण कार्यहरू थालनी गर्न मार्ग प्रशस्त गऱ्यो । बेइजिङ्ग सम्मेलन लगत्तै महिला तथा समाजकल्याण मन्त्रालयको गठन भयो । पछि त्यसलाई महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा परिणत गरियो । हाल यस मन्त्रालयका ७५ ओटै जिल्लामा जिल्लास्तरीय शाखाहरू खोलिएको छ । यस मन्त्रालयले महिला तथा बालबालिका

अधिकार रक्षा गर्न नीति तथा योजना तर्जुमा गर्दछ । लैङ्गिक समानताको सवालमा अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता कार्यान्वयन र अनुगमन गर्ने केन्द्रीय निकायका रूपमा यस मन्त्रालयलाई लिन सकिन्छ । बेइजिङ्ग सम्मेलनपछि नेपालको महिला विकासमा नीतिगत रूपमा निकै रचनात्मक परिवर्तन भएका छन् । हाल नेपालमा विभिन्न सरकारी तथा गैह्रसरकारी संघ संस्था महिला अधिकार र हित रक्षाका लागि क्रियाशील

छन् । महिला पुनर्स्थापना केन्द्र, माइती नेपाल, स्त्री शक्ति, शान्ति पुनर्स्थापना केन्द्र, नवज्योती गृह आदि संघ संस्थाहरूले महिला बेचबिखन, बलात्कार मानसिक यातना, दाइजो प्रथा, बालविवाह, बहुविवाह, यौन दुर्व्यवहार, महिलामाथि कुटपिट आदि साथै देउकी, झुमा, बादी, छाउपडीप्रथा जस्ता नेपालमा प्रचलित महिला हिंसा विरुद्ध कार्य गरिरहेका छन् । जनआन्दोलन २ को सफलतापछि २०६३ माघ १ गते जारी भएको नेपालको अन्तरिम संविधान २०६३ ले महिलाको हक, समानताको हक, बालबालिकाको हक शोषण तथा यातनाविरुद्धको हक आदि मौलिक हकको व्यवस्था गरी महिला अधिकारको रक्षाका लागि कानूनी तथा नीतिगत व्यवस्था स्पष्ट गरेको छ । यसै संविधानमा हरेक राजनैतिक दलले ३३ प्रतिशत महिला उम्मेदवार उठाउनै पर्ने बाध्यकारी व्यवस्था गरेको छ । यसले नेपालको राष्ट्रिय राजनीतिमा महिला सहभागिता वृद्धि भएको छ ।

आधा आकाश ढाकेका महिलाहरूलाई विकासको मूल प्रवाहमा नसमेटी गरिएको विकास जहाँ पुगे पनि काहीँ पुग्दैन भन्ने तथ्यका साथ महिला अधिकारको सुनिश्चितताको लागि साथै लैङ्गिक समानता सहितको समतामूलक समाज निर्माण गर्न छैटो पञ्चवर्षीय योजनामा महिलाका लागि रोजगारी, क्षमता विकास, आय आर्जनजस्ता कार्यक्रम समावेश गरिए । साथै प्रजनन अधिकारको संरक्षण, २०-२९ वर्ष समूहका दाम्पत्य जीवन बिताइरहेका महिलाहरूलाई केन्द्रित गरी परिवार नियोजनका कार्यक्रम सञ्चालन गर्ने, महिला वर्गको उत्थानका लागि आवश्यक पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष कार्यक्रम समावेश गरिए ।

सातौ पञ्चवर्षीय योजनामा ग्रामिण महिलालाई लक्षित गरी महिलाका लागि उत्पादनमूलक कर्जा, साना किसान विकास परियोजनाजस्ता  कार्यक्रम सञ्चालन गरियो । आठौं योजनाले महिलाको सामाजिक आर्थिक स्तर वृद्धि गर्न महिला विकास, प्रौढ साक्षरता तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति बनायो । नवौं पञ्चवर्षीय योजनामा महिलावर्गलाई प्रमुख लक्षित समूहका रूपमा परिभाषित गरी महिलाको सामाजिक, आर्थिक राजनैतिक क्षेत्रमा पहुँच बढाउने साथै कानूनमा महिलाको समान अधिकार हुने गरी कानूनी सुधार गर्ने उद्देश्यका साथः लैङ्गिक भेदभाव

हटाउने, महिला सशक्तीकरण बढाउने तथा उनीहरूलाई विकासको मूल प्रवाहमा समावेश गर्ने कार्यक्रम तय गरेको देखिन्छ ।

नवौं योजनामा बेइजिङ्ग सम्मेलनको प्रतिबद्धताअनुरूप महिला, शिक्षा, गरीबी, स्वास्थ्य, हिंसा, सशस्त्र विद्रोह, मानव अधिकार, संस्थागत संरचना वातावरण र बालिकालगायत १२ वटा गम्भीर क्षेत्रलाई समेटी लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रम तर्जुमा गरिएको थियो । जसअन्तर्गत छात्रवृत्ति, छात्रावास, महिला शिक्षिका तथा पुरस्कारसम्बन्धी कार्यक्रममा बजेट वृद्धि गर्ने, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य गर्भावस्था, प्रसूति र पोषणका कार्यक्रमलाई व्यापक बनाउने, महिला कृषकको कृषिजन्य उत्पादकत्व बढाउन पूँजी, प्रविधि मल, बीऊको सर्वसुलभताका कार्यक्रम तथा नीति बनाउने आदि कार्यक्रम तय गरी लागू गरियो ।

दशौं योजनाले दिगो आर्थिक वृद्धि तथा गरीबी निवारणका लक्ष हासिल गर्न महिला विकासका बाधाहरू तथा भेदभाव उन्मूलन गर्ने साथै महिला विरुद्धका भेदभावपूर्ण कानूनलाई अन्तर्राष्ट्रिय प्रतिबद्धताका आधारमा संशोधन गर्ने, भौगोलिक, सामाजिक तथा आर्थिक दृष्टिकोणबाट पछि परेका अपाङ्ग, सीमान्तकृत महिलालाई लक्षित समूहका रूपमा छनोट गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने काम भयो भने अन्तरिम योजना २०६४/०६७ मानव बेचबिखनलगायत महिला विरुद्धका सबै प्रकारका हिंसा अन्त्य गर्ने, द्वन्द्व प्रभावित महिलाको पुनस्थापना र शान्ति प्रक्रियामा महिला सहभागिता सुनिश्चित गर्ने साथै स्थानीय तथा राष्ट्रिय तहको नीति निर्माण प्रक्रियामा महिला सहभागिता सुनिश्चित गर्ने साथै स्थानीय तथा राष्ट्रिय तहको नीति निर्माण प्रक्रियामा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि सुनिश्चित गर्ने नीतिगत व्यवस्था लागू तथा कार्यान्वयन भयो । दलित आदिवासी जनजाति, मधेसी, मुसलमान, एकलमहिला अपाङ्गता भएका र गरीबीको मारमा परेका महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तीकरणका योजना तयार गरी लागु गरियो ।

विगतदेखि वर्तमानसम्म नेपाली महिलाहरूको अवस्थालाई सिंहावलोकन गर्दा राणाशासनकालको अन्त्यपछि जर्जर अवस्थामा रहेको लैङ्गिक विभेद केही मत्थर भएको पाइन्छ । मेक्सिकोमा आयोजित प्रथम महिला सम्मेलनमा नेपालले पनि भाग लियो । त्यसपछि कोपनहेगेन सम्मेलन, नैरोविमा आयोजित तेस्रो विश्व महिला सम्मेलन र आयोजना गरिएको चौथो महिला सम्मेलनमा नेपालको सहभागिताले नेपाली महिला अधिकारको रक्षा गर्न र महिला सशक्तीकरणलाई अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । खास गरी बेइजिङ्ग सम्मेलनपछि नेपालले सम्मेलनले उठाएका मुद्दाहरू र गम्भीर सरोकारका क्षेत्रहरूको कार्यान्वयनमा प्रतिबद्धता जनाई

त्यसअनुरूप प्राथमिकताका सूचिका आधारमा कार्य गर्दै आइरहेको छ । नेपाली समाजमा महिलाहरूको विगतदेखि वर्तमानसम्मको अवस्थालाई दृष्टिगत गर्दा सुस्त गतिमा क्रमशः सुधार हुँदै आएको देख्न सकिन्छ तथापि सुधारको गति ढिलो छ । विकसित देशहरूमा विद्यमान लैङ्गिक सशक्तीकरण, लैङ्गिक समानताको तुलनामा नेपाली महिलाहरूको अवस्था अझै पनि नाजुक छ । केही सहरिया सम्भ्रान्त वर्गका महिलाहरूबाहेक जातीय, क्षत्रीय, वर्गीय रूपमा पछाडि परेका महिलाहरूको लैङ्गिक अवस्था सन्तोषजनक छैन । आधा आकाश ढाकेका महिलाहरूको विकासविना नेपाली समाजको विकासको कल्पना गर्न सकिँदैन त्यसैले महिला सशक्तीकरणका लागि सरकारी गैह्रसरकारी, निजी, सामाजिक संघ संस्था र सबै पक्षबाट लैङ्गिक विकासको एजेन्डालाई प्राथमिकताको सूचीमा राखी कार्य गरिनुपर्छ ।

## २.२ पूर्व साहित्यको समीक्षा

### २.२.१ इश्लाम धर्मको परिचय

सामान्य अर्थमा हजरत मुहम्मदका अनुयायीहरूलाई मुसलमान भनिन्छ । सन् ५७० मा साउदी अरेवियाको मक्का भनिने ठाउँमा उनको जन्म भएको थियो । उनका पिताको नाम अवदुल्ला र माताको नाम अमिना थियो र उनी गर्भे टुहुरा थिए । उनी ५ वर्षको हुँदा उनकी आमाको पनि मृत्यु भएपछि आफ्ना काकाको संरक्षणमा हुर्केका, ऊँट र भेडा चराउँदै घुम्दै गोठाले जीवन बिताउँदै गरेका हजरत मुहम्मदले पछि विश्वमा नै नयाँ प्रकारको इस्लाम धर्मको प्रतिपादन गरी पैगम्बर मुहम्मद बने (लामिछाने, २०६४:१०१) ।

पैगम्बर मुहम्मदले एक विशिष्ट भक्तिभाव जनाउने इस्लाम भन्ने शब्दको प्रयोग गरे जसको अर्थ ईश्वरप्रति आफूलाई समर्पित गर्नु हो । इस्लाम र मुसलमान शब्द आपसमा पर्यायवाची शब्द हुन् । ईश्वर वा अल्लाहको शरणमा आएका मानिसलाई मुसलमान भनिन्छ । यस अर्थमा मुसलमानहरू इस्लाम धर्मका अनुयायीहरू हुन् (शर्मा: २०५७:६१) ।

सन् ५७० मा मक्कामा जन्मिएर सन् ६३२ मा मदिनामा मृत्यु भएका हजरत मुहम्मदका अनुयायीहरू नै मुसलमान हुन् । हजरत मुहम्मदले यस पृथ्वीका मानिसको मुक्तिका लागि पवित्र कुरआन दिएर गए तर कुरआनका उपदेशलाई आफ्नो भनेर दावी गरेनन् । उनले आफूलाई अल्लाहको दूत र कुरआनलाई अल्लाहको उपदेशको रूपमा प्रचार गरे (सिद्धिका, १९९३:२६) ।

हजरत मुहम्मदलाई मुसलमानहरू अन्तिम पैगम्बर मान्दछन् । उनी अल्लाहको अन्तिम सन्देशवाहकका रूपमा यस पृथ्वीमा अवतरित भए । मुसलमानहरूको विश्वासअनुसार अब यस

पृथ्वीमा अरू कुनै देवदुत आउने छैनन् । अल्लाहबाहेक अरू कुनै ईश्वरीय अस्तित्त्व यस ब्रम्हाण्डमा छैन । त्यसैले मुसलमानहरूले अल्लाहको प्रार्थना गर्छन् । उनको सम्झनामा नमाज पढ्छन्, व्रत बस्छन् । अल्लाहबाहेक अरू कसैको पूजा गर्दैनन् । तर पैगम्बर मुहम्मदलाई उनीहरू निकै आदर गर्दछन् (सिद्धिका, १९९३:२९) ।

वि.सं. ६२७ मा वर्तमान साउदी अरेवियाको मक्का भनिने स्थानमा एक गरीब किसान परिवारमा जन्मेका मुहम्मदले स्थापना गरेको इस्लाम धर्म अहिले विश्वको ठूलो सङ्ख्यामा मानिसले पालना गर्ने धर्मका रूपमा विकसित भएको छ । सामाजिक अराजकतालाई नियन्त्रण गरी सामाजिक तथा धार्मिक सुधारको लागि अल्लाहले निर्देशन दिएको भनी मूहम्मदले समाजलाई व्यवस्थित रूपमा सञ्चालनका लागि उपदेश दिन थाले । जसलाई लिपिबद्ध गरी पुस्तकका रूपमा प्रकाशित भएपछि उक्त पुस्तक इस्लाम धर्मको एक महत्त्वपूर्ण पुस्तक कुरआन बन्यो । प्रत्येक मुसलमानले अल्लाहको आदेश अर्थात् कुरआनलाई कडाइका साथ पालना गर्नुपर्छ (डा.श्रेष्ठ, चौलागाइ, सापकोटा, २०६६:७२) । हजरत मुहमद अगाडि अरवका मानिसहरूमा धार्मिक चेतना पूर्ण रूपले विकास भएको थिएन । उनीहरू त्यस समयमा बहुदेवता वादमा विश्वास गर्दथे साथै उनीहरूले जिन्न भन्ने प्रेतात्माको पनि पूजा गर्दथे । उनीहरूको धार्मिक जीवन आदिम अवस्थामा थियो । हजरत मुहम्मदको जन्मपश्चात् धार्मिक विचलनको अवस्थामा रहेको अरबी समाजले स्पष्ट धार्मिक दर्शनप्राप्त गऱ्यो । धार्मिक विचलन, सामाजिक-सांस्कृतिक अराजकतालाई नियन्त्रण गरी धार्मिक संस्कार बसाल्नका लागि अल्लाहले आफूलाई निर्देशन दिएको भन्दै उनले उपदेश दिनथाले । उनको उपदेशको सङग्रह नै इस्लामको एकमात्र पवित्र धार्मिक ग्रन्थ कुरआन हो ।

इस्लाम अरेवियन शब्द हो । जसको अर्थ हुन्छः 'अल्लाहको आज्ञापालन गर्नु' तसर्थ, अल्लाहको आदेशअनुसार अर्थात् कुरआन अनुसार हिँड्ने, त्यसैअनुसार काम गर्ने र जीवनयापन गर्ने व्यक्तिहरू नै मुसलमान हुन् ।

### २.२.२ **नेपाली मुसलमानहरूको इतिहास**

काश्मिीरी मुसलमानहरू व्यापारिक क्षेत्रमा ज्यादै निपुर्ण थिए । उनीहरू रेशम, मखमल, ढाका, जुत्ता गरगहना, अत्तर, लेपन आदि विलासिताका सामानहरूको व्यापार गर्दथे । जबकि नेपालको दक्षिणी र उत्तर क्षेत्रको व्यापार परम्परादेखि चल्दै आएको थियो । तापनि नेपाली व्यापारीहरू उति निपूर्ण थिएनन् तसर्थ काश्मिीरी मुसलमानलाई काठमाडौंमा बस्ने र व्यापारिक कोठी खोल्ने अनुमति तात्कालीन काठमाण्डौं उपत्यकाका राजा रत्नमल्लले दिए । त्यसैले

नेपालमा मुसलमानहरूको प्रवेश रत्नमल्लको शासनकाल (इ.सं. १४८२-१५२०) को बीचमा भयो (चालिसे, २०४८:२३५) ।

नेपाली मुसलमानहरू पन्ध्रौं शताब्दीको अन्त्यतिर तथा सोह्रौ शताब्दीको शुरुतिर लद्दाखको बाटो हुँदै तिब्बतमा कम्मल, गलैंचा, दोसल्ला आदि कपडाको व्यापार गर्ने सिलसिलामा राजा रत्नमल्लका प्रतिनिधिसँग ल्हासामा भेट भएपछि काठमाडौं आई बसोबास तथा व्यापार गर्न थालेका थिए । त्यस लगत्तै बाइसी राजाहरूको पालमा अरू बढी मुसलमान हतियार बनाउन तथा तिनीहरूको प्रयोग सिकाउन पसेका थिए (विष्ट, २०५५:१०६) ।

नेपालको पहाडी इलाकामा बसोबास गरेका मियाहरू नेपालको एकीकरण हुनुपूर्व टुक्रे रजौटाले आफ्नो राज्यलाई बलियो बनाई राख्न हतियार बनाउन सिपालु काश्मिरी मुसलमान झिकाएका थिए । तिनै काश्मिरी मुसलमानका सन्तान नै मियाहरू हुन् । नेपालको एकीकरणपछि उनीहरू भारतबाट टीका, चुरा, पोते तथा शृङ्गारिक सामान ल्याई बिक्री गर्दथे त्यसैले तिनलाई अझै पनि चुरेटा भनिन्छ (अधिकारी, २०६०:१०) ।

नेपाली इतिहासकार बालचन्द्र शर्माका भनाइअनुसार सन् १४९१ मा रत्नमल्लका पालामा व्यापारिक प्रयोजनका लागि मुसलमानहरूको पहिलो समूह काठमाडौं आएको थियो ।

सन् १५२४ मा मुसलमान सन्त मौलिम (Maullim) सर्वप्रथम काठमाडौं आए र उनले नेपालमै पहिलो काश्मिरी मस्जिद निर्माण गरे । मध्यकालीन समयमा तुर्किस र अफगानी घोडाहरू नेपालमा अत्यन्तै प्रख्यात थिए । तिनै तुर्किस र अफगानी मुसलमान घोडाको व्यापारको सिलसिलमा नेपाल पसे । तिनीहरूमध्ये केही आफ्नो देश नफर्की नेपालमा नै बसोबास गर्न थाले (सिद्धिका, १९९३:१०५) ।

नुवाकोट आक्रमणको समयमा पृथ्वीनारायण शाहले आफ्ना सैनिकलाई भारतबाट मुसलमानी निर्देशक शेख जबर मुहम्मद ताकी लाई झिकाई तालिम दिएका थिए (शर्मा २०५०:१०) ।

सामिमा सिद्धिकाद्वारा लिखित "नेपालका मुसलमानहरू" नामक पुस्तकमा नेपालका विभिन्न ठाउँहरूमा छरिएर बसोबास गरेका मुसलमानहरूको सामाजिक, आर्थिक, धार्मिक सांस्कृतिक जीवनको बारेमा चर्चा गरिएको छ । नेपालका विभिन्न मुसलमान बस्तीहरूमा लेखिकाले आफै स्थलगत भ्रमण गरी नेपाली मुसलमानहरूको जीवनपद्धतिलाई आफ्नो पुस्तकमा चित्रण गरेकी छिन् । करिब ६०० वर्षअगाडि देखि विभिन्न कालखण्डमा नेपालमा प्रवेश गरी बसोबास गरेका मुसलमानहरूले आफ्नो देश नेपाललाई अत्यन्त माया गर्ने र विभिन्न जात जातिको साझा

फूलबारीका रूपमा रहेको नेपालमा मुसलमान आफूहरू पनि एउटा फूल भएको भनी गर्व गर्ने हुनाले मुसलमान समुदायमा राष्ट्रप्रेमको भावना उच्च उल्लेख गरिएको छ ।

नेपाली मुसलमान समुदाय मा मुख्य गरी ३ प्रकारका समस्याहरू अशिक्षा, गरीबी र न्यूनजीवनस्तर नै यस समुदायको विकासको बाधका रूपमा रहेको कुरा उनले औंल्याएकी छिन् । त्यस्तै नेपाली मुसलमान महिलाहरूको साक्षरताको अवस्था अत्यन्तै कम भएको र त्यस समयमा पुरै काठमाडौं शहरभरिमा १ जना मात्र मुसलमान महिला डाक्टर रहेको बताएकी छिन् । उनीहरूको राजनीतिक तथा सामाजिक जीवनमा संलग्नता ज्यादै न्यून रहेको हुनाले नेपाली मुसलमान महिलाको विकासका लागि राज्यले आरक्षणका साथै अन्य परिलक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव उनले दिएकी छन् (सिद्धिका, १९९३:२२०-२३५) ।

नेपालमा सर्वप्रथम रत्नमल्लको शासनकालमा व्यापारिक कार्यमा निपुर्ण काश्मिरी मुसलमानलाई झिकाई काठमाडौंमा व्यापारिक कोठी खोल्ने अनुमति दिएपछि मुसलमानहरूको प्रवेश भएको कुरामा इतिहासकारहरू सहमत देखिन्छन् । पछि बाईसी चौबीसी राज्यहरूमा हतियार बनाउन तथा हतियार प्रयोगको तालिम दिन साथै दरवारिया महिलाहरूको शृङ्गारपटार गर्न अरू बढी मुसलमान हरू झिकाइए अहिलेका नेपाली मुसलमानहरू) तिनै काश्मिरी मुसलमानका सन्तानहरू हुन् भन्ने कुरामा इतिहासहरू सहमत देखिन्छन् ।

### २.२.३ **मियापाटनका मुसलमानहरूको इतिहास**

मियापाटनमा बसोबास गर्ने मियाहरूको इतिहासको कुनै प्रामाणिक लिखित अभिलेख छैन । तर त्यहाँका बूढापाका तथा जानिफकार व्यक्तिहरू आफ्ना पुर्खाहरू करिव ४०० वर्ष अगाडि चौबीसी राज्यको पालमा काश्मिरीबाट नेपाल आएको दावी गर्छन् । चौबीसी राज्यको पालामा टुक्रेराज्यहरू बीच एकआपसमा लडाँई भैरहन्थ्यो । अर्को राज्यलाई आफ्नो राज्यमा गाभेर राज्य विस्तार गर्नु लडाँईको ध्येय हुन्थ्यो । लडाँई जित्न उनीहरूसँग राम्रा र आधुनिक हतियार हुनु आवश्यक हुन्थ्यो । त्यस्तै दरबारिया महिलाहरूलाई शृङ्गारपटार गर्ने प्रयोजनका लागि पनि उनीहरूलाई ल्याइन्थ्यो । मियापाटनका जानिफकार व्यक्तिहरूको भनाइअनुसार करीब ४०० वर्षअगाडि कास्कीकोटका राजाले हुकुम  अलि र ठूलाकोटका राजाले सम्सुद्धिन अलि नाम गरेका व्यक्तिलाई काश्मिरीबाट ल्याई हतियार बनाउने साथै राजाको अङ्गरक्षकका रूपमा काम गर्न नियुक्ति गरे । पछि हुकुम अलिका सन्तानहरू पोखराको विन्ध्यवासिनी नजिकै रहेको चिसा खोला भन्ने ठाउँमा बसोबास गर्न थाले भने सम्सुद्धिन अलिका सन्तानहरू विजयपुर नजिकै रहेको अम्चुरे भन्ने स्थानमा बसोबास गर्न थाले । त्यस समयमा पोखरामा औलोको प्रकोप ज्यादै थियो ।

मानिसहरू बेसीमा बस्न डराउँथे त्यसैले पोखरा वरिपरिका डाँडा पाखामा मानिसको बस्ती बाक्लो थियो भने पोखरामा मानिसको आबादी ज्यादै पातलो थियो । त्यस समयसम्ममा सेती नदी तर्न पुल (साँघु) थिएन । उनीहरूले हालको महेन्द्रपुल नजिकै बाँस र काठ प्रयोग गरी पल बनाए, जुन ठाउँलाई पछिसम्म पनि साँघुको मुख भनेर चिनिन्थ्यो (वर्ष ६५ का हानिफ मियासँगको अन्तर्वार्तामा आधारित ।।

सेतीमा साँघु बनेपछि चिसाखोला र अम्चुरेमा बसोबास गर्दै आएका मुसलमानबीच भेटघाट, चिनजान भयो । तत्कालीन समाजको धर्म, संस्कार र संस्कृतिभन्दा भिन्न प्रकारको नौलो धर्म, संस्कार र संस्कृति बोकेका, हिन्दूहरूको माझ अल्पसंख्यक भए पनि आफ्नो धर्म र संस्कृतिलाई चोखो रूपमा बचाइरहेका ती दुई मुसलमानी समूहको चिनजानले आपसमा घनिष्टता बढ्दै गयो । सानो सङ्ख्यामा अलग-अलग रहेका उनीहरूले सँगै बस्ने निधो गरे । त्यस समयको पोखराको अधिकांश जमिनमा सिस्नो र बयर झाडी थियो । पानीको निकै असुविधा थियो । त्यसैले पानीको सर्वसुलभताका लागि काहूँखोलाको किनारमा रहेको कुँडहर बस्नको लागि उपयुक्त ठाउँ भएको ठहर गरी सम्बन्धित राजाहरू सँग जग्गा प्राप्त गर्नाका लागि बिन्ती गरे । उनीहरूले हालको कुँडहरस्थित मियापाटन क्षेत्र बिर्ताका रूपमा प्राप्त गरे । करिव २५० वर्ष अघि दुवै मुसलमान समुदायले खयर सिस्नो, बयरको झाडी रहेको रूखो र बञ्जर क्षेत्रलाई फँडानी गरी बसोबास गर्न योग्य, मलिलो र उत्पादनशील बनाए (स्थानीय हानिफमिया, अब्दुल अलिम अत्तारीसँगको अन्तर्वार्तामा आधारित) ।

पोखरा उपत्यकाको प्रसिद्ध विन्ध्यवासिनी मन्दिरबाट ७ कि.मि. पूर्व वडा नं. १२ र १३ को बीचमा रमणीय ठाउँ मियापाटन पर्दछ । चौबीसी राज्यको पालामा मियापाटनको पूर्वतिर रहेको आर्वाको छिमेकी गाउँ ठूलाकोट र दक्षिण पश्चिमको कास्कीकोटका राजाहरूले उनीहरूलाई भारतको काश्मिीरबाट हतियार बनाउन एवं दरबारिया स्त्रीहरूको सिँगारपटार गर्न ल्याएका हुन् ( भादगाउले, २०५९: १) ।

दुवै कोतका मुसलमानहरू एकै ठाउँमा बस्ने चाहनाले उनीहरू कुँडहर र मियापाटन झरे । उनीहरूले सम्बन्धित क्षेत्रका राजासँग बिन्ती बिसाए । राजाले मौलको पाटन (मियापाटनको बीचमा छ) बिर्ता दिए र मियाहरू खयरधारी फाँडेर बस्ती बसाउन थाले । साथै कुँडहर फाँटमा समेत बस्ती आवाद गरे (शर्मा, २०६६:१) ।

मियापाटनका बूढापाका जानिफकार व्यक्तिहरूसँगको छलफलमा उनीहरूका पुर्खाहरू कहिले आए भन्ने प्रमाणित तिथिमिति प्राप्त हुन सकेन तथापि उनीहरूले करिब ४०० वर्षअघि हतियार बनाउने, सैनिकलाई तालिम दिने दरबारिया स्त्रीहरूको शृङ्गारपटार गर्ने आदि प्रयोजनका लागि काश्मिीरबाट तत्कालीन राजाको निर्देशनमा कास्कीमा ल्याइएका मुसलमानका सन्तानहरू नै हाल मियापाटनमा बसोबास गर्ने मियाहरू हुन् भन्ने विचार व्यक्त गरे । तर इतिहासका घटनाक्रमको

अध्ययन गर्दा तात्कालीन कास्की राज्यका प्रख्यात राजा कुलमण्डन शाहको शासनकालमा उनीहरूका पुर्खाहरू आएको कुरा अनुमान गर्न सकिन्छ ।

राजा कुलमण्डलन शाहले वि.सं. १५२४ देखि १५८३ सम्म जम्मा ५९ वर्ष कास्कीमा राजकाज सञ्चालन गरेको कुरा विभिन्न ऐतिहासिक तथा पुरातात्त्विक दस्तावेजको प्रमाणको. आधारमा इतिहासकारले दावी गरेका छन् । कुलमण्डन शाहका बावु नराजखानले शासन गरेको कास्की निकै सानो थियो । उनको दरवार खडगाउँ कोटमा थियो । उनले ७००। घरधुरी कास्कीको शासन गरी आफ्नो जीवन व्यर्तीत गरेका थिए । पछि वि.सं. १५२४ मा उनका जेठा छोरा जगति खान (कुलमण्डन शाह) राजगद्धिमा बसेपछि बलियो सैन्य सङ्गठनको विकास गरी ७०० घरधुरीमात्र रहेको सानो आकारको कास्कीलाई विस्तार गरी ८००० घरधुरी भएको कास्कीमा परिणत गरे ( सुवेदी, २०६०:७६,७७) ।

कास्की राज्यलाई विस्तार गरी शक्तिशाली बनाउने क्रममा बलियो सैन्य सङ्गठन आवश्यक थियो । उनले आफ्नो सैनिक बललाई व्यावसायिक, बलियो, चुस्त बनाउन काश्मिीरबाट हतियार बनाउन सिपालु मुसलमान झिकाए र आफ्ना सैनिकलाई हतियार बनाउन साथै तिनको प्रयोग र युद्धकौशल बारे तालिम दिन लगाए । त्यसै क्रममा उनले पाउँदुरकोट, सल्यान कोट, काइँकोट, रूपाकोट, ठूलाकोट, अर्घौकोट, मौजाकोट, नामार्जुङ्गकोट, तप्राङ्गकोट, सिक्लिसकोट, चैनपुरकोट आदिमा सुरक्षाको लागि गढी बनाउन लगाए (सुवेदी, २०६०:२८१) । त्यस समयमा अर्घौकोट र त्यस सेरोफेरोका जमिन मिलेको राम्रो र उत्पादनशील जमिन भएकाले लमजुङ्ग राज्यले त्यस जमिनलाई लिन चाहन्थ्यो र त्यसलाई जोगाउनका लागि राम्रा हतियारसहित बलियो सैन्यशक्ति तैनाथ गर्नुपर्ने आवश्यकता थियो । त्यसैले राजा कुलमण्डन शाहले ठूलाकोट र अर्घौकोटको सामारिक रक्षाका लागि साहिला छोरा चैतु शाहीलाई प्रान्तीय अख्तियारी दिएका थिए । चैतु शाही साहसी र चतुर थिए । अर्घौकोट र ठूलाकोटमा तैनाथ सेनालाई हतियार चलाउने तालिम दिन, युद्धकला सिकाउन साथै नयाँ प्रविधिका हतियार बनाउनाका लागि सैन्य प्रशिक्षकका रूपमा काश्मिीरबाट ल्याईएका समसुद्धिन अलिलाई नियुक्त गरिएको थियो भने कास्की कोटमा हुकुल अलि शैन्य प्रशिक्षकका रूपमा नियुक्त भएका थिए । कास्की कोटको पूर्वी भागमा पर्ने सराङ्गकोटमा त्यस समयमा हतियार बनाउने भट्टी (कारखाना) थियो । त्यहाँ सैनिकहरूको एक टुकुडी बस्दथ्यो, त्यसलाई पूर्वी गौडो पनि भनिन्थ्यो । कास्की कोटमा तैनाथ सेना प्रत्येक बिहान परेड खेल्दै सराङ्गकोट पुगी फर्कन्थे, सराङ्गकोटमा हतियारहरूको भण्डार पनि थियो (सुवेदी, २०६०:७७) ।

यसरी कास्की राज्यको सैन्य संरचनाको निकास गर्न साथै कास्की राज्यको विस्तार गर्नाका लागि हाल मियापाटनमा बसोबास गर्ने मियाका पुर्खाहरूले योगदान पुऱ्याएका थिए भन्न सकिन्छ । यस तथ्यबाट के भन्न सकिन्छ भने कास्कीमा मियाहरूको आगमन बूढापाकाले अनुमान गरेको

४०० वर्ष भन्दा पनि अगाडि भएको थियो । उनीहरू कुलमण्डन शाहको शासनकालको पूर्वार्धतिर वि.सं. १५२४ पछाडि आएको अनुमान गर्न सकिन्छ । कास्कीमा मुसमालनको आगमनसम्बन्धी तिथिमिति भएको प्रामाणिक तथ्य प्राप्त नभए पनि आजभन्दा करीब ५३९ वर्षअघि वि.सं. १५३० ताका उनीहरूलाई ल्याइएको थियो भनी अनुमान गर्न सकिन्छ ।

मियापाटन पोखराका मुसलमानहरूको ऐतिहासिक चिनारी' शोधपत्रमा इस्लाम धर्म अन्य धर्मको तुलनामा कठोर भएको तर मियापाटनका मुसलमानहरू धार्मिक सहिष्णुताको सवालमा अत्यन्त उदार रहेको कुरा उल्लेख गरिएको छ । उनीहरूले आफ्ना छिमेकी गैह्रमुसलमानी समुदाय ( हिन्दू, बौद्ध) सँग घुलमिल गर्ने, विभिन्न चाडपर्व, धार्मिक समारोह, मर्दापर्दा तथा अन्य सामाजिक घटनाहरूमा हार्दिकतापूर्वक सरसहयोग गर्छन्
(गुरुङ, २०६०) ।

तनहूँको सतिस्वीँरा गा.वि.स.का मुसलमानहरूको ऐतिहासिक, सामाजिक, आर्थिक अवस्था नामक शोधपत्रमा मुसलमानहरूको अध्ययन गरी मुसलमानहरू सांस्कृतिक रूपमा धनी तर सामाजिक रूपमा पिछडिएको निष्कर्ष निकालेका छन् । उनीहरूमा रहेको कुरानप्रदत्त नियम कानून र धार्मिक कट्टरताले महिलाको अवस्था कमजोर भएको कुरा उल्लेख छ (बराल, २०६१) ।

हिन्दू धर्मको उत्पत्ति र विस्तार विषयक पुस्तकमा मुसलमान धर्मको छोटो चिनारी दिइएको छ । उनका अनुसार हजरत मुहम्मदभन्दा अगाडि अरब हिन्दू देश थियो । अरेवियनहरूले हिन्दू देवी, देवता र आफ्ना ईष्ट देवताको पूजा गर्थे । पछि पैगम्बर मूहम्मदले इस्लाम धर्मको स्थापना गरेपछि अरवियाहरूले मूर्ति पूजा गर्न छोडेको र हिन्दूधर्म परित्याग गरी इस्लाम धर्म अपनाउन थालेको कुरा उल्लेख छ । विगतमा दुवै समुदायको धर्म एउटै भएको साथै इस्लाम र हिन्दू समुदायका आदि पूर्खा एउटै भएको कारण हिन्दू मुसलमान भाइ-भाइ हुन् तसर्थ, यी दुई समुदायबीच धार्मिक सहिष्णुता कायम हुनुपर्ने कुरा यस लेखको तात्पर्य रहेको छ (लामिछाने, २०६४) ।

नेपालको पुरानो इतिहास र सभ्यता' पुस्तकमा रत्नमल्लको पालामा व्यापारको लागि नेपाल प्रवेश गरेका मुसलमानहरूले तात्कालीन नेपालको व्यापारलाई तिब्बत, काश्मीर र भारतका विभिन्न ठाउँसम्म विस्तार गरी आर्थिक तथा व्यापारिक क्षेत्रलाई फराकिलो बनाउन योगदान पुऱ्याएको उल्लेख गरिएको छ (चालिसे, २०४८) ।

नेपालको आधुनिक इतिहास पुस्तकमा नेपालको एकीकरणमा मुसलमानको योगदानलाई उल्लेख गरिएको छ । नुवाकोटको आक्रमणको समयमा पृथ्वीनारायण शाहले आफ्ना सैनिकहरूलाई दक्षता र रणकौशल सिकाउन मुसलमानी निर्देशक सेख जावर, मुहम्मद ताकी, वेख सिंह आदिलाई नियुक्ति गरी तालिम दिन लगाएका थिए (शर्मा,
२०५०) ।

### २.२.४ मुसलमान र कुरआन

कुरआन मुस्लिमहरूको एक महत्त्पूर्ण धार्मिक ग्रन्थ हो । मुसलमानहरूले कुरआनलाई अल्लाहद्वारा अवतरित ग्रन्थहरूमध्ये अन्तिम ग्रन्थ मान्दछन् । अल्लाहले आफ्नो सन्देशवाहक पैगम्बर मुहम्मद माथि अवतरित गरिएको उपदेशको सङ्ग्रह कुरआन हो । यस ग्रन्थको मूलरूप अरबी भाषामा रहेको छ । छैटो शताब्दीमा पैगम्बर मुहम्मदद्वारा अल्लाहको वाणीका रूपमा प्रतिपादन गरिएको इस्लामिक धार्मिक पुस्तक कुरआनलाई प्रत्येक मुसलमानहरू अहिले पनि जीवन आदर्शको मूलमन्त्र मान्दछन् र कुरआनका प्रत्येक उपदेश, निर्देशन र मार्गदर्शनलाई अक्षरशः पालन गर्नु नै मानव जीवनको सार्थकता मान्दछन् विश्वका प्रायः इस्लामिक समाजहरू कुरआन निर्देशित छन् । इस्लाम समाजका प्रायजसो कार्यहरू कुरआन अनुसार हुने गर्छन् । तसर्थ इस्लामिक समाजको सामाजिक संरचना बुझ्नु अगाडि कुरआनलाई बुझन जरुरी हुन्छ ।

इस्लामिक धार्मिक ग्रन्थ कुरआनमा ३० अध्याय र ११४ सुरह छन् । जसमध्ये ९३ अध्यायलाई मक्की र २१ अध्यायलाई मदनी भनिन्छ । कुरआनको उत्पत्तिदेखि हालसम्म आफ्नो असली भाषा, उपदेश र निर्देशन शुद्ध र सुरक्षित छ भनी इस्लामिक धर्म गुरुहरूले दावी गर्दछन् । ठूला-ठूला विद्वान् र धार्मिक गुरुहरूलाई पनि कुरआनले एक शब्द र एक अक्षर पनि संशोधन गर्ने अधिकार छैन भन्ने मान्यता छ । कुरआनले मानिसलाई यसको अक्षरशः पालन गर्ने चेतावनी दिएको छ । अल्लाहदेखि डराऊ शरण पर, अल्लाहको भय मान्दै काम गर । यदि कुरआनको निर्देशनलाई पालना गरेनौ भनेदेखि एक दिन अल्लाहको अदालतमा उभिनुपर्ने छ । अल्लाहको कठोर दण्डको भागीदार हुनुपर्ने छ भनी श्लोकहरूमा मानिसलाई पटक-पटक चेतावनी दिइएको छ । अल्लाह सर्वश्रेष्ठ सर्वज्ञाता छ, उसले तिमीले गरेको कर्मको एक एक हिसाव किताब राखेको छ । तिमीले आफनो कर्मको पूर्ण प्रतिफल पाउनै पर्छ । त्यसैले त्यसदिन देखि डराऊ, अल्लाहसँग डर मान्दै काम गर र कुरआन लाई इमान्दारितापूर्वक पालन गर । कुरआनका केही श्लोकहरू तल दिइएको छ यी श्लोकहरूमा मानिसहरूलाई कुरआनमा उल्लेखित अल्लाहका उपदेश पूर्ण रूपमा पालन गर्न चेतावनीका साथ सम्झाइरहेको छ ।

> *घरमा पछिल्तिरबाट प्रवेश गर्नु कुनै पुण्य कार्य होइन, बरु पुण्य कार्य त अल्लाहसित डर मान्नु हो । ढोकाहरूबाट प्रवेश गर्ने र र अल्लाहसित डर धारण गर्ने गर (सुरहः, अल् बकरहः १८९) ।*

> *त्यस दिनदेखि डराऊ, जुन दिन तिमीहरूलाई अल्लाहतर्फ फर्काइने छ त्यसपछि प्रत्येक व्यक्तिलाई उसको कर्मको पूर्ण प्रतिफल प्रदान गरिनेछ र उनीहरूप्रति अन्याय गरिने छैन (सुरहः अलवक्रह -२८१) ।*

*यदि कसैले अल्लाहको अनुग्रहलाई परिवर्तन गर्दछ भने उसले जानी राखोस् निःसन्देह अल्लाहको दण्ड त्यस्ता व्यक्तिलाई कठोर रहेको छ (सुरहः अल् वक्रहः २११) ।*

*आकाशहरू तथा पृथ्वीमा रहेको प्रत्येक कुरा अल्लाहकै हो । र जुन कुरा तिमीहरूको हृदयभित्र छ त्यसलाई तिमीहरू प्रकट गर वा गोप्य राख, अल्लाहले तिमीहरूसँग त्यसको हिसाब लिनेछ । तत्पश्चात उसले जसलाई चाहने छ । क्षमा दिनेछ र जसलाई चाहने छ दण्ड दिनेछ । अल्लाह प्रत्येक कुरामाथि सामर्थ्य राख्दछ (सुरहः अलवक्रह : २८४) ।*

*अल्लाहको मार्गमा युद्ध गर तथा के जानी राख भने अल्लाह सर्वश्रोता, सर्वज्ञाता छ ( सुरहः अलवक्रहः २४४) ।*

कुरआनका धेरै श्लोकहरूमा अल्लाहसँग डराऊ, उसको कठोर दण्डलाई सम्झ, अल्लाहको भयका साथ आफ्ना कर्महरू गर । अल्लाह सर्वश्रेष्ठ सर्वज्ञाता छ, कुनै दिन तिमी अल्लाहको सन्मुख उभिनुपर्नेछ र आफ्नो कर्मका हिसाबकिताब एक-एक गरी उसलाई बुझाउनु पर्नेछ भन्दै कुरआनले आफ्ना अनुयायीहरूलाई कठोर चेतावनी दिएको छ ।

कुरआन सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, नीति, नियमहरूको मार्गदर्शन भएको धार्मिक ग्रन्थ हो । यसले न्याय, अधिकार, सुरक्षा, दान, साधना, दण्ड, शान्ति, उपहार आदिको व्याख्या गरेको छ । यसले आफ्ना अनुयायीहरूलाई कडा अनुशासनका साथ कुरआनले निर्दिष्ट गरेको मार्गमा हिंड्न चेतावनी दिएको छ । यही भययुक्त चेतावनीले इस्लाम धर्मलाई अन्य धर्मको तुलनामा कट्टर र अपरिवर्तनीय बनाएको छ । महिलाहरू प्रति इस्लाम धर्म कठोर भएको पाइन्छ । कुरआनले पितृसत्तालाई पक्षपोषण गरेको छ भने महिलाको अस्तित्त्व र अधिकारप्रति उदासीन छ । कुरआनले महिलालाई दोस्रो दर्जाको मानिसका रूपमा राखेको छ । महिलालाई पुरुषको सहयोगी तथा पुरुषलाई महिलाको संरक्षक रूपमा उल्लेख गरेको छ । इस्लाम धर्ममा रहेको धार्मिक कट्टरता मुसलमान समुदायका महिलाहरूको लैङ्गिक विकास गर्न साथै महिला अधिकार स्थापित गर्न निकै ठूलो चुनौतिका रूपमा रहेको छ ।

### २.२.५ कुरआन र महिला

इस्लाम धर्मको एकमात्र धार्मिक ग्रन्थ कुरआन हो । विश्वका प्रायः इस्लामिक सामाजहरू कुरआनबाट निर्देशित र सञ्चालित छन् । इस्लाम धर्मअनुसार समाजका मुख्य कार्यहरू कुरआन

अनुरूप हुने गर्छन् । कुरआनको निर्देशन अनुशासनपूर्वक पालना गर्नु हरेक मुसलमानको कर्तव्य हो । प्रत्येक अनुयायीले दिनको ५ पटक नमाज पढ्नु अनिवार्य  मानिन्छ । सामान्यतया ७ वर्षको उमेरदेखि नमाज पढ्नु अनिवार्य मानिन्छ । पुरुषहरू नजिकको मस्जिदमा गएर वा घरमै बसेर नमाज पढ्दछन् भने महिलाहरूलाई मस्जिद जान दिइँदैन । उनीहरूले घरमै नमाज पढ्छन् ।

कुरआनले महिलालाई दोस्रो दर्जाको मानिसको स्थानमा राखेको छ । पुरुष महिलाको संरक्षक र महिला पुरुषको सहयोगी बन्नु पर्ने कुरा कुरआनका श्लोकहरूमा उल्लेख छ । कुरआनले महिलालाई सामाजिक, आर्थिक, राजनैतिक, न्यायिक रूपमा पुरुष अधीनस्थ बनाएको छ र मुसलमान समुदायको व्यावहारिक जीवनमा यसलाई प्रयोगमा ल्याउँदा महिला अधिकारको हनन हुन पुगेको छ । तल कुरआनका केही श्लोकहरूको बारेमा चर्चा गरिएको छ, जुन श्लोकहरू महिलासँग सम्बन्धित छन् ।

*तिमीहरूका पत्नीहरू, तिम्रा खेती स्वरूप हुन् । अतः तिमीहरू जसरी चाहन्छौ आफ्नो खेतीमा प्रवेश गर (सुरहःअल्बक्रहः २२३) ।*

*(हे मुहम्मद !) उनीहरू तिमीसँग (महिलाहरूको) रजस्वलाको सम्बन्धमा सोध्छन्। तिमी भनी देऊ, "यो अस्वस्थ (अवस्था) हो; यसकारण रजस्वलाको अवधिमा महिलाहरूबाट अलग्गै रहने गर र जबसम्म तिनीहरू पवित्र हुँदैनन् (सम्भोगका लागि) तिनीहरूका निकट नजाऊ । अनि जब तिनीहरू पवित्र हुन्छन् तब तिमीहरू उनका निकट (यसरी) जाऊ, जसरी अल्लाहले आदेश दिएको छ (अर्थात् महिलाको योनिमा मात्र समभोग गर, गुदा मैथुन वा मुख मैथुनको अनुमति अल्लाहले दिएको छैन) । निस्सन्देह अल्लाह ती व्यक्तिहरूलाई मन पराउँछ, जो प्रायश्चित गर्दछन् र आफूलाई पवित्र राख्दछन् ( सुरहः अल्बक्रह : २२२) ।*

माथिको श्लोकले पुरुषलाई महिलामाथि असीमित यौन अधिकार प्रदान गरेको छ । महिलालाई खेतीसँग तुलना गरिएको छ भने पुरुषलाई खेतीको मालिकका रूपमा उल्लेख गरिएको छ । महिलाको पनि यौन चाहना हुन्छ भन्ने कुरालाई यसले नकारेको छ र महिलालाई यौनको एकाइको रूपमा व्याख्या गरेको छ ।

*महिलालाई पुरुषहरूमाथि न्यायसङ्गत रूपमा उनीहरूसरह समान अधिकार प्राप्त छ तर पुरुषहरूलाई महिलामाथि एकदर्जा बढी श्रेष्ठता प्राप्त छ । अल्लाह सर्वशक्तिशाली तत्त्वज्ञानी छ (सुरहः अल्बक्रह : २२८) ।*

यस श्लोकले पुरुषलाई महिलाभन्दा एक तह माथिको अधिकार प्रदान गरेको छ । परिवारको नेतृत्व गर्ने जिम्मेवारी पुरुषलाई दिएको छ । यसले पुरुषसरह महिलाको समान सहभागिता र अधिकारलाई नकारेको छ ।

*यदि तिमीहरूमध्ये कसैको मृत्यु भई आफ्ना पत्नी छोडेर जान्छौ भने ती पत्नीहरू आफूलाई ४ महिना १० दिन प्रर्तीक्षामा राखून । निर्धारित म्याद पूरा गरेपछि तिनीहरूले विवाह गर्न पाप लाग्ने छैन, तर तिमीहरू जुन कार्य गर्दछौ त्यसको खबर अल्लाहले राख्दछ (सुरहः अल्बक्रहः२३४) ।*

अन्य धार्मिक समुदायको तुलनामा इस्लाम धर्म विधवा विवाहको सन्दर्भमा उदार देखिन्छ । लोग्ने मरेको ४ महिना १० दिन प्रतीक्षा गरेपछि उसले अर्को विवाह गर्न स्वतन्त्र हुन्छे । लोग्ने मरेको ४ महिना १० दिनसम्म पत्नी नियमपूर्वक बस्नुपर्छ, यस अवधिमा शृङ्गारपटार गर्न वर्जित गरिएको छ तर पत्नी मरेमा पुरुषहरूको हकमा कुनै नियम लागू हुँदैन ।

*पारपाचुके प्राप्त महिलाहरूले तीनपटक रजस्वलाको अवधिसम्म प्रतीक्षा गरून् । यस अवधिमा यदि पतिले सम्बन्ध सुधार गर्ने इच्छा राखेमा पुनग्रहण गर्ने अधिकार पतिलाई प्राप्त हुन्छ (अल बक्रह : २२८) ।*

कुरआनअनुसार पारपाचुके (तलाक)को अवधि महिलाको ३ रजस्वलासम्म अर्थात् ३ महिनासम्म रहेको छ । लोग्नेबाट तलाक पाए पनि पत्नी ३ महिनासम्म उसैसँग बस्नुपर्छ यदि पहिलो वा दोस्रो तलाक पाएपछि पतिले पत्नीसँग सम्बन्ध सुधार गर्न चाहेमा पतिले उसलाई पुन ग्रहण गर्न पाउने अधिकार कुरआनमा उल्लेख छ ।

*यदि पतिले आफ्नी पत्नीलाई तेस्रोपटक पनि पारपाचुके दिन्छ भने उसको लागि त्यो महिला तवसम्म वैध हुनेछैन, जबसम्म त्यस महिलाले अर्को पुरुषसँग विवाह गरी पुनः पारपाचुके नपाओस् । यदि दोस्रो पतिले पनि पारपाचुके दिन्छ भने उनीहरूको पुनर्मिलनमा कुनै पाप लाग्ने छैन (सुरहः अल्वक्रहः २३०) ।*

इस्लामले पारपाचुकेको अवधि तीन महिनासम्म राखेको छ । तेस्रो पारपाचुके पाएपछि पत्नी स्वतन्त्र हुन्छे, त्यसपछि उसले अर्को विवाह गर्न सक्छे, तर यदि अर्को पतिबाट पनि पारपाचुके पाएको खण्डमा पुन पहिलो पतिसँग विवाह हुन सक्छ । तर कतिपय इस्लाम पुरुषहरूले यस कुरआनको उपदेशको गलत फाइदा उठाएर सानो तिनो निहुँमा पत्नीलाई पारपाचुके दिन्छन् र उसको विवाह चिनेको मान्छेसँग गराउँछन् र त्यस मान्छेलाई फेरि पारपाचुके दिन लगाउँछन् त्यसपछि पुन आफै विवाह गर्छन्, यसरी उनीहरूले महिलालाई खरिद बिक्री गर्ने वस्तुसरह उपभोग गर्छन् । यसबाट महिलाहरू सामाजिक, मानसिक तथा यौनिक हिंसाका शिकार हुने गर्छन् ।

महिलाले अन्य लोग्ने मानिस तथा नातेदारलाई शरीरका कुनै अङ्ग देखाउनु हुँदैन । इस्लामिक कानून अनुसार घरबाहिर निस्कँदा लोग्ने मानिसलाई आकर्षण गर्ने खालको शृङ्गार गर्नुहुँदैन र शरीरलाई पूरै ढाक्ने गरी कालो कपडा (बुर्का) लगाउनुपर्छ तर नेपाली इस्लाम महिलाहरूमा बुर्का लगाउने परम्परामा विस्तारै परिवर्तन आएको पाइन्छ ।

कुरआनले महिलालाई घरभित्र बस्ने र घरायसी काम गर्ने साथै पुरुषलाई घरबाहिरको काम गर्ने, परिवारका आवश्यकताहरू खानपिन, लुगाफाटो, शिक्षादीक्षा मिलाउने भनी लिङ्गअनुसार कार्य विभाजन गरेको छ ।

सारांशमा इस्लामिक धार्मिक ग्रन्थ कुरआन महिलाप्रति अलि बढी नै कट्टर देखिन्छ । यसले महिलाहरूको अधिकारलाई सीमित गरेको छ । महिलाले घरबाहिरका कामहरू, समाजसेवा, राजनीति, नोकरी तथा जीवीकोपार्जनका अन्य कामहरू गर्नु इस्लामिक कानून अनुसार अवैध मानिन्छ । उनीहरूलाई घरपरिवारभित्रका अनुत्पादनमूलक काम गर्ने र विशेष गरी लोग्नेको यौन इच्छा परिपूर्ति गर्ने साधनका रूपम व्याख्या गरिएको छ । कुरानले बहुपत्नी विवाहलाई वैधानिकता दिएको छ । एकजना पुरुषले ४ जनासम्म पत्नी विवाह गर्न पाउने कुरा कुरआनमा उल्लेख छ । हुन त विश्वमा प्रचलित प्रायः सबै धर्मले पुरुषलाई श्रेष्ठता दिएको छ भने महिलाको अधिकारलाई कुण्ठित गरेको पाइन्छ । तथापि इस्लाम धर्ममा भएको धार्मिक कट्टरता, जडता र अपरिवर्तनशीलताले यस धर्मका महिलाको लैङ्गिक अवस्था निकै कमजोर रहेको देखिन्छ ।

### २.२.६ मुसलमान र सामाजिक स्तर

मुसलमान समाजमा सिया र सुन्नी गरी दुई धार्मिक समूह रहेका छन् । पैगम्बर मुहम्मदको मृत्युपछि उनको उत्तरदाधिकारी को बन्ने ? भन्ने विषयमा छलफल हुँदा सिया र सुन्नी समुदायमा विभाजित भएको पाइन्छ (लामिछाने, २०६४:२०२) ।

डोर बहादुर विष्टका भनाइअनुसार नेपालका मुसलमानहरू खास गरी २ वर्गमा विभाजित छन् । पहिलो वर्गमा इस्लाम धर्मको उत्पत्तिकालबाट नै मुसलमान रहेकोहरू पर्छन् जस अन्तरगत सैयद, सेख, पठान र मुगल भन्ने चार समूह हुन् । जसमध्ये सैयद र सेख अरबका सन्तान हुन् । पठान अफगानिस्तानबाट बसाइँ सरी आएका र मुगलहरू तुर्कका सन्तानहरू हुन् । त्यस्तै दोस्रो श्रेणीका मुसलमान भारतीयहरूका सन्तान हुन्, उनीहरूपछि मुसलमान बनेकाहरू र बनाइएकाहरू हुन् यिनीहरू अनसारी, धोबी, नाफमोची आदि हुन् (विष्ट, २०५५:१०८) ।

मुसलमानहरू विभिन्न समूहमा विभाजित भए तापनि हिन्दू समाजमा जस्तो यस समाजमा सामाजिक उच्चता तथा निचताको स्थिति छैन । छुवाछूत, जातीय विभेद, उचो निचोको स्थिति इस्लामिक समाजमा पाइँदैन । विवाहवारी, सरसङ्गगत अन्य सामाजिक कार्यमा पनि तल्लो र माथिल्लो भावना हुँदैन (शर्मा:२०५७:६१) ।

मुसलमान समुदायमा हुने विवाह प्रणाली अन्य जाति र धर्मको भन्दा पृथक् छ । मुसलमानभित्रको एउटा समूहको अर्को जुनसुकै समूहभित्र विवाह हुन सक्छ, तर अन्य धर्मका व्यक्तिहरूसँगको विवाह धर्म परिवर्तनको संस्कार पूरा गरेपछिमात्र हुन सक्छ । यस समुदायमा कुरान प्रदत्त नियम, कानून र न्यायप्रणाली हुने गर्छ । अल्लाहप्रति सच्चा भक्ति, सत्य बोल्नु, सबैको लागि न्याय गर्नु, बालकलाई दया गर्नु, गरीबहरूप्रति उदारता, आफूप्रति कठोरता, विद्वान्प्रति सम्मान आदि कुरआन प्रदत्त नियमहरू यस समुदायमा प्रचलित छन् ।

### २.२.७ **मुसलमान र चाडपर्व**

मुसलमान धर्ममा उपवास बस्नु, प्रार्थना गर्नु, जकात दिनु, हज गर्नु, बलि चढाउनु, इमान (Iman) मा विश्वास गर्नु जस्ता धार्मिक कार्य गरिन्छ । इस्लाम धर्मको आफ्नै क्यालेन्डर छ जसलाई हिजरी पात्रो (Islamic Calender) भनिन्छ । यो क्यालेण्डर चन्द्रमास (Lunar) लाई आधार मानि बनाइएको हुन्छ जसलाई हिजरतपछि (After (Hijarch) अर्थात (AH) भनिन्छ । अहिले १४३३ (AH) चलिरहेको छ । यस क्यालेण्डरको भानाइअनुसार प्रत्येक वर्ष १२ महिनाको हुन्छ भने महिना ३० वा २९ दिनको हुन्छ । प्रत्येक हप्ताको शुक्रबारलाई विशेष दिन मानिन्छ । शुक्रबार पुरुषहरू नजिकैको मस्जिद जान्छन्, नमाज पढ्छन्, प्रार्थना गर्छन् । त्यस दिनमा मस्जिदमा ठूलो जमघट हुने गर्छ, तर महिला भने मस्जिद जान पाउँदैनन् । उनीहरू घरमै नमाज पढ्छन् (सिद्धिका, १९९३:२११) ।

**ईद उल फित्र (Eid Ul Fitra)**

इस्लामिक क्यालेण्डरको नवौं महिनालाई रमजान (Ramjan) भनिन्छ । त्यस महिनाभरि मुसलमानहरू दिउसो पानी पनि नपिईकन रोजा (व्रत) बस्छन् । कुरआनको अल्ब्करह अध्यायको १८५ र १८६ श्लोकमा अल्लाहद्वारा कुरआन अवतरण गरेको महिना रमजान भएकाले त्यस महिनाको सम्मान र खुशीयालीमा सबै मुसलमानले रोजा बस्नुपर्ने उल्लेख छ । इस्लाम धर्ममा व्रत बस्नेहरूका लागि उषाकालदेखि सूर्यास्तसम्म कुनै पनि कुरा खानु पिउनु र पत्नीसँग सम्भोग गर्नु वर्जित गरिएको छ । तर सूर्यास्तदेखि उषाकालसम्म खान पिउन र संभोग गर्न वर्जित छैन । तर बच्चा, वृद्ध र विरामीका लागि भने व्रत बस्न अनिवार्य छैन ।

रोजाको अन्तिम दिनलाई ईद उल फित्र भनिन्छ । त्यसदिन आफ्ना नातेदार जम्मा हुने, शुभकामना तथा आशीर्वाद आदान प्रदान गर्ने, भोज खाने र राती दीपावली गर्छन् । व्रत सफल भएको र अल्लाहसँग आत्मिक सम्बन्ध जोडिएको खुशियालीमा ईदलाई हर्षउल्लासका साथ मनाउँछन् ।

**ईदुल आज्हा (Idul –Aijah)**

ईदुल आज्हालाई वकरईद पनि भनिन्छ । यो इस्लामिक क्यालेण्डरको वाह्रौं महिनाको १० गते पर्दछ । यो १० गतेबाट तीन दिनसम्म मनाइन्छ । यो चाड मक्कामा हज गर्न जानेबेलाको चाड मानिन्छ । यस चाडमा मुसलमानहरू मस्जिद गई प्रार्थना गर्छन्, बलि दिन्छन्, भोज खान्छन्, र नातेदार जम्मा भई आपसमा शान्ति, प्रगति र दीर्घायुको शुभकामना आदान प्रदान गर्छन् ।

**साव ए मेराज (Shab –e-miraj)**

ईश्लम क्यालेण्डर अनुसार  सातौं महिनालाई रजव भनिन्छ । यही महिनाको अन्तिम सत्ताइसौं गते साव ए.मेराज भन्ने चाड विशेष रूपले मनाइन्छ । यस दिनलाई अल्लाहले पैगम्बर मुहम्मदलाई स्वर्ग लगेको अर्थात् पैगम्बर मुहम्मदले अल्लाहको आदेशअनुसारको लक्ष्य पूरा गरी स्वर्गमा गएको दिनको रूपमा मानिन्छ । यस दिनमा मुसलमान अनुयायीहरू पैगम्बर मुहम्मदको जीवन र उनको सद्कार्यहरूको चर्चा, परिचर्चा, छलफल गर्छन् । उनको सम्झनामा विशेष पूजा गर्ने तथा नमाज पढ्ने गर्छन् । गरीबहरूलाई खानेकुरा तथा विभिन्न सामाग्री वितरण गर्छन् ।

इस्लाम क्यालेण्डर अनुसार आठौं महिनालाई सावान (Shaban) भनिन्छ । आठौं महिनाको पन्ध्रौ दिनमा साव-ए-वारात भन्ने चाड पर्दछ ।

**हज (Hazz)**

हजको अर्थ मक्काको तिर्थयात्रा हो । यदि आर्थिक, शारीरिक तथा मानसिक रूपमा सक्षम भएमा प्रत्येक मुसलमानले कम्तीमा जीवनको एकपटक साउदी अरबको मक्काको तीर्थयात्रा गर्नुपर्छ । पैगम्बर महम्मद सन् ५७० मा साउदी अरबको मक्कामा जन्मिए भने सन् ६३२ मा मदिनामा शरीर त्याग गरे । त्यसैले यी २ क्षेत्रहरू विश्वभरिका मुसलमानहरूको लागि पवित्र तीर्थस्थल हुन् । साउदी अरेवियाको मक्का शहरको बिचमा 'कावा' भन्ने अत्यन्त पवित्र क्षेत्र छ । कावा (Kabha) को अर्थ अरबी भाषामा घनाकार (Cubic Structure) हुन्छ । जहाँ एउटा कालो ढुङ्गा (Black Stone) रहेको छ । तीर्थयात्रीहरूले उक्त कालो ढुङ्गालाई अत्यन्त प्रेमपूर्वक, भक्तिपूर्वक छुने तथा चुम्बन गर्ने गर्छन् । उक्त कालो ढुङ्गालाई छुनु तथा चुम्बन गर्नुको अर्थ पैगम्बर मोहम्मदप्रति गरिएको प्रगाढ प्रेम तथा भक्ति हो भन्ने मुसलमानहरूको धारणा रहिआएको छ । हज गर्ने व्यक्ति मक्काको नजिकै रहेको अरफात मैदानसम्म पुग्नु अनिवार्य रहेको छ । मक्कामा हज गरेर आएको तीर्थयात्रीलाई हाजी (Haji) भनिन्छ । उनीहरूले आफ्नो नामको अगाडि हाजी भनेर राख्न मन पराउँछन् । समाजमा उनीहरूको विशेष प्रकारको सम्मान र प्रतिष्ठा हुने गर्छ ।

**मोहर्रम (Moharrum)**

मोहरम पनि मुसलमानहरूको महत्त्वपूर्ण चाड हो । यो चाड हसन हुसेनको मृत्युदिवसमा मनाइन्छ । हसन हुसैन पैगम्बर मुहम्मदका २ जना नाति (Grandsons) थिए । यो इस्लामिक क्यालेण्डरको प्रथम महिनामा पर्छ । प्रथम महिनाको १० गतेसम्म हसन हुसैनको सम्झनामा आत्मशान्तिको कामना गरिन्छ साथै अल्लाहको उपासना गर्दै गरीबलाई दान दिइन्छ ।

## २.२.८ मुसलमान र संस्कार

### जन्मदेखि विवाह पूर्व गरिने संस्कारहरू

मुसलमान समुदायका बच्चा जन्मिने वेलामा बावुले बच्चाको सफल जन्मको कामना गर्दै नमाज पढ्नुपर्छ । जन्मनेवित्तिकै बच्चाको दायाँ कानमा ठूलो र लामो स्वरमा "आजान" पाठ गरिन्छ । आजान र तकर्तीर पाठको अर्थ बच्चा धर्तिमा पदार्पण हुने बित्तिकै उसलाई अल्लाहको प्रार्थनाको लागि आह्वान गर्नु हो । त्यसपछिमात्र उसको नाभि काट्ने तथा सरसफाइ गर्ने गरिन्छ । बच्चालाई आमाको दूध चुसाउनु अघि मह, खजुर आदि कुनै गुलियो पदार्थ चटाउने चलन रहेको छ । छोरी

भएमा जन्मेको छ दिनमा र छोरा भएमा ७ दिनमा विशेष प्रकारको धार्मिक संस्कार गरिन्छ, त्यसलाई 'अकिका' भनिन्छ । त्यस दिनमा आमा तथा बच्चाले विशेष रूपले नुहाइ धुवाइ गर्नुपर्छ । बच्चाको कपाल मुण्डन गर्नुपर्छ र मुण्डन गरिएको कपाल जोखि त्यसबराबरको चाँदी पैसा वा खजुर गरीबलाई दान दिनुपर्छ । सक्नेले त्यस दिन २ वटा खसी अल्लाहको नाममा कुर्वानी दिनुपर्छ । साथै आफन्त र परिवारजनलाई भोज दिने गरिन्छ । त्यसदिन बच्चाको नामाकरण गरिन्छ । आफन्तजनले नमाज पढ्दै अल्लाहको प्रार्थना गर्छन् र बच्चा र आमालाई आशीर्वाद तथा शुभकामना दिन्छन् । बच्चा जन्मेपछि खास गरी बालक (छोरा) को हकमा लिङ्गको टुप्पो काट्न अनिवार्य हुन्छ त्यस संस्कारलाई 'खतना' भनिन्छ । खतना संस्कार गर्ने कुनै खास समय तोकिएको नभए पनि सानै उमेरमा गर्नु राम्रो मानिन्छ । यो संस्कार गर्ने विशेष व्यक्ति हुन्छ जसलाई 'हजाम' भनिन्छ । हजामले विधि विधानपूर्वक 'खतना' गर्दछ । घरेलु तरिकाबाट लिङ्गको टुप्पो काट्दा घाउ ठूलो हुने, वढि रक्तश्राव, पीडादायी र संक्रमण हुने भएकाले आजकल नजिकैको अस्पतालमा गई स्वास्थ्यकर्मीबाट यो संस्कार गराउने प्रचलन बढ्दै गएको  पाइन्छ ।

**विवाह संस्कार**

मुसलमान समुदायमा विवाहलाई एक महत्त्वपूर्ण संस्कारको रूपमा लिइन्छ । धर्मअनुसार विवाहपूर्व केटा र केटीबीचको प्रेम सम्बन्धलाई अनैतिक (हराम) काम मानिन्छ । तथापि अहिलेको नयाँ पुस्तामा प्रेम विवाहप्रतिको आकर्षण बढ्दै गएको पाइन्छ । मुसलमान समाजमा विवाहमा कथित ठूलो सानो जातको भेदभाव हुदैन । कुनै एक समूहले कुनै पनि अर्को समूहसँग विवाह गर्न सक्छ । विवाहपूर्व केटा पक्षबाट केटीको घरमा गई विवाहको प्रस्ताव राखिन्छ । यस प्रकारको प्रस्तावनालाई 'निकाहा' भनिन्छ । निकाहामा केटा केटी दुवैको मञ्जुरीको बारेमा सोध्नु अनिवार्य हुन्छ । दुवै पक्षको मञ्जुरी भएमा समझदारीमा विवाहको दिन तोकिन्छ । विवाहको दिनमा केटा पक्षबाट बेहुलीको घरमा जन्त जाने चलन हुन्छ तर हिन्दू समुदायमा जस्तो बाजा बजाउने चलन हुँदैन । विवाह संस्कार धर्मगुरुद्वारा सम्पन्न हुन्छ । केटा र केटी दुवै पक्षवाट २/२ जना साक्षी ( गवाइ) हुने गर्छन्, उनीहरूले विवाह सम्पन्न हुनुभन्दा अगाडि केटा-केटीको मञ्जुरीको बारेमा सोधपुछ गर्छन् । साक्षी पुरुषहरू हुने गर्छन् । महिलाहरू गवाई बस्न पाउदैनन् । पुनः केटाकेटी दुवैको मञ्जुरी भएमा विवाह कार्य अगाडि बढ्छ । विवाहमा केटाले केटीलाई केही शुल्क दिनुपर्छ त्यसलाई 'मोहर' भनिन्छ तर केटी पक्षवाट केटालाई दाइजो दिनुपर्ने कुनै अनिवार्यता छैन ।

धर्म गुरुले प्रार्थना तथा विभिन्न धार्मिक संस्कार पूरा गरेपछि सबैले सफल वैवाहिक जीवनको कामना गर्दै सामूहिक रूपमा नमाज पढ्ने गर्छन् । बेहुली भित्र्याएपछि केटाको घरमा पुन भोज भतेर हुने गर्छ । मुसलमान धर्ममा छिमेकी महिलाहरूले बेहुलीको मुख हेर्ने तथा दुरन फर्काउने

नियम नभए पनि हिन्दूकरणको प्रभावका कारण दुलहीको मुख हेर्ने तथा विवाह भएको ३ दिनपछि नव विवाहित बेहुला बेहुली दुवै दुरन फर्काउन केटीको माईती जाने चलन रहेको पाइन्छ ।

## मृत्यु संस्कार

मुसलमान धर्मअनुसार मृत्यु अनिवार्य प्राकृतिक नियम मानिन्छ । मृत्युपश्चात् अल्लाहसँग साक्षात्कार हुने विश्वास राख्ने हुनाले यसलाई सहज रूपमा स्वीकार गर्नुपर्ने मान्यता रहेको छ । मृत्युपश्चात् सर्वप्रथम आँखा तथा मुख खुला भएमा बन्द गरिन्छ । मृतक पुरुष भएमा पुरुषहरूले र महिला भएमा महिलाहरूले विधिविधानपूर्वक धोई पखाली सफा गरेपछि मृतकको शरीरमा कपूर चन्दन आदि अनेक प्रकारका सुगन्ध लेपन गरिन्छ र नसिलाइएको सेतो कपडा लगाइन्छ । त्यसपछि लासलाई काठको बाकस (ताबुत) मा राखी मृतकका पुरुष नातेदार तथा छिमेकी मिली सामूहिक चिहान भएको ठाउँमा लगिन्छ । मृतकलाई बोक्दा पुण्य प्राप्त हुने मान्यताअनुरूप ताबुत बोक्ने तथा छुने मानिसहरूको प्रतिस्पर्धा नै हुने गर्छ । चिहानमा जम्मा भएका मानिसहरूले सर्वप्रथम मृतकको आत्माशान्तिको कामना गर्दै नमाज पढ्छन् जसलाई 'जनाजा' भनिन्छ । त्यसपछि लासलाई विधानपूर्वक कव्रिस्तानमा दफन गरिन्छ । फर्कनुभन्दा अगाडि पुनः एकपटक सामूहिक नमाज पढ्ने गरिन्छ त्यसलाई "दुआ" भनिन्छ । मुसलमान समाजमा मृत्युपछि जूठो बार्ने, क्रिया गर्ने, नुन बार्ने आदि गर्नु पर्दैन । सामान्यतया तीन दिनसम्म मृतकको घरमा खाना पकाइँदैन । आफन्तहरूले खाना बनाई खुवाउने गर्छन् । ३ दिनपछि मृतकको घरमा कुरआन पाठ गरिन्छ त्यस्तै मृत्युको १० दिन, २० दिन, ४० दिन, ६ महिना र त्यसपछि वर्ष, वर्ष दिनमा मृतकको संझनामा नमाज पाठ गर्ने र गरीबहरूलाई खाना खुवाउने गरिन्छ ।

## न्याय, नियम तथा विश्वास

इस्लाम समाजमा कुरआन निर्देशित न्याय नियम हुने गर्छन् । मानिसको व्यवहार र सम्बन्धलाई नियन्त्रण तथा सन्तुलन कायम गर्न विभिन्न धार्मिक विश्वास, मापदण्ड र नियमहरू यस समाजमा रहेका छन् । मुख्य गरी ५ आधारभूत तत्त्वहरूको संरचनाबाट इस्लाम धर्मको संचालन भएको हुन्छ । त्यसलाई आफ्नो व्यवहारिक जीवनमा उतार्नु हरेक मुसलमानको कर्तव्य ठानिन्छ । ती ५ आधारभूत तत्त्वहरूः तौहिद, नमाज, रोजा, हज र जकाते हुन् । तौहिदको अर्थ अल्लाह र पैगम्बर मुहम्मद प्रतिको गहिरो सम्मान र विश्वास हो । जसको श्लोक "लाईलाह ईल्लल्लाहु महम्मदुर्र सुलुल्लाह" हो । यस श्लोकको अर्थ-अल्लाहबाहेक अरू कुनै पूजा गर्न लायक छैन र मुहम्मद अल्लाहका अन्तिम सन्देशवाहक (दूत) हुन् भन्ने हुन्छ । अल्लाहप्रति विश्वास र सच्चा भक्ति, अन्तिम ईश्वरीय ग्रन्थ कूरआन, अन्तिम ईश्वरीय दूत मुहम्मद, अन्तिम न्याय दिवस,

भाग्य,स्वर्ग, नरक, आदिमा उनीहरू गहिरो विश्वास गर्छन् । त्यस प्रकारको विश्वासलाई ईमान (Iman) भनिन्छ । कुनै विषयमा दक्षता हासिल गर्ने उदेश्यले ४० दिनसम्म साँझबिहान लगातार निश्चित ध्यान (जप) विधि अपनाउने संस्कार लाई "चिल्ला " भनिन्छ । कुनै कामको थालनी गर्दा मुसलमानहरू विसमिल्लाह भनेर शुरु गर्छन् । बच्चालाई ४ वर्ष ४ महिना ४ दिनको उमेरमा विद्याआरम्भ गराउन शुभ मानिन्छ । विद्याआरम्भ गराउँदा पनि 'विसमिल्लाह' भनेर शुरु गरिन्छ । चोरी गर्नेलाई हात काटी दिने, ज्यानको बदला ज्यान लिने, परस्त्रीलाई व्यभिचार गर्नेलाई मरेको भए पनि १०० कोर्रा हिर्काउने, स्त्रीहरूले घरभित्र नै बस्नुपर्ने बाहिर निस्कदा बुर्का लगाउनुपर्ने मान्यता मुसलमानी समुदायमा रहेको छ ।

**यस समाजमा प्रचलित केही धार्मिक मान्यताहरू:**

- आफ्नो विरुद्धमा भए पनि सत्य वोल्नु
- सबैको लागि न्याय
- बालक र गरीबप्रति दया र उदारता
- शत्रुलाई क्षमा
- विद्वान् प्रति सम्मान

यस प्रकारका मान्यताले समाजका मानिसहरूको व्यवहार सम्बन्धलाई नियन्त्रण सन्तुलन राख्न साथै सामाजिक न्याय कायम गर्न सहयोग गरेको पाइन्छ ।

अध्याय - तीन

# अनुसन्धान विधि

यस खण्डमा शोधपत्रको अनुसन्धानमा प्रयोग गरिएका विधिहरूका बारेमा उल्लेख गरिएको छ। अनुसन्धानमा आवश्यक सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्कका साथै आवश्यक सूचना सङ्कलन गर्न विभिन्न विधिहरू अपनाइएको छ। यस खण्डमा शोधपत्रको अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोतहरू, तथ्याङ्क सङ्कलन विधिहरू, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणलाई प्रस्तुत गरिएको छ।

## ३.१ अध्ययनक्षेत्र छनोट

नेपालको गण्डकी अञ्चल कास्की जिल्लाको सदरमुकाम तथा पर्यटकीय नगरको रूपमा परिचित पोखरा उपमहानगरपालिका वडा नं. १३ मा अवस्थित मियापाटन प्राचीनसमयदेखि मियाहरूको बस्तीको रूपमा रहँदै आएको छ। यस ठाउँको नामसँग यहाँका मुसलमान जातिको इतिहास जोडिएको छ। मुसलमान जाति कास्की जिल्लामा अल्पसङ्ख्यक र न्यून सुविधायुक्त जातिअन्तर्गत पर्छ। उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था तथा जीवनपद्धति, उनीहरूका आवश्यकता, समस्या र क्षमता अन्य जातिको भन्दा पृथक् प्रकारका हुन्छन्। मुसलमान समुदायभित्र महिलाहरूको अवस्था अझ बढी कमजोर र संवेदनशील छ। मुसलमान महिलाहरूको सामाजिक स्थिति, उनीहरूको समस्या, आवश्यकता इच्छा र आंकाक्षा, के कस्ता छन् ? इस्लाम धर्म र संस्कृतिले उनीहरूलाई के कस्ता भूमिका, अधिकार र जिम्मेवारी दिएको छ ? सामाजिक सहभागिता के कस्तो छ ? आदि विषयमा संवेदनशील भएर अध्ययन गरिएका कृतिहरू ज्यादै न्यून छन्। तसर्थ, मुसलमान समूहका महिलाहरूको अवस्थाको अध्ययन गर्नु एक संवेदनशील र समसामयिक विषय हो। कुनै समुदायका महिलाहरू र त्यहाँको सामाजिक, सांस्कृतिक धार्मिक अवस्था बीचको सम्बन्धले लैङ्गिक अवस्थाको पहिचान दिन्छ। मुसलमान धर्म र संस्कृतिबट अलग राखेर त्यस समुदायका महिलाहरूको अवस्थाको अध्ययन गर्न खोजियो भने वास्तविकताभन्दा फरक नतिजा आउन सक्छ तसर्थ, यस समुदायको धर्म, परम्परा, रीतिरिवाज, संस्कार, संस्कृतिसँग सामाजिक लिङ्गको सम्बन्धलाई जोडेर अध्ययन गर्न कोशिस गरिएको छ। यहाँका मुसलमान महिलाहरूको सामाजिक, आर्थिक, लैङ्गिक अवस्थाको जानकारीले देशको विभिन्न ठाउँमा छरिएर रहेका मुसलमान महिलाहरूको जानकारी लिन सजिलो हुने भएकाले यो विषय र अध्ययन क्षेत्र औचित्यपूर्ण छ। कहिल्यै प्राथमिकताको सूचिमा नपरेको, ओझेलमा रहेको एउटा वर्ग, राज्यको

दृष्टिमा पर्न नसकेको अपेक्षित मुसलमान महिलाहरूलाई लक्ष्यित गरी सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्न सरकार तथा अन्य सरोकारवाला निकायलाई घच्घच्याउने छ भन्ने विश्वासका साथ यस विषय र अध्ययन क्षेत्रलाई छनोट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

अध्ययन क्षेत्रका प्रतिनिधिहरूको सामाजिक, आर्थिक, शैक्षिक, वैवाहिक अवस्थाको विस्तृत विवरण लिनको लागि वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने इस्लाम धर्मले महिलाको अवस्थामा पारेको प्रभाव अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । मुसलमान महिलाहरूको समग्र अवस्था पत्ता लगाउन मुसलमान समाज, संस्कृति, धर्मअन्तर्गत रहेर अनुसन्धान गरिएको छ भने मुसलमान समुदायका प्रत्येक सामाजिक एकाइहरू जस्तैः, धर्म, सङ्गठन, विवाह, परिवार नाता, प्रथा चलन आदिले सन्तुलित सामाजिक व्यवस्थाका लागि कसरी काम गरिराखेका छन् भने आंशिक रूपमा प्रकार्यात्मक अनुसन्धान ढाँचा पनि प्रयोग गरिएको छ ।

## ३.३ समग्र र नमुना छनोट

यो अनुसन्धानमा कास्की जिल्ला पोखरा -१३ मा अवस्थित मियापाटनलाई अध्ययन क्षेत्रका रूपमा छनोट गरिएको छ । मियापाटनमा बसोबास गर्ने मुसलमान समुदायका विवाहिता महिलाहरूमात्र उत्तरदाताको रूपमा लिइएको छ । यहाँ मुसलमानहरूका जम्मा ६२ घरधुरी रहेका छन् । ६२ घरधुरीलाई समग्र मानी प्रत्येक घरधुरीबाट एक जना महिलाको अनुपातमा अनुसन्धानका लागि विवाहिता महिलालाई मात्र प्रतिनिधिका रूपमा छनोट गरिएको छ । एकभन्दा बढी महिला रहेको घरधुरीबाट अन्तर्वार्ता दिन इच्छुक तथा सक्षम विवाहित महिलाको पहिचान गरी अन्तर्वार्ताको लागि छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरू

प्रस्तुत अनुसन्धानमा विशेषगरी प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ ।

### प्राथमिक स्रोतहरू

प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि शोधकर्ता आफै अध्ययन क्षेत्रमा गएर अन्तर्वार्तामार्फत प्रश्नावली भरिएको थियो साथै अवलोकन, छलफल विधि अपनाइएको छ । तथ्याङ्कका मुख्य सूचनादाता मियापाटनमा स्थायी बसोबास गरिरहेका मुसलमानहरू रहेका छन् । प्राथमिक स्रोतबाट तत्थ्याङ्कको सङ्कलन गर्दा गुणात्मक र संख्यात्मक तत्थ्याङ्क संकलन गरिएको भएपनि गुणात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिइएको छ ।

**द्वितीय स्रोतहरू**

विभिन्न लेख रचना, पुस्तक प्रकाशन तथा अन्य साहित्य, समीक्षा, नगरपालिका तथा वडा को प्रतिवेदन, स्थानीय मिया टोल विकास संस्था, विद्यालय, सामाजिक तथा प्रशासनिक कार्यालय आदिबाट द्वितीय प्रकृतिका सूचना तथा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्कका सङ्कलनका विधिहरू

अनुसन्धानको विषय, समस्या र उद्देश्यलाई मूल्याङ्कन गर्दै तथ्याङ्क सङ्कलनको लागि निम्न विधिहरू प्रयोग गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता सूची

मुसलमान महिलाहरूको सामाजिक, अवस्था बुझ्नको लागि अुनसन्धानको उद्देश्यमा आधारित भएर विभिन्न प्रकारका प्रश्नहरूको सूचि तयार गरी प्रतिनिधि उत्तरदाताहरूसँग आफै उपस्थित भई अन्तर्वार्ता गरिएको थियो । प्रश्नहरू समस्यासँग केन्द्रित बन्द र खुल्ला प्रकृतिका थिए । उत्तरदातालाई प्रत्यक्ष भेटेर अन्तरर्वार्ता लिई प्रश्नावली भर्ने क्रममा प्रश्नमा समेटिएका विषयवस्तुसँग सम्बन्धित प्राथमिक सूचनाहरू प्रशस्त सङ्कलन गर्न सकिएको थियो । साथै उत्तरदाताको भनाइ, भावना, हाउभाउ, मुख र आँखाको चाल, प्रश्नको उत्तर दिंदाको मनोविज्ञान आदिको समेत अध्ययन गरिएको थियो र यसबाट मुसलमान महिलाहरूको सामाजिक, आर्थिक सांस्कृतिक, लैङ्गिक, शैक्षिक अवस्थाको बारेमा जानकारी लिन सकिएको थियो ।

### ३.५२ लक्षित समूह छलफल

समूह छलफल पोखरा वडा नं. १३ मा अवस्थित मियाबस्तीका मिया आमा समूहका सदस्यहरू, स्थानीय मुस्कान क्लबका सदस्यहरू, मिया टोलविकास संस्थाका प्रतिनिधिहरू, धार्मिक गुरुहरू (हाजी) र मियापाटनमा आवस्थित मौला इस्लामिक प्राथमिक सामुदायिक विद्यालयका शिक्षकहरूको समूहमा छुट्टाछुट्टै छलफल गरिएको थियो । मुसलमान समुदायका महिलाहरू परपुरुषसँग खुलेर, बोल्न नरुचाउने, डर, धाक संकोच मान्ने साथै अन्तर्वार्ता लिनु जाँदा घरका लोग्ने मान्छेहरूले शंकाको दृष्टिले हेर्नेजस्तो असहज वातावरण शुरुका दिनमा देखिएको थियो । यस प्रकारको परिस्थितिलाई तुरुन्तै पहिचान गरी गाउँका जानिफकार व्यक्तिहरू, बूढापाका तथा धर्मगुरुहरूसँग छलफल गरी अनुसन्धानको उद्देश्य बुझाइएको थियो र उहाँहरूसँग सूचना सङ्कलनको लागि स्वीकृति लिइएको थियो । महिलाहरूसँग अन्तर्वार्ता लिन जाँदा एकजना महिलालाई पनि सँगै लैजानुपर्ने उनीहरूको सल्लाहअनुसार एकजना महिलासाथीलाई पनि सँगै

लगिएको थियो । त्यसपछिका दिनमा सूचना सङ्कलन गर्न निकै सहज भएको थियो । समूह छलफलमा अनुसनधानका विषयलाई लिएर विगतमा मुसलमान महिलाहरूको अवस्था कस्तो थियो र वर्तमानमा कस्तो रहेको छ ? मुसलमान धर्मले महिलाहरूलाई कुन स्थानमा राखेको छ ? घर बाहिरका सामाजिक जीवनमा महिलाहरूको उपस्थिति जायज हो कि होइन भन्ने विषयमा छलफल चलाइएको थियो यस प्रकारको छलफलबाट प्रश्नावलीमार्फत प्राप्त गर्न नसकिएका कतिपय महत्त्वपूर्ण सूचना प्राप्त गर्न सकिएको थियो । समूह छलफलले प्रश्नावली भर्न, अन्तर्वार्ता तथा अवलोकनजस्ता अन्य विधि अपनाउन पनि निकै सहजता भएको थियो ।

### ३.५.३ मुख्य सूचनादाता अन्तर्वार्ता

मियापाटन बसोबास गर्ने स्थानीय समाजसेवी, युवा, बूढापाका, शिक्षक, धर्मगुरु आदिको सहभागिता हुने गरी ७ जनाको मुख्य सूचनादाता समूह वनाइएको थियो । मियापाटनका मुसलमानहरूको इतिहास, जन्म, मृत्यु तथा विवाह संस्कार चाडपर्व, धार्मिक, नीति नियम, न्याय, विश्वास आदि विषयमा सूचना प्राप्त गर्न आवश्यकताअनुसार छुट्टाछुट्टै र सामूहिक रूपमा अन्तर्वार्ता लिइएको थियो । उक्त अन्तर्वाताबाट अन्य तथ्याङ्क सङ्कलन विधिहरूबाट प्राप्त गर्न नसकिएका केही महत्त्वपूर्ण सूचनाहरू प्राप्त गर्न सकिएको थियो ।

### ३.५.४ अवलोकन

मुसलमान समुदायको धर्म, संस्कृति, रीतिरिवाज संस्कार आदि बुझ्नका लागि स्थानीय मस्जिदमा आयोजना हुने धार्मिक समारोहमा आफै सहभागी भई अवलोकन गरिएको थियो । २०६८ सालको कार्तिक २१ गते परेको इस्लामिक महान् चाड बकरीदमा मियापाटनका मस्जिदमा मुसलमानहरूको ठूलो जमघट भएको थियो । उक्त जमघटको प्रत्यक्ष अवलोकन गर्ने मौका मिलेको थियो । त्यस्तै प्रत्येक शुक्रबार मस्जिदमा हुने साप्ताहिक प्रार्थनाको पनि अवलोकन गरिएको थियो । प्रत्येक बिहीबार त्यहाँको मियाआमा समूह मस्जिद पछाडिको भवनमा भेला हुने, अल्लाहको पूजा तथा प्रार्थना गर्ने र आमा समूहका गतिविधिहरूको बारेमा पनि छलफल हुँदो रहेछ । उक्त छलफलमा शोधकर्ता आफै सहभागी भई आमा समूहले के कस्ता विषयमा छलफल गर्दा रहेछन् ? उनीहरूको समाजसेवा सामाजिक जीवनप्रतिको धारणा के कस्तो छ ? भनी अवलोकन गरिएको थियो । साथै विभिन्न पेशामा संलग्न मुसलमान महिलाहरूको जनजीविकाको प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अवलोकन गरी समस्या, अवसर र चुनौतीहरूलाई अनुभूत गरिएको थियो । एक-एक वटा विवाह र मृत्यु संस्कारमा पनि सहभागी हुने मौका मिलेको थियो । यी अवलोकनबाट तथ्याङ्क

सङ्कलनका अन्य विधिहरू जस्तैः प्रश्नावली अनुसूची, अन्तरवार्ता समूह छलफल आदिबाट प्राप्त गर्न नसकिएका केही महत्त्वपूर्ण सूचनाहरू पाइएको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

सङ्कलित तथ्याङ्कको विश्लेषणले अध्ययनको वास्तविकता थाहा पाउन सकिन्छ भने प्रस्तुतीकरणले अध्ययनको नतिजालाई सरलीकृत ढङ्गले बुझ्न मद्दत गर्छ । तसर्थ, स्थलगत कार्यबाट सङ्कलन गरिएका तथ्याङ्कलाई प्रशोधन गरी संगठित र वर्गीकृत गरिएको छ । सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्कको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । विश्लेषित तथ्याङ्कलाई आवश्यकताअनुसार वर्णनात्मक व्याख्या गरी निचोड निकालिएको छ । साथै तथ्याङ्कले दिन खोजेको वास्तविकता वा निष्कर्षलाई छिटो छरितो र सजिलो ढङ्गले बुझ्न सकियोस् भनी तालिका, रेखाचित्र, स्तम्भचित्र, वृत्तचित्र आदिबाट तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । तालिका तथा चित्रहरूमा देखाइएका तथ्याङ्कलाई समाजशास्त्रीय दृष्टिकोणबाट व्याख्या विश्लेषण र समीक्षा गर्दै निचोड निकालिएको छ ।

## ३.७. पूर्व परीक्षण

मुसलमान महिलाहरूको सामाजिक आर्थिक अवस्था पत्ता लगाउनको लागि बनाइएको प्रश्नावली अनुसूचिको गुणस्तरीयताको सही मूल्याङ्कन गर्न पोखरा -१३ मियापाटनका ५ जना महिलाहरूसँग अन्तर्वार्ता लिई पूर्व परीक्षणको लागि प्रश्नावली भरिएको थियो । उक्त प्रारम्भिक परीक्षणपश्चात् प्रश्नमा रहेको जटिलता, असान्दर्भिकता र उत्तरको आशय एउटै आउने गरी दोहोरिएका प्रश्नहरूलाई काँटछाँट गरी प्रश्नावलीलाई सरलीकृत, गुणस्तरीय, भरपर्दो र विश्वसनीय बनाइएको थियो ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको सामाजिक, आर्थिक अवस्था

यस खण्डमा अध्ययन केन्द्रित क्षेत्रको भौगोलिक अवस्थिति, सामाजिक संरचना र अध्ययन क्षेज्ञका मुसलमान महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको व्याख्या तथा विश्लेषण गरिएको छ।

## ४.१ अध्ययनकेन्द्रित क्षेत्रको भौगोलिक अवस्थिति

शोधपत्रको अध्ययन क्षेत्रको रूपमा रहेको मियापाटन-कास्की जिल्ला पोखरा उपमहानगरपालिकाको वडा नं. १३ मा अवस्थित छ। प्राचीनकालदेखि मुसलमानहरूको बसोबास रहेकाले यस क्षेत्र मियापाटनको नामले सुपरिचित छ। मियापाटनको भौगोलिक अवस्थिति बताउनु अगाडि कास्की जिल्ला र यसको सदरमुकाम पोखराको भौगोलिक परिचय दिनु सान्दर्भिक हुन जान्छ। कास्की जिल्ला समुद्र सतहबाट ४५० मि. देखि ८०९१ मि.उचाइसम्म रहेको छ। त्यसैले यहाँको धरातल, हावापानी र पर्यावरणमा प्रशस्तै विविधता पाइन्छ। यो जिल्ला २८° ०६' उत्तरदेखि २८° ३६' उत्तरी अक्षांश तथा ८३° ४' देखि ८४° १२' सम्म पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। वर्गाकार रूपमा रहेको यस जिल्लाको औसत लम्बाइ ६३ कि.मि.र चौडाइ ५० कि.मि. रहेको भने कूल क्षेत्रफल २०१७ वर्ग. कि.मि. छ। यस जिल्लामा ४३ गा.वि.स. र २ वटा नगरपालिका छन्। त्यसमध्ये नेपालकै सुन्दर पर्यटकीय नगरीका रूपमा ख्याति कमाएको पोखरा उपमहानगरपालिकामा रहेका १८ वटा वडा मध्ये वडा नं १३ मा अध्ययन केन्द्रित मियापाटन अवस्थित छ। २०१९ साल पौष महिनामा नगरपालिका घोषणा भएको पोखरा उपमहानगरपालिका ८३° ५८' देखि ८०° ०२' पूर्वी देशान्तर र २८° १०' देखि २८° १६' उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ। यस यस उपमहानगरपालिकाको कूल क्षेत्रफल ५५.६६ वर्ग कि.मि. छ तर पोखरा उपत्यकाकाको कूल क्षेत्रफल १२५ वर्ग. कि.मि. रहेको छ। यो समुद्रसतहदेखि ७५० मि. को उचाइमा अवस्थित छ (केन्द्रीय तथ्याङ्क विभाग, २०५८)।

पोखराको केन्द्र पृथ्वीचोक (लखनचोक) देखि करिव ३ कि.मि. दूरीमा पुग्न सकिने मियापाटन पोखराको उत्तरपूर्वी भागमा पर्छ। त्यस्ते पोखराको पूर्वी सिमानाको रूपमा रहेको विजयपुर र त्यहाँदेखि कुँडहर जोड्ने वि.पि. मार्गबाट ३ कि.मि.को दूरीमा यस ठाउँमा पुग्न सकिन्छ। पोखरा-काठमाडौं जोड्ने पृथ्वी राजमार्गबाट १ कि.मि. भन्दा कम दूरीमा रहेको मियापाटन विकासका पूर्वाधारको उपलब्धताको कारणले सुगम मानिन्छ। यहाँदेखि करिब २ कि.मि. पश्चिममा

पश्चिमाञ्चल क्षत्रीय अस्पताल (गण्डकी अस्पताल) रहेको छ । मियापाटनको बीचमा मदरसासहितको एक प्राथमिक विद्यालय छ र नजिकै भद्रकाली उच्च मा.वि. अमरसिंह उच्च मा.वि., कालिका उच्च मा.वि. आदि सरकारी विद्यालय कलेज तथा अन्य निजी विद्यालय पनि छन् । हुन त जनताको उपयोग क्षमता नभएमा वा जनताको आर्थिक सामाजिक अवस्था कमजोर भएमा भौतिक विकासका साधनले उनीहरूको जीवनस्तर उकास्न खासै भूमिका खेल्दैन, तर उपयोग क्षमता भएमा मियापाटनमा विकासका पूर्वाधारहरू जस्तै सडक, विद्युत सञ्चार, स्वास्थ्य आदिको सहज पहुँच रहेको भन्न सकिन्छ ।

## ४.२ अध्ययन केन्द्रित मियापाटनको सामाजिक संरचना

समाजमा रहेका सामाजिक एकाइहरूले प्रकार्यात्मक सम्बन्धले सन्तुलित सामाजिक संरचना बन्दछ । सामाजिक एकाइमा आएको परिवर्तनको तरङ्गले समाजको पूरै संरचनालाई प्रभावित गर्छ ।

विगतमा मियापाटन एकमात्र मुसलमान बस्तीको रूपमा रहेको थियो । उनीहरूका पुर्खाहरूको इमान्दारिता, सीप, मेहनत र बहादुरिताबाट खुशी भई त्यसताकाका चौबीसे राजाहरूमध्ये कास्कीकोट र ठूलाकोटका राजाले पुरस्कारस्वरूप मुसलमानहरूलाई दिएको बिर्ता जमिन नै मियापाटन हो । बयर, काँसधारी, सिस्नोले भरिभराउ रहेको बञ्जर जमिनलाई फाँडेर खनजोत, मलजल गरी मेहनत र पसिनाले सिंचित मलिलो र उर्वर भूमि बनाएका थिए । तर अहिले मियापाटनले मुसलमानहरूको परिचयलाई उच्च स्थानमा राख्दै अन्य जातिहरूको पहिचानलाई पनि आफूमा अटाएको छ । अहिले यस मुसलमानहरूको अलावा ब्राह्मण, क्षत्री, नेवार, गुरुङ्ग, मगर, तामाङ्ग आदि जातजातिको साझा फूलबारीको रूपमा रहेको छ । यहाँ मुसलमानका जम्मा ६२ घरधुरी रहेका छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार कास्की जिल्लाभरिमा १५२५ जना पुरुष र १११७ जना महिला गरी जम्मा मुसलमान जनसङ्ख्या २६४२ रहेको छ । जुन सङ्ख्या कास्की जिल्लाको कूल जनसङ्ख्याको ०.६९ प्रतिशत हुन आउँछ (केन्द्रीय तथ्याङ्क विभाग २०५८) ।

यहाँका मुसलमानहरू ईद, बकरईद, मेराज आदि चाडपर्व मनाउँछन् भने गैह्रमुसलमानहरू दशैं, तिहार, तीज, जनैपूर्णिमा, ल्होसार, बुद्ध पूर्णिमाजस्ता चाडपर्व मान्दछन् । मुसलमान र गैह्रमुसलमानले आफ्ना चाडपर्वमा आफ्नो धर्म इतरका छिमेकीलाई बोलाउने पनि गर्छन् । मुसलमान युवाहरू तिहारमा आफ्ना छिमेकी युवाहरूसँग मिली देउसी भैलो खेल्छन् । दशैंमा आफ्नो टोल छिमेकमा बनाइएका पीङ खेल्छन् र यसलाई आफ्नो धर्म विपरीत भएको ठान्दैनन् ।

अध्ययन क्षेत्रमा पितृसत्तात्मक सामाजिक संरचना र यसको प्रभाव प्रशस्त मात्रामा देख्न पाइन्छ । मुसलमान समुदायको शैक्षिक अवस्था अत्यन्तै कमजोर छ । प्रायजसो केटाकेटीहरू १०-२० वर्षको अवधिभित्रमा विवाह गरिसक्ने भएको कारण उनीहरूले शिक्षा पूरा गर्न सक्दैनन् । प्रायजसो महिलाहरू बच्चा जन्माउने, घरभित्रका काम गर्ने र धर्मका नियमहरू पालन गरेर जीवन बिताउँछन् भने पुरुषहरू वैदेशिक रोजगारीमा जाने वा स्वदेशमै सहरी क्षेत्रमा स-सानो पसल, मोवाइल, घडी, रेडियो, छाता आदि मर्मत गर्ने, चुरा लगायतका शृङ्गारिक वस्तुहरू खरिद बिक्री गर्ने काम गर्छन् । सरकारी सेवा आर्मी, प्रहरी राजनीति आदिमा मुसलमान समुदायको संलग्नता नगन्य छ । आर्थिक मामिलामा महिलाहरू पुरुषसँग निर्भर हुने गर्छन् । पुरानो पुस्ताले कुरआनको कानूनलाई पालना गर्ने नाममा परिवार नियोजन नगरी ठूलो सङ्ख्यामा बच्चा जन्माएको भए पनि नयाँ पुस्ताले यस धारणालाई परिवर्तन गर्दै लगेको छ । नयाँ पुस्तामा सानो परिवार नै सुखी परिवार हो भन्ने धारणा प्रवल हुँदै गएको कुरा अध्ययनबाट थाहा भयो । मुसलमान समुदायभित्र सदियौंदेखि धर्म, सभ्यता वा आदर्शका नाममा महिलामाथि गरिएको विभेदका अवशेषहरू अहिले पनि देख्न, अनुभव गर्न सकिन्छ तथापि नयाँ पुस्तामा देखिएको परिवर्तित, सोचाइ, प्रगतिशील धारणा र समयसापेक्ष व्यावहारिकताको उदय हुँदै गएको कुराको अनुभूति हुन्छ र यसले उनीहरूको सुधारोन्मुख अवस्थाको संकेत गर्दछ । यसमा इस्लाम धर्म मान्ने महिलाहरूको अवस्था, व्यवहार, दृष्टिकोण र धारणालाई अध्ययन गरिएको छ । यसले मियापाटनका मात्र होइन सम्पूर्ण नेपालभरि नै मुसलमान धर्म मान्ने मुसलमान जातिका विवाहित महिलाको अवस्थालाई प्रतिनिधित्व गर्छ ।

## ४.३ महिलाहरूको उमेरगत आधारमा शैक्षिक अवस्था

शिक्षा मानिसको चेतना, ज्ञान र विवेकको पहिलो आधार हो । यसले मानिसलाई आफ्ना काम, कर्तव्य र अधिकारप्रति सचेत गराउँछ । शिक्षाले व्यक्तिलाई अनुशासित र विवेकी बनाउँछ । पुरानो, थोत्रो काम नलाग्ने विचारधारा त्याग्न, असभ्य, रूढिवादी परम्परागत धारणा परिवर्तन गर्न र नवीन प्रगतिशील विचार अपनाउन यसले मद्दत गर्छ । शिक्षा सभ्यताको जननी हो । शिक्षाको विकासविना समाजको सामाजिक आर्थिक, सांस्कृतिक, धार्मिक आदि विकासका आयामहरू अवरुद्ध हुन पुग्छन् ।

पोखरा-१३, मियापाटनमा बसोबास गर्ने मुसलमान महिलाहरूको उमेरगत अवस्थालाई हेर्दा १५-२० वर्ष उमेर समूहका ४ जना, २१-३० वर्ष उमेरसमूहका २० जना, ३१-४० वर्ष उमेर समूहका ११ जना, त्यस्तै ४१-५० वर्षसम्मका ९ जना र ५१ वर्षभन्दा माथिको उमेर समूहका १८


जना गरी कूल ६२ जना विवाहित मुसलमान महिलाहरू समावेश छन् । २१-३० वर्ष उमेर समूहका सबैभन्दा बढी उत्तरदाताहरू ३२.२५ प्रतिशत समावेश छन् ।

**तालिका ४.१ : उत्तरदाता महिलाहरूको उमेरगत आधारमा शैक्षिक अवस्था**

| उमेर समूह | निरक्षर | साक्षर | प्रा.वि. उत्तीर्ण | नि.मा.वि. उत्तीर्ण | मा.वि. अध्ययन | एस.एल.सी पास | प्रमाण पत्र | उच्च | जम्मा % |
|---|---|---|---|---|---|---|---|---|---|
| १०-२० | - | - | 1 | - | - | 1 | 2 | - | 4<br>6=45 |
| २१-३० | - | 1 | 6 | 8 | 1 | 2 | 1 | 1 | 20<br>32=25 |
| ३१-४० | 2 | - | 5 | 3 | 1 | - | - | - | 11<br>17=74 |
| ४१-५० | 6 | 3 | - | - | - | - | - | - | 9<br>14==51 |
| ५१ माथि | 11 | 6 | 1 | - | - | - | - | - | 18<br>29=03 |
| जम्मा प्रतिशत | 19<br>30=64 | 10<br>16=12 | 13<br>20=96 | 11<br>17=74 | 2<br>3=22 | 3<br>4=83 | 3<br>4=83 | 1=9 | 62<br>100 |

**स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।**

यस तालिकामा निरक्षर महिला ३०.६४ प्रतिशत छन् भने सामान्य लेखपढ गर्न जान्ने साक्षर महिलाहरू १६.१२ प्रतिशत छन् । औपचारिक शिक्षा लिएका महिलामध्ये सबैभन्दा बढी प्रा.वि. (१-५) उत्तीर्ण महिलाहरू २०.९६ प्रतिशत छन् । नि.मा.वि. तह अर्थात् ८ कक्षा उत्तीर्ण गरेका महिलाहरू १७.७४ प्रतिशत छन् । मा.वि. अध्ययन गरेका तर एस.एल.सी पास गर्न नसकेका महिला ३.२ प्रतिशत भने एस.एल.सी पास ४.८३ प्रतिशत, प्रमाणपत्र तह पास ४.८३ प्रतिशत र उच्च शिक्षा अध्ययन गरेका १.६१ प्रतिशत महिलाहरू छन् ।




**चित्र ४.१ : महिलाहरूको उमेरगत शैक्षिक अवस्था**

चित्र ४.१ मा उमेर बढ्दै जाँदा निरक्षरताको आकार पनि बढ्दै गएको देखिन्छ । जम्मा ६२ जना उत्तरदातामध्ये १ जनाले मात्र उच्च शिक्षा अध्ययन गरेको देखिन्छ । ३ जनाले प्रमाणपत्र र ३ जनाले नै एस.एल.सी.उत्तीर्ण गरेका छन् भने मा.वि. तहको शिक्षा अध्ययन गरेका २ जना छन् । सबै भन्दा बढी अर्थात् १९ जना महिलाहरू निरक्षर छन् ।

यस अध्ययनबाट समग्र मुसलमान महिलाहरूको शैक्षिक स्तरलाई चित्रण गर्न सकिन्छ । ४० वर्षमाथिका अधिकांश महिलाहरू निरक्षर छन् भने ४० वर्षभन्दा कम उमेर समूहका महिलाहरूको शिक्षा पनि अधुरो छ उनीहरू प्रा.वि. वा नि.मा.वि. तहसम्म अध्ययन गरेका छन् । उनीहरूको सानै उमेरमा अध्ययन गर्दै गरेको अवस्थामा विवाह हुने भएकाले र विवाहपश्चात् शिक्षा निरन्तरताको कुनै अवसर प्राप्त गर्न नपाउने भएकाले नै उनीहरूको शिक्षामा पूर्ण विराम लागेको देखिन्छ । सदरमुकामको केन्द्रमा रहेको मियापाटन मुसलमान महिलाहरूको शैक्षिक अवस्था अति कमजोर देखिनुले नेपालको दुर्गम ग्रामीण भेगमा बसोबास गर्ने अन्य मुसलमान महिलाहरूको शैक्षिक अवस्था शोचनीय छ भन्ने कुराको संकेत यस अध्ययनले दिन्छ ।

## ४.४ महिलाहरूको वैवाहिक स्थिति

विवाह एक महत्त्वपूर्ण सामाजिक संस्था हो । धार्मिक, सांस्कृतिक वा कानूनी विधि वा नियम पूरा गरी दुई विपरीत लिङ्ग (महिला, पुरुष) बीचको सम्बन्ध स्थापना हुनुलाई विवाह भनिन्छ । यो

मानव जीवनको महत्त्वपूर्ण घटना हो । विवाहपश्चात् लोग्ने स्वास्नी बीच यौन इच्छा आकांक्षा पूरा गर्न, बच्चा जन्माउन तथा परिवारको निर्माण गर्नको लागि समाज, संस्कृति, धर्म र कानूनले वैधानिकता दिन्छ ।


मुसलमान महिलाहरूको विवाहपश्चात्को अवस्था कस्तो छ भनी गरिएको अध्ययन मा ८२.२५ प्रतिशत महिलाहरू श्रीमान्सँगै रहेको अवस्था देखियो भने ८.०६ प्रतिशत महिलाहरू श्रीमान्सँग सम्बन्धविच्छेद भई बसेको र ९.६७ प्रतिशत महिलाहरू विधवा भई एकल जीवन बिताइरहेका अवस्था देखिन्छ ।

**तालिका ४.२ : महिलाहरूको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | उत्तरदाता | प्रतिशत (%) |
|---|---|---|
| श्रीमान्सँगै बसेको | 51 | 82=25 |
| सम्बन्ध विच्छेद | 5 | 8=06 |
| विधवा | 6 | 9=67 |
| जम्मा | 62 | 100 |

**स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।**

तालिकाअनुसार ६२ जना विवाहित मुसलमान महिलाहरूमध्ये ८.०६ प्रतिशतको वैवाहिक जीवन सफल हुन नसकेको कारण सम्बन्ध विच्छेद भई एकल जीवन बिताइरहेको अवस्थामा छन् । सम्बन्ध विच्छेद भएका ५ जना महिलालाई सम्बन्ध विच्छेदको कुरा पहिलो श्रीमान् र श्रीमतीमध्ये कसले उठायो भनी गरिएको प्रश्नमा ४ जना महिलाले श्रीमान्द्वारा सम्बन्ध विच्छेद पाएको र १ जनाले आफैले श्रीमान्सँग पारपाचुकेको मागेको बताए ।




**चित्र ४.२ : मुसलमान महिलाहरूको वैवाहिक स्थिति**

इस्लाम धार्मिक कानूनअनुसार श्रीमानका् मृत्यु भएमा मृत्यु भएको दिनदेखि ४ महिना १० दिनसम्म श्रीमतीले अर्को विवाह गर्नु हुँदैन र त्यस अवधिसम्म कुनै किसिमको शृङ्गार गर्नुहुँदैन तर ४ महिना १० दिनको अवधि समाप्तिपश्चात् विधवा महिलाले पुनर्विवाह गर्न चाहेमा कुनै पाप लाग्ने छैन भनी उल्लेख गरिएको छ तर अध्ययनमा कूल उत्तरदातामध्ये ९.६७ प्रतिशत महिलाहरू विधवा रहेका छन् । विधवा विवाहप्रति इस्लाम धर्म लचिलो देखिए तापनि श्रीमान्को मृत्युपश्चात् साना छोराछोरी पाल्ने, हुर्काउने, पूरै जिम्मेवारी आमाले लिनुपर्ने र छोराछोरीको भविष्य र पालनपोषणप्रति गैह्र जिम्मेवार बनेर पुनर्विवाह गर्न नमिल्ने धारणा विधवा महिलाहरूले व्यक्त गरे । अन्य धार्मिक समुदायको तुलनामा इस्लाम धर्ममा धारणागत रूपमा विधवा विवाहलाई स्वीकार गरिएको भए पनि व्यावहारिक रूपमा विधवा विवाह गर्न सहज नभएको तथ्य अध्ययनले बताउँछ ।

इस्लाम धर्मले सम्बन्ध विच्छेदलाई अति सजिलोसँग व्याख्या गरेको छ । यस समुदायमा पति-पत्नीमध्ये कुनै एकले ३ पटक तलाक भनेमा र त्यो कुरा मस्जिदको नाइके समक्ष “सचेत अवस्थामा नै भनेको हुँ” भनी स्पष्टीकरण दिएमा स्वतः सम्बन्ध विच्छेद हुन्छ । यस अध्ययनमा कूलमध्ये ८.०६ % महिलाहरू सम्बन्ध विच्छेद भएका छन् भने ती मध्ये २० प्रतिशत महिलाले आफूले सम्बन्ध विच्छेदको कुरा उठाएको र ८० प्रतिशतले श्रीमान्द्वारा सम्बन्ध

विच्छेद पाएको बताए यस तथ्यबाट पारपाचुकेको अधिकार उपायोग क्षमता महिलाहरूमा न्यून रहेको थाहा हुन्छ ।

## ४.५ मुसलमान महिलाको विवाहको समयमा शिक्षाको स्तर

शिक्षा, सीप, तालिम लिई आत्मनिर्भर भएर विवाह गरेमा त्यस्ता व्यक्तिको दाम्पत्य जीवन सहज र सफल हुन्छ । आजको युगमा शिक्षा जीवन र जीविका दुवैको लागि अपरिहार्य हुने गर्छ । एउटा व्यक्तिले पढ्दै जाँदा शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक रूपले पनि परिपक्क हुँदै जान्छ । यसरी शिक्षा, सीप हासिल गरी रोजगारी प्राप्त गरेको वा प्राप्त गर्ने सम्भावना रहेको व्यक्तिले उपयुक्त उमेरमा विवाह गर्दा विवाह पश्चात्को जीवन सुखी र आनन्ददायी हुन्छ तर मुसलमान समुदायका महिलाहरूको विवाहको उमेरमा हासिल गरेको शिक्षाको स्तर ज्यादै न्यून देखिन्छ । कूल ६२ जना उत्तरदातामध्ये ३५.४८ प्रतिशत महिलाहरू विवाहको समयमा निरक्षर थिए त्यस्तै सामान्य लेखपढ गर्न जान्ने महिलाहरू ११.२९ प्रतिशत थिए । एस.एल.सी.भन्दा कम औपचारिक शिक्षा लिई विवाह, गर्ने महिलाको सङ्ख्या ४१.३३ प्रतिशत छन् । एस.एल.सी.पास गरी विवाह गर्ने महिला ४.८३ प्रतिशत, प्रमाणपत्र पासपश्चात् विवाह गर्ने महिला पनि ४.८३ प्रतिशत नै छन्, त्यस्तै उच्च शिक्षा पास गरेर विवाह गर्ने महिला १ जना मात्र छिन् । यस तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी अझ प्रष्ट पार्न खोजिएको छ ।


**तालिका ४.३ : मुसलमान महिलाहरूको विवाहको समयमा शिक्षाको स्तर**

| शिक्षाको स्तर | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| निरक्षर | 22 | 35=48 |
| साक्षर | 7 | 11=29 |
| एस.एल.सी. भन्दा कम | 26 | 41=93 |
| एस.एल.सी. पास | 3 | 4=83 |
| प्रमाणपत्र पास | 3 | 4=83 |
| उच्च शिक्षा | 1 | 1=61 |
| **जम्मा** | **62** | **100** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।**

यस तालिका र तालिका नं ४.१ लाई तुलना गरी हेर्दा उत्तरदाता महिलाहरूको विवाहको समयमा शिक्षाको स्तर र अहिलेको शिक्षाको स्तरमा खासै अन्तर देखिदैन । विवाहअगाडि २२ जना

महिलाहरू निरक्षर रहेको मा विवाहपश्चात् सामान्य लेखपढ गर्न सिकेर ३ जना साक्षर बनेको देखिन्छ । सबैभन्दा बढी सङ्ख्या एस.एल.सी.भन्दा काम शिक्षा हासिल गरेका महिलाहरू छन् । त्यसमध्येमा पनि औपचारिक शिक्षा लिएका मुसलमान महिलाहरूमा ५ कक्षासम्मको शिक्षा पूरा गरेका महिलाहरूको सङ्ख्या उच्च रहेको छ ।




**चित्र ४.३ : विवाहको समयमा शिक्षाको स्तर**

माथिको चित्रसँग चित्र ४.१ तुलना गरेर हेर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने मुसलमान महिलाहरूले विवाहपश्चात् पढ्न पाउने अवसर शून्य प्राय छ । उनीहरूको विवाह सानै उमेरमा हुन्छ । प्रा.वि. वा नि.मा.वि. तहमा अध्ययन गरिरहेको अवस्थामा उनीहरूको विवाह हुन जान्छ र विवाहपश्चात् उनीहरू आफ्नो शिक्षालाई निरन्तरता दिन पाउँदैनन् । विवाहपछि उनीहरू कम उमेरमै गर्भवती हुन्छन्, बच्चा जन्माउने, हुर्काउने र घरभित्रको बोझिलो कामधन्दाको चापले गर्दा विवाहअघि हासिल गरेको अलिकति शिक्षा पनि प्रयोगहीन भएर जान्छ । त्यसलाई उनीहरू बिर्सदै जान्छन् । उनीहरू शिक्षाको उपयोगिता, मूल्य र महत्त्वको अनुभव गर्न पाउँदैनन् फलस्वरूप उनीहरू आफ्ना सन्तान विशेषतः छोरीहरूको पढाइप्रति पनि खासै उत्सुक हुँदैनन् ।

## ४.६ वैवाहिक उमेरको अवस्था

उपयुक्त उमेरमा गरिएको विवाहबाट शिक्षा, स्वास्थ्य, आत्मनिर्भरता सुखद तथा गुणस्तरीय जीवन प्राप्त गर्न व्यक्तिलाई सहज हुन्छ । यसले जीवनमा आत्मसम्मान र आत्मविश्वास पनि

बढाउँछ भने कम उमेरमा गरिएको विवाहले जीवन न्यून गुणस्तरीय बन्न जान्छ । त्यसैले वैवाहिक उमेरको अध्ययनबाट मानिसको विवाहपश्चात्को जीवनवृत्ति र अवस्थाबारे अनुमान गर्न सकिन्छ ।

उत्तरदाता सबै महिलाहरू विवाहित छन् । उनीहरूको विवाह हुँदाको उमेर तालिकामा देखाइएअनुसार रहेको छ ।


**तालिका ४.४: वैवाहिक उमेरको अवस्था**

| विवाहको उमेर (वर्ष) | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| १५ भन्दा कम | 25 | 40=32 |
| १५-२० | 30 | 48=38 |
| २१-२५ | 6 | 9=67 |
| २५ भन्दा माथि | 1 | 1=61 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत अध्ययन, २०६८ ।

तालिकाअनुसार ४०.३२ प्रतिशत महिलाहरूको विवाह १५ वर्षभन्दा कम उमेरमा भएको छ । सबैभन्दा बढी अर्थात् ४८.३८ प्रतिशत उत्तरदाताको विवाह १५ देखि २० वर्षको उमेरमा भएको अवस्था छ भने २१-२५ वर्षको उमेर समूहमा विवाह हुने उत्तरदाता ९.६७ प्रतिशत छन् त्यस्तै २५ वर्षमाथि विवाह हुने महिला १ जना अर्थात् कूल उत्तरदातामध्ये १.६१ प्रतिशत मात्र रहेको छ ८८.७० प्रतिशत मुसलमान महिलाहरूको विवाह २० वर्ष वा त्यसभन्दा कम उमेरमा भैसकेको थियो । त्यस्तै ११.२९ प्रतिशत महिलाहरूको विवाह २० वर्षभन्दा माथिको उमेरमा भएको पाइयो ।

मुसलमान महिलाहरूको वैवाहिक उमेरको अवस्थालाई अझ प्रस्टसँग बुझ्नको लागि तथ्याङ्लाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।




**चित्र ४.४ : मुसलमान महिलाहरूको वैवाहिक उमेरको अवस्था**

चित्र ४.४ अनुसार मुसलमान समुदायमा छोरीलाई कम उमेरमा विवाह गरिदिने चलन देखिन्छ । मुसलमान महिलाहरूको शिक्षाको स्तर, कमजोर देखिनुको मुख्य कारण उनीहरूको कम उमेरमा विवाह हुनु हो । अध्ययनबाट ४०.३२ प्रतिशत महिलाहरूको विवाह १५ वर्षभन्दा कम उमेरमा भएको छ यसबाट मुसलमान समुदायमा बाल विवाहको प्रचलन रहेको थाहा हुन्छ । खेल्ने, पढ्ने र बावुआमाको माया ममता पाउनु पर्ने कलिलो र संवेदनशील उमेरमा विवाह हुँदा उनीहरूको विवाहपश्चात्को जीवन अत्यन्तै कष्टकर हुने गर्छ । यसले महिलाहरूको शारीरिक, मानसिक, संवेगात्मक साथै सामाजिक विकासमा प्रतिकूल प्रभाव पार्दछ । सानो उमेरमा विवाह हुँदा उनीहरू आफ्नो उपयुक्त जोडी छनोट गर्न सक्दैनन् त्यसले गर्दा वैवाहिक जीवनमा विखण्डन आउने सम्भावना प्रबल हुन्छ । बावुआमाले छोरीलाई पढाउनः सीप तालिम दिएर सक्षम नागरीक बनाउनुको सट्टा अर्काको नासोको रूपमा हेर्ने गर्छन् । त्यसैअनुसार छोरीलाई सामाजिकीकरण गर्दै हुर्काउँछन् । उनीहरू छोरीलाई सानै उमेरमा विवाह गरेर आफ्ना सन्तानप्रतिको दायित्वबाट पन्छिने गर्छन् । मुसलमान धर्मअनुसार एउटै आमाको दूध चुसेका सन्तानबाहेक अन्यसँग विवाह गर्न हुन्छ । अरू धार्मिक समुदायमा जस्तो यसमा जात, थर नाता मिलाउनु पर्दैन । आफ्नो समुदाय भित्रको नजिकको नाताभित्र विवाहवारी चल्ने भएकाले छोरीको विवाहका लागि केटा खोज्न टाढा जानु पर्दैन त्यसैले अभिभावकहरू छोराछोरीलाई कम उमेरमा विवाह गर्न सजिलो मान्छन् र अर्काको नासो बुझाएर ढुक्क भएको ठान्छन् ।

## ४.७ विवाहको प्रकार

नेपालका विभिन्न जाति तथा समुदायमा अनेक प्रकारका विवाह प्रचलित रहेको पाइन्छ । तर यस अध्ययनबाट मुसलमान समुदायमा मागी विवाह र प्रेम विवाह गरी २ प्रकारका विवाहपद्धति प्रचलनमा रहेको पाइयो यस बाहेक उत्तर दाताहरूले कानूनी वा अन्य प्रकारका विवाह गरेको भेटिएन । उत्तरदाताहरूमध्ये ६७.६४ प्रतिशतले मागी विवाह गरेका थिए भने ३२.२५ प्रतिशत महिलाहरूले प्रेम विवाह गरेका थिए ।

**तालिका ४.५ : विवाहको प्रकार**

| विवाहको प्रकार | उत्तरदाता | प्रतिशत (%) |
|---|---|---|
| मागी विवाह | 42 | 67=74 |
| प्रेम विवाह | 20 | 32=25 |
| जम्मा | 62 | 100 |

स्रोतः स्थलगत अध्ययन, २०६८ ।

तालिकाअनुसार करिब एक तिहाइ महिलाहरूले आफूले प्रेम विवाह गरेको बताएका छन् भने करीब दुई तिहाइ महिलाहरूले मागी विवाह गरेका छन् । यसबाट मुसलमान समुदायमा प्रेम विवाहको प्रचलन बढ्दै गएको संकेत हुन्छ, तर यस अगाडि प्रस्तुत गरिएका तथ्याङ्कबाट अधिकांश मुसलमान महिलाहरूको विवाह किशोर अवस्था पार नगर्दै हुने तथ्य जानकारी भैसकेको छ । तसर्थ यहाँ प्रेमविवाह गरेको दावी गर्ने उत्तरदाता महिलाहरूले आफ्नो विवाहित जोडीसँग सचेततापूर्वक परिपक्क रूपमा प्रेम गरी त्यसलाई विवाहको रूपमा परिणत गरेको कुरालाई पूर्ण रूपमा विश्वास गर्न सकिंदैन । किशोर अवस्थामा देखिने हर्मोनले परिवर्तनको फलस्वरूप देखिने विपरीतलिङ्गीप्रतिको क्षणिक आकर्षण (Infatuation) को परिणाम स्वरूप प्रेम विवाह हुन पुगेको कुरा अनुमान गर्न सकिन्छ । त्यसो त कतिपय अभिभावकहरूले आफ्ना छोरा छोरीले छिट्टै आफ्नो जोडी छनोट गरेमा र छिट्टै विवाह भएमा विवाहमा लाग्ने खर्चबाट जोगिने साथै अभिभावकको दायित्व पनि पूरा हुने मनसायले आफ्ना छोराछोरीले प्रेम गरून भन्ने मनसाय राख्ने गरेको पाइयो । अध्ययनको क्रममा केही त्यस्ता महिलाहरू थिए, जुन विवाहपूर्व मुसलमान इतरको धर्म मान्दथे । तिनीहरूले मुसलमान युवकहरूलाई प्रेम गरे र विवाह भन्दा पहिले उनीहरू आफ्नो धर्मलाई परिवर्तन गरी मुसलमान बने । पछि मुसलमान युवकसँग विवाह गरे किनकि मुसलमान धर्मअनुसार अन्य धर्म मान्ने व्यक्तिहरूले

विधिपूर्वक धर्म परिवर्तन गरेपछि मात्र मुसलमानसँग विवाह गर्न मिल्छ । यस अध्ययनबाट नेपालमा रहेका अन्य समुदायमा जस्तैः मुसलमान समुदायमा पनि प्रेम विवाहप्रतिको आकर्षण बढ्दै गएको संकेत मिल्छ ।

## ४.८ मुसलमान महिलाहरूको ईच्छित विवाहको अवस्था

विवाह मानव जीवनको सम्वेदनशील र महत्त्वपूर्ण घटना हो । उमेर पुगेका सबै व्यक्तिहरूलाई आफ्नो विवाह गर्ने वा नगर्ने कुराको निर्णय गर्ने स्वतन्त्रता ऊ आफैंसँग हुन्छ । उपयुक्त जोडी छनोट गर्ने स्वतन्त्रता ऊ आफैसँग हुन्छ । उपयुक्त जोडी छनोट गर्ने व्यक्तिगत स्वतन्त्रता हुन्छन् । यो हरेक व्यक्तिको नैसर्गिक अधिकार हो । कसैलाई पनि बलजफती विवाह गराइदिन पाइँदैन भने उमेर पुगिसकेर गरेको इच्छित विवाहलाई बलजफती छुटाउन पनि पाइँदैन यसो गर्नु कानूनको दृष्टिमा अपराध हो । उत्तरदाता महिलाहरूलाई तपाईको विवाह इच्छाअनुसार भएको हो वा करकापले भएको हो ? भनी गरिएको प्रश्नमा उनीहरूको इच्छित, अनिच्छित विवाहको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ : मुसलमान महिलाहरूको इच्छित अनिच्छित विवाहको अवस्था**

| विवाह मञ्जूरी | उत्तरदाता | प्रशितशत (%) |
|---|---|---|
| इच्छित विवाह | 48 | 77=41 |
| अनिच्छित विवाह | 14 | 22=58 |
| जम्मा | 62 | 100 |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार कुल उत्तरदातामध्ये ७७.४१ प्रतिशत महिलाहरूले आफ्नो विवाह इच्छाअनुसार नै भएको विचार व्यक्त गरे भने १४ जना अर्थात् २२.५८ प्रतिशत उत्तरदाताले आफूले इच्छा विपरीत करकापमा विवाह गर्न बाध्य भएको बताए । यस तथ्यले मुसलमान समुदायको मात्र होइन कि नेपाली महिलाहरूको विवाह मञ्जुरीको अवस्थालाई प्रतिनिधित्व गर्छु । छोरीहरूलाई उनीहरूको इच्छा विपरीत बलजफती विवाह गरी दान दिएको गाई जस्तो लोग्नेको घरमा पठाउने चलनमा अझै पनि सुधार आउन सकेको छैन । मुसलमान समुदायका छोरीहरूलाई अभिभावकले छिटो विवाह गरिदिनको लागि त्यसैअनुसार सामाजिकीकरण गर्दै हुर्काएका हुन्छन् । त्यसैले महिलाहरू आफ्नो जुनी नै यस्तै वा भाग्यले यस्तै पारेको वा अल्लाहको मर्जी यस्तै थियो भनी

भाग्यको साहारा लिन्छन् र खुलेरनी अनिश्चित विवाह हो भनी बताउन सक्दैनन् । त्यसैले यस तथ्याङ्क प्राप्त गर्न शोधकर्तालाई अप्रत्यक्ष ढंगबाट घुमाउरो र अलि लामो कुराकानी गरी सत्य तथ्य कुरा पत्ता लगाउनु परेको थियो ।

### ४.८.१ अनिच्छित विवाह गर्न पुगेका महिलाहरूको धारणा


आफ्नो मञ्जुरीविना बलजफती विवाह गर्न पुगेका उत्तरदाताले विवाह गर्न नचाहेको कारण तालिका अनुसार रहेको छ ।

**तालिका ४.७ : अनिच्छित विवाह गर्न पुगेका महिलाहरूको धारणा**

| विवाह गर्न नचाहेको कारण | उत्तरदाता | प्रतिशत (%) |
|---|---|---|
| उमेर कम थियो | 9 | 64=28 |
| अझै पढ्ने इच्छा थियो | 2 | 14=28 |
| आत्मनिर्भर हुने चाहना थियो | 1 | 7=14 |
| अन्य | 2 | 14=28 |
| जम्मा | 14 | 100 |

स्रोतः  स्थलगत सर्वेक्षण २०६८ ।

करकापले विवाह गर्न पुगेका कूल १४ जना उत्तरदातामध्ये ६४.२८ प्रतिशतले विवाह गर्ने समयमा आफ्नो कम उमेर थियो, त्यसैले त्यस समयमा विवाह गर्न इच्छा थिएन भन्ने धारणा व्यक्त गरेका छन् । १४.२८ प्रतिशतले उत्तरदाताले पढाइ अधुरो थियो । त्यसैले अझ बढी पढ्ने चाहना थियो भन्ने विचार व्यक्त गरेका छन् । ७.१४ प्रतिशत उत्तरदाताले आत्मनिर्भर भएपछि विवाह गर्ने इच्छा थियो भन्ने धारणा राखेका छन् भने १४.२८ प्रतिशत उत्तरदाताले अन्य कारणहरू बताएका छन् । यस तथ्याङ्कलाई अझ प्रष्ट पार्न चित्रमार्फत प्रस्तुत गरिएको छ ।




**चित्र ४.५ : अनिच्छित विवाह गर्न पुगेका महिलाहरूको धारणा**

मुसलमान समुदायका महिलाहरूको कम उमेरमा विवाह हुनु लैङ्गिक विकासको प्रमुख बाधकका रूपमा रहेको पाइन्छ । कम उमेरमा विवाहबन्धनमा बाँधिन पुग्दा महिलाहरूले व्यक्तित्व विकासका अवसरहरूको उपभोग गर्न पाउँदैनन् । उनीहरूको शिक्षा अधुरो रहन्छ । खेल्ने, पढ्ने उमेरमा छोरा छोरी जन्माउने हुर्काउने गर्दा उनीहरूको शारीरिक एवम् मानसिक स्वाथ्यमा नकरात्मक असर पर्छ, साथै असमयमै व्यावहारिक बोझ थपिन्छ । उनीहरूको निर्णय क्षमता कमजोर हुन जान्छ । धर्म, संस्कृति परम्परा र संस्कारमा महिला विभेदका प्रथा र रूढिवादी चलनहरू उनीहरूमाथि थोपरिरहन्छन् । त्यसप्रति उनीहरू विद्रोह गर्न सक्दैनन् र लैङ्गिक विभेदको जाँतामा पिसिन्छन् ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने महिलाको कम उमेरमा विवाह हुँदा लैङ्गिक विकास र महिला सशक्तीकरणका सबै ढोका बन्द हुन पुग्छन् । यो समस्या केवल मुसलमान समुदायको मात्र समस्या होईन । यसले आम नेपाली महिलाहरूको अवस्थालाई चित्रण गर्छ । तसर्थ, यस समस्याको निराकरणका लागि सरकारी गैह्रसरकारी निजी सबै सरोकारवाला निकायको ध्यान केन्द्रित हुनुपर्छ साथै बालविवाह विरुद्धको कानूनलाई कडाईका साथ व्यवहारमा लागू गरिनु पर्छ ।

## ४.९ विवाहअगाडि श्रीमान्सँगको परिचयको अवस्था

विवाहअघि केटा-केटीका बीच आपसमा चिनजान बोलचाल भई एक अर्काको भावना, धारणा, लक्ष आदि बुझेर दुवैको समझदारी र हार्दिकताका साथ विवाह भएमा त्यस्तो विवाह टिकाउ, चिरस्थायी हुने सम्भावना बढी हुन्छ भने विवाहपश्चात पति पत्नी बीचको सम्बन्ध पनि सुमधुर हुन्छ ।


मुसलमान महिलाहरूलाई विवाहअगाडि केटाकेटीका बीच परिचय कुराकानी र एकले अर्कोको भावना बुझ्ने मौका के कति प्राप्त हुँदो रहेछ भनी गरिएको अध्ययनमा प्राप्त भएको आँकडालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ विवाह अगाडि श्रीमान्सँग चिनजान बोलचाल र परिचय गर्न पाएको अवस्था**

| परिचयको अवस्था | उत्तरदाता | प्रशितशत (%) |
|---|---|---|
| राम्रो चिनजान र बोलचाल भएको | 21 | 33=80 |
| सामान्य चिनजान र बोलचाल | 9 | 14=51 |
| देखभेट भएको तर बोलचाल भएको | 9 | 14=51 |
| देखभेट र बोलचाल दुवै नभएको | 23 | 37=09 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार कूल उत्तरदातामध्ये ३७.०९ प्रतिशतले आफ्नो विवाह हुँदा विवाहको उम्मेदवार केटासँग कुनै बोलचाल र देखभेट नै नभई विवाह भएको कुरा व्यक्त गरेका छन् । राम्रो चिनजान र बोलचाल भई विवाह भएका महिलाहरू ३३.८० प्रतिशत छन् । त्यस्तै सामान्य चिनजान र बोलचाल भएको थियो र देखभेट भयो, तर विवाह अगाडि कुनै बोलचाल भएन भनी उत्तर दिने उत्तरदाता महिला समान छन् । अर्थात् दुवैको बराबर १४.५१ प्रतिसत रहेको छ । यस तथ्यलाई अझ प्रष्ट पार्न तालिकामा प्रस्तुत गरिएका आँकडालाई चित्रमार्फत देखाइएको छ ।




**चित्र ४.६ : विवाहअगाडि श्रीमान्सँग परिचय र बोलचाल गर्न पाएको अवस्था**

मुसलमान समुदायमा महिलालाई विवाहपूर्व जीवन साथीको उम्मेदवारको रूपमा रहेको केटासँग बोलचाल गर्ने, भावना साटासाट गर्ने, एक अर्कालाई बुझ्ने अवसर कमैमात्र प्राप्त हुँदो रहेछ भन्ने कुरा चित्रको अध्ययनबाट थाहा हुन्छ । महिलाहरू कहिल्यै नदेखेको, नबोलेको तथा आनीवानीसँग परिचित नभएको अपरिचित पराया मानिससँग जान र उसलाई श्रीमान् मानेर आफूले श्रीमतीको सबै भूमिका पूरा गर्न बाध्य छन् ।

अभिभावकहरू छोरीका लागि असल जीवनसाथी खोज्नुभन्दा पनि आफ्नो लागि ज्वाइँ खोज्ने कुरालाई प्राथमिकता दिन्छन् । त्यसैले उनीहरूले नै केटा रोज्छन् र आफूलाई मनपरे छोरीलाई सोध्नु, देखाउनु पर्ने ठान्दैनन् । यसले मुसलमानविशेषको मात्र होइन कि पूरै नेपाली समाजको प्रतिनिधित्व गर्छ, तर पछिल्लो समयमा विकसित हुँदै गइरहेको प्रेमविवाहले यस समस्यालाई केही हदसम्म समाधान गरेको पाइन्छ तालिका नं ४.५ मा प्रस्तुत भएको विवाहको प्रकारमा २० जनाले आफ्नो प्रेम विवाह भएको धारणा व्यक्त गरेका छन् भने यस तालिका ४.८ मा २३ जना महिलाले विवाहपूर्व आफ्नो वैवाहिक जोडिसँग राम्रो चिनापर्ची, बोलचाल र भावनाको आदान प्रदान भएपछि मात्र विवाह भएको बताएका छन्

अहिले नेपाली समाजमा विवाहका उम्मेदवार केटा केटीलाई विवाहको निर्णय गर्नुअगाडि केही बेर एकान्तमा बसालेर केहीवेर वार्तालाप गराउने र विवाहको स्वीकृती लिने औपचारिकता पूरा गर्ने चलन देखिन्छ । यस्तो चलनमा पनि केटाको भूमिका बढी सक्रिय हुन्छ भने केटीको भूमिका

प्रायः निस्क्रय हुन्छ यदि केटाले मन परायो भने केटीको अभिभावकको दवावमा मन पराउनुपर्ने बाध्यताले हुन्छ । यसलाई पितृसत्ताको भाषामा 'केटी हेर्ने चलन' पनि भनिन्छ । यस प्रकारको चलनको अभ्यास मुसलमान समुदायले पनि गर्न थालेको पाइन्छ ।

## ४.१० मुसलमान समुदायमा बहुपत्नी विवाहको अवस्था

इस्लामिक धार्मिक ग्रन्थ कुरआनले पुरुषलाई ४ ओटासम्म पत्नी विवाह गर्न पाउने अधिकार दिएको छ । त्यसैले मुसलमान समुदायमा बहुपत्नी विवाहको चलन पाइन्छ । उत्तरदाताका श्रीमान्ले एकल पत्नी वा बहुपत्नी विवाह गरेका छन् भनी गरिएको अध्ययनमा कुल ६२ जना उत्तरदाता मुसलमान महिलामध्ये ५० जना अर्थात् ८०.६४ प्रतिशत उत्तरदाताका श्रीमान्ले एक पत्नी विवाह गरेको र १९.३५ प्रतिशत उत्तरदाताका श्रीमान्ले बहुपत्नी विवाह गरेको पाइयो ।

**तालिका ४.९ : मुसलमान समुदायमा बहुपत्नी विवाहको अवस्था**

| विवाहको प्रकार | उत्तरदाता | प्रशिशत (%) |
|---|---|---|
| एकलपत्नी विवाह | 50 | 80=64 |
| बहुपत्नी विवाह | 12 | 19=35 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकाअनुसार १९.३५ प्रतिशत उत्तरदाताका श्रीमान्ले कुरआनको अधिकारलाई उपभोग गरी बहुपत्नी विवाह गरेको पाइन्छ । कतिपय इस्लामिक देशहरूमा कुरआनको यस कानूनलाई दुरूपयोग गरी एकजना पुरुषले कुरआनले तोके भन्दा पनि कैयौ गुणा पत्नी राख्ने चलन रहेको पाइन्छ । साउदी अरब लगायतका मुसलमान राष्ट्रमा लोग्नेले वस्तुसरह श्रीमती खरिद गर्ने चलन छ । त्यहाँ धन हुनेले कैयौं श्रीमती खरिद गरेर राख्न सक्छ भने धन नहुने गरीबले श्रीमती विहीन भएर जीवन बिताउनु पर्ने अवस्था छ । नेपाली मुसलमानहरूको बहुविवाहको अवस्थालाई अध्ययन गर्दा इस्लामिक देशको तुलनामा सन्तोषजनक देखिए तापनि नेपालकै अन्य जातीय समुदायको तुलनामा बहुविवाहको स्थिति उच्च रहेको छ ।

इस्लाम समुदायमा प्रायः कुरआन प्रदत्त कानून प्रचलित हुन्छ । उनीहरू कानूनी उपचार खोज्न न्यायालय प्राय जाँदैनन मस्जिदको नाइके, धर्मगुरु, हाजी वा बूढापाका जानिफकार

व्यक्तिहरूले न्याय अन्यायको फैसला गर्छन् र फैसला प्रायः धर्मअनुसार हुने गर्छ । समुदायका महिलाहरू न्यायको फैसला गर्ने हैसियतमा हुँदैनन् । त्यसैले उनीहरूको आवाज प्रायः सुनिंदैन । श्रीमान्ले बहुपत्नी विवाह गरेमा उनीहरू त्यस विषयमा केही बोल्न पाउँदैनन् । कुरआनले पुरुषलाई बहुविवाह गर्ने वैधानिकता दिएको हुनाले त्यस विषयमा चुप रहन्छन् भने श्रीमान्विरुद्ध अदालत जाने हैसियत पनि उनीहरूको हुँदैन, त्यसैले श्रीमान्ले बहुपत्नी विवाह गरी गरेको अन्याय र पीडालाई उनीहरू चुपचाप सहेर बस्न बाध्य हुने गर्छन् ।

### ४.१०.१ **बहुपत्नी विवाहमा पत्नीको सङ्ख्या**

श्रीमान्ले बहुपत्नी विवाह गरेका १२ जना उत्तरदातामध्ये ९ जना अर्थात् ७५ प्रतिशत ले २ वटी श्रीमती विवाह गरेका थिए भने बाँकी ३ जना उत्तरदाताका श्रमिान्ले ३ वटा श्रीमती विवाह गरेका थिए जुन कूल उत्तरदाता मध्ये २५प्रतिशत हुन आउँछ ।

**तालिका ४.१० : पतिका पत्नी सङ्ख्याको आधारमा उत्तरदाता**

| | एकल विवाह | बहुपत्नी विवाह | |
|---|---|---|---|
| | | २ पत्नी विवाह | ३ पत्नी विवाह |
| उत्तरदाता | 50 | 9 | 3 |
| प्रतिशत | 100 | 75 | 25 |
| **जम्मा** | १२ (१००%) | १२ (१००%) | |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

इस्लामिक धार्मिक ग्रन्थ कुरआनले पुरुषलाई ४ वटासम्म पत्नी विवाह गर्न पाउने अग्राधिकार दिएको भए तापनि कुरआनको आशयले बहुपत्नी विवाहलाई प्रोत्साहन गर्दैन भनी मुसलमान बुढापाकाहरूले दावी गर्छन् । कुनै पुरुषले एक भन्दा बढी पत्नी विवाह गर्नु परेमा असहाय, गरीव विधवा वा विविध कारणले विवाह हुन नसकेका महिलाहरूसँग गर्नुपर्ने र कुरआन उपदेशको आशय पनि यही रहेको भनी उनीहरू दावी गर्छन्, तर व्यवहारमा त्यस्तो देखिदैन ।

हुन त नेपालका सबै समुदायहरू बहुविवाहको चलनबाट अछुतो छैनन् । जनजाति समुदायभन्दा ब्राह्मण क्षत्री समुदायभित्र बहुपत्नी विवाह बढी हुने गर्छ । बहुपत्नी विवाहलाई पुरुषहरू पुरुषार्थका रूपमा लिने गर्छन् । त्यसैले 'मर्दका सातवटा श्रीमती' भन्ने उखान नेपाली जनमानसमा प्रचलित छ । मुसलमान समुदायमा बहुविवाहको प्रचलन अरू समुदायको तुलनामा

अलि बढी नै छ भन्ने कुराको पुष्टि तथ्याङ्कले गर्दछ । बहुपत्नी विवाहबाट महिलाको वैवाहिक अधिकार प्रजनन तथा यौन अधिकारको हनन हुन जान्छ साथै यसबाट महिलाहरू शारीरिक, मानसिक र सामाजिक हिंसाको शिकार हुन पुग्छन् ।

उत्तरदातासँग बहुपत्नी विवाहसम्बन्धी धारण बुझ्दा सबै महिलाहरूले यो नराम्रो चलन भएको कुरा व्यक्त गरे । कुरआनमा बहुपत्नी विवाह गर्न मिल्ने भनेको भए तापनि व्यवहारमा त्यसो गर्नु राम्रो नभएको धारणा व्यक्त गरे । कतिपय एकल विवाह गरेका उत्तरदाताहरूले श्रीमान्ले अर्को विवाह गर्छ कि भन्ने कुराले तनाव हुने गरेको दुखेसो पनि पोखे । कुरआनले नै बहुविवाहलाई स्वीकार गरेको अवस्थामा पुरुषलाई बहुविवाह गर्न आत्मबल बढ्ने र महिलालाई यसले मानसिक यातना दिइरहने अवस्था अध्ययनबाट थाहा लाग्यो ।

## ४.११ पेशागत अवस्था

मुसलमान महिलाहरूको पेशागत अवस्थाको अध्ययन गर्दा कूल उत्तरदातामध्ये ५३.२२ प्रतिशत महिलाहरू गृहिणी छन् । त्यस्तै व्यपार व्यवसायमा संलग्न महिलाहरू ४०.३२ प्रतिशत रहेका छन् १ जना महिला सरकारी सेवामा संलग्न छिन् जुन कुल उत्तरदातामध्ये १.६१ प्रतिशत हुन आउँछ । उनी स्थानीय प्राथमिक स्कूलमा शिक्षिका
छिन् । बाँकी ४.८३ प्रतिशत अन्य पेसामा संलग्न रहेका छन् । मुसलमान महिलाको पेशागत अवस्थाको स्पष्टताको लागि अध्ययनबाट प्राप्त आँकडालाई तालिकाबद्ध गरिएको
छ ।


**तालिका ४.११ : पेशागत अवस्था**

| पेशा | उत्तरदाता | प्रशितशत (%) |
|---|---|---|
| गृहिणी | 33 | 53=22 |
| व्यापार | 25 | 40=32 |
| सेवा (शिक्षण) | 1 | 1=61 |
| अन्य | 3 | 4=83 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिका अनुसार जम्मा उत्तरदातामध्ये आधाभन्दा बढी महिलाहरू गृहिणी छन् । उनीहरू घरभित्रका कामहरू बच्चा हुर्काउने घरका वृद्धवृद्धाको स्याहार सुसार गर्ने खाना पकाउने सरसफाइ गर्ने आदि काम गर्छन् । उनीहरू प्रायः घरभित्रै बस्छन् । घरधन्दाका कामहरूको कुनै आर्थिक मूल्याङ्कन नहुने भएकाले आर्थिक रूपमा उनीहरू पुरुषहरूसँग निर्भर हुने गर्छन् । आर्थिक परनिर्भरताले अन्य पक्षहरूको आत्मनिर्भरतालाई पनि कमजोर बनाउँछ र यसबाट विभेद, शोषण र हिंसाको सृजना हुन्छ ।

गृहिणी महिलाहरू सधैँ एउटै प्रकृतिका घरधन्दाका कामहरू गर्छन्, त्यसमै अभ्यस्त हुन्छन् । ती कामहरू कहिल्यै सकिँदैनन् । तिनमा कुनै नयाँपन हुँदैन । दिनदिनै दोहोरिरहन्छन् । प्रायः उनीहरू फुर्सद पाउँदैनन् । काम कसैलाई जिम्मा दिएर छुट्टी लिन पनि पाउँदैनन् । घरधन्दा सकेर बचेको थोरै समय पाएमा उनीहरू सुत्छन् वा टि.भी को उपलब्धता भएमा हिन्दी सिरियल हेरेर समय बिताउँछन् । यसरी घरभित्र बसिरहने भएकाले बाहिरी दुनियाँको बारेमा उनीहरूलाई कुनै चासो हुँदैन । गृहिणी महिलाहरूलाई घर बाहिरका सामाजिक क्षेत्रमा काम गर्ने वातावरण र आत्मबल दुवै हुँदैन । यसबाट उनीहरूको सामाजिक जीवनको एउटा पाटो निस्क्रय हुन्छ । यो अवस्था मुसलमान महिलाको मात्र होइन कि शहरी क्षेत्रमा बसोबास गर्ने सबै गृहिणी महिलाहरूमा पनि रहेको पाइन्छ ।




**चित्र ४.७ : मुसलमान महिलाहरूको पेशागत अवस्था**

चित्रमा ४०.३२ प्रतिशत महिलाहरू व्यापारिक कार्यमा संलग्न छन् । प्रायजसो मुसलमान महिलाहरू शृङ्गारिक वस्तु बिक्री गर्ने कस्मेटिक पसल चलाउँछन् । त्यस्ता पसलमा महिलाहरूले प्रयोग गर्ने शृङ्गारिक सामानहरू चुरा, धागो, पोते, विभिन्न प्रकारका लोसनहरू, अत्तरहरू, टिका, जुत्ता चप्पल, साडीहरू साथै महिलाले प्रयोग गर्ने तयारी पोशाकहरू पनि बिक्रीका लागि राखिएको हुन्छ । केही महिलाहरूले साना होटल, दैनिक उपभोग्य वस्तुहरू खरिद विक्री गर्ने किराना पसल, तरकारी पसल गरेको पनि पाइयो । केही महिलाहरूले घडी, रेडियो, टि.भी. मोवाइलमर्मत गर्ने तथा खरिद बिक्री गर्ने इलेक्ट्रोनिक्स पसलमा आफ्नो लोग्नेसँगै काम गरेको पनि भेटियो ।

एकजना महिला स्थानीय प्राथमिक विद्यालयकी शिक्षिका थिइन उनले स्नातक तह उत्तीर्ण गरेकी थिइन । यसबाट मुस्लिम महिलाहरूको सरकारी सेवामा उपस्थितिको वस्तुस्थितिलाई चित्रण हुन्छ । उनीहरूको शिक्षाको स्तर कमजोर छ । त्यसैले शैक्षिक मापदण्डको कारणले सरकारी सेवामा प्रवेश गर्नबाट उनीहरू रोकिन्छन् त्यस्तै धार्मिक, सांस्कृतिक कारणले पनि उनीहरू यस क्षेत्रमा जान सक्दैनन् । त्यसो त नेपालको सरकारी सेवा नातावाद, घूसखोरी र भनुसुनवादको घेराभित्र रहेको हुन्छ । त्यस सर्कलभित्र व्यक्तिगत क्षमताभन्दा बढी नातागेता पहुँच र राजनैतिक चलखेल हुन आवश्यक हुन्छ । त्यसैले मुसलमान महिलाहरू यस क्षेत्रमा प्रवेश गर्नु जटिल र टाढाको कुरा हुन जान्छ । चित्र अनुसार ४.८३ प्रतिशत महिलाहरूले अन्य पेशा अपनाएका थिए । उनीहरूमध्ये कोही सिलाइ बुनाइ, धागो बाट्नेजस्ता काममा संलग्न थिए । अध्ययन क्षेत्रका महिलाहरू कृषि पेशामा संलग्न भएको पाइएन । विगत केही वर्ष अगाडिसम्म मियापाटनका मुसलमान महिला तथा पुरुषहरू

कृषि कार्य गर्दथे । खेती गर्नका लागि उनीहरूसँग प्रशस्त जग्गा जमिन थियो । कृषिबाट नै उनीहरूले आफ्नो जीवन धान्दथे र सहायक पेशाका रूपमा गाउँ गाउँमा डुलेर चुरा, पोते, टीका, धागो आदि शृङ्गारका सामग्री बिक्री गर्दथे, तर पछि पोखरामा शहरीकरणको प्रभाव बढ्दै जाँदा उनीहरूले आफ्नो खेतीयोग्य जमिनलाई सस्तो मूल्यमा धमाधम बिक्री गरे । अहिले अधिकांश मुसलमानसँग खेती गर्ने जमिन छैन र कतिको त बस्ने घर पनि छैन ।

सारांशमा मुसलमान महिलाहरूमध्ये अधिकांश घरधन्दाको कामबाट नै जीवनभर फुर्सद पाउँदैनन् । मुसलमान महिलाहरूमा जन्मदर उच्च छ । बच्चा जन्माउने र हुर्काउने कार्यमै उनीहरूको जीवनको धेरै समय खर्च हुन्छ । केही महिलाहरू व्यापारिक कार्यबाट आर्थिक उपार्जन गर्छन् । अन्य समुदायका महिलाको तुलनामा मुसलमान समुदायका महिलाहरूको व्यापारिक कार्यमा संलग्नता सन्तोषजनक देखिन्छ, तर निजी वा सरकारी क्षेत्रमा नोकरी वा सेवासम्बन्धी पेशामा मुसलमान महिलाहरूको पहुँचको स्थिति अत्यन्तै नाजुक छ ।

## ४.१२ पेवा सम्पत्तिको अवस्था

महिलाले माइतीबाट प्राप्त गरेको निजी सम्पत्तिलाई पेवा वा स्त्रीधन भनिन्छ । यस्तो सम्पत्ति महिलाले व्यक्तिगत रूपमा राख्न र भोगचलन गर्न पाउँछन् । नेपाली समाजमा महिलाले पेवासम्पत्ति राख्न पाउने चलन छ । हिन्दू, बौद्धजस्तै मुसलमान समुदायका महिलाहरूले पनि पेवा सम्पत्ति राख्ने गर्दछन् ।

**तालिका ४.१२ : पेवा सम्पत्तिको अवस्था**

| पेवा सम्पत्ति | उत्तरदाता | प्रतिशत % |
|---|---|---|
| पेवा सम्पत्ति छ | 24 | 38=70 |
| पेवा सम्पत्ति छैन | 38 | 61=29 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार ३८.७० प्रतिशत उत्तरदाताहरूले माइतीबाट प्राप्त भएको कुनै न कुनै सम्पत्तिलाई पेवा सम्पत्तिको रूपमा राखेका छन् भने ६१.२९ प्रतिशत महिलासँग पेवा सम्पत्ति छैन ।

धेरै समय लाग्ने बोझिला गृहस्थ कामकाजहरू पकाउने, खुवाउने, स्याहार सुसार गर्ने, लुगाधुने सरसफाइ, गर्ने काममा महिलाको संलग्नता बढी हुन्छ र यस्ता कामहरूमा नगद पैसा

आउँदैन । यसरी पैसा आउने अधिकांश कामहरू पुरुषले गरेका हुन्छन् भने पैसा नआउने काममा महिलाहरूको सहभागिता ज्यादा हुन्छ, त्यसैले महिलाहरूको आर्थिक स्थिति पुरुष आश्रित हुने गर्छ । महिलाहरूले पेवा सम्पत्ति राख्ने चलनले परआश्रित आर्थिक अवस्थाबाट उनिहरूले केही राहत पाउने सम्भावना रहन्छ तर मुसलमान समुदायमा २८.६० महिलाहरूसँग मात्र पेवा सम्पत्ति रहेको छ भने बाँकी महिलाहरूसँग कुनै पेवा सम्पत्ति छैन । पेवाका रूपमा सम्पत्ति राख्ने मुसलमान महिलाहरूले कस्तो प्रकारको पेवा राखेका छन् भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३ : पेवा सम्पत्तिको प्रकार**

| पेवा सम्पत्तिको प्रकार | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| गरगहना | 16 | 66=66 |
| जग्गा जमिन | 6 | 25 |
| पैसा | 2 | 8=33 |
| **जम्मा** | **24** | **100** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार पेवा सम्पत्ति राखेका कुल २४ जना उत्तरदातामध्ये ६६.६६ प्रतिशत महिलाहरूसँग गरगहना छ भने २५ प्रतिशत महिलाले जग्गा जमिनलाई पेवाका रूपमा राखेका छन् भने पैसा राख्ने महिलाहरू ८.३३ प्रतिशत छन् ।

यसबाट के बुझ्न सकिन्छ भने आम नेपाली महिलाहरू जस्तै मुसलमान महिलाहरू पनि गरगहनालाई बढी प्राथमिकता दिने गर्छन् । उनीहरू माइतीबाट पैसा पाएमा पनि गहना किनेर राख्ने गर्छन् । उनीहरू माइतीबाट पैसा पाएमा पनि गहना किनेर राख्ने गर्छन् । गहना खर्च नहुने, आवश्यक परेमा तुरुन्त बिक्री गरी नगद प्राप्त गर्न पनि सकिने र गहना लगाउने सौख पनि पूरा हुने हुँदा पैसाभन्दा गरगहना खरीद गर्न मन पराउँछन् । उनीहरूसँग प्रायः सुनद्वारा निर्मित गहना हुने गर्छन् ।

# अध्याय - पाँच

# मुसलमान महिलाहरूको सांस्कृतिक धार्मिक तथा प्रजनन अवस्थाको विश्लेषण

मुसलमानहरू आफ्नो धर्मप्रति अत्यन्तै सम्वेदनशील हुने गर्छन् । मुसलमान समाजमा कतिपय न्याय तथा नियमहरू कुरान प्रदत्त हुन्छन् । तसर्थ, सांस्कृतिक तथा धार्मिक जीवनमा महिलाहरूको अवस्थालाई गहिरिएर अध्ययन नगरेसम्म मुसलमान महिलाहरूको सामाजिक तथा समग्र अवस्थाको अध्ययन र उपलब्धि अधुरो नै रहन्छ तसर्थ, यस अध्यायमा मुसलमान महिलाहरूको सांस्कृतिक धार्मिक तथा प्रजनन अवस्थाको व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ५.१ मुसलमान महिलाहरूले लगाउने विशेष पोशाक (बुर्का) प्रयोगको स्थिति

मुसलमान समुदायका महिलाहरूले घरबाट बाहिर निस्कदा एक विशेष प्रकारको पोशाक लगाउने गर्छन् । त्यसलाई बुर्का भनिन्छ । बुर्का एक विशेष प्रकारको सांस्कृतिक पोशाक हो । जुन कालो रङ्गको हुन्छ । बुर्का आँखाबाहेक शरीरका सबै अङ्गहरू ढाकिने गरी तयार गरिएको हुन्छ । महिलाले आफ्नो पतिबाहेक परपुरुषलाई आफ्नो शरीरका कुनै पनि अङ्ग देखाउन नहुने मान्यता इस्लाम धर्मका रहेको छ । त्यसैले महिलाहरू घरबाहिर निस्कँदा बुर्का लगाएर हिंड्ने गर्छन् । पोखरा मियापाटनका मुसलमान महिला उत्तरदाताहरू मध्ये उनीहरूको सांस्कृतिक पोशाकका रूपमा रहेको बुर्का प्रयोगको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ५.१ बुर्का प्रयोगको अवस्था**

| बुर्का प्रयोगको अवस्था | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सधैं लगाउने | 3 | 4=83 |
| विशेष अवसरमा मात्र लगाउने | 48 | 77=41 |
| कहिल्यै नलगाउने | 11 | 17=74 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण २०६८ ।

तालिकाअनुसार घरबाहिर निस्किंदा अनिवार्य रूपमा बुर्का लगाउने महिला ४.८३ प्रतिशत रहेका छन् भने सधै नलगाउने तर धार्मिक सांस्कृतिक समारोहमा सहभागी हुँदा लगाउने महिलाहरू ७७.४१ प्रतिशत छन् । १७.७४ प्रतिशत महिलाहरूले बुर्का कहिल्यै पनि नलगाउने गरेको पाइयो ।

यस प्रकारको पोशाक लगाउनुपर्ने बाध्यताले मुसलमान महिलाहरूलाई उनीहरूको इच्छा, आकांक्षा र मौसमअनुरूपको पोशाक लगाई स्वतन्त्रतापूर्वक हिंडडुल गर्ने अधिकारबाट वञ्चित गर्दछ ।




**चित्र ५.१ : बुर्का प्रयोगको अवस्था**

चित्रमा देखाइएको आँकडाले सधै र अनिवार्य रूपमा बुर्का लगाउने महिलाको सङ्ख्या कम देखिए पनि विशेष समारोहमा जाँदा लगाउने महिलाको सङ्ख्या उच्च रहेको छ । बुर्का मुसलमान समुदायका महिलामाथि गरिएको विभेदको अवशेष हो । यसले महिलालाई पर्दाभित्र राखिने वस्तुको रूपमा व्याख्या र सङ्केत गर्दछ । मुसलमान धर्मअनुसार महिलाहरू पुरुषका खेती समान हुन् । पुरुषले आफ्नो खेतीलाई बाह्य अतिक्रमणबाट जोगाउन बार बन्धन गर्नुपर्छ, तर आफू आफ्नो खेतीमा जुनसुकै बेला पस्न पाउँछ । इच्छाअनुसार उपभोग गर्न पाउँछ भनी कुरआनको श्लोकले उल्लेख गरेको छ । यसले महिलालाई यौनको एकाइको रूपमा व्याख्या गरेको छ ।

मुसलमान समुदायमा बुर्का प्रयोगको अनिवार्यता हट्दै गएको भए पनि महिलाहरूले यस प्रकारको पोशाकलाई पूर्ण रूपमा त्याग्न सकेको अवस्था छैन । अहिले विश्वमा फेसन डिजाइनिङ्ग,

मोडलिङ्ग, सुन्दरता सम्बन्धित प्रतियोगितामा महिला सहभागिता अग्रस्थानमा रहेको पाइन्छ । बदलिंदो जीवनशैली लवाइ खवाइ, परिवर्तित मान्यताले मानिसलाई बढी स्वतन्त्रता दिएको छ । एक फड्कामा एक युगदेखि अर्को युगसम्म पुग्न खोजिरहेको यस दुनियामा शरीरका सबै अङ्गलाई कालो पर्दाले ढाकेर हिंड्नु मुसलमान महिलाहरूको पछौटेपनको सङ्केत हो । मुसलमान संस्कृतिभित्रको कुसंस्कार हो । परम्परागत अन्धविश्वास र रूढिवादी सामन्ती संस्कार हो । यस संस्कारलाई पूर्णरूपमा हटाउनका लागि मुसलमान समुदायका सचेत व्यक्तिहरू र महिलाहरू आफै पनि जागरूक हुनु आवश्यक छ । बुर्का कहिल्यै नलगाउने उत्तरदाताको सङ्ख्याले यस पोशाकप्रति मुसलमान महिलाहरूको विकर्षण बढ्दै गएको सङ्केत पाइन्छ ।

सधैँ बुर्का लगाउने उत्तरदाताहरूले हट्दै गएको बुर्का परम्परालाई धान्न बुर्का लगाउने गरेको विचार व्यक्त गरे । नयाँ पुस्ताका महिलाहरूले भने यस प्रकारको पोशाक लगाउने चलन पूरै हट्नु पर्ने प्रगतिशील विचार व्यक्त गरे ।

## ५.२ नमाज पढ्ने महिलाहरू

मुसलमानहरू एक दिनमा ५ पटक विशेष तरिकाले अल्लाहको उपासना गर्ने कार्यलाई नमाज भन्दछन् । मस्जिद जान सम्भव नभए आफू भएकै ठाउँबाट नमाज पढ्छन् । कुरआनमा दिनको ५ पटक नबिराई नछुटाई नमाज पढ्ने कुरा उल्लेख गरिएको छ । तर महिलाहरू नमाज पढ्न मस्जिद जान पाउँदैनन् । कुरआनमा महिलाले घरको सबैभन्दा भित्रको कोठामा पढेको नमाजले बढी सवाव (पुण्य) पाउने कुरा उल्लेख गरिएको छ । महिलाको लागि अत्यन्त गोप्यता र पर्दा प्रशस्त भएको ठाउँमा नमाज पढ्नुपर्ने अन्यथा पुण्य कम प्राप्त हुन्छ भनिएको छ । यसले पनि महिलालाई घरबाहिर निस्कन नदिने कुरालाई केन्द्रित गरेको छ ।

अध्ययन केन्द्रित क्षेत्र मियापाटनका महिलाहरूले नमाज पढ्ने चलन र तरिकामा के कस्तो परिवर्तन आएको छ भनी गरिएको अध्ययनमा प्राप्त भएको आँकडालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : नमाज पढाइको स्थिति**

| नमाज पढाइ | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| दिनहुँ नबिराइ पढ्ने | 35 | 56=45 |
| फुर्सदमा मात्र पढ्ने | 22 | 35=48 |
| धार्मिक कार्यमा मात्र पढ्ने | 3 | 4=83 |
| कहिल्यै नपढ्ने | 2 | 3=22 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिका अनुसार दिनहुं नबिराई नमाज पढ्ने मुसलमान महिलाहरू ५६.४५ प्रतिशत रहेका छन् ३४.४८ प्रतिशत महिलाहरूले फुर्सद पाएमा मात्र नमाज पढ्ने बनाएका छन् । धार्मिक कार्यहरू हुँदामात्र नमाज पढ्ने अरू बेला नपढ्ने महिलाहरू ४.८३ प्रतिशत छन् भने ३.२२ प्रतिशत महिलाहरूले आफूहरूले कहिल्यै नमाज नपढ्ने कुरा व्यक्त गरेका छन् ।

विश्वका सबै धर्मलाई लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दा तिनले पितृसत्तालाई पक्षपोषण गरेको पाइन्छ । इस्लाम धर्मले पनि पुरुषलाई माथिल्लो दर्जा र महिलालाई दोस्रो दर्जामा राखेको छ ।

धार्मिक कट्टरता लैङ्गिक विकासको बाधक हुन्छ । आधा भन्दा बढी उत्तरदाताहरूले दिनहुँ नविराइकन नियमपूर्वक नमाज पढ्छन् उनीहरूको धर्मप्रतिको आस्था कट्टर रहेको पाइन्छ । फुर्सदमा मात्र पढ्ने र धार्मिक कार्यमा मात्र पढ्ने गरेको बताउने उत्तरदाताहरूको विचारबाट के भन्न सकिन्छ भने नमाजप्रति उनीहरूको धारणा परिवर्तनशील छ ।

## ५.३ धार्मिक सहिष्णुताको अवस्था

आफ्नो धर्म इतरका अन्य धर्मप्रति आस्था, विश्वास र सम्मानको दृष्टिले हेर्नु र त्यसैअनुसारको व्यवहार प्रकट गर्नुलाई धार्मिक सहिष्णुता भनिन्छ, धार्मिक रूपमा सहिष्णु मानिसहरू आफ्नो धर्मप्रति गहिरो विश्वास राख्दछ र अन्य धर्म सम्प्रदायलाई सम्मान गर्छन् यस प्रकारको विचारले विभिन्न धर्म अवलम्बन गर्ने मानिसहरूका बीच मेलमिलाप, सहकार्य, सहयोग र भातृत्वको विकास हुन्छ । यसले सामाजिक सन्तुलन कायम गर्न सहयोग गर्छ ।

कास्की जिल्लामा २०५८ सालको राष्ट्रिय जनगणनाले इस्लामहरूको कूल जनसङ्ख्या २६४२ भएको बताएको छ । कूल जनसङ्ख्या मध्ये कास्कीमा ०.६९% मुसलमानहरू बसोबास गर्छन् जब कि ८१.७१ प्रतिशत हिन्दू र १५.८८ प्रतिशत बौद्ध धर्म मान्ने मानिसहरू छन् । यस तथ्याङ्कबाट कास्कीमा मुसलमान अल्पसङ्ख्यक जातिको रूपमा रहेको छ ।

अध्ययन क्षेत्रको रूपमा रहेको पोखराको मियापाटनमा पनि मुसलमान इतरको धार्मिक सम्प्रदायको बाहुल्य देख्न सकिन्छ । ऐतिहासिक कालदेखि नै नेपालको सामाजिक तथा राजनैतिक इतिहास हिन्दुहरूको नियन्त्रण रहेको पाइन्छ । यहाँ विभिन्न धर्म सम्प्रदाय, जात जातिहरूको साझा बसोबास भएको भए तापनि २०६३ सालको अन्तरिम संविधान बन्नुअगाडिसम्म हिन्दू धर्मलाई राज्यको एकलौटी धर्मको रूपमा स्थापित गरिएको थियो । वि.सं. २०६३ सालमा जारी भएको अन्तरिम संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेको छ तथापि यस अगाडिका राज्यको ऐन, नियम र संविधानले गैह्र हिन्दूलाई हिन्दूकरण गर्न खोजिएको यथार्थता छर्लङ्ग छ ।

मियापाटनमा बस्ने अल्पसङ्ख्यक मुसलमान समुदायमा पनि हिन्दूकृत ऐन, नियमको प्रभावले उनीहरूका कतिपय मौलिक परम्परालाई हस्तक्षेप गरेको पाइन्छ । उनीहरूको भाषा भेषभुषा, लवाइ खुवाइमा हिन्दूकरणको प्रभाव परेको देखिन्छ । मुसलमानहरूको मातृभाषा उर्दू बोल्ने मानिसहरूको सङ्ख्या कास्कीभरमा ३५० रहेको कुरा २०५८ को जनगणनाले बताएको छ । उनीहरू प्रायले उर्दुभाषा बोल्न जान्दैनन् । इस्लाम धर्मले गाईको मासु खानुलाई वैध मानेको भए पनि हिन्दूकरणको प्रभावले उनीहरू गाईको मासु खाँदैनन् । अन्य मुसलमान राष्ट्रमा जस्तो धार्मिक कट्टरता नेपाली मुसलमानमा पाइँदैन । अन्य धर्मप्रति उनीहरू मिलनसार र सहिष्णु देखिन्छन् । उनीहरू आफ्ना गैह्र मुसलमान छिमेकीलाई आफ्ना चाडपर्वमा बोलाउँछन् र आफूहरू पनि उनीहरूकहाँ जान्छन् । मर्दापर्दा छिमेकीहरूलाई सरसहयोग गर्छन् । हुनत यसलाई हिन्दू प्रभावित ऐन कानूनको प्रभुत्वले अल्पसङ्ख्यक मुसलमान समुदायमा पारेको प्रभाव रूपमा पनि बुझ्न र व्याख्या गर्न सकिन्छ । तर यहाँ धार्मिक सहअस्तित्वको विकास हुँदै जाँदा धर्मको प्रभाव (कट्टरता) कम हुँदै जान्छ र यसले इस्लाम समुदायको लैङ्गिक विकासमा सकारात्मक भूमिका खेल्छ भन्ने दृष्टिकोणबाट व्याख्या गर्न खोजिएको छ ।

अध्ययन क्षेत्र मियापाटनका इस्लाम महिला उत्तरदाताको धार्मिक सहिष्णुताको अवस्थालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ५.३.१ अन्य धर्म सम्प्रदायका चाडपर्वमा सहभागिताको अवस्था

विगत देखि नै मियापाटन कस्केली मुस्लिमहरूको मूल बसोबास थलोको रूपमा रहँदै आएको छ तर पछिल्ला वर्षहरूमा तीव्र शहरीकरणको विकासले यहाँ मुसलमान समुदाय भन्दा गैह्र मुसलमान समुदायको जनघनत्व बढी देखिन्छ । अल्पसङ्ख्यामा रहेका मुसलमानहरूको संस्कृतिमा गैह्र मुसलमान संस्कृतिको मिश्रण र संस्कृतीकरणको प्रभाव देख्न पाइन्छ । कुल ६२ जना उत्तरदातालाई तपाइ अन्य धर्म सम्प्रदायको चाडपर्वमा कत्तिको सहभागी हुनुहुन्छ ? भनी सोधिएको प्रश्नमा उत्तरदाताले दिएको उत्तरको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : गैह्र इस्लामिक चाडपर्वमा सहभागिताको अवस्था**

| उत्तरदाताको धारणा | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सहभागी हुने | 4 | 6=45 |
| कहिलेकाहीँ मात्र सहभागी हुने | 24 | 38=70 |
| सहभागी नहुने | 32 | 51=61 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

जम्मा उत्तरदातामध्ये ६.४५ प्रतिशतले आफूहरू गैह्र इस्लामिक चाडपर्वमा सहभागी हुने गरेको धारणा व्यक्त गरे भने ३८.७० प्रतिशत महिलाहरू कुनै खास खास चाडपर्वमा कहिले काहीँ मात्र सहभागी हुने गरेको कुरा बताए । आफ्नो धर्मसम्प्रदाय बाहेकका चाडपर्वमा सहभागी नहुने महिलाहरू ५१.६१ प्रतिशत रहेको पाइयो ।

इस्लाम धार्मिक ग्रन्थ कुरआनले इस्लाम धर्म इतरका चाडपर्व, संस्कृति, परम्परामा आदिमा सहभागी हुने कुरालाई नकारेको छ । यस धर्मले एक ईश्वरवादी आस्थालाई स्वीकार गर्छ र बहुदेवतावादमाथि अविश्वास गर्छ । कुरआनको अल्वक्रह अध्यायको श्लोक नं. २२१ मा बहुदेवतावादीहरूको सङ्गतले तिमीहरूलाई नरकतर्फ लैजान्छ, त्यसैले उनीहरूको सङ्गतबाट टाढा बस्न भनिएको छ । बहुदेवतावादी (हिन्दू) पुरुष वा महिलासँगै विवाह नगर भनी चेतावनी दिइएको छ । तथापि यस तथ्याङ्कलाई हेर्दा मुसलमान समुदायभित्र धार्मिक सहिष्णुताको अवस्था राम्रो देखिन्छ । मुसलमान तथा गैह्र मुसलमान समुदाय बीचको सामाजिक मेलमिलाप, सम्पर्क र घुलमिलको अवस्था राम्रो छ भन्न सकिन्छ । यसबाट अर्को के कुरा पनि भन्न सकिन्छ भने मुसलमान

समुदायमा मानिसहरूको सम्बन्ध, चिन्तन प्रणाली, चालचलन, पहिरन, खानपान र जीवनशैलीमा आंशिक रूपमा संस्कृतिकरणको प्रभाव परेको छ ।

### ५.३.२ गैह्र इस्लामिक चाड 'तिजमा' महिलाहरूको सहभागिता

तीज विशेषतः हिन्दू महिलाहरूको महत्त्वपूर्ण चाड भए तापनि बौद्ध तथा अन्य धर्म मान्ने सम्प्रदायका महिलाहरूले पनि यसलाई महत्त्वका साथ मनाउने गर्छन् ।

मध्यकालीन समयमा महिलामाथिको विभेद अन्याय र अत्याचार सबैभन्दा ज्यादा थियो भन्ने कुरा ईतिहासको अध्ययनबाट थाहा हुन्छ । त्यस समयमा हिन्दू महिलाहरूलाई सानो उमेरमा ( रजस्वला हुनुभन्दा अगाडि) विवाह गरिदिने चलन थियो उनीहरू लोग्नेको घर गएपछि अझ बढी प्रताडना पाउँथे । सम्मान, स्वतन्त्रता, अधिकार, दया मायाबाट पूरै वञ्चित भएर, जीवन बिताउँथे । त्यसबेला महिलाहरूको लागि तीजको महत्त्व कति हुँदो हो हामी अनुमान गर्न सक्छौं । मीठो खाने, राम्रो लाउने, केही दिनको फुर्सद लिएर माइती जाने, मनको भावना दुःख पीडा गीतमार्फत व्यक्त गर्ने तीज वास्तवमै महिला स्वतन्त्रताको एक महत्त्वपूर्ण चाडको रूपमा रहेको छ ।

तर अझै पनि नेपाली महिलाहरूको समग्र अवस्थामा आशातीत परिवर्तन आइसकेको छैन । गरीब दलित पिछडिएका ग्रामीण भेगका महिलाहरूको विगत र वर्तमानको अवस्थामा खासै अन्तर आएको पाईदैन ।

गैह्र इस्लामिक चाडपर्वमा सहभागी हुने वा आंशिक रूपमा सहभागी हुने कूल २८ जना उत्तरदाता महिलामध्ये अधिकांशले तीजमा दर खाने गरेको र छिमेकी गैह्र इस्लामिक साथीभाइको निमन्त्रणमा दर खान जाने गरेको बताउँछन् । उनीहरू मध्ये १०.७१ प्रतिशत महिलाहरूले कहिलेकाहीँ तीजमा नाचगान पनि गर्ने गरेको अनुभव सुनाउँछन् भने बाँकी ८९.२८ प्रतिशत महिलाहरू टोल छिमेकमा आयोजना हुने तीजगीत प्रतियोगिता तथा नाचगान हेर्न नछुटाउने गरेको बताए ।

**तालिका ५.४ : तीजमा सहभागिता**

| सहभागिताको प्रकार | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| कहिलेकाही नाचगान गर्ने | 3 | 10=61 |
| नाचगान हेर्ने | 25 | 89=28 |
| **जम्मा** | **28** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार कुल ६२ जना उत्तरदातामध्ये २८ जना उत्तरदाता अर्थात् ४५.१९ प्रतिशत कुनै न कुनै रूपमा महिलाहरूको चाड तीजमा सहभागी हुने गर्छन् । यसबाट इस्लामिक समुदायभित्र धार्मिक कट्टरता, परम्परागत मौलिक जीवनशैली, सङ्कीर्ण रूढिवादी सोचाइ मात्र छ भनेर सोच्नु वा अनुमान गर्नु गलत हुन जान्छ । उनीहरूको हरेक पक्षमा परिवर्तनशीलताको उज्यालो झलक पनि मिल्दछ । तथापि परिवर्तन सबै पक्षहरूमा आउनुपर्छ र यो समय सापेक्ष पनि हुनुपर्छ ।

## ५.४ महिलाहरूको गर्भधारणको अवस्था

स्त्री र पुरुष बीचको यौन सम्पर्कको प्रक्रियाद्वारा पुरुषको शुक्रकीट र महिलाको अण्डको मिलनबाट जाइगोट बन्दछ त्यसलई निशोचित अण्ड पनि भनिन्छ, उक्त निशोचित अण्ड अण्डवाहिनी नलीबाट करिव ६ दिनमा पाठेघरको भित्तामा आई टाँसिन पुग्छ जसलाई गर्भधारण भनिन्छ । निशोचित अण्डबाट भ्रूण र यसको चरणबद्ध विकासबाट शिशु बन्दछ । गर्भधारण भएपछि शिशु नजन्मेसम्मको अवस्थालाई गर्भावस्था भनिन्छ । गर्भावस्था साधारण तया २८० दिनको हुन्छ ।

गर्भधारण, गर्भावस्था, प्रसव अवस्था, सुत्केरी अवस्था आदि महिलाको लागि प्रजनन स्वास्थ्यको दृष्टिकोणले अत्यन्तै संवेदनशील अवस्था मानिन्छ । सानो उमेरमा गर्भधारण गर्नु, छिटो-छिटो अर्थात् एउटा बच्चा जन्मेपछि छोटो अवधि मै गर्भधारण गर्नु तथा धेरै पटक गर्भधारण गर्नाले महिलाको स्वास्थ्यमा नकारात्मक असर पर्न जान्छ । यस अध्ययनमा उत्तरदाताहरूको गर्भधारण दर के कस्तो छ अर्थात् उनीहरूले कति पटक गर्भधारण गरे भन्ने कुराको खोजी गरिएको छ । यसलाई स्पष्ट पार्न तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : महिलाहरूको गर्भधारणको अवस्था**


| गर्भधारण | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| हालसम्म गर्भधारण नगरेका | 4 | 6=45 |

| | | |
|---|---|---|
| १ पटक | 6 | 9=67 |
| २ पटक | 15 | 24=19 |
| ३ पटक | 7 | 11=29 |
| ४ पटक | 5 | 8=06 |
| ४ पटक भन्दा बढी | 25 | 40=32 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकामा देखाइएअनुसार एकपटक पनि गर्भधारण नगरेका महिलाहरू ६.४५ प्रतिशत छन् यिनीहरूमध्ये ७५ प्रतिशत नवविवाहित र २५ प्रतिशत पारपाचुके पाएका महिला छन्, त्यसैले तिनीहरूले प्रथम गर्भधारण गरेका छैनन् । एकपटक मात्र गर्भधारण गरेका महिला ९.६७ प्रतिशत छन् । २४.१९ प्रतिशत महिलाले २ पटक गर्भधारण गरेका

छन् । त्यस्तै ११.२९ प्रतिशतले ३ पटक, ८.०६ प्रतिशतले ४ पटक र ४०.३२ प्रतिशत महिलाहरूले ४ पटकभन्दा बढी गर्भधारण गरेका छन् । यस तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरी अझ प्रष्ट पार्न खोजिएको छ ।




**चित्र ५.२ : महिलाहरूको गर्भधारणाको अवस्था**

चित्रअनुसार कूल उत्तरदातामध्ये २५ जना अर्थात् ४०.३२ प्रतिशत महिलाहरूले ४ पटकभन्दा बढी पटक गर्भधारण गरेको देखिन्छ । यसबाट मुसलमान महिलाहरूको गर्भधारण दर उच्च रहेको कुरा प्रष्ट हुन्छ । २ पटकमात्र गर्भधारण गर्ने महिलाहरू २४.१९ प्रतिशत छन् । यस

आँकडाले मुसलमान समुदायमा सानो परिवार सुखी परिवारप्रतिको धारणा विकसित हुँदै गइरहेको कुराको सङ्केत दिन्छ । इस्लाम धर्मका अनुसार परिवार नियोजन गर्नु धर्मविरोधी पाप कर्म हो । जन्म दिने, भोजन दिने, पाल्ने, मार्ने, लाभ, हानि पुऱ्याउने आदि सबै काम अल्लाहकै हुकुम र शक्तिबाट हुने गर्छ भन्ने मान्यता यस समुदायमा रहेको हुन्छ । त्यसैले उनीहरू परिवार नियोजनका साधनहरू प्रयोग गर्दैनन् । यसलाई उनीहरू हराम (निकृष्ट) काम भन्छन् । फलस्वरूप गर्भधारण दर उच्च हुने गर्छ । तर नयाँ पुस्तामा गर्भनिरोधका साधनको प्रयोगप्रति सकारात्मक धारणा विकसित हुँदै गईरहेको छ । यससम्बन्धी विशेष कुरा पछिका शीर्षकहरूमा चर्चा गरिनेछ ।

## ५.५ महिलाहरूको प्रजनन अवस्था

जन्म वा प्रजनन भन्नाले सन्तान उत्पादन गर्ने वा शिशु जन्माउने प्रक्रियालाई जनाउँछ । कुनै एउटी प्रजनन उमेरकी महिलाले आफ्नो जीवनकालमा जन्म दिएका जीवित केटाकेटीलाई नै प्रजनन भनिन्छ ।

उत्तरदाता मुसलमान महिलाहरूको प्रजननको अवस्था के कस्तो छ भनी यस शीर्षकमा चर्चा गरिएको छ ।


**तालिका ५.६ : महिलाहरूको प्रजनन अवस्था**

| प्रजनन अवस्था | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सन्तान नजन्माउने | 5 | 8=06 |
| १ सन्तान जन्माउने | 7 | 11=29 |
| २ सन्तान जन्माउने | 14 | 22=58 |
| ३ सन्तान जन्माउने | 8 | 12=90 |
| ४ सन्तान जन्माउने | 6 | 9=67 |
| ४ सन्तान बढी जन्माउने | 22 | 35=48 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकामा प्रस्तुत गरिएअनुसार ३५.४८ प्रतिशत उत्तरदाताहरूले ४ भन्दा बढी सन्तान जन्माएका छन् । त्यस्तै ४ सन्तान र ३ सन्तान जन्माउने उत्तरदाता क्रमशः ९.६७ प्रतिशत र १२.९ रहेका छन् । २२.५८ प्रतिशत महिलाहरूले २ वटामात्र सन्तान जन्माएका छन् । १ सन्तान भएका महिला ११.२९ प्रतिशत छन् भने एक जना पनि सन्तान नजन्माएका उत्तरदाताहरू ८.०६ छन् ।

आँकडाअनुसार मुसलमान समुदायमा प्रजनन दर उच्च रहेको देखिन्छ । २ भन्दा बढी सन्तान जन्माउने उत्तरदाताको सङ्ख्या ३६ अर्थात् ५८.०५ प्रतिशत हुन आउँछ भने ४ भन्दा बढी सन्तान जन्माउने महिलाहरू एक तिहाइ भन्दा बढी रहेका छन् । २ वटा सन्तान जन्माउने महिलाहरूको सङ्ख्या दोस्रो स्थानमा आउनुलाई सकारात्मक रूपमा लिन सकिन्छ । यसबाट मुसलमान समुदायमा २ मात्र सन्तान जन्माउने चाहना बढ्दै गएको हो कि भनी अनुमान गर्न सकिन्छ ।




**चित्र ५.३ : मुसलमान महिलाहरूको प्रजनन अवस्था**

मुसलमान समुदायमा प्रजननदरलाई प्रभाव पार्ने धेरै प्रकारका तत्त्वहरू क्रियाशील रहेका हुन्छन् । जसमध्ये धार्मिक तथा सांस्कृतिक मूल्य मान्यताले ठूलो प्रभाव पारेको हुन्छ । धार्मिक आस्थाको कारणले उनीहरू परिवार नियोजनका साधनहरू प्रयोग गर्नुलाई पाप हो भन्ने विश्वास गर्छन् । उनीहरू छोराछोरीको जन्म हुनुलाई अल्लाहले जन्म दिएको हो र पालन पोषण गर्ने जिम्मा पनि उसको हो भन्ने विशवास राख्छन् । त्यसले गर्दा प्रजनन दरमा वृद्धि हुन पुगेको पाइन्छ ।

मुसलमान समुदायमा कम उमेरमा नै विवाह गरिदिने सामाजिक मान्यता रहिआएको छ । सानै उमेरमा विवाह गरिदिंदा उनीहरूले आफ्नो शिक्षा पुरा गर्न सक्दैनन् । त्यस्ता अशिक्षित वा अर्धशिक्षित महिलाहरूले विवाहपश्चात् सानो र सुखी परिवार कसरी बनाउन सकिन्छ भन्ने कुराको ज्ञान हुँदैन, त्यसैले आफ्नो प्रजनन अवधिमा धेरै बच्चा जन्माउँछन् ।

मुसलमान समुदायमा जनचेतनाको अभावले गर्दा विवाहपश्चात् पारिवारिक योजना बनाउने सम्बन्धमा ज्ञान हुँदैन । उनीहरूमा कति बच्चा जन्माउन उपयुक्त हुन्छ ? आफ्नो आयस्रोत कस्तो छ ? जन्मान्तर कसरी निर्धारण गर्न सकिन्छ ? गर्भावस्था र सुत्केरी अवस्थामा के कसरी स्याहार सुसार गर्नुपर्छ ? भन्ने जस्ता विषयमा चेतनाका लागि उनीहरूलाई शिक्षा दिनुपर्छ । शिक्षाविना चेतनाको विकास हुन सक्दैन । चेतनाको अभावमा प्रजननदर उच्च हुन्छ ।

## ५.६ प्रजननमा उत्तरदाताको मञ्जुरीको अवस्था

एक वा सो भन्दा बढी सन्तान जन्माइसकेका ५७ जना उत्तर दाताहरूलाई तपाइले आफ्ना सन्तान आफ्नो चाहनाअनुसार नै जन्म दिनु भएको हो ? वा करकापमा परि जन्माउनु भएको हो ? भनी प्रश्न राखिएको थियो । यस सम्बन्धी उत्तरदाताको धारणालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७ : प्रजननमा उत्तरदाताको मञ्जुरीको अवस्था**

| उत्तरदाताको धारणा | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| इच्छा अनुसार जन्माएको | 47 | 82=45 |
| करकापमा परेर जन्माएको | 10 | 10=54 |
| **जम्मा** | **57** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

सन्तान जन्माइसकेका कूल ५७ जना उत्तरदातामध्ये सबै सन्तानहरू आफ्नो इच्छा अनुरूपै जन्माएका उत्तरदाताहरू ८२.४५ प्रतिशत छन् भने आफ्ना पछिल्ला सन्तानहरू आफ्नो इच्छा अनुसार नजन्माएको अर्थात, विविध कारणले करकापमा परी जन्माएको धारणा व्यक्त गर्ने महिलाहरू १७.५४ प्रतिशत रहेका छन् ।

तालिका अनुसार १७.५४ प्रतिशत महिलाहरू प्रजनन अधिकारबाट वञ्चित रहेका छन् । सन् १९९५ मा चीनको बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले प्रजनन अधिकारलाई मानव अधिकार सरह नै अङ्गीकार गर्नुपर्ने कुरालाई प्रष्टसँग व्याख्या गरेको छ । त्यसले कुनै पनि व्यक्तिलाई बच्चा पाउने, नपाउने, जन्मान्तर कति राख्ने भन्ने निर्णय गर्न आफ्नो यौन तथा प्रजननमाथि नियन्त्रण राख्ने आदि कुराको स्वतन्त्रता छ भनी प्रष्ट पारेको छ । तर यहाँ महिलाको प्रजननमा समेत महिलाको स्वनिर्णय हुँदैन । कति सन्तान जन्माउने कहिले जन्माउने भन्ने कुरा उनीहरूको निर्णयले मात्र हुँदैन । त्यसको निर्णयमा धर्म, परिवार तथा लोग्नेको आधिपत्य रहेको पाइन्छ ।

महिलाको प्रजनन स्वास्थ्य र जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूको निर्णय गर्नसमेत उनीहरू स्वाधीन हुँदैनन् । त्यस्ता निर्णयहरू पुरुषको इच्छा र चाहनामा हुने गर्छन् ।

मुसलमान समुदायका किशोरावस्थाका केटाकेटीहरूले विवाह गरी सन्तान जन्माउने गरेको पाइन्छ । यसरी छिटो विवाह गर्दा उनीहरूको प्रजनन अवधि लामो हुन जान्छ । सानो उमेरमा बच्चा जन्माउँदा साथै धेरै सन्तानहरूको जन्म दिंदा उनीहरूको स्वास्थ्य विग्रन जान्छ । तर उनीहरू आफ्नो इच्छा अनुसार जन्मलाई रोक्न पाउँदैनन् । पितृसत्ता धार्मिक मूल्य मान्यता नकारात्मक विश्वास आदिको कारणले उनीहरू आफ्नो कमजोर स्वास्थ्यको बाबजूद पनि इच्छा विपरीत लगातार सन्तान जन्माइरहन्छ । तसर्थ, मुसलमान समुदायका महिलाहरूको स्तर उकास्नको लागि शिक्षा र चेतना लाई अभिवृद्धि गर्नुपर्ने देखिन्छ । ऋभै पनि छोराछोरी अल्लाहका सन्तान हुन अल्लाहले जन्मदिएपछि पालन पोषण गर्ने जिम्मा पनि उनैको हो । परिवार नियोजन गर्नु पाप हो छोरीलाई शिक्षा दिनु आवश्यक छैन । गर्भपतन गराउनु हुँदैन । महिलाहरू घरबाहिर निस्कनु हुँदैन भन्ने पुराना धार्मिक अन्धविश्वासमा आधारित तथ्यहीन कुराहरूको विश्वासको कारण मुसलमान महिलाहरूको अवस्था अत्यन्त कमजोर रहेको पाइन्छ । औपचारिक, अनौपचारिक शिक्षा, तालिम, चेतनामूलक कार्यक्रम सञ्चालन गरी मुसलमान समुदायमा प्रचलित परंम्परागत मूल्य मान्यता तथा धार्मिक विश्वासको प्रभावलाई कम गर्न सकेमा महिलाहरूको अवस्थामा सुधार ल्याउन सकिन्छ ।

### ५.६.१ अनिच्छित जन्म दिनुपरेका कारणहरू

मुसलमान समुदायमा पितृसत्तात्मक सामाजिक संरचना रहेको पाइन्छ । पारिवारिक एवं सामाजिक क्रियाकलाप पुरुषहरू सक्रिय हुन्छन् । पुरुषहरूलाई परिवारमा उच्च हैसियत प्राप्त हुन्छ, तर महिलाहरू उनीहरूकै सहयोगीका रूपमा रहेका हुन्छन् । उनीहरू पुरुषहरूको आज्ञा, आदेश र निर्देशनमा चल्नुपर्ने बाध्यतामा हुन्छन् । तसर्थ, महिलाको प्रजनन, यौनिक आर्थिक अधिकारमा पुरुषहरूको नियन्त्रण हुने गर्छ । बच्चा जन्माउने परिवार नियोजनका साधन प्रयोग गर्ने, गर्भपतन गर्ने, यौन सम्पर्क गर्नेजस्ता यौन तथा प्रजनन अधिकारका कुराहरूमा समेत महिलाले स्वनिर्णय गर्न पाउँदैन । ती कुराहरू पुरुषको इच्छामा भर पर्छन् । फलस्वरूप महिलाहरू आफ्नो इच्छा विपरीत गर्भधारण गर्ने र लगातार सन्तान उत्पादन गर्ने कार्यमा संलग्न हुन बाध्य हुन्छन् ।


अध्ययन केन्द्रित क्षेत्रका प्रतिनिधिमूलक उत्तरदातामध्ये १७.५४ प्रतिशत महिलाहरूले आफूले आफ्नो चाहना विपरीत विभिन्न करकापमा परेर सन्तान जन्माउनु परेको धारणा व्यक्त गरेका छन् । उनीहरूले अनिच्छित जन्म दिनु परेका कारणहरूलाई तलको तालिकामा प्रस्तुत गरी प्रष्ट पार्न खोजिएको छ ।

**तालिका ५.८ : अनिच्छित जन्म दिनु परेका कारणहरू**

| अनिच्छित जन्मका कारणहरू | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| छोरा पाउनुपर्ने बाध्यताले | 1 | 10 |
| परिवारको दवावले | 2 | 20 |
| धार्मिक कारणले | 7 | 70 |
| **जम्मा** | **10** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार अनिश्चित गर्भधारण गरी बच्चा जन्माउन पुगेका कुल १० जना महिलाहरूमध्ये १० प्रतिशत महिलाले छोरा जन्माउनु पर्ने बाध्यताको कारणले आफूले अनिश्चित जन्म दिनुपरेको बताएकी छन् २० प्रतिशत उत्तरदाताहरूले परिवारको करकापमा परी चाहना विपरीत जन्म दिनुपरेको बताएका छन् भने ६० प्रतिशत महिलाहरू धार्मिक विश्वासको प्रभावको कारणले इच्छा विपरीत सन्तान जन्माउनु परेको कुरा व्यक्त गरेका
छन् ।




**चित्र ५.४ उत्तरदाताले अनिच्छित जन्म दिनु परेका कारणहरू**

चित्रअनुसार धार्मिक मूल्य, मान्यता र विश्वासविरुद्ध जान नसकेको कारणले आफूले अनिच्छित जन्म दिनु परेको धारणा व्यक्त गर्ने महिलाहरू सबैभन्दा बढी छन् । कुनै पनि समाजको

धर्म, संस्कृति, मूल्य मान्यता, परम्परा विश्वास जस्तो किसिमको छ त्यहाँका महिलाहरूको स्थिति पनि त्यसैअनुसार सापेक्ष हुने गर्छ । त्यसैले मुसलमान धर्म परम्परा र संस्कृतिले महिलाहरूलाई जस्तो स्थिति र हैसियतमा राखेको छ त्यसै अनुसारको समानान्तर प्रभाव महिलाहरूको स्थितिमा परिराखेको हुन्छ ।

इस्लाम धर्ममा परिवार नियोजनलाई गैह्र कानूनी रूपमा लिने गरिन्छ र सन्तान जन्मनुलाई अल्लाहबाहेक मानिसको कुनै हात हुँदैन भन्ने ठानिन्छ । अल्लाहले नै सबै सन्तानलाई गास, बास कपासलगायत सबै व्यवस्था मिलाउने गर्छन् भन्ने अन्धविश्वासमा आधारित धार्मिक मूल्य मान्यताको कारणले आफ्नो इच्छा विपरीत गर्भधारण र बच्चा जन्माउन बाध्य हुन्छन् । तर हिन्दू समाजमा जस्तो वंशपरम्परा धान्न छोरा पाउनै पर्ने, छोरा नभएका मृत्यूपश्चात स्वर्ग जान नपाइने, पिण्ड पानी तथा धर्म कर्म नचल्ने भन्ने जस्ता मान्यताहरू मुसलमान समाजमा त्यति धेरै पाइँदैन । तथापि कम उमेरमा विवाह हुने पतिले अर्को विवाह गर्ने, पारपाचुके हुने अन्धविश्वासी तथ्यहीन, अवैज्ञानिक धार्मिक विश्वासमा लागी धेरै सन्तान जन्माएर ठूलो परिवार बनाई न्यून गुणस्तरीय जीवन व्यतीत गर्न मुसलमान महिलाहरू बाध्य छन् ।

## ५.७ परिवार नियोजनसम्बन्धी ज्ञान

विश्व स्वास्थ्य सङ्घ ((WHO) ले 'दम्पतीको चाहना इच्छा र आवश्यकताअनुसार परिवारको आकार ढाँचा बनाउन तथा परिवारको स्वास्थ्य स्तर वृद्धि गरी गुणस्तरीय जीवन प्रदान गर्न दिइने ज्ञान, सीप, धारणा र छनोट प्रक्रिया नै परिवार नियोजन हो भनी परिभाषित गरेको छ । अहिलेको युगमा परिवार नियोजनको महत्त्व दिनानुदिन बढ्दै गैरहेको छ । आफूले चाहेजति छोरा छोरी जन्माउनु, जन्मान्तर राख्नु, आफूले पाल्न सक्ने, शिक्षादीक्षा दिनसक्ने मात्र छोरा छोरी जन्माउनु पारिवारिक जीवनलाई गुणस्तरीय बनाउनु नै परिवार नियोजनको मुख्य उद्देश्य हो ।

उत्तरदाता महिलाहरूसँग परिवार नियोजन सम्बन्धीको ज्ञानात्मक धारणा बुझ्दा प्रायजसोले यसलाई गर्भनिरोधको उपायका रूपमा मात्र बुझेको पाइयो तथापि परिवार नियोजन गर्भनिरोध मात्र नभई उपयुक्त, व्यवस्थित र गुणस्तरीय परिवार निर्माण गर्ने ज्ञान, सीप धारणा वा योजना पनि हो ।

मुसलमान समुदायमा परिवार नियोजनलाई गैह्रकानूनी र धर्म विरोध कार्यमा रूपमा लिने गरिन्छ त्यसैले, महिलाहरू यस विषयमा खुलेर कुरा गर्न गाह्रो मान्छन् । अधिकांश उत्तरदाता महिलाहरूले गर्भनिरोधको विषय उठान गर्दा डर, लाज, धक मान्ने र यस विषयलाई शङ्काको

दृष्टिले हेर्ने गरेको पाइयो । उत्तरदाता मुसलमान महिलाहरूको परिवार नियोजनसम्बन्धी ज्ञानात्मक धारणा तलको तालिका देखाइएबमोजिम रहेको छ ।

**तालिका ५.९ उत्तरदाताहरूको परिवार नियोजनसम्बन्धी ज्ञान**

| परिवार नियोजनबारे जानकारी | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| राम्रो जानकारी हुने | 19 | 30=06 |
| अलिअलि जानकारी हुने | 20 | 32=25 |
| सुनेका तर जानकारी नहुने | 15 | 24=19 |
| अनभिज्ञ | 8 | 12=90 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार परिवार नियोजनको बारेमा राम्रो जानकारी हुने उत्तरदाता ३०.०६ प्रतिशत रहेका छन् । परिवार नियोजनका बारेमा थोरै जानकारी हुने ३२.२५ उत्तरदाता छन् भने २४.१९ ले परिवार नियोजनको बारेमा सुनेका छन्, तर यसको बारेमा उनीहरूलाई जानकारी छैन त्यस्तै १२.९० प्रतिशत महिलाहरू यसको बारेमा अनभिज्ञ छन् ।

नेपालमा वि.सं. २०१६ सालमा परिवार नियोजन सङ्घको स्थापना भई परिवार, नियोजनका सेवाहरू उपलब्ध गराउँदै आएको छ । नेपामा योजनाबद्ध विकासको सुरुवात सँगै प्रत्येक पञ्चवर्षीय तथा त्रिवर्षिय योजनाहरूमा परिवार नियोजन, मातृशिशु कल्याण तथा प्रजनन स्वास्थ्यका कार्यक्रमलाई प्राथमिकताको सूचिमा राख्दै आएको पाइन्छ । रेडियो, पत्रपत्रिका, टी.भी. आदि संचारका माध्यमहरूले जनचेतनामूलक कार्यक्रमहरू, विज्ञापन र समाचारमार्फत परिवार नियोजनका बारेमा जानकारी गराइ रहेका हुन्छन् । तर अध्ययन क्षेत्र मियापाटनका धेरै मुसलमान महिलाहरूलाई यसबारे राम्ररी थाहा छैन भन्ने कुरा तथ्याङ्कले जानकारी दिन्छ । मियापाटन विकासका पूर्वाधार उपलब्धताको दृष्टिकोणबाट नेपालका अन्य मुसलमान बस्ती मध्ये सुगम मानिन्छ । तर बत्तीमुनिको अँध्यारो भनेजस्तै यहाँ परिवार नियोजन र यसको प्रयोगको महत्त्वको बारेमा धेरैलाई राम्रो जानकारी छैन । पोखराको केन्द्रमै अवस्थित मुसलमान बस्तीमा प्राप्त भएको यस तथ्याङ्कले नेपालको विभिन्न ग्रामीण ईलाकामा बसोबास गर्ने इस्लाम समुदायमा यसप्रतिको चेतना र उपयोगिता कस्तो होला ? भनी अनुमान गर्न सकिन्छ ।

## ५.८ परिवार नियोजनका साधन प्रयोगको अवस्था


विश्वमा आजभन्दा १३१ वर्षअगाडि सन् १८८१ मा आधुनिक गर्भनिरोधको शुरुवात भएको पाइन्छ । यसको शुरुवात नेदरल्याण्डबाट भएको थियो । आधुनिक गर्भनिरोधकको खोजीको श्रेय Dr. Aletta Jacobs लाई जान्छ । नेपालले वि.सं. २०१६ देखि परिवार नियोजन सङ्घ स्थापना गरी सरकारी स्तरबाट परिवार नियोजनसम्बन्धी कार्यक्रम शुरु गरेको पाइन्छ । तर यसको प्रभावकारिता क्षत्रीय, वर्गीय, लिङ्गीय, जातीय रूपमा फरक फरक रूपमा परेको देखिन्छ । शहरमा भन्दा गाउँ, उच्च वर्गीय भन्दा निम्न वर्गीय समुदायमा यसको प्रभावकारिता कम देखिन्छ । त्यस्तै पुरुषहरूमा भन्दा महिलामा प्रयोग दर कम छ । अन्य जातीय समुदायको तुलनामा भन्दा मुसलमान जातिमा परिवार नियोजनप्रतिको धारणा सकारात्मक पाउन सकिँदैन । मुसलमान महिलाहरूले परिवार नियोजनका साधनको प्रयोगको अवस्थालाई प्रष्ट पार्न तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१० : परिवार नियोजनका साधनको प्रयोगको अवस्था**

| परिवार नियोजनका साधनको प्रयोग | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| प्रयोग गरिरहेका | 16 | 25=80 |
| पहिले प्रयोग गरिरहेका | 3 | 4=83 |
| प्रयोग नगरेका | 43 | 69=35 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार २५.८० प्रतिशत उत्तरदाताहरूले परिवारनियोजनका साधनहरू प्रयोग गरिराखेको कुरा व्यक्त गरे भने ४.८३ प्रतिशत महिलाहरूले पहिले प्रयोग गरेको तर अहिले प्रयोग गर्न आवश्यक नरहेको धारणा व्यक्त गरे । त्यस्तै ६९.३५ प्रतिशत महिलाहरूले परिवार नियोजनका साधनहरू विगतमा पनि र वर्तमानमा पनि प्रयोग नगरेको कुरा
बताए । परिवार नियोजनका साधनको प्रयोग विगतमा प्रयोग गरेका र वर्तमानमा प्रयोग गरिरहेका कूल १३ जना उत्तरदाता मध्ये सबैले अस्थायी परिवार नियोजनका साधन प्रयोग गरेको पाइयो ।




**चित्र ५.५ : परिवार नियोजनका साधन प्रयोगको अवस्था**

चित्रमा परिवार नियोजनका साधनहरू प्रयोग नगर्ने महिलाहरूको सङ्ख्या उच्च देखिन्छ । बजारमा महिलाका लागि उत्पादन गरिएका धेरै प्रकारका परिवार नियोजनका साधनहरू उपलब्ध हुन्छन्, तर मुसलमान महिलाहरूमा तिनीहरूको उपयोगिता ज्यादै कम देखिन्छ । उत्तरदातामध्ये स्थायी परिवार नियोजन गर्ने महिलाको सङ्ख्या शून्य रहेको छ । मुसलमान समुदायमा परिवार नियोजनको प्रयोगको अवस्था न्यून देखिनुको पछाडि शिक्षा र चेतनाको कमी, रूढिवादी मूल्य तथा परम्परा, अन्धविश्वासी धार्मिक मान्यता आदि तत्त्वहरू जिम्मेवार देखिन्छन् भने सरकारी तथा गैह्र सरकारी निकायले मुसलमान समुदायलाई लक्षित गरी प्रजनन स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धीका निर्देशित कार्यक्रमहरू सञ्चालन नगर्नु पनि कमजोरी देखिन्छ ।

### ५.८.१ गर्भनिरोधका साधनहरू प्रयोग नगर्नुका कारणहरू


गर्भनिरोधकका साधनहरू प्रयोग नगरेका कूल ४३ जना उत्तरदातालाई गर्भनिरोधका साधनहरू प्रयोग नगर्नुका कारणहरू के-के हुन् भनी गरिएको प्रश्नमार्फत आएको नतिजालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५. ११ : गर्भनिरोधक साधन प्रयोग नगर्नुको कारणहरू**

| प्रयोग नगर्नुको कारण | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| श्रीमान्ले प्रयोग गरेकाले | 5 | 11=62 |
| कुरअनले निषेध गरेकाले | 23 | 53=48 |
| प्रयोग गर्न आवश्यक नभएकाले | 7 | 16=27 |
| जानकारी नभएर | 8 | 18=60 |
| **जम्मा** | **43** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार ११.६२ महिलाहरूको परिवार नियोजनका साधन श्रीमानले प्रयोग गरेको हुनाले आफूले प्रयोग गर्नु नपरेको धारणा व्यक्त गरेका छन् । इस्लामिक धार्मिक ग्रन्थ कुरआनले गर्भनिरोधलाई गैह्र धार्मिक कार्य  र पाप भनी व्याख्या गरेको छ तसर्थ, ५३.४८ प्रतिशत महिलाहरू कुरआनको आज्ञाअनुसार आफूले परिवार नियोजनको साधन प्रयोग नगरेको बताएका छन् । १६.२७ प्रतिशत महिलाहरू प्रयोग गर्न आवश्यक नभएको कुरा बताउँछन् । श्रीमान् विदेश गएका विधवा वा प्रजनन अवधि समाप्त भएका महिलाहरू यसअन्तर्गत पर्छन् भने १८.६० प्रतिशत महिलाहरूले परिवार नियोजनसम्बन्धीको ज्ञान, धारण र बुझाई नभएको कारण प्रयोग नगरेको कुरा व्यक्त गरेका छन् ।




**चित्र ५.६ : गर्भनिरोधकका साधनहरू प्रयोग नगर्नुका कारणहरू**

इस्लाम धर्ममा यौन, यौनिकता र प्रजननलाई ईश्वरको वरदानको रूपमा लिइन्छ भने यसलाई निरोध गर्नुलाई पाप गर्नु वा ईश्वरको आज्ञाको विरुद्धमा जानु ठानिन्छ । यस धर्ममा ब्रम्हचर्यलाई पनि स्थान दिएको पाइँदैन । पुरुषलाई यौनिकताको उपभोग गर्ने असीमित अधिकार हुन्छ तर यौन व्यभिचारीलाई ठूलो सजाय दिइन्छ । पुरुषले आफ्नो यौन इच्छा पूरा गर्न धेरै पत्नीहरू राख्न पाउँछ र महिलाको यौनिकताको अधिकारलाई बेवास्ता गरिएको छ उनीहरूलाई यौनइच्छा परिपूर्तिको साधन मानिन्छ ।

त्यसैले मुसलमान समुदायको परिवार नियोजनमा अवरोध ल्याउने प्रमुख तत्त्वको रूपमा यस समुदायमा जरा गाडेर रहेको अन्धविश्वासमा आधारित धार्मिक कानूनलाई लिन सकिन्छ । त्यस्तै सहायक तत्त्वहरूको रूपमा विवाहको उमेर, तालिम, शिक्षा, रोजगार आदिलाई लिन सकिन्छ ।

सानो, सुखी र सम्वृद्ध परिवार निर्माणका लागि परिवार नियोजनको महत्त्वपूर्ण भूमिका हुने गर्छ । परिवारको आकार ठूलो भएमा त्यसले परिवारको कल्याण हुन सक्दैन धेरै सन्तानहरूको जन्म दिंदा महिलाको अवस्था झनै कमजोर हुन जान्छ । उनीहरूको आय आर्जन, स्रोत साधनले थेग्न सक्ने गरी परिवारको आकार निर्धारण गर्न को लागि परिवार नियोजनलाई अवलम्कन गर्नुपर्ने हुन्छ । मुसलमान समुदायमा देखिएको यस प्रकारको अवस्थाको निराकरण गर्न यस समुदायलाई परिलक्षित

गरी यौन तथा प्रजनन स्वास्थ्य र परिवार नियोजनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

## ५.९ मुसलमान महिलाहरूको प्रजननमा स्वनिर्णयको अवस्था

यौन तथा प्रजनन अधिकार मानव अधिकारसँग सम्बन्धित छ । प्रत्येक दम्पती र व्यक्तिले कतिवटा सन्तान जन्माउने, जन्मान्तर कति फरक राख्ने, सन्तान कहिले जन्माउने भन्ने सम्बन्धमा स्वतन्त्रतापूर्वक निर्णय गर्न पाउने हक सबैलाई हुन्छ । यसलाई अन्तर्राष्ट्रिय मानव अधिकार आयोगले मान्यता दिएको छ । सन् १९९४ मा इजिरटको राजधानी कायरोमा सम्पन्न “जनसङ्ख्या तथा विकास ”विषयक अन्तर्राष्ट्रिय सम्मेलनले यौन तथा प्रजनन अधिकार सम्बन्धीको आधार तयार गऱ्यो र सन् १९९५ मा अन्तर्राष्ट्रिय परिवार नियोजन संघ (IPPF) को सदस्य सभाले यसलाई पारित गऱ्यो ।

नेपालले पनि यौन तथा प्रजनन अधिकारलाई मानव अधिकारसरह नै कार्यान्वयन गर्ने नीतिगत प्रतिवद्धता जनाइसकेको वर्तमान अवस्थामा नेपाली महिलाहरू आफ्नो प्रजनन अधिकारको स्वनिर्णय गर्न कत्तिको स्वाधीन छन् ? यो अधिकार कानूनको कागजमा मात्र सीमित छ या व्यवहारमा पनि लागु भएको छ ? प्रजनन अधिकार सम्बन्धी नेपाली महिलाहरू कत्तिको सचेत छन् ? के विभिन्न क्षेत्र, वर्ग, जातका महिलाहरूको प्रजनन र यौनिकता उनिहरूको आफै चाहानाअनुरूप प्रयोग हुन्छ ? भन्ने कुरा लैङ्गिक विषयअन्तर्गत खोज अनुसन्धान गरिनु पर्ने सान्दर्भिक विषय हुन् ।


यस अध्ययनमा मुसलमान महिलाहरूले प्रजनन अधिकारको उपयोगको अवस्था के कस्तो छ भनी खोजिएको छ । उनीहरूलाई कति सन्तान जन्माउने, कहिले जन्माउने जन्मान्तर कति फरक राख्ने भन्ने सम्बन्धमा स्वनिर्णय गर्ने अधिकार के कस्तो छ भनी गरिएको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका ५.१२ : मुसलमान महिलाहरूको प्रजननमा स्वनिर्णयको अवस्था**

| प्रजननमा निर्णायक भूमिका | उत्तरदाता | प्रतिशत (%) |
|---|---|---|
| श्रीमान्को | 8 | 12= 90 |
| श्रीमतीको | 2 | 3= 22 |
| श्रीमान् श्रीमती दुवैको सल्लाहमा | 35 | 56= 45 |
| धर्मअनुसार | 17 | 27= 41 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत अध्ययन प्रतिवेदन, २०६८ ।

माथिको तालिका अनुसार १२.९० प्रतिशत महिलाहरूले प्रजनन कार्यमा श्रीमान्को निर्णायक भूमिका हुने गर्छ भन्ने धारणा व्यक्त गरेका छन् भने ३.२२ प्रतिशत मुसलमान महिलाहरूले आफूले नै प्रजननको स्वनिर्णय गर्न पाउने कुरा बताएका छन् । श्रीमान् श्रीमती दुवैको सल्लाह र सहकार्यअनुरूप सन्तान सन्तान जन्माउने कुराको निर्णय हुन्छ भन्ने विचार व्यक्त गर्ने महिला ५६.४५ प्रतिशत रहेका छन् । त्यस्तै प्रजननलाई इस्लाम धर्मले नै निर्धारण गर्छ । कति बच्चा जन्माउने, कहिले जन्माउने, कति जन्मान्तरमा जन्माउने भन्ने कुरा अल्लाहको निर्देशनअनुसार हुने गर्छ भन्ने धारणा राख्ने महिला २७.४१ रहेका छन् ।




**चित्र ५.७ : मुसलमान महिलाहरूको प्रजननमा स्वनिर्णयको अवस्था**

प्रजनन महिलाको जीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय हो । प्रजननमा महिलाको प्रमूख भूमिका रहन्छ भने पुरुषहरूको भूमिका गौण हुन्छ । महिलाहरूले पुरुषको अतिरिक्त गर्भधारण गर्ने, ९ महिनासम्म बच्चालाई पेटमा बोक्ने, बच्चा जन्माउने, दूध चुसाउने, हुर्काउने स्याहार सुसार गर्ने जस्ता थुप्रै जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ, तर उनीहरूले प्रजननसवन्धी निर्णय गर्ने अधिकारको प्रयोग गर्न पाउँदैनन् । चित्रमा ३.२२ प्रतिशत महिलाहरूले मात्र आफूले प्रजनन सवन्धीको निर्णय गर्न पाउने कुरा वताएका

छन् । मुसलमान समुदायमा महिलाहरू कम उमेरमा विवाह गर्ने प्रचलन छ । अज्ञानता, सामाजिक, साँस्कृति, धार्मिक मूल्य मान्यता, चाँडै गर्भवती बनी धेरै सन्तान जन्माउने चलन, गरीबी आदिको

कारणले गर्दा मातृशिशु स्वास्थ्यका जटिलताबाट उनिहरू पिडीत  छन् । मुसलमान समुदायको धार्मिक सांस्कृतिक संस्कारका कारणले प्रजनन अधिकार सम्बन्धीका नियमकानूनहरू कागजमा मात्र सीमित छन् । इस्लाम धर्म अनुसार परिवार नियोजनलाई गैहकानूनी मान्नु बहुपत्नी  विवाहको प्रचलन, चेतनाको कमी सानो उमेरमा विवाह आदि थुप्रै कारणहरूले यस समुदायका महिलाहरूमा प्रजनन दर उच्च रहेको छ । उनीहरूको प्रजनन स्वास्थ्य सम्वन्धीको अधिकार हनन भैराखेको छ । यसका लागी महिलावादी सङ्घसंस्था राजनीतिक नेता, धर्मगुरु शिक्षक, विद्यार्थी, मानवअधिकारकर्मी, समाजसेवी सबैको प्रयास र योगदानको आवश्यकता छ ।

अध्याय - छ

# महिलाहरूको लैङ्गिक अवस्थाको विश्लेषण

आमाको गर्भबाट जन्मेपछि बच्चालाई पुरुष वा महिलाको दर्जा दिएर त्यसै अनुसारको व्यवहार गर्न शुरु गरिन्छ । जन्मिदा मानिस जैविक रूपमा महिला वा पुरुषको रूपमा जन्मिन्छ, तर पछि उसलाई समाजले प्राकृतिक विशेषताको आधारमा फरक-फरक भूमिका ब्यवहार र अधिकारहरू दिन्छ । यसरी महिला र पुरुष भएकै नाताले समाजमा उनीहरूलाई गरिने व्यवहार नै लैङ्गिकता (Gender) हो । समाजमा महिला र पुरुषले निर्वाह गर्ने फरक -फरक भूमिका हुन्छन् त्यसलाई लैङ्गिक भूमिका भनिन्छ भने समाजमा महिला र पुरुषबीच गरिने असन्तुलित भेदभावपूर्ण व्यवहारलाई लैङ्गिक विभेद भनिन्छ । लैङ्गिक भेदभावका कारण महिलाको भूमिका र अधिकार न्यून हुन्छ त्यसले गर्दा उनीहरूले उचित अवसर प्राप्त गर्न नसकी सधैं पछाडी पर्ने वाध्यता हुन्छ ।

कुनै पनि समाजको लैङ्गिक विभेदले त्यहाँका महिलाहरूको विकासमा मात्र होइन कि सिङ्गै समाजको विकासमा बाधा पुग्छ । विभिन्न समाज, संस्कृति, वर्ग र धर्मअनुसार लैङ्गिक अवस्था, भूमिका लिङ्गभेदको स्थिति फरक-फरक किसिमको हुन्छ । विकसित मुलुकका समाजमा खासै लैङ्गिक विभेद पाइदैन, तर अल्पविकसित राष्ट्रहरू जहाँ परम्परागत मूल्य मान्यता र धर्मको प्रभाव बढी हुन्छ त्यस्ता समाजमा लैङ्गिक भेदभाव बढी हुने गर्छ ।

यस अध्यायमा मुसलमान महिलाहरूको लैङ्गिक भूमिका, निर्णय अधिकार, पहुँच सहभागिता र उनीहरूको अवस्थालाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयहरूको बारेमा छलफल तथा विश्लेषण गरिएको छ ।

## ६.१ महिलाहरूको सामाजिक कार्यमा संलग्नता

सामाजिक कार्यमा सहभागी हुँदा मानिसमा सामाजिक गुणको विकास हुन्छ । महिलाहरूको सामाजिक सहभागिताले मित्रता सहयोग, नेतृत्वजस्ता गुणको विकास हुने भएकाले महिला सशक्तीकरणमा पनि यसले महत्त्वपूर्ण भूमिका खेल्छ । घरेलु काम काजको बोझबाट बाहिर निस्केर सामुदायिक काममा सहभागी हुनाले आत्मविश्वासमा वृद्धि हुन्छ । सामाजिक तवरले सक्रिय रहँदा महिलाहरू आत्मनिर्भर, सक्षम र स्वावलम्बी भई समाजको विकास कार्यमा हातेमालो गर्नेसक्ने हुन पुग्छन् यसले लैङ्गिक विकासमा पनि सहयोग गर्छ ।


मियापाटनमा बसोबास गर्ने मुसलमान महिलाहरूको सामाजिक कार्यमा संलग्नता के कस्तो छ ? उनीहरू सामाजिक तवरले कतिको सक्रिय छन् भनी गरिएको अध्ययनको तथ्याङ्कीय अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ : महिलाहरूको सामाजिक कार्यमा संलग्नता**

| सहभागिताको अवस्था | उत्तरदाता | प्रतिशत(%) |
|---|---|---|
| सक्रिय सहभागिता | 9 | 14= 51 |
| मध्यम सहभागिता | 20 | 32=25 |
| न्यून सहभागिता | 5 | 8= 06 |
| **सहभागी नहुने** | **28** | **45= 16** |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार सामाजिक कार्यमा सक्रिय सहभागिता देखाउने महिलाहरू १४.५१ प्रतिशत रहेका छन् । ३२.२५ प्रतिशत महिलाहरूको सामाजिक सहभागिता मध्यम किसिमको देखिन्छ । ८.०६ प्रतिशत महिलाहरूको निस्कृय सहभागिता देखिन्छ । त्यस्तै ४५.१६ प्रतिशत महिलाहरू सामसदायिक कार्यमा सहभागी नै हुदैनन् ।




**चित्र ६.१ : महिलाहरूको सामाजिक कार्यमा संलग्नता**

चित्रमा सामाजिक कार्यमा सहभागी नहुने महिलाको सङ्ख्या सबैभन्दा उच्च देखिन्छ । यसवाट सामाजिक जीवनमा मुसलमान महिलाहरूको उपस्थिति ज्यादै न्यून छ भन्ने थाहा हुन्छ । “सामाजिक सहभागिता” शब्द एक्काइसौं शताब्दीमा सबैभन्दा बढी प्रयोगमा आउने शब्दको रूपमा लिन सकिन्छ । यसलाई जहाँ जसले जहिले पनि प्रयोग गरेको पाइन्छ । कुनै सामुदायिक विकासका आयोजना स्वीकृति, सञ्चालन अनुगमन, मूल्याङ्कन गर्दा सहभागिता शब्दको प्रयोग गर्ने गरिन्छ, तर अध्ययनअनुसार ४५.१६ प्रतिशत महिलाहरू कुनै पनि सामुदायिक कार्यमा सहभागी नहुने गरेको तथ्य प्राप्त भएको छ । जम्मा १४.५१ प्रतिशत महिलाहरू सामुदायिक कार्यमा सक्रिय सहभागी हुन्छन् भने मध्यम र न्यून सहभागितालाई निस्कृय सहभागिता देखाउने मुसलमान महिलाहरू ४०.३३ प्रतिशत हुन आउँछन् ।

दिगो प्रभावकारी तथा समतामूलक विकासको लागी जनसङ्ख्याको आधा भाग ओगटेका महिलाहरूको प्रभावकारी सहभागिताको जरुरी हुन्छ, तर सामाजिक रीतिरिवाज तथा भेदभावको कारणले सामुदायिक स्तरका निर्णय प्रक्रिया तथा विकास कार्यहरूमा महिलाहरूको सहभागिता न्यून भएको देखिन्छ । यस तथ्याङ्कले मुसलमान महिलाहरूको मात्र होइन कि सम्पूर्ण नेपाली महिलाहरूको सामुदायिक सहभागिताको अवस्थालाई चित्रण गर्दछ । तसर्थ सामुदायिक कार्यमा महिला सहभागिता सुनिश्चित गर्न महिलाका लागि अलग्गै विशेष कार्यक्रम सञ्चालन गर्ने अथवा महिला र पुरुष बीचको लैङ्गिक सम्वन्धप्रतिको अवस्था र सम्वेदनशीलतालाई ख्याल राखी कार्यक्रम तर्जुमा गरी उनीहरूको सहभागितालाई सुनिश्चित गराउन आवश्यक हुन्छ ।

### ६.१.१ सामुदायिक कार्यमा सहभागी नहुने उत्तरदाताहरूको धारणा

तालिका नं ७.१ अनुसार कुल उत्तरदाताहरूमध्ये २८ जना अर्थात् ४५.१६ प्रतिशत महिलाहरू सामुदायिक कार्यमा सहभागी हुँदैनन् । सामाजिक, सांस्कृतिक, धार्मिक, मनोवैज्ञानिक आदि अवरोधक तत्त्वहरू तथा महिलाका समस्या आवश्यकता प्राथमिकतालाई ध्यान नदिईकन पुरुष पक्षीय कार्यक्रम तर्जुमा गर्नाले सामुदायिक कार्यहरूमा महिलाहरूको सहभागिता न्यून रहँदै आएको पाइन्छ ।

**तालिका ६.२ : सामुदायिक कार्यमा सहभागी नहुने उत्तरदाताहरूको धारणा**

| सहभागी नहुनाको कारण | उत्तरदाता | प्रतिशत (%) |
|---|---|---|
| परिवारबाट जान निषेध गरिन्छ । | 9 | 32=14 |
| धर्मले निषेध गरेकाले | 7 | 25=00 |
| महिलाहरूले सही निर्णय गर्न नसक्ने हुनाले | 8 | 28=56 |
| अन्य | 4 | 14=28 |
| **जम्मा** | **28** | **100** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार ३२.१४ प्रतिशत महिलाहरूले परिवारबाट आफूलाई सामुदायिक कार्यमा सहभागी हुन अनुमति नदिने वा जान रोकने गरेको हुँदा सामाजिक तवरले सक्रिय नभएको कुरा बताएका छन् । इस्लाम धर्मले महिलालाई घर भित्रको काम र पुरुषलाई घर बाहिरका काम गर्ने भनी लिङ्गअनुसारको कामको बाँडफाँड गरेको छ । यस धर्मले महिलालाई सामुदायिक कार्यमा लगाउने कुरालाई आविश्कार गरेको छ । तसर्थ, २५ प्रतिशत महिलाहरूले धर्मले निषेध गरेको हुनाले सामाजिक कार्यमा आफूहरू नजाने गरेको बताएका छन् । २८.५६ प्रतिशत महिलाहरूले महिलाहरूको निर्णयक्षमता कमजोर हुने भएकोले सामुदायिक स्तरको निर्णय प्रक्रिया तथा विकास कार्यहरूमा आफूहरू सहभागी नहुने कुरा व्यक्त गरेका छन् । १४.२८ प्रतिशत महिलाहरूले अन्य विविध कारणहरूजस्तै आफ्नो कुरा नसुनिने, उपहास तथा भेदभाव गरिने, फुर्सद नहुने आदि कारणले गर्दा आफूहरू सामाजिक कार्यहरूमा सहभागी नहुने गरेको बताएका छन् ।

परिवारबाट सामाजिक कार्यमा सहभागी हुन निषेध गरिन्छ भन्ने उत्तरदाताको प्रतिशत उच्च देखिन्छ । घरका मुख्य सदस्यको रूपमा रहेका सासु, ससुरा, लोग्ने, जेठाजु, देवर आदिले बाहिर निस्केर सामाजिक कार्यमा लागेको राम्रो नमान्ने हुनाले तथा सामाजिक कार्यको सम्बन्ध सोझै घरमूलीसँग हुने भएकाले आफूहरू त्यस्ता कार्यमा जान नपाउने, प्राय गरी घरमूली नै सहभागी हुने गरेको उनीहरू बताउँछन् ।

खास गरी मुसलमान समुदायमा महिलाहरूको शिक्षा र चेतनाको अभावले गर्दा उनीहरूको अवस्था कमजोर देखिन्छ । चाँडो विवाह गर्ने धेरै सन्तान जन्माउने आर्थिक रूपमा पतिसँग पूर्ण रूपमा आश्रित हुने हुनाले उनीहरू आफूलाई साह्रै कमजोर ठान्दछन् र आफूहरू सामाजिक

कार्यहरूमा सहभागी भई सही निर्णय गर्न सक्ने कुरालाई आफैले पत्याउँदैनन् । आत्मविश्वासको कमीको कारणले पनि यस्ता कार्यमा उनीहरूको सहभागिता न्यून देखिन्छ ।

धार्मिक विश्वास तथा सामाजिक सांस्कृतिक मूल्य मान्यताबाट पनि मुसलमान महिलाहरू बढी प्रभावित भएको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनाको कारणले मुसलमान महिलाहरूको कुरा समाजमा नसुनिने,आफ्ना कुरा अल्पमतमा पर्ने, समाजले हेलाहोचो गर्ने, उपहास तथा दुर्व्यवहार हुने कारणले पनि उनीहरू आफूलाई घर बाहिरका सामाजिक क्षेत्रका कार्यहरूमा संलग्न हुन असजिलो र असुरक्षित महसूस गर्छन् ।

## ६.२ घर ब्यवहारका कार्यमा मुसलमान महिलाहरूको सहभागिता

घर परिवार सामाजिक संरचनाको आधारभूत एकाइ हो । परिवारभित्र लैङ्गिक सम्बन्ध रहेको हुन्छ परिवारमा एकता,मेलमिलाप,सहयोग सहकार्यमात्र नभई संघर्ष,शक्तिको प्रयोग, विभेद, हिंसा पनि हुने गर्छ घरभित्र पनि इज्जत, प्रतिष्ठा, धन शक्ति निर्णय आदिको आधारमा महिला र पुरुष बीच विभेद रहेको हुन्छ । घर परिवारभित्र हुने आर्थिक कारोबार, इज्जत, प्रतिष्ठा निर्णय अधिकार सहभागितामा महिलाको पहुँच भएमा उनीहरूको लैङ्गिक अवस्था पनि राम्रो हुन्छ मुसलमान महिलाहरूको घर व्यवहारको काममा के कस्तो सहभागिता छ भनी थाहा पाउनाका लागि गरिएको अध्ययनबाट प्राप्त भएको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३ घर ब्यवहारका कार्यमा मुसलमान महिलाहरूको सहभागिता**

| घर व्यवहार चलाउने मान्छे | उत्तरदाता | प्रतिशत (%) |
|---|---|---|
| आफै (महिला) | 18 | 29= 03 |
| लोग्ने | 25 | 40= 32 |
| पति पत्नी दुवै मिलेर | 15 | 24= 19 |
| अन्य | 4 | 6= 45 |
| **जम्मा** | **62** | **100** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

तालिकाअनुसार घर व्यवहारका कामहरू आफ्नै निर्णयबाट गर्ने महिलाहरू २९.०३ प्रतिशत छन् । उनीहरूमध्ये लोग्ने कामको खोजीमा विदेश गएकाले आफू घरमूलीका रूपमा रहेका, विधवा तथा सम्बन्ध विच्छेद भएका महिला छन् । ४०.३२ प्रतिशत महिलाहरूले घर व्यवहार काम लोग्नेले गर्ने हुनाले त्यसमा आफ्नो निर्णय खासै लागू नहुने बताएका छन् । २४.१९ प्रतिशत महिलाहरूले

पति पत्नी दुवैको सल्लाह सहमति र सहकार्यमा व्यवहार गर्ने गरेको बताउँछन् भने बाँकी ६.४५ प्रतिशत महिलाहरूले सासू ससुरा वा परिवारका अन्य सदस्यहरूले घर व्यवहारका काम गर्ने हुनाले आफ्नो सहभागिता र भूमिका नहुने कुरा व्यक्त गर्दछन् ।

घर व्यवहार सम्बन्धीका काम र तीनको सम्पादन गर्न गरिने निर्णयमा पुरुषहरूकै वर्चस्व देखिन्छ । श्रीमान् रोजगारीको लागि विदेश वा घर बाहिर गएका र आफू नै घरमूली भई घर व्यावहार धेरैजसो कामको जिम्मा लिने महिलाहरू व्यावहारिक काम र निर्णय प्रक्रियामा सक्रिय देखिन्छन् ।

घरमूली लोग्ने भएका र आर्थिक रूपमा सक्रिय हुन नसकेका गृहिणी महिलाहरूका लोग्नेले घरको सम्पूर्ण रेखदेखको जिम्मा लिएकाले घर ब्यवहारका निर्णय प्रक्रियामा सक्रिय नभएको पाइयो । व्यापार ब्यवसायमा संलग्न भई आर्थिक आर्जन गरेका कतिपय महिलाहरू पति पत्नि दुवै मिलेर घर ब्यवहारको काम गर्ने गरेको वताउँछन् भने केही मुसलमान महिलाहरू पतिको भन्दा बढी आय आर्जन गर्ने साथै व्यावहारिक निर्णय गर्ने सक्षमता हुँदा हुदै पनि आफूलाई पराधीन र भावनात्मक रूपमा कमजोर ठानी  निर्णय प्रक्रियामा सरिक नभएको पनि पाइयो ।

यस अध्ययनबाट परिवारभित्र रहेको पुरुषहरूको सक्रियता र प्रभुत्वले महिलाहरूमा निस्क्रियता र अधीनस्थता कायम गरेको देखिन्छ । यसको मुख्य जरो पितृसत्तात्मक पारिवारिक संरचना नै भनी ठहर गर्न सकिन्छ ।

## ६.३ मुसलमान महिलाहरूलाई लैङ्गिक समानताबारे जानकारी

महिला र पुरुषलाई समान अवसर सेवा, स्रोत, लाभ जिम्मेवारी अधिकार प्राप्त हुनु नै लैङ्गिक भेदभावको अन्त्य भई महिलाले सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, स्वास्थ्य, शिक्षा, खेलकुद आदि सबै क्षेत्रमा पुरुषसरह समान रूपले अधिकार उपभोग गर्न पाउने स्वतन्त्रतालाई लैङ्गिक समानता भनिन्छ । लैङ्गिक समानताको अभावमा महिलाहरूको विकासमा मात्र प्रभाव पर्ने होइनकि समाज, राष्ट्र र स्वयं पुरुषको विकासमा पनि यसले बाधा पुऱ्याउँछ । तसर्थ, लैङ्गिक समानताविना समतामूलक समाजको निर्माण हुन सक्दैन ।  मियापाटनमा बसोबास गर्ने मुस्लिम महिलाहरूको लैङ्गिक समानताप्रतिको बुझाई ज्ञान धारणा के कस्तो छ  भनी गरिएको अध्ययनबाट प्राप्त भएको तथ्याङ्कलाई चित्रमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

लैङ्गिक समानताबारे जानकारी राख्ने महिलाहरू २२.५८ प्रतिशत रहेका छन् भने ७७.४१ प्रतिशत महिलालाई लैङ्गिक समानताबारे कुनै जानकारी छैन । मुसलमान समुदायका महिलाको चेतनाको स्तर न्यून भएको कारणले यस अवस्था देखिएको भन्न सकिन्छ । महिलालाई आफ्नो

अधिकार प्रतिपूर्ण सचेत गराउन, विकास प्रक्रियामा सहभागी गराउन ज्ञान सीप र आत्मविश्वासलाई सबल बनाउन  शिक्षाको अति महत्त्वपूर्ण भूमिका हुन्छ । तसर्थ, लैङ्गिक समानताको बारेमा महिला तथा पुरुष दुवैलाई सचेत नगराईकन वास्तविक लैङ्गिक समानता र महिला सशक्तीकरण हासिल हुने अपेक्षा गर्न सकिंदैन यसको लागि शिक्षा र सामाजिक सचेतना वा सामाजिक जागरण लैङ्गिक समानताको पहिलो आधार हो ।

## ६.४ लैङ्गिक अवस्था सुधारसम्बन्धी धारणा

शिक्षा, स्वास्थ्य, रोजगारीलगायत महिला सशक्तीकरणका पक्षहरूमा गुणात्मक परिवर्तन ल्याउन सकिएको खण्डमा महिलाहरू आत्मनिर्भर स्वावलम्बी, सक्षम हुन सक्छन् । समाजमा प्रचलित महिलाप्रतिको व्यवहार दृष्टिकोण, मनोवृत्ति र बुझाइमा परिवर्तन नआईकन महिलाको अवस्था सुधार हुन सक्दैन । हाम्रो समाजमा प्रचलित धर्म संस्कृति, परम्परा, चलन, प्रथा, रीतिरिवाज नातेदार वंश परम्परा आदि सबैमा पुरुषको बाहुल्यता देखिन्छ । समाजले महिलालाई सधैँ डरपोक, लज्जालु, परमुखी मायालु, कोमल, अनुशासित, सेविका आदिको भूमिका दिएको छ । निर्णय गर्ने, नेतृत्व गर्ने, बाहिर जाने, जागिर खाने व्यापार गर्ने, समाजसेवा गर्ने निडर, लडाकू र क्षमतावान व्यक्तिको भूमिका समाजले पुरुषलाई दिएको छ । सधैँ घरायसीकाममा मात्र अल्मलिएर बस्नुपर्ने, बच्चा उत्पादन गर्ने यन्त्रका रूपमा समाजले महिलाको भूमिकालाई सिमित र केन्द्रित गरेको छ ।

हुन त आम नेपाली समाजको संरचना पितृसत्तात्मक छ, तर कतिपय सवालमा इस्लाम समाजमा पुरुषको प्रधानता अरू समाजको तुलनामा अधिक देखिन्छ । खासमा इस्लाम समुदायमा धर्मलाई चोखो र अपरिवर्तनीय रूपमा प्रयोग गर्ने अभ्यास गरिन्छ । यस धर्ममा भएको पुरुष पक्षीय नियम र न्यायले महिलाको लैङ्गिक अवस्था कमजोर हुन पुगेको छ ।

इस्लाम समाजभित्र केही मौलिक मूल्य मान्यता र परम्परा हुने गर्छन् जुन अरू समाजमा प्रचलित मान्यताभन्दा पृथक् हुन्छन् । तसर्थ, यस समाजभित्रको मौलिक लिङ्ग भेदको अवस्थालाई ख्याल गरी अलग्गै प्रकारका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ ।


यस शीर्षकअन्तर्गत मुसलमान महिलाहरूको लैङ्गिक अवस्थालई कसरी सुधार गर्न सकिन्छ भन्ने बिषयमा उनीहरूको धारणा बुझ्न खोजिएको छ र उनीहरूबाट प्राप्त भएको धारणालाई निम्नअनुसार तालिकीकरण गरिएको छ ।

### तालिका ६.४ : लैङ्गिक अवस्थाको सुधारसम्बन्धीको धारणा

| सुधारसम्बन्धी धारणा | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| शिक्षा, सीप, वा तालिम दिएर | 32 | 51=61 |
| पितृसत्तात्मक सोच अन्त्य गरेर | 18 | 29=03 |
| धर्मको प्रभाव कम गरेर | 7 | 11=29 |
| कानूनको प्रयोग गरेर | 5 | 8=06 |
| **जम्मा** | **62** | **100** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८ ।

तालिका अनुसार ५१.६१ प्रतिशत महिलाहरूको शिक्षा, सीप वा रोजगारसम्बन्धी तालिम दिएमा महिलाको अवस्थामा सुधार आउने धारणा व्यक्त गरेका सम्बन्धी तालिम दिएमा महिलाको अवस्थामा सुधार आउने धारणा व्यक्त गरेका छन् । २९.०३ प्रतिशत महिलाहरूले मुसलमान समाजमा विद्यमान पितृसत्तात्मक सोच अन्त्य गरेको अवस्थामा मुसलमान महिलाको अवस्थामा सुधार आउने विचार व्यक्त गरे । ११.२९ प्रतिशत महिलाहरूले धर्मको प्रभावलाई कम-कम गर्नुपर्ने कुरा बताए भने कानूनलाई प्रभावकारी ढंगले प्रयोग गरेमा महिलाहरूको लैङ्गिक अवस्थालाई सुधार गर्न धारणा राख्ने महिला ८.०९ प्रतिशत रहेका छन् । यस तथ्याङ्कलाई अझ प्रष्ट पार्न तलको चित्रमार्फत प्रस्तुत गरी विश्लेषण गरिएको छ ।




**चित्र ५.२ : उत्तरदाताको लैङ्गिक अवस्थाको सुधार सम्बन्धी धारणा**

मुसलमान महिलाहरूको शिक्षाको स्तर अत्यन्त कमजोर छ । शिक्षा, सीप, रोजगारीको अभावमा महिलाहरू आय आर्जन गर्न सक्दैनन् र पतिको आयमा आश्रित

हुन्छन् । ज्ञान र चेतनाको अभावमा उनीहरू आफूलाई सामाजिक कार्यमा सहभागी गराउन सक्दैनन् । निर्णयहरू गर्न पनि हिचकिचाउँछन् । आत्मविश्वास, आत्मसम्मान र आत्मस्वाभिमान पनि शिक्षा, चेतना र सीपको अभावमा कमजोर हुनपुग्छ त्यसैले उनीहरू घरबाहिर निस्किन डराउँछन् । असुरक्षित महसूस गर्छन् र घरलाई आफ्नो सुरक्षित क्षेत्र ठान्दछन् ।

तसर्थ, यहाँ आधाभन्दा बढी महिलाहरूले आफूलाई शिक्षा, सीप, तालिम रोजगारीको आवश्यकता भएको र त्यसो भएमा आफूहरू सक्षम हुनसक्ने धारणा राख्नु अत्यन्तै सान्दर्भिक देखिन्छ ।

एक चैथाइ भन्दा बढी महिलाहरू समाजमा पुरुषको बोलबाला बढी भएको, समाज भित्रका एकाइहरू पुरुषप्रधान भएको धारणा राखेका छन् । पुरुषको प्रधानता अन्त्य भएमा लैङ्गिक समानता आउने धारणा व्यक्त गरेका छन् । वास्तवमा मुसलमान समाजको सामाजिक संरचना पुरुष पक्षीय छ । यसबाट मुसलमान महिलाहरूमाथि विभेद दमन, शोषण भैरहेको छ, तसर्थ, उनीहरूको यस प्रकारको धारणा पनि उत्तिकै सान्दर्भिक देखिन्छ ।

मुसलमान महिलाहरू आफ्नो धर्मप्रति अत्यन्तै संवेदनशील हुन्छन् । प्रायजसो महिलाहरू धर्मको विरुद्धमा बोल्न साहस र आँट गर्न सक्दैनन् । उनीहरू कुरआनका उपदेशको विरोधी काम गर्नुलाई पाप ठान्दछन् र अल्लाहको अति नै डर मान्दछन् । त्यसैले धेरै जसो महिलाहरू मुसलमान धर्मले आफूहरूलाई विभेद गरेको कुरा व्यक्त गर्न सक्दैनन । बरु इस्लाम धर्मलाई व्यवहारमा राम्रोसँग उतारिएको खण्डमा आफूहरूलाई न्याय हुने कुरा बताउँछन् तर नयाँ पिढीका महिलाहरूमा यस प्रकारको परम्परागत सोचमा परिवर्तन आएको संकेत मिल्छ । तथ्याङ्कअनुसार ११.२९ प्रतिशत महिलाहरूले धर्मको प्रभाव कम गर्नुपर्ने मत व्यक्त गरेका छन् । उनीहरूले अहिलेको परिवर्तित समाजका मूल्य मान्यतासँग बाझिने, विरोधाभाषपूर्ण धार्मिक मान्यतालाई समयसापेक्ष परिवर्तन गरी धर्मलाई प्रगतिशील बनाउनु पर्ने कुरा व्यक्त गरे । तसर्थ, मुसलमान सशक्तीकरणको लागि सचेत महिला युवा पङ्क्तिले नेतृत्व गर्नुपर्ने देखिन्छ ।

# अध्याय - सात

# सारांश, निष्कर्ष र सुझाव

## ७.१ अध्ययनको सारांश

यस शोधपत्रमा मुसलमान महिलाहरूको सामाजिक सांस्कृतिक, आर्थिक अवस्था र त्यसवाट लैङ्गिक विकासमा परेको प्रभावलाई अध्ययन गरिएको छ । कास्की जिल्लाको सदरमुकाम पोखरा उपमहानगरपालिका वडा नं १३ को मुसलमान समुदायमा यो अध्ययन केन्द्रित छ । मुसलमान जाति कास्की जिल्लाको अल्पसङ्ख्यक जातिको रूपमा रहेको छ । इस्लाम धर्म मान्ने उनीहरूको जीवनशैली रहनसहन संस्कार संस्कृति अन्य जातिको तुलनामा पृथक् किसिमको पाइन्छ । चौबीसे राज्यको पालामा हातहतियार बनाउन तथा सैनिकलाई युद्धकलाबारे प्रशिक्षण दिने प्रयोजन का लागि तात्कालीन कास्की राज्यका राजाले भारतको काश्मीरदेखि ल्याइएका मुसलमानका सन्तान नै अहिले मियापाटनमा बसोबास गर्ने मुसलमानहरू हुन् ।

मुसलमान जाति एक अलग्गै धार्मिक, सांस्कृतिक पहिचान बोकेको जाती हो । ईसाको छैटौं शताब्दीमा पैगम्वर मुहम्मदद्वारा स्थापित इस्लाम धर्मको रूपमा अहिले विश्वको ठूलो संख्यामा मानिसहरूले पालना गर्ने धर्मको रूपमा विकसित भएको छ । स्थापनाकालदेखि हालसम्म पनि यो धर्म मौलिक अपरिवर्तनीय र बढी कट्टर भएको पाइन्छ । इस्लामका अनुयायीहरू आफ्नो धर्मप्रति अत्यन्तै संवदेनशील र अशक्त हुने गर्छन् । अहिले पनि मुसलमान समाजमा इस्लामिक धार्मिक ग्रन्थ कुरआन प्रदत्त न्याय, नियम र कानून ब्यवहारिक जीवनमा प्रयोग गरिरहेको पाइन्छ ।

मुसलमान समाजमा पितृसतात्मक सामाजिक संरचना रहेको पाइन्छ । कुरआनले पुरुषलाई उच्च दर्जामा राखेको छ । परिवारभित्र र सामाजिक जीवनमा पुरुषको अधिकार तथा भूमिकालाई श्रेष्ठता दिएको छ, तर महिलालाई डरपोक, लज्जालु, कमजोर, कोमल, आश्रित आदिको भूमिका दिई दोस्रो दर्जामा राखेको छ । धर्मलाई चोखो र अपरिवर्तनीय बनाउने नाममा इस्लाम महिलाहरू अहिलेको एक्काइसौं सताब्दीको सभ्य, सुसंस्कृत र समतामूलक समाज विकासको यस संघारमा पनि मध्ययुगिन दासत्व, विभेद हिंसा र असमानताको शिकार भैरहेका छन् ।

मानिसको चेतना ज्ञान र विवेकको पहिलो आधारको रूपमा शिक्षालाई लिने गरिन्छ । शिक्षाले मानिसलाई आफ्नो काम, कर्तव्य र अधिकारप्रति सचेत गराउँछ, तर मुसलमान समुदायमा अझै पनि ३०.६४ प्रतिशत स्वावलम्बी, आत्मनिर्भर, विवेकी र प्रगतिशील बनाउँछ ।

महिलाहरू निरक्षर छन् । एस.एल.सी. पास तथा सोभन्दा माथि अध्ययन गरेका महिलाहरू ९.६६ प्रतिशतमात्र छन् । सदरमुकामको केन्द्रमा रहेको मियापाटनका मुसलमान महिलाहरूको शैक्षिक अवस्था अति कमजोर देखिनुले नेपालका अन्य दुर्गम ग्रामीण भेगमा बसोबास गर्ने अन्य मुसलमान महिलाहरूको शैक्षिक स्तर शोचनीय छ भन्ने कुरा पुष्टि हुन्छ । कम उमेरमा विवाह हुनु विवाहपश्चात् शिक्षा निरन्तरताको कुनै अवसर प्राप्त नहुनु गरीबी, अन्धविश्वासमा आधारित अति धार्मिक प्रवृत्ति उच्च प्रजननदर, महिलाहरू स्वयंमा चेतनाको कमी आदि थुप्रै तत्त्वहरू मुसलमान महिलाको शैक्षिक विकासको वाधकका रूपमा रहेका छन् । र मुसलमान समुदायको लैङ्गिक विकासमा अति कमजोर शैक्षिक स्तर प्रमुख चुनौतीका रूपमा रहेको छ ।

मुसलमान समुदायमा छोरीलाई कम उमेरमा विवाह गरिदिने चलन देखिन्छ । ४०.३२ प्रतिशत महिलाहरूको विवाह १५ वर्ष भन्दा कम उमेरमा हुने गरेको तथ्य अध्ययनबाट थाहा भएको छ यसले मुसलमान समुदायमा बाल विवाहको प्रचलन व्यापक रहेको कुरा पुष्टि हुन्छ । खेल्ने, पढ्ने व्यक्तित्व विकास गर्ने साथै आमाबावुको माया ममता पाउनु पर्ने कलिलो र संवेदनशील उमेरमा विवाह हुँदा विवाहपश्चात्को जीवन पराश्रित कमजोर र न्यून गुणस्तरीय भएको पाइन्छ । यसले उनीहरूको शारीरिक मानवीय संवेगात्मक तथा सामाजिक विकासमा प्रतिकूल प्रभाव पारिरहेको छ ।

मुसलमान महिलाहरूको विवाहको प्रकारलाई अध्ययन गर्दा ३२.२५ प्रतिशतले प्रेम विवाह गरेको तथ्य प्राप्त भएको छ यसवाट मुसलमान समुदायमा प्रेमविवाहको चलन बढ्दै गएको संकेत मिल्दछ, तर अधिकांश मुसलमान महिलाहरूको विवाह किशोर अवस्था पार नगर्दै हुने गरेको तथ्यवाट उनीहरू आफ्नो विवाहित जोडीसँग सचेततापूर्वक प्रेम गरेर त्यसलाई विवाहमा परिणत गरेको कुरालाई पूर्ण रूपमा विश्वास गर्ने आधार देखिंदैन । यौवन अवस्थामै प्रेम विवाह गर्न पुगेका कतिपय उत्तरदाताहरूले त्यस अवस्थामा देखिने रसरागहरूको परिवर्तनको परिणामस्वरूप अपरिपक्व उमेरमा विवाह गर्न पुगेको देखिन्छ । कतिपय अभिभावकले आफ्ना छोराछोरीले छिट्टै विवाह गरेमा खर्च र दायित्वबाट जोगिने मनसायले अपरिपक्व उमेरमा प्रेम तथा विवाह गर्न पत्यक्ष परोक्ष रूपमा सहयोग गर्ने गरेको अवस्था पनि अध्ययनमा देखियो ।

विधवा विवाहप्रति इस्लाम धर्म लचिलो देखिए तापनि श्रीमान्को मृत्युपश्चात् साना छोराछोरी पाल्ने हुर्काउने जिम्वेवारी आमा एक्लैले लिनुपर्ने हुनाले छोराछोरीको पालन पोषण र भविष्यप्रति गैह जिम्वेदार बनी पुन विवाह गर्न महिलालाई व्यवहारिक रूपमा सहज छैन । कुल उत्तरदातामध्ये ९.६ प्रतिशत महिलाहरू श्रीमान्को मृत्युपश्चात् एक्लो जीवन

बिताइरहेका छन् । इस्लाम धर्ममा धारणागत रूपमा पुनर्विवाहलाई  वैधानिकता दिएको भए पनि व्यवहारिक रूपमा  सम्भव नभएको कुरा उनीहरू बताउँछन् ।

यस धर्ममा पारपाचुकेलाई अति सजिलोसँग व्याख्या गरिएको छ तथापि यसको प्रयोग पुरुषहरूले एकलौटी रूपमा गरेको अवस्था छ । तर महिलाहरूले पारपाचुके अधिकार उपयोगको स्थिति ज्यादै न्यून रहेको देखिन्छ । पुरुषहरूले ४ ओटासम्म पत्नी विवाह गर्न पाउने कुरआन प्रदत कानूनको उपयोग गर्दै १९.३५ प्रतिशत पुरुषहरूले बहुपत्नी विवाह गरेको भए पनि उनीहरू यसलाई अल्लाहको मर्जी वा भाग्य ठान्छन् । उनीहरू अन्यायको विरुद्ध कानूनी उपचार खोज्न न्यायालय जान सक्दैनन् ।

उत्तरदाताहरूको पेशागत अवस्थाको अध्ययन गर्दा ४०.३२ प्रतिशत महिलाहरू व्यापारिक कार्यमा संलग्न देखिन्छन् । उनीहरू प्राय: शृङ्गारिक वस्तु बिक्री गर्ने कस्मेटीक पसल चलाउँछन् । केही महिलाहरू साना होटल, किराना पसल, तरकारी फलफूल पसल गर्दछन् कतिपय महिलाहरू लोग्नेसँगको सहकार्यमा घडी, रेडियो, टि.भी. मोवाइल मर्मत तथा खरीद बिक्री गर्ने इलेक्ट्रोनिक्स पसल चलाएको पाइन्छ । मुसलमान महिलाहरूको व्यापारिक कार्यमा संलग्नता सन्तोषजनक देखिन्छ तर निजी वा सरकारी क्षेत्रमा नोकरी वा सेवासम्वन्धी पेशामा उनीहरूको पहुँचको स्थिति अत्यन्तै नाजुक छ । आधाभन्दा बढी महिलाहरू शुद्ध रूपमा गृहिणी छन् र आर्थिक रूपमा पुरुषनिर्भर छन् ।

इस्लाम धर्मका प्रचलनअनुसार परिवार नियोजन गर्नु धर्मविरोधी हराम (पाप) कर्म मानिन्छ । जन्म दिने, पालन पोषण गर्ने लाभ हानि पुऱ्याउने सबै काम अल्लाहको हुकुम र शक्तिबाट हुन्छ भन्ने मान्यता यस समुदायमा रहेको पाइन्छ । त्यसैले मुसलमान महिलाहरूको प्रजनन दर उच्च रहेको छ । ३५.४ प्रतिशत महिलाहरूले ४ भन्दा बढी सन्तान जन्माएको तथ्याङ्क प्राप्त भएको छ । सानो उमेरमा गर्भधारण गर्ने, छिटो-छिटो र धेरै पटक गर्भधारण गर्नाले उनीहरूको स्वास्थ्यमा नकारात्मक असर परेको देखिन्छ । तर नयाँ पुस्ताका महिलाहरूमा गर्भ निरोधका साधन प्रयोग प्रति सकारात्मक धारणा विकसित हुदै गएको पाइन्छ ।

शरीरको पूरै भाग ढाक्नेगरी लगाइने कालो रङ्गको पोशाक बुर्का जसले मुसलमान समुदायका महिलालाई पर्दाभित्र राखिने वस्तुका रूपमा प्रतीकात्मक संकेत गर्दछ । यसले रुचि र मौसमअनुसारको पोशाक लगाई स्वतन्त्रप्रतापूर्वक हिंडडुल गर्ने अधिकारबाट उनीहरूलाई वञ्चित गर्दछ । बुर्का लगाउने चलनलाई पुरानो पुस्ताले पंरपराको नासोको रूपमा अपनाउँदै आएको भए पनि नयाँ पुस्तामा यस प्रकारको पोशाकप्रति विकर्षण बढ्दै गएको अध्ययनबाट थाहा हुन्छ । त्यसै

दिनहुँ नबिराइकन नियमपूर्वक नमाज पढनु पर्ने मुसलमान समुदायमा रहेको धार्मिक मान्यताप्रति पनि नयाँ पुस्ताका महिलाहरूको धारणा परिवर्तनशील देखिन्छ ।

मियापाटनमा बस्ने अल्पसङ्ख्यक मुसलमान समुदायमा हिन्दूकृत ऐन नियम कानूनको प्रभावले उनीहरूका कतिपय मौलिक पंरपरालाई हस्तक्षेप गरेको पाइन्छ । उनीहरूको भाषा, भेषभूषा, लवाइखवाइमा हिन्दूकरणको प्रभाव परेको देखिन्छ । उर्दू भाषा बोल्ने मानिसहरूको संख्या विरलै भेटिन्छ । नयाँ पुस्ताका प्राय मानिसहरू उर्दू भाषा बोल्न जान्दनैन् । उमेर ढल्केका मुसलमान पुरुषहरू दौरा सुरुवाल र ढाकाको टोपी लगाउँछन् । महिलाहरू कुर्ता सुरवाल, साडी, चोलो, ब्लाउज, लुङ्गी लगाउँछन् । इस्लाम धर्मले गाईको बध गर्नु तथा गाईको मासु खानुलाई वैध मानेको भए पनि उनीहरू गाईको वध गर्दैनन् । अन्य मुसलमान राष्ट्रमा जस्तो धार्मिक कट्टरता नेपाली मुसलमानमा पाईदैन । उनीहरू अन्य धर्मप्रति मिलनसार र सहिष्णु देखिन्छन् । मियापाटनका मुसलमानहरू आफ्ना गैह्र मुसलमान छिमेकीलाई चाडपर्वमा बोलाउछन् र आफूहरू पनि जाने गर्छन् । मर्दापर्दा सर सहयोग  गर्छन् । गैह्र मुसलमान तथा मुसलमान बीचको सामाजिक मेलमिलाप सम्पर्क र घुलमिलको अवस्था राम्रो छ र अर्को दृष्टिकोणबाट हेर्दा मुसलमान समुदायको सामाजिक सम्बन्ध चालचलन पहिरन, खानपिन र जीवनशैलीमा आंशिक रूपमा हिन्दूकरणको प्रभाव परेको पाइन्छ ।

सामाजिक क्षेत्रका कार्यहरूमा मुसलमान महिलाहरूको सहभागिता ज्यादै न्यून भएको कुरा अध्ययनबाट थाहा हुन्छ । दिगो, प्रभावकारी र समतामूलक विकासका लागि समाजका हरेक क्षेत्रमा महिलाहरूको सहभागिता जरुरी हुन्छ, तर सामाजिक, आर्थिक धार्मिक मनोवैज्ञानिक आदि अवरोधक तत्त्वहरूले उनीहरूको  सामाजिक क्षेत्रमा जान तथा काम गर्नबाट वञ्चित गरेको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनाको कारणले उनिहरूको कुरा समाजमा नसुनिने, हेलाहोचो, उपहास तथा दुर्व्यवहार हुने आदि बारणले उनीहरू घर बाहिर सामाजिक क्षेत्रका काममा संलग्न हुन असजिलो र असुरक्षित महसूस गरेको पाइन्छ । कम उमेरमा विवाह, छिटो गर्भधारण गर्ने शिक्षा तथा चेतनाको कमी, गरीबी आदि थुप्रै कारणहरूले मुसलमान महिलाहरूको प्रजननदर उच्च रहेको छ । जसको कारण उनीहरू मातृशिशु स्वास्थ्यका जटिलताबाट पीडित छन् । इस्लाम समुदायभित्र केही मौलिक मूल्य, मान्यता र परंपरा विद्यमान छन् जुन अरू समाजमा प्रचलित मान्यताभन्दा फरक प्रकारका छन् । तसर्थ, मुसलमान समुदायभित्रको मौलिक लिङ्गभेदको अवस्थालाई ख्याल गरी महिला सशक्तीकरणका अलग्गै प्रकारका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । इस्लाम समाजमा विद्यमान केही पुरुष पक्षीय धार्मिक नियम र न्यायले पनि यहाँका महिलाहरूको लैङ्गिक अवस्थालाई

कमजोर तुल्याएको छ । त्यसका लागि सचेत महिला युवा पङ्क्ति नेतृत्वमा अगाडि आउनुपर्ने देखिन्छ ।

## ७.२ अध्ययनको निष्कर्ष

यस शोधपत्रको निष्कर्षलाई निम्नअनुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

१. यस अध्ययनमा मुसलमान महिलाहरूको शैक्षिक स्तरलाई हेर्दा ४१.६५ प्रतिशत महिलाहरू एस.एल.सी भन्दा कम अध्ययन गरेका छन् । तसर्थ, धेरै मुसलमान महिलाहरूले प्रा.वि. तथा नि.मा.वि. तहमा अध्ययन गर्दा गर्दै स्कूल छोड्ने गरेको तथ्याङ्कबाट देखिन्छ । ३०.६४ प्रतिशत महिलाहरू निरक्षर छन् । मुख्य रूपमा कमजोर शैक्षिक स्तरको कारण मुसलमान महिलाको लैङ्गिक विकासका आयामहरू अवरोध हुन पुगेका छन् ।

२. उत्तरदाता महिलाहरूको वैवाहिक स्थितिलाई अध्ययन गर्दा ८२.२५ प्रतिशत श्रमिान्सँगै बसेको, ८.०६ प्रतिशत सम्बन्धविच्छेद भएको र ९.६७ प्रतिशत विधवा भएको पाइयो । तसर्थ इस्लाम समाजमा धारणागत रूपमा विधवा विवाहलाई स्वीकार गरिएको भए पनि व्यावहारिक रूपमा सहज नभएको देखिन्छ ।

३. उत्तरदाता महिलाहरूको सम्बन्ध विच्छेदको अधिकार उपयोग क्षमतालाई हेर्दा ८० प्रतिशत महिलाहरूले श्रीमान्बाट पारपाचुके पाएको र २० प्रतिशत महिलाहरूले आफूले सम्बन्ध विच्छेदको कुरा उठाएको बताएका छन् । तसर्थ, इस्लाम समाजमा सम्बन्धविच्छेदको प्रक्रिया अति सजिलो भए पनि यस अधिकारको उपयोग पुरुषले उच्च रूपमा गरेको र महिलाको पहुँच न्यून रहेको देखिन्छ ।

४. उत्तरदाताहरूको वैवाहिक उमेरको अवस्थालाई हेर्दा ४०.३२ प्रतिशत महिलाहरूको विवाह १५ वर्षभन्दा कम उमेरमा भएको थियो । यसबाट मुसलमान समुदायमा बाल विवाहको प्रचलन रहेको थाहा हुन्छ ।

५. मुसलमान महिलाहरूको विवाहको उमेरमा शैक्षिक स्तरलाई हेर्दा ३५.४८ प्रतिशत निरक्षर र ४१.६५ प्रतिशत एस.एल.सी. भन्दा कम शिक्षा अध्ययन गरेका देखिन्छन् । यस तथ्याङ्कलाई बुँदा नं. १ सँग तुलना गरी हेर्दा मुसलमान महिलाहरूले विवाहपश्चात् शिक्षा निरन्तरताको कुनै अवसर प्राप्त नगरेको देखिन्छ ।

६. उत्तरदाताहरूको विवाहको प्रकारलाई अध्ययन गर्दा ६७.७४ प्रतिशतले मागी विवाह गरेको, ३२.२५ प्रतिशतले प्रेम विवाह गरेको पाइयो । यस तथ्याङ्कबाट मुसलमान समुदायमा प्रेमविवाहको प्रचलन बढ्दै गएको सङ्केत मिल्छ । तथापि अधिकांश मुसलमान

महिलाहरूको विवाहपूर्व किशोर अवस्था पार नगर्दै हुने गरेको तथ्याङ्कबाट उनीहरूको परिपक्व र सचेततापूर्वक प्रेम विवाह भएको कुरालाई पूर्ण रूपमा विश्वास गर्न सकिंदैन ।

७. उत्तरदाताहरूको विवाह मञ्जुरीको अवस्थालाई हेर्दा ७७.४१ प्रतिशत इच्छित विवाह र २२.५८ प्रतिशत महिलाहरूको अनिच्छित विवाह भएको पाइयो । अनिच्छित विवाह हुन पुगेका महिलाहरूमध्ये ६४.२८ प्रतिशतले आफ्नो उमेर कम भएको कारण विवाह गर्ने चाहना थिएन भन्ने विचार व्यक्त गरेका छन् । तसर्थ, मुसलमान महिलाहरू कम उमेरमा विवाह बन्धनमा बाँधिन पुग्दा शिक्षा, सीप, व्यक्तित्व विकासका अवसरहरू उपभोग गर्न पाउँदैनन् । कम उमेरमा विवाह मुसलमान समुदायको लैङ्गिक विकासको चुनौतीका रूपमा रहेको छ ।

८. उत्तरदाताको विवाहअगाडि श्रीमान्सँग परिचयको अवस्थालाई हेर्दा ३७.०९ प्रतिशत महिलाहरूले लोग्नेसँग विवाह पहिले बोलचाल र देखभेटको कुनै मौका प्राप्त नभएको धारणा व्यक्त गरेका छन् । तसर्थ मुसलमान समाजमा अभिभावकहरू छोरीका लागि असल जीवन साथी खोज्नुभन्दा पनि आफ्नो लागि ज्वाइँ खोज्ने कुरालाई प्राथमिकता दिन्छन् । महिलाहरू कहिल्यै नदेखेको, नबोलेको, आनीवानी थाहा नभएको अपरिचित मानिससँग दान दिएको वस्तु जस्तो जान र श्रीमतीको भूमिका निर्वाह गर्न बाध्य छन् भन्ने कुरा अध्ययनबाट थाहा हुन्छ ।

९. मुसलमान समुदायमा पहुपत्नी विवाहको अवस्थालाई हेर्दा १९.६४ प्रतिशत उत्तरदाताका श्रमिानले बहुपत्नी विवाह गरेको पाइयो । कुरआनले पुरुषले ४ ओटा सम्म पत्नी विवाह गर्न पाउने वैधानिकता दिएको छ त्यही कुरआन प्रदत्त कानूनले पुरुषलाई बहुविवाह गर्न आत्मबल बढाएको र महिलालाई आफ्नो लोग्नेले अर्को पत्नी ल्याउँछ कि  भन्ने कुराले मानसिक तनाव हुने गरेको अवस्था देखिन्छ ।

१०. मुसलमान महिलाहरूको पेशागत अवस्थालाई अध्ययन गर्दा ५३.२२ प्रतिशत महिलाहरू शुद्ध रूपमा गृहिणी हुन् भने ४०.३२ प्रतिशत महिलाहरू व्यापार व्यवसायमा संलग्न छन् । मुसलमान महिलाहरूको व्यापारिक कार्यमा संलग्नताको अवस्था राम्रो देखिए पनि सरकारी तथा गैह्रसरकारी सेवासम्बन्धी पेशामा उनीहरूको संलग्नता शून्य प्रायः छ ।

११. उत्तरदातामध्ये ६१.२९ प्रतिशत महिलासँग आफ्नो कुनै पेवा सम्पत्ति छैन भने ३८.७० सँग गर गहना, जग्गा जमिन वा पैसा आदि पेवा सम्पत्ति रहेको छ । तसर्थ अधिकांश महिलाहरूको आर्थिक अवस्था पुरुष आश्रित रहेको छ ।

१२. मुसलमान महिलाहरूको लगाउने विशेष प्रकारको पोशाक बुर्का सधैं लगाउने महिलाहरू ४.८३ प्रतित रहेका छन् भने ७७.४१ महिलाहरूले धार्मिक वा सांस्कृतिक कार्य सहभागी हुँदा मात्र बुर्का लगाउँछन् । त्यस्तै १७.७४ प्रतिशत महिलाहरूले कहिल्यै पनि बुर्का लगाउँदैनन । मुसलमान समुदायमा बुर्का लगाउनु पर्ने अनिवार्यता हट्दै गएको भए तापनि बुर्का परम्परा पूर्ण रूपमा हट्न सकेको छैन ।

१३. अभिनय, सुन्दरता सम्बन्धीका प्रतियोगिता, फेसन डिजाइन, मोडलिङ्ग, पत्रकारिता जस्ता क्षेत्रहरूमा मुसलमान महिलाहरूको सहभागिता शुन्य प्राय छ ।

१४. मुसलमान समुदायभित्र धार्मिक सहिष्णुताको अवस्था राम्रो देखिन्छ । गैह्र मुसलमान समुदायसँग मेलमिलाप, सम्पर्क, घुलमिल, सरसहयोगको अवस्था राम्रो देखिन्छ । मुसलमानहरूको जीवन शैलीमा आंशिक रूपमा हिन्दूकरणको प्रभाव परेको पाइन्छ ।

१५. उत्तरदाता महिलाहरूको गर्भधारणाको अवस्थालाई अध्ययन गर्दा ४०.३२ प्रतिशत महिलाहरूले ४ पटक भन्दा बढी गर्भधारणा गरेका छन् । गर्भधारणदर उच्च भएकाले उनीहरू मातृशिशु स्वास्थ्यका जटिलताबाट पीडित छन् ।

१६. ३५.४८ उत्तरदाताहरूले ४ ओटा भन्दा बढी सन्तान जन्माएका छन् । तसर्थ, मुसलमान समुदायका महिलाको प्रजननदर उच्च देखिन्छ तथापि २ ओटा मात्र सन्तान जन्माउने महिलाहरू २२.५८ प्रतिशत देखिन्छ यसबाट मुसलमान समुदायको नया पुस्तामा २ मात्र सन्तान जन्माई सानो र सुखी परवार बनाउने चाहना बढ्दै गएको पाइन्छ ।

१७. प्रजननमा उत्तरदाताको मञ्जुरीको अवस्थालाई अध्ययन गर्दा १७.५४ प्रतिशत महिलाहरूले विविध कारणले करकापमा परी सन्तान जन्माएको धारणा व्यक्त गरे र अनिच्छित जन्म दिन बाध्य भएका महिलामध्ये ७० प्रतिशत महिलाले धार्मिक विश्वासको प्रभावले गर्दा आफ्नो इच्छा विपरीत धेरै सन्तान जन्माउनु परेको धारणा व्यक्त गरे । तसर्थ, मुसलमान समुदायको प्रजननदर उच्च हुनुको एउटा मुख्य तत्त्व अन्धविश्वासमा आधारित धार्मिक मूल्य, मान्यता पनि हो ।

१८. उत्तरदाताहरूले परिवार नियोजनका साधनको प्रयोगको अवस्थालाई हेर्दा २५.८० प्रतिशत महिलाले गर्भनिरोधका अस्थायी साधनहरू प्रयोग गरिरहेका, ४.८३ प्रतिशत पहिले प्रयोग गरेका तर अहिले प्रयोग गर्न आवश्यक नभएको धारणा व्यक्त गरेका छन् भने ६९ .३५ प्रतिशत महिलाहरूले विगत वर्तमान कुनै पनि समयमा परिवार नियोजनका साधन प्रयोग नगरेको बताएका छन् । तसर्थ, मुसलमान महिलाहरूमा परिवार नियोजनसम्बन्धी ज्ञान,

धारणा र बुझाई र यसको महत्त्वबारे राम्रो जानकारी नभएको साथै धार्मिक कारणले परिवार नियोजनप्रति उनीहरूको धारणा सकारात्मक हुन नसकेको पाइन्छ ।

१९. परिवार नियोजनका साधन प्रयोग नगरेका कुल उत्तरदातामध्ये ५३.४८ ले कुरआनको आज्ञाअनुसार आफूले परिवार नियोजनका साधन प्रयोग नगरको बताउँछन् तसर्थ, मुसलमान समुदायको परिवार नियोजनमा अवरोध ल्याउने प्रमुख तत्त्वका रूपमा त्यस समाजमा जरा गाडेर रहेको अन्धविश्वासमा आधारित धार्मिक कानूनलाई लिन सकिन्छ ।

२०. उत्तरदाताहरूको सामाजिक कार्यमा संलग्नताको स्थितिलाई हेर्दा ४५.१६ प्रतिशत महिलाहरू कुनै पनि सामाजिक कार्यमा सहभागी नहुने गरेको तथ्याङ्कबाट देखिन्छ । तसर्थ, सामुदायिक स्तरका निर्णय प्रक्रिया तथा विकास कार्यमा मुसलमान महिलाहरूको सहभागिताको स्थिति न्यून देखिन्छ । मुसलमान महिलाहरू सामाजिक तवरले निस्कृय हुँदा सामाजिक गुणहरू जस्तैः नेतृत्व, स्वावलम्बी, सक्षमता, मित्रताको राम्रो विकास हुन नसकेको र यसले लैङ्गिक विकासमा पनि बाधा पुऱ्याएको देखिन्छ ।

२१. घर व्यवहारका कामहरूमा मुसलमान महिलाहरूको निर्णय प्रक्रियामा सहभागिताको अवस्थालाई अध्ययन गर्दा २९.०३ प्रतिशत महिलाले घर व्यवहारका कामहरू आफ्नै निर्णयबाट गर्ने गरेको बताउँछन् भने ४०.३२ प्रतिशत महिलाहरूले लोग्नेको निर्णय नै सर्वोपरि हुने गरेको धारणा व्यक्त गर्छन् । तसर्थ, परिवारभित्र रहेको पुरुष सक्रियता र प्रभुत्वले महिलाहरूको निर्णय प्रक्रियामा निस्क्रियता र अधीनस्तथा सृजित भएको देखिन्छ ।

२२. मुसलमान महिलाहरूको लैङ्गिक समानताबारेको बुझाइ ज्ञान, धारणाको स्थितिबारे अध्ययन गर्दा ७७.४१ प्रतिशत महिलाहरूलाई लैङ्गिक समानताबारे कुनै जानकारी नभएको पाइएको छ । तसर्थ, महिलालाई आफ्नो अधिकारप्रति पूर्ण सचेत गराउन, ज्ञान, सीप र आत्मविश्वासलाई बढाउनाका लागि शिक्षा तथा चेतनामूलक सामाजिक जागरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

२३. मुसलमान महिलाहरूको प्रजननमा स्वनिर्णयको अवस्थालाई हेर्दा ३.२२ प्रतिशत महिलाहरूले मात्र आफूले प्रजननमा स्वनिर्णय गर्न पाउने गरेको देखिन्छ । तसर्थ, मुसलमान महिलाहरू आफ्नो यौनिकता तथा प्रजनन अधिकार प्रति आफैले स्वतन्त्रपूर्वक निर्णय गर्न स्वाधीन छैनन् । सन्तान कहिले जन्माउने, कति सन्तान जन्माउने, कति जन्मान्तर राख्ने भन्ने महिलाको जीवन र स्वास्थ्यसँग जोडिएका संवेदनशील विषयको निर्णय गर्ने अधिकार महिला स्वयंमा नभई लोग्ने, परिवारको चाहनाअनुसार वा धर्मको निर्देशनअनुसार हुने गर्दछ । यसले

मुसलमान समुदायमा प्रजननदरलाई वृद्धि गरेको छ साथै महिलाहरूको प्रजनन स्वास्थ्य सम्बन्धीअधिकार हनन भएको छ ।

२४. उत्तरदाताहरूको लैङ्गिक अवस्था सुधारसम्बन्धी धारणाबारे अध्ययन गर्दा ५१.६१ प्रतिशत महिलाहरूले शिक्षा, सीप तथा रोजगारसम्बन्धी तालिमहरू दिएमा मुसलमान मिहलाको अवस्थामा सुधार आउने विचार व्यक्त गरेका छन् । त्यस्तै २९.०३ महिलाले समाजमा पितृसत्तात्मक सोचको अन्त्य हुनुपर्ने धारणा राखेका छन् । ११.२९ प्रतिशत महिलाहरूले भने मुसलमान धर्ममा रहेका लैङ्गिक विभेद सम्बन्धीका मान्यताहरूलाई परिवर्तित समाजका आवश्यकता र चाहना अनुरूप परिवर्तन गरी प्रगतिशील बनाउनु पर्ने धारणा व्यक्त गरेका छन् । लैङ्गिक अवस्थाको सुधारप्रति उत्तरदाताहरूले राखेका सबै धारणा सान्दर्भिक देखिन्छन् तथापि शिक्षा, चेतना वा ज्ञान नै सबै समस्या समाधानको मुख्य र अन्तिम उपाय हो । शिक्षाले मानिसको बौद्धिक, सामाजिक, सांस्कृतिक, नैतिक, भौतिक अर्थात् सर्वाङ्गीण विकास गराउन सहयोग गर्छ । यसले मानिसमा आत्मानुभूति, आत्मनिर्भर र स्वाभिमानको विकास गराउँछ । तसर्थ, दिगो र प्रभावकारी लैङ्गिक विकासका लागि मुसलमान समुदायमा चेतनामूलक शैक्षिक कार्यक्रम सञ्चालन गर्न अति आवश्यक छ ।

## ७.३ सुझावहरू

मुसलमान समुदाय नेपालको एउटा अलग्गै किसिमको धार्मिक सांस्कृतिक पहिचान बोकेको समुदाय हो । मुसलमान जाति कास्की जिल्लामा अल्पसङ्ख्यक र न्यून सुधिवा युक्त जातिअन्तर्गत पर्दछ । यस समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था मौलिक प्रकारको छ । उनीहरूको जीवनपद्धति, आवश्यकता, समस्या अन्य जातिको भन्दा पृथक प्रकारका छन् । यो जाति आर्थिक सामाजिक रूपमा अझै पनि पछाडि परिरहेको छ । यस समुदायभित्रका महिलाहरूको अवस्था अझ बढी कमजोर र संवेदनशिल छ । पितृसत्तात्मक सामाजिक संरचना र समाजमा प्रचलित लैङ्गिक विभेदयुक्त कुरआन प्रदत्त कानूनले मुसलमान महिलाहरूको अवस्था अत्यन्तै कठिन देखिन्छ । मुसलमान महिलाहरूको अति कमजोर शैक्षिक स्तर, कम उमेरमा विवाह, उच्च प्रजननदर, बहुविवाह सम्बन्ध विच्छेद, अन्धविश्वासमा आधारित धार्मिक मूल्य/मान्यता आदि थुप्रै समस्याहरू यस समुदायको लैङ्गिक विकासका चुनौतीका रूपमा रहेका छन् ।

तसर्थ, मुसलमान समुदायको लैङ्गिक विकासका लागि निम्न किसिमका कार्यहरूको प्रस्तावना गर्न सकिन्छ ।

(क) मुसलमान महिलाहरूको परिलक्षित समूह बनाई अलग्गै विशेष चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

(ख) मुसलमान महिला र पुरुष बीचको सामाजिक सांस्कृतिक धार्मिक सम्बन्ध प्रति संवेदनशील भई महिला र पुरुष दुवैको सहभागितामा दिगो र प्रभावकारी लैङ्गिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

(ग) मुसलमान महिलाहरूलाई सीपमूलक तालिम दिई रोजगार तथा स्वरोजगारका व्यवसाय उपलब्ध गर्नुपर्ने ।

सरकारी सङ्घ संस्था, गैह्रसरकारी तथा स्थानीय निकायहरू, महिलावादी सङ्घ संस्था, राजनीतिक नेता, धर्मगुरु, शिक्षक, विद्यार्थी, मानव अधिकारकर्मी, समाजसेवी तथा मुसलमान समुदायले आफ्नै तर्फबाट पनि मुसलमान महिलाहरूका साथै समग्र मुसलमान समुदायका विकासको लागि सार्थक प्रयास तथा योगदानको आवश्यकता छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, डा. रविलाल (वि.सं.२०६९), *अलिमिया व्यक्ति र कृति,* पोखरा : अलिमिया लोक वाङ्मय प्रतिष्ठान ।

आचार्य, बलराम (वि.सं.२०६१): *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* कीर्तिपुर काठमाडौः स्टुडेन्ट्स बुक्स पब्लिकेशनं ।

*इस्लामको उपदेश* (२०५७), कपिलवस्तु तौलिहवा, नेपालः कतार गेष्ट सेन्टर

गुरुङ, अर्जुन (वि.सं.२०६०), *पोखरा मियापाटनका मुसलमानहरूको ऐतिहासिक चिनारी एक अध्ययन,* एम.ए.शोधपत्र इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

चालिसे, पुष्पराज (वि.सं.२०४८, २०५८), *नेपालको इतिहास र सभ्यता,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

थापा, श्रीबहादुर (वि.सं.२०६६), *मुसलमान समुदायमा महिलाको अवस्था,* एम.ए.शोधपत्र मानविकी तथा समाजशास्त्र सङ्काय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

बत्स्याल, वीरेन्द्र वीर (वि.सं.२०५५), *सामुदायिक विकास तथा प्रसार,* प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सानोठिमी भक्तपुर ।

बराल, गीतादेवी (वि.सं.२०६६), *ग्रामीण महिलाहरूको दाइजो प्रथाप्रतिको धारणा,* एम.ए. शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा ।

बराल, रामचन्द्र (वि.सं.२०५७), *सम्बन्ध विच्छेदका कारण र असर,* एम.ए. शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, मानविकी सङ्काय, त्रिभुवन विश्वविद्यालय किर्तिपुर ।

बस्न्यात, वीरेन्द्र वीर (वि.सं.२०५५), *सामुदायिक विकास तथा प्रसार,* सानोठिमी, भक्तपुर : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिक परिषद ।

भादगाउँले, अमृत (वि.सं. २०५९), *लोककवि आलिमिया,* कुमुदिनी होम्स विद्यालय परिवार ।

महर्जन, श्यामकृष्ण (वि.सं.२०६८), *मानव यौनिकता र प्रजनन स्वास्थ्य,* कीर्तिपुर, काठमाडौ.सनलाइट पब्लिकेसन ।

मुडवरी, नवराज (वि.सं.२०६७), *स्वास्थ्य शिक्षाका सिद्धान्त र आधारहरू,* टेकु, काठमाडौंः जुपिटर पब्लिसर्स, प्रा.लि. ।

यादव, पीताम्बरलाल (वि.सं. २०४६), *नेपालको राजनैतिक इतिहास,* विजय कुमार (विहार)

रायमाझी, हिक्मतबहादुर (वि.सं.२०६०), *नेपालको जनसंख्या,* काठमाडौंः न्यू हिरा इन्टरप्राइजेज ।

लामिछाने, भीमलाल (वि.सं.२०६४), *हिन्दूधर्मको उत्पत्ति र विस्तार,* काठमाडौं, डिल्लीबजारः अशोक लामिछाने, पारु अपसेट प्रेस ।

विष्ट, डोरबहादुर (वि.सं. २०५५), *सबै जातको फूलबारी,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोदिनीप्रसाद (वि.सं. २०५०), *नेपालको आधुनिक इतिहास,* काठमाडौं : राजेश प्रकाशन ।

शर्मा, कमलराज (वि.सं. २०५७), *नेपाली समाज र संस्कृति,* देवी शर्मा पोखरा ।

शर्मा, कमल (वि.सं.२०६४), *मुसलमान जातिको सामाजिक आर्थिक अवस्था,* एम.ए.शोध पत्र, मानविकी तथा समाजशास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

शर्मा, विष्णुप्रसाद (वि.सं. २०६६), *अलिमियाका लोक गितको अध्ययन,* अलिमिया लोक वाङ्मय प्रतिष्ठान ।

शर्मा, मोदिनीप्रसाद (वि.सं. २०५०), *नेपालको आधुनिक इतिहास,* काठमाडौं : राजेश प्रकाशन ।

शाकिर हिफ्जुर्रहमान शुक्सल्लाह (अनुवादक) (वि.सं. २०६३ ), *पवित्र कुरआन,* दारुत तालिम सिराहा, नेपालः रमौल प्रकाशन

श्रेष्ठ, डा.केशवकुमार, तिलकप्रसाद चौलागाई, केशव राज सापकोटा (२०६६), *लैङ्गिक अध्ययन,* काठमाडौ : एकेडेमीक बुक सेन्टर ।

सिवाकोटी, गोपाल (वि.सं. २०६४), *अनुसन्धान पद्धति र प्रतिवेदन लेखन,* पैरवी प्रकाशन ।

श्रेष्ठ, सन्ध्या (बि.सं. २०६४), *मुसलमान महिलाहरूको गर्भपतन र परिवार नियोजन सम्बन्धी दृष्ट्रिकोण,* एम.ए. शोधपत्र मानविकी तथा समाजशास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

सुवेदी, राजाराम (वि.सं.२०६०), *कास्की राज्यको इतिहास,* विद्यार्थी, पुस्तक भण्डार भोटाहिटी, काठमाडौं ।

सिवाकोटी, गोपाल (वि.सं. २०६४), अनुसन्धान पद्धति र प्रतिवेदन लेखन पैरवी प्रकाशन, पुतलीसडक, काठमाडौं ।

Bor. B. Bista (1980). *People of Nepal,* Kathmandu : Ratna Pustak Bhandar.

CBS, Statistical Year Book of Nepal (2001), *Government of Nepal, National Planning Commission,* Central, Bureau of Statistices.

Hughes Thomes Patrick (1988 AD): *Dictionary of Islam.* Rupa & Coucultta

Sharma, Balchandra (2027). *BS Nepal ko Etihasik Ruprekha.* Baranasi.

Siddika, Shamima (1993). *Muslim of Nepal Kathmandu.* Gazala, Siddika.

# परिशिष्ट – एक

(अन्तर्वार्ता सूची)

श्री .......................................................ज्यू, नमस्कार ।

तपाइ यस "मुसलमान महिलाहरूको सामाजिक अवस्था" विषयक शोधपत्रको उत्तरदाताको रूपमा छनौट हुनुभएको छ । तपशीलअनुसारका अनुसूचीको आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिई आवश्यक तथ्याङ्क उपलब्ध गराउन सहयोग गर्नुहुन विनम्र अनुरोध गर्दछु । तपाईबाट संकलित तथ्याङ्क अनुसन्धान प्रयोजनका लागि भएकाले यिनलाई तथ्याङ्क ऐनअनुरूप गोप्य राख्ने प्रतिबद्धता गर्दछु ।

शोधार्थी
**वासुदेव अधिकारी**
पि. एन. क्याम्पस
पोखरा !

उत्तरदाताको नाम : अन्तर्वार्ता मिति :
उमेरः घर नं. :

१. पारिवारिक विवरण :

| क्र.स. | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | कैफियत |
|---|---|---|---|---|---|
| 1 | | | | | उत्तरदाता |
| 2 | | | | | |
| 3 | | | | | |
| 4 | | | | | |
| 5 | | | | | |
| 6 | | | | | |
| 7 | | | | | |
| 8 | | | | | |
| 9 | | | | | |

२. वैवाहिक स्थितिः

२.१ **तपाइको वैवाहिक स्थिति के हो ?**

क) श्रीमान्सँगै बसेको ख) श्रीमान्सँग छुट्टिएर बसेको
ग) संबन्धविच्छेद भएको घ) विधवा

२.२ **विवाह गर्दा तपाइको उमेर कति थियो ?**

क) १५ वर्षभन्दा कम ख) १५-२० वर्ष
ग) २०-२५ वर्ष घ) २५ वर्षमाथी

२.३ **तपाइले कुन प्रकारको विवाह गर्नु भएको हो ?**

क) मागी विवाह    ख) प्रेम विवाह

ग) कानूनी विवाह    घ) अन्य

२.४ **तपाइको विवाह** आफ्नो **इच्छा अनुसार भएको हो ?**

क) इच्छा अनुसार भएको    ख) करकापले भएको

२.४.१ **यदि अनिच्छित विवाह भएको भए उनीहरूको धारणा**

क) अझ पढ्ने इच्छा थियो    ख) उमेर कम थियो

ग) आत्म निर्भर हुने चाहना थियो    घ) अन्य

२.५ **विवाह अगाडि तपाइ र तपाइको श्रीमान्बीच परिचय भई एक अर्कोको भावना बुझ्ने मौका पाउनु भएको थियो ?**

क) राम्रो चिनजान र बोलचाल भएको थियो

ख) सामान्य चिनजान र बोलचाल भएको थियो

ग) देखभेट भएको थियो तर बोलचाल भएन

घ) देखभेट, बोलचाल भएन ।

२.६ **विवाह हुँदा तपाइको शिक्षा कति थियो ?**

क) प्रा.वि.    (ख) नि.मा.वि.    (ग) एस.एल.सी पास

घ) प्रमाणपत्र    (घ) उच्च शिक्षा    (ङ) निरक्षर

२.७ **तपाइको श्रीमान्ले बहुपत्नी विवाह गर्नुभएको छ ?**

क) गर्नुभएको छ    ख) गर्नुभएको छैन ।

२.७.१ **यदि छ भने-तपाइका श्रीमान्का कति श्रीमती हुनुहुन्छ ?**

क) २ जना    ख) ३ जना

ग) ४ जना    घ) ४ भन्दा बढी

२.७.२ **तपाइको श्रीमान्ले सबै श्रीमतीलाई समान व्यवहार गर्नुहुन्छ ?**

क) गर्नुहुन्छ    ख) गर्नुहुन्न    ग) अन्य

२.८ **बहुपत्नी विवाहलाई तपाइ के ठान्नुहुन्छ ?**

क) राम्रो चलन    ख) नराम्रो चलन

ग) कुरआनले पुरुषलाई दिएको अधिकार

२.९ **कुराअनले पुरुषलाई ४ ओटा सम्म पत्नी विवाह गर्न पाउने अधिकार दिएको छ, यस अधिकारसँग तपाइ सहमत हुनुहुछ ?**

क) सहमत छु    ख) सहमत छैन

ग) कुराअनले भने पनि व्यवहारमा त्यसो गर्नु ठीक होइन

घ) कूराअनले भनेबमोजिम व्यवहारमा लागु भएको छैन ।

२.१० **के तपाइले श्रीमान्बाट पारपाचुके पाउनु भएको छ ?**

क) पाएको छु    ख) पाएकी छैन

२.१०.१ **छ भने, पारपाचुकेको कुरा पहिले कसले उठायो ?**

क) श्रीमान्ले    ख) श्रीमतीले

२.१०.२ **पारपाचुके कसरी गर्नु भयो ?**

क) कुराअनले भनेवमोजिम ख) कानूनअनुसार ग) अन्य ...........

२.११ **पारपाचुकेसम्बन्धी तपाईको धारणा के हो ?**

क) पारपाचुके धर्मअनुसार हुनु ठीक हो

ख) पारपाचुके कानून अनुरूप हुनु ठीक हो

ग) पारपाचुके लोग्ने-स्वास्नी दुबैले गर्न पाउने वराबर अधिकार हुनुपर्छ

घ) अन्य

## ३. सा□स्कृतिक तथा धार्मिक स्थिति:

३.१ **शरीर पुरै ढाक्ने गरी लगाइने धार्मिक पोषक (बुर्का) लगाउनु हुन्छ ?**

(क) घर बाहिर निस्कँदा सधैं लगाउँछु

(ख) धार्मिक तथा सांस्कृतिक कार्यमा सहभागी हुँदा मात्र लगाउँछु

(ग) लगाउँदिन

३.२ **नमाज कहिले कहिले पढ्नुहुन्छ ?**

(क) दिनहुँ पढ्छु (ख) कहिलेकाहीँ फुर्सदमा पढ्छु

(ग) चाडपर्व, धार्मिक कार्य हुँदा पढ्छु (घ) पढ्दिन

३.३ **इस्लामिक चाडपर्वबाहेक अन्य धर्मका चाडपर्वमा पनि सहभागी हुनुहुन्छ ?**

(क) सहभागी हुन्छु (ख) कहिलेकाही सहभागी हुन्छु

(ग) सहभागी हुँदिन

३.३.१ **यदि सहभागी हुनुहुन्छ भने तीजमा नाचगान गर्नुहुन्छ ?**

(क) गर्दछु (ख) कहिलेकाही गरिन्छ

(ग) नाचगान हेरिन्छ, तर नाचगान गरिदैन (घ) सहभागी हुँदिन

३.३.२ **दशैमा पिङ्ग खेल्नुहुन्छ ?**

(क) खेलिन्छ (ख) कहिलेकाही खेलिन्छ (ग) खेलिदैन

३.३.३ **तिहारमा साथीभाईसँग मिली देउसी भैलो खेल्नुभएको छ ?**

(क) खेलिन्छ (ख) कहिलेकाहीँ खेलिन्छ

(ग) खेलिदैन (घ) अन्य .............

३.४ **इस्लामिक चाडपर्वहरूमा गैह्र इस्लामिक (हिन्दू) छिमेकीलाई निमन्त्रणा गर्नुहुन्छ ?**

(क) गरिन्छ (ख) कहिलेकाही गरिन्छ

(ग) गरिदैन (घ) अन्य ..........

३.५ **तपाइलाई इस्लामिक धर्ममा महिला र पुरुष विच भेदभाव छ भन्ने लाग्छ ?**

(क) भेदभाव छ (ख) भेदभाव छैन (ग) अन्य ..............

३.५.१ **यदि भेदभाव छ भन्ने लाग्छ भने कुन-कुन कुरामा बढी भेदभाव छ ?**

(क) पुरुषलाई महिलालाई भन्दा १ दर्जा माथि राखिएको छ ।

(ख) पुरुषलाई तलाकको अधिकार दिएको छ ।

(ग) पुरुषलाई बहुविवाहको अधिकार दिएको छ तर महिलालाई छैन ।

(घ) माथिका सबै

(ङ) अन्य ..................

**३.६ इस्लामिक कानूनलाई समयअनुसार परिवर्तन गर्न आवश्यक ठान्नु हुन्छ ?**

(क) आवश्यक छ (ख) आवश्यक छैन (ग) अन्य ............

## ४. शैक्षिक अवस्था:

**४.१ तपाइको शैक्षिक अवस्था कस्तो छ ?**

(क) निरक्षर (ख) १-५ कक्षा (ग) नि.मा.वि.

(घ) एस.एल.सी. पास (घ) प्रमाणपत्र तह (ङ) उच्च शिक्षा

**४.२ तपाईको परिवारमा सरकारी र बोर्डिङ्ग स्कूल पढ्ने छोराछोरी कति छन् ?**

| क्र.स. | विवरण | सरकारी स्कूल | बोर्डिङ्ग स्कूल | जम्मा |
|---|---|---|---|---|
| १. | छोरा | | | |
| २. | छोरी | | | |

**४.३ छोरीलाई तलका मध्ये कुन कुरा दिन आवश्यक छ ?**

(क) दाइजो दिनुपर्छ (ख) अंश दिनुपर्छ

(ग) शिक्षा र सीप दिनुपर्छ (घ) अन्य .................

## ५. आर्थिक तथा पेशागत अवस्था:

**५.१ तपाइको पेशा के हो ?**

(क) गृहिणी (ख) व्यापार (ग) कृषि

(घ) मजदूरी (ङ) अन्य .............

**५.२ घरभित्रको काम विशेषत कसले गर्नुहुन्छ ?**

(क) महिलाले (ख) पुरुषले

(ग) महिला पुरुष दुवै मिलेर

**५.३ श्रीमान्ले तपाइलाई पैसा राख्न दिनुहुन्छ ?**

(क) दिनुहुन्छ (ख) श्रीमान आफै राख्नुहुन्छ

(ग) आवश्यकताअनुसार दुवैले राखिन्छ

**५.४ घरायसी कामको लागि तपाई आफुखुसी पैसा खर्च गर्न पाउनुहुन्छ ?**

(क) पाउँछु (ख) पाउँदिन

(ग) दुवैको सल्लाहअनुसार खर्च गरिन्छ

**५.५ तपाइले आफ्नो पेवा सम्पत्ति राख्नुभएको छ ?**

(क) छ (ख) छैन

**५.५.१ छ भने कस्तो सम्पत्ति राख्नुभएको छ ?**

(क) पैसा (ख) गरगहना

(ग) जग्गा जमिन (घ) वस्तुभाउ

## ६. प्रजनन अवस्था:

**६.१ तपाइ कति पटक गर्भवती हुनुभयो ?**

(क) १ पटक (ख) २ पटक

(ग) ३ पटक (घ) ४ पटक

(ङ) ४ भन्दा बढी पटक

**६.२ तपाईले कति बच्चा जन्माउनुभयो ?**

(क) १ (ख) २ (ग) ३

(घ) ४ (ङ) ४ भन्दा बढी

**६.३ अहिले तपाइका छोराछोरी कति छन् ?**

(क) छोरा........ (ख) छोरी ........ (ग) जम्मा .......

**६.४ तपाइले** आफ्ना **सबै सन्तान आफ्नो चाहनाअनुसार नै जन्म दिनुभएको हो ?**

(क) हो (ख) होइन

**६.४.१ यदि होइन भने किन ?**

(क) छोराको चाहानाले (ख) परिवारको करकापमा परेर

(ग) धार्मिक कारणले (घ) अन्य ........

**६.५ तपाइले परिवार नियोजनको बारेमा सुन्नु भएको छ ?**

(क) सुनेकी छु (ख) अलिअलि सुनेकी छु

(ग) थाहा छैन

**६.६ तपाइले आफ्ना सन्तान घरमै जन्माउनु भयो वा अस्पतालमा ?**

(क) घरमा जन्माइएका सन्तान ...............

(ख) अस्पतालमा जन्माइएका सन्तान .............

**६.६.१ तपाइले परिवार नियोजनका साधन प्रयोग गर्नुभएको छ ?**

(क) छ (ख) पहिले गरेकी थिएँ (गं) छैन

**६.६.२ यदि प्रयोग गर्नु भएको छ भने कुन प्रकारको ?**

(क) स्थायी साधन (ख) अस्थायी साधन

**६.६.३ यदि प्रयोग नगरेको भए किन ?**

(क) श्रीमान्ले प्रयोग गरेकोले (ख) कूरआनले निषेध गरेको हुनाले

(ग) जानकारी नभएर (घ) प्रयोग गर्न आवश्यक नभएकाले

(ङ) अन्य .............

**६.७ सन्तान जन्माउने कार्यमा कस्को निर्णय लागु हुन्छ ?**

(क) श्रीमान्को (ख) श्रीमतीको

(ग) परिवारको (घ) धर्मअनुसार

(ङ) श्रीमान् श्रीमती दुवैको सल्लाहमा

## ७. लैङ्गिक अवस्था:

**७.१ घर व्यवहार चलाउने मुख्य मान्छे को हो ?**

(क) आफैँ (ख) लोग्ने

(ग) पति पत्नी दुवै मिलेर (घ) अन्य

**७.२ महत्त्वपूर्ण व्यावहारिक काम गर्दा श्रीमानले तपाईसाग सल्लाह गर्नुहुन्छ ?**

(क) सधै गर्नुहुन्छ (ख) कहिलेकाही गर्नुहुन्छ

(ग) गर्नुहुँदैन (घ) आफै घरमूली

**७.३ घरभित्रका काम गर्दा श्रीमानले तपाईलाई सघाउनु हुन्छ ?**

(क) सघाउनु हुन्छ (ख) कहिलेकाही सघाउनुहुन्छ

(ग) सघाउनुहुदैंन (घ) अन्य

**७.४ सामाजिक कार्यमा तपाइको संग्लग्नता कत्तिको हुन्छ ?**

(क) सक्रिय हुन्छ (ख) मध्यम

(ग) न्यून (घ) हुदैंन

**७.४.१ यदि संलग्नता हुदैान भने किन हुदैान?**

(क) परिवारबाट जान निषेध गरिन्छ

(ख) धर्मले ज्ञान निषेध गरेकाले

(ग) महिलाले सही निर्णय गर्न नसक्ने हुनाले

(घ) अन्य …………

**७.५ तपाइ सामान्यतया बिहान कति बजे उठ्नुहुन्छ ?**

(क) ५ बजेभन्दा पहिले (ख) ५ बजे

(ग) ६ बजे (घ) ६ बजे पछि

**७.६ तपाइ कति बजे सुत्नु हुन्छ ?**

(क) ८ बजे (ख) ९ बजे

(ग) १० बजे (घ) १० बजेपछि

**७.७ मुसलमान महिलाहरूको अवस्थालाई कसरी सुधार गर्न सकिन्छ ?**

(क) धर्मको प्रभाव कम गरेर (ख) कानूनमा परिवर्तन गरेर

(ग) पितृसत्तात्मक सोच अन्त्य गरेर (घ) अन्य ………….

**७.८ लैङ्गीक समानताको बारेमा जानकारी छ ?**

(क) जानकारी छ (ख) जानकारी छैन

**७.९ मुसलमान कानूनले महिला र पुरुषलाई समान अधिकार दिएको छ ?**

(क) छ (ख) छैन

(ग) पुरुषलाई बढी अधिकार दिएको छ

(घ) कूराअन समान अधिकार दिए पनि व्यवहारमा विभेद छ ।

**७.१० मुसलमान कानूनप्रति तपाई पूर्ण सन्तुष्ट हुनुहुन्छ ?**

(क) सन्तुष्ट छु (ख) सन्तुष्ट छैन

**७.१०.१ यदि सन्तुष्ट हुनुहुन्न भने तपाईको भनाइ राख्नुहोस् ।**

______________________________

**७.११ मुसलमान महिलाको लैङ्गिक अवस्था सुधार गर्न के गर्नुपर्ला ? आफ्नो भनाइ राख्नुहोस् ।**

______________________________

______________________________

**तपाइको अमूल्य सुझाब र सहयोगप्रति हार्दिक धन्यवाद Û**

# परिशिष्ट - २

## (शब्दावलीको अर्थ)

अल्लाहः भगवान, ईश्वर

अकिकाः बच्चा जन्मेपछि ६ वा ७ दिनमा गरिने विशेष प्रकारको धार्मिक संस्कार ।

अरफातः मक्का नजिक रहेको एउटा मैदान ।

कावाः साउदी अरबको मक्कामा अवस्थित इस्लामहरूको पवित्र तीर्थस्थल

कुरआनः मुसलमानको पवित्र धार्मिक ग्रन्थ

खतनाः बालक (केटा) को लिङ्ग मुण्डन गरी सामाजिक अवस्थामा परिवर्तन गर्ने धार्मिक संस्कार

चिल्लाः कुनै विषयमा दक्षता हासिल गर्ने उद्देश्यले ४० दिनसम्म लगातार निश्चित जप (ध्यान) विधि अपनाउने संस्कार ।

चुरौटे : चुरा तथा अन्य शृङ्गारको सामग्रीको गाउँ गाउँमा डुलेर व्यापार गर्ने मुसलमानहरू

जकातः वर्षभरि भएको वचतको २.५ प्रतिशत का हिसावले अनिवार्य दान दिने रकम

नमाजः दिनको ५ पटक विशेष तरिकाले अल्लाहको उपासना गर्ने काम ।

निकाहः केटा पक्ष र केटी पक्षको बीचमा गरिने विवाह प्रस्ताव ।

निष्ठावान्ः इश्लाम धर्मका निष्ठा राख्ने व्यक्ति ।

पैगम्बर मोहम्मदः अल्लाहको अन्तिम दूत ।

मोहरमः हसन हुसेनको जन्मदिवसमा मनाइने इस्लामिक महिना ।

रोजाः रमजानको महिनामा दिनको अल्लाहको प्रार्थना गर्दै उपवास (fasting) बसी मनाइने इस्लामहरूको महत्त्वपूर्ण चाड ।

स/सल्लमः सल्लालाहु अलैहे वसल्लम अर्थात् उहाँमाथि ईश्वरले शान्ति र कृपा गरून् ।

हजरतः आदरणीय, सम्मानीय ।

हजः निश्चित महिनामा अरवको मक्का शहरमा अवस्थित कावाको तीर्थ यात्रा

# परिशिष्ट - ३

**(मुख्य सूचनादाताको नामावली)**

१. नामः हानिफ मिया
वर्ष : ६५
ठेगानाः पो.उ.म.न.पा, वडा नं. -१३, मियापाटन
पद/हैसियतः समाजसेवी तथा अनुभवी जानिफकार व्यक्ति

२. नामः रहिमूल्ला मिया
वर्ष : ६२
ठेगानाः पो.उ.म.न.पा, वडा नं. -१३, मियापाटन
पद/हैसियतः अध्यक्ष, मिया टोल विकास संस्था

३. नामः हाजि सराफत अलि
वर्ष : ४२
ठेगानाः पो.उ.म.न.पा, वडा नं. -१३, मियापाटन
पद/हैसियतः समाजसेवी तथा अनुभवी जानिफकार व्यक्ति

४. नामः सेर अलिमिया (प्र.अ.) मौला इस्लामिक सामुदायिक विद्यालय)
वर्ष ४५
ठेगानाः कास्की, रूपाकोट हाल पो.उ.म.न.पा - १०, अमरसिंहचोक
पद/हैसियतः प्र.अ. मौला इस्लामिक सामुदायिक विद्यालय

५. नामः अब्दुल अलिम अत्तारी
वर्ष ४२
ठेगानाः पो.उ.म.न.पा, वडा नं. -१३, मियापाटन
पद/हैसियतः सचिव, अन्जुमन ईश्लाहुल मुस्लेमीन

६. नामः सविना वेगम
वर्ष २५
ठेगानाः पो.उ.म.न.पा, वडा नं. -१३, मियापाटन
पद/हैसियतः शिक्षिका मौला इस्लामिक सामुदायिक विद्यालय

७. सैयदा खातुन (व्यापारिक इस्लामिक महिला)
वर्ष २८
ठेगानाः पो.उ.म.न.पा, वडा नं. -१३, मियापाटन
पद/हैसियतः व्यापारी

# परिशिष्ट - ४

## शोध कार्यको सन्दर्भमा लिइएका तस्विरहरू



मियापाटनमा अवस्थित जामे मस्जिद



धार्मिक विषयमा छलफल गरिँदै



मौला इस्लामिक सामुदायिक प्रा.वि.का. प्र.अ.सँग छलफलको क्रममा



मुसलमान शिक्षिकासँग अन्तर्वार्ता लिइँदै



मियापाटनमा अवस्थित मौला इस्लामिक सामुदायिक प्राथमिक विद्यालय



नमाज पढ्दै गरेका इस्लामिक महिलाहरू



कक्षा ५ मा अध्ययन गर्ने छात्रछात्राहरू (धार्मिक पोशाकमा समेत)



व्यापारिक मुसलमान महिलासँग अन्तर्वार्ता लिइँदै



उत्तरदातासँग अन्तर्वार्ता लिइँदै



स्थानीय मस्जिदभित्र भक्तहरू